CC-0. In Public Domain. Digitization by eGangotri

नं. २५०५

लेखनाथ पौड्यालको

ऋतु विचार

प्रेरणा स्रोत

★★ आलङ्कारिक-प्रतिभा ★★

कवि–व्यक्तित्व

लेखक

पं० तीर्थराम झा "जानकीशरण"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal ... Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. २५०५

दर्ता नं. १४२९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. २५०५

पं. लेखनाथ पौड्यालको

'ऋतु-विचार'

(प्रेरणा-स्रोत← →आलङ्कारिक–प्रतिभा← →कवि-व्यक्तित्व)

लेखक

पं. तीर्थराम झा 'जानकीशरण'

भक्तपुर – बहुमुखी क्याम्पस

भक्तपुर

(हाल – त्रि-चन्द्र बहुमुखी क्याम्पस)

२०४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक:
अमृत कुमार अर्याल
ज – १, ४७८ लाजिम्पाट
फोन - ४ - १३५०७

891.4951
Sim

सर्वाधिकार प्रकाशकमा सुरक्षित
पहिलो संस्करण – २००० प्रति; २०४१ विजयादशमी
मूल्य: रू २१/-

दर्ता नं.
१४२६६

मुद्रक
मुना प्रेस
सातदोबाट, ललि
काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. २५०५

प्रकाशकको भनाइ

जीवनमा साठी पल्ट विजया दशमीको टिका–प्रसाद थापि सकेका नेपाली भाषाका एक कर्मठ साहित्यकारको एक नयाँकृति सित विज्ञ पाठक वृन्दलाई चिना–पर्ची गराउन पाएकोमा अति हर्ष लागेकोछ ।

करिव चार दशक अघिदेखि निरवच्छिन्न रुपले शिक्षणपेशामा कार्यरत रही नेपाली भाषा सम्वन्धी शिक्षण तथा विभिन्न कृति–प्रकाशन द्वारा भाषा–सेवा-कार्यमा संलग्न श्री पण्डित तीर्थराम झा "जानकीशरण" ज्यूको परिचय प्रायः सबैले पाइ आएका छन् । श्री पं. तीर्थराम झाका कृतिहरू प्रायः समालोचनात्मक तथा अनुसन्धानात्मक रूपका बढी पाइन्छन् र उहाँको कलम नेपाली भाषा व्याकरण तथा नेपाली भाषा साहित्यका विभिन्न विधाहरूमा राम्रो गतिशीलता पाउंदं दौडेको छ भन्ने कुरा वहांका कृतिहरु प्रकाशित गर्ने अनेकौं दैनिक, मासिक द्वैमासिक त्रैमासिक र वार्षिक-मुखपत्र रूपका पत्र-पत्रिकाहरुले पनि हामीलाई राम्ररी पत्याउन लगाएका छन् ।

प्रस्तुत कृतिमा उहाँले कविशिरोमणि पं.लेखनाथ पौड्यालको ऋतु विचार जस्तो प्रसिद्ध कृतिको साङ्गोपाङ्ग रूपमा भने जस्तै समीक्षा प्रस्तुत गर्नु भएकोछ । हुनत, ऋतु विचार सम्वन्धमा विभिन्न विद्वान्हरुले आ आफ्नो बिचार युप्रं पोखी सकेका छन्, तर पनि, ऋतु विचारको मूल प्रेरणा स्रोत सम्बधमा श्री झा ज्यूको तर्कयुक्त ,चर्चाहरु सुसंगत र अभूतपूर्व-रूपमा देखापरेका छन् । .कृतिको दोस्रो विभागमा-लेखनाथको आलंकारिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभिव्यक्ति संबन्धी चर्चाले एकातिर लेखनाथको आलङ्कारिक-प्रति पहिल्याउन सहयोग पुऱ्याएको छ भने अर्कातिर पाठक तथा विशेषग छात्र छात्राहरुलाई पूर्वीसिद्धान्त अनुसारका केही अलङ्कार सम्बन्धी विषय स्पष्ट परिचय पनि यसले राम्री दिनशक्ने देखिएको छ । अनि, ते 'परिशिष्ट' भाग अन्तर्गत लेखनाथका विभिन्न कवि-व्यक्तित्व सम्ब निर्देशनले पनि विशेषत: क्याम्पसका विद्यार्थि-वर्ग लाभान्वित हुन शक्ने भन्ने लागेको छ ।

यसरी 'ऋतु-विचार' सम्बन्धी प्रेरणा-स्रोत आलङ्कारिक-प्रतिभा कवि-व्यक्तित्व-लाई लक्ष्यगरी मोटा-मोटी रूपमा तीन विभागमा प्रस्तु गरिएको यस कृतिबाट लेखकको अनुसन्धान तथा समालोचना दुवै पक्ष लेखा जोखा राम्री स्पष्ट हुन गएको पाइन्छ ।

ज्यादै हतार-हतारमा पुस्तक प्रकाशन हुन पुगेकोले कतै कतै मुद्रण गडबडी पनि हुन पुगेको छ। सामान्यत: शुद्धिपत्रको व्यवस्था पनि गरिएको तरपनि कतै केही छुट्न गई देखापर्ने त्रुटिहरुको निति क्षमायाचना गर्दछु

यस्तो गहन विषय सम्बन्धी कृतिको प्रकाशनगर्ने जिम्मा लिन पाएको लेखक प्रति हार्दिक आभार व्यक्त गर्दछु र यथाशक्य मुद्रणमा सहयोग ग हुने मुना-प्रेसका वन्धुहरुप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । अनि विज्ञ-जनह बाट यस पुस्तकको स्वागत भएमा लेखकका अन्य अप्रकाशित कृतिहरु प यथाशक्य शीघ्र प्रकाशन गर्न पाउने आशा राख्दछु ।

प्रकाशक

२०४१ विजया दशमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको प्राज्ञिक विवरण

क) २००३ ज्येष्ठमा श्री पद्‌महाई स्कूल, भक्तपुरको शिक्षक पदमा श्री ५ को सरकार द्वारा नियुक्त,

ख) २०१६ देखि भक्तपुर कलेज (पब्लिक) मा नेपाली विषयको स्थायी प्राध्यापक

ग) २०३० देखि उप प्राध्यापक

घ) २०४० चैत्र देखि त्रिचन्द्र बहु० क्याम्पसमा काज

ङ) भक्तपुरका विद्यार्थि-निकेतन मा. वि, शारदा रात्रि मा. वि. र सरस्वती विद्यागृह मा. वि. हरूमा पनि कैयौं वर्ष अध्यापक रहेको

च) स्वतन्त्र रूपमा प्रकाशित कृतिहरू –

१) "जुनेलीको प्रकाशमा कविग्रथित"

२) आठफूल एकमाला – (भक्त – भानुभक्त. सिद्धार्थ गौतम, गंगालालको चिता, मुलुक बाहिर, एक बिहान, संक्षिप्त भारत, लक्ष्मी निबन्ध सग्रह - समेतग्रन्थहरुको समीक्षात्मक कृति) बी.ए. को भर्ना कुलर नेपाली सम्बन्धी)

३) 'देह रामायण' को नेपाली भाषा टीका

छ) सहलेखन रुप कृति –

१ "बाह्र फूल - एक गुच्छा" (आइ. ए. स्तरको भर्ना कुलर नेपाली सम्बन्धी प्रथम तथा परिवर्तित र परिवर्धित द्वितीय - संस्करण समेत)

ज) अन्य फुटकर कृतिहरू – (नेपाली भाषा, नेपाली व्याकरण र नेपाली विभिन्न साहित्य तथा धर्म संस्कृति सम्बन्धी अनुसन्धानात्मक र समालोचनात्मक लेखहरू)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्तकृतिहरू प्रकाशन गर्ने पत्र पत्रिकाहरू -

१ "गोखापत्र" - गो. प. सं.
२ "मधुपर्क" - गो. प. सं.
३ "रम - क्रम" - राजदरवार
४ "स्वर्ण द्वार" - भक्तपुर क्याम्पस
५ "रूपरेखा" - काठमाडौं
६ "पुष्पाञ्जलि" - भक्तपुर
७ "आरोहण" - भक्तपुर
८ "ओइरो" - भक्तपुर
९ "इन्दु" - काठमाडौं
१० "धर्म - सन्देश" - काठमाडौं

क) अप्रकाशित तथा सम्पन्न कृतिहरू -

१ "विना मसीले कोरिएका पानाहरू" "एकांकी संग्रह (दश एकाँकी)
२ "बौलाही" - (पूर्णाङ्की सामाजिक नाटक)
३ "पैंचो" - (पूर्णाङ्की सामाजिक नाटक)
४ "महाकवि देवकोटाको काव्य कला" (समीक्षात्मक कृति)
५ "आदर्श नेपाली व्याकरण" (आइ. ए. र बी. ए. निमित्त उपयुक्त)
६ "रस - निष्पत्ति - प्रक्रिया र सिद्धान्त" (काव्यकोरस - स सम्वन्धी समालोचना) □

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही भन्नु पर्नेकुरा

कविशिरोमणि लेखनाथ पौड्यालका विभिन्न कृति पुञ्जलाई लक्ष्य गरी अनेकौं विद्वान तथा समालोचकहरूबाट विभिन्न प्रकारका आ–आफ्ना विचार धाराहरू पोखिएका छन् । उनको 'ऋतु–विचार' सम्बन्धमा पनि विभिन्न विद्वान र समीक्षकहरूले व्याख्या र टिका–टिप्पणी अनि समीक्षात्मक लेख तथा कृतिहरू समेत प्रस्तुत गरेका छन, तर पनि 'ऋतु विचार' सम्बन्धी ती तमाम आलोचनात्मक विषयहरूमा 'ऋतु–विचार' को मूल स्रोत सम्बन्धमा सही रूपको निर्णय वा तर्क आजसम्म कसैबाट स्पष्ट हुन आएको देखिन्न । वस्तुतः भन्ने हो भने लेखनाथका सम्पूर्ण कृतिहरूको मूल आधार 'ऋतु–विचार' हो भन्न सुहाउँछ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले जाने वेलामा आफ्ना सम्पूर्ण कृतिहरू मध्येको विशिष्ट कृतिको रूपमा 'मुना मदन' खण्ड-काव्यलाई औंल्याउँदै – "मुना मदन बाहेक मेरा सबै कृतिहरू जलाई दिए हुन्छ"– भन्ने भाव व्यक्त गरेका थिए– भन्ने सुनिन्छ । त्यस्तै कविशिरोमणि लेखनाथको आत्माले पनि शायद 'ऋतु–विचार' प्रति उक्त कृतिको वैशिष्ट्य झल्काउँदै त्यस्तै भाव झल्काएर गए होलान् भन्ने ठान्दछु । किन भने नेपाली काव्य जगत्मा लेखनाथलाई विशिष्ट कविको रूपमा परिचय गराउने उनको कृति 'ऋतु–विचार' नै थियो । यो विषय निःसंदिग्ध छ ।

'ऋतु–बिचार' जस्तो उच्चकोटिको कृति त्यति समय अगाडि अर्थात् नेपाली साहित्यको विकास कालको मुहानैमा भने फैं प्रस्तुत हुनु निश्चिय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि लेखनाथको महाव् वैशिष्टचको परिचायक हो । यो पनि विचारणीय विषय हो कि अरू अरू विद्वान् समालोचकहरूबाट प्रस्तुत भए झैं उक्त 'ऋतु-बिचार' सृजनामा लेखनाथलाई प्रेरणा दिने कुनै लेखनाथ पूर्ववर्ती ग्रन्थ अवश्य पनि हुनु पर्दछ, जसबाट प्रभावित भएर लेखनाथले आफ्नो अमर कृति 'ऋतु विचारमा' निजी–प्रतिभा तरङ्गहरू अविच्छिन्न रूपमा वहाउन तथा आफ्नो काव्यात्मकताको अपूर्व रसास्वादन गराउन सफल भएका छन् ।

प्रस्तुत कृतिमा प्रथमतः लेखनाथको 'ऋतु विचार' सम्बन्धी प्रेरणा-स्रोतको प्रामाणिक परिचय प्रस्तुत गर्न खोजिएको छ अनि 'ऋतु-विचार'मा अभिव्यक्त लेखनाथीय आलङ्कारिक–प्रतिभाको केही विशिष्ट रूपले दिग्दर्शन गराउन खोजिएको छ । साथै 'ऋतु–विचार' मा लेखनाथ के कस्ता कवि रूपमा चिन्हिइछन् भन्ने पक्षलाई पनि संक्षिप्त रूपमा स्पष्ट गराउन खोजिएको छ ।

लेखनाथको 'ऋतु-बिचार' सम्बन्धमा यस अघि पनि एउटा विशिष्ट विवेचनात्मक कृति 'ऋतु बिचार र लेखनाथ" भन्ने नामकरणद्वारा श्री रत्नध्वज जोशीज्यूबाट प्रस्तुत भएको छ, जुन कृति प्रज्ञा प्रतिष्ठानद्वारा विद्वत वृत्ति समेत पाएर तयार पारिएको कुरा लेखकबाट स्पष्ट गरिएको छ । उक्त पुस्तकले मूलतः १९७३ को ऋतु विचार र १९९१ को ऋतु बिचारको तुलनात्मक अध्ययनतिरनै लक्ष्य राखेको पाइएको छ । निष्कर्ष रूपमा १९७३ को ऋतु विचारलाई युवावस्थाको र १९९१ को परिवर्तित र परिवर्धित रूप चाहि लेखनाथको प्रौढावस्थाको 'ऋतु - विचार' को रूप मानिएको छ । उक्त कृतिमा लेखनाथीय काव्य-प्रवृत्तिको पनि विस्तृत रूपमा चर्चा गरिएको छ र अन्त्यमा गई नेपाली साहित्यका परिष्करण कार्यमा सबैलाई प्रेरणा दिने काव्यस्रष्टाको रूपमा लेखनाथलाई औंल्याएका छन् । तर पनि उक्त कृतिमा केही खट्किने कुराहरू पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जोशीजीवाट उल्लेख हुन गएका पाइएका छन् । तिनको केही बिवरण यसरी प्रस्तुत गरिन्छ –

क) जोशीजीले उक्त कृतिको 'विषय प्रवेश' शीर्षकमा – ५० वर्षको उमेर पुगेर परिष्कृतरूपमा प्रस्तुत गरिएर पनि ऋतु विचार त्रुटि पूर्ण नै रहन गएको कुरो उल्लेख गरेका छन् र लगत्तै 'वर्णनमा कवित्व' भन्ने शीर्षक दिई लेखनाथको 'जीवन चङ्गा' को नीरसता र 'धन महिमा' सम्बन्धी अत्युक्ति तिर औंल्याएका छन् अनि 'ऋतु विचार' सम्बन्धी अध्यायहरू समान रूपमा रसिलो बन्न किन सकेन ? भन्ने प्रश्न गर्दै लेखनाथले ऋतु विचारमा अफ्नो क्षेत्र नै पहिल्याउन सकेनन् भन्ने मसिनो व्यङ्गय प्रयोग गर्न पुगेका छन् ।

तर जोशीजीका यी उक्तिहरू तथ्यपूर्ण मान्न शकिएला जस्तो लाग्दंन किन भने ऋतु विचारमा जोशीजीले झल्काएका त्रुटिहरू ऋतु विचार प्रस्तुत भएको समय तिर को नेपाली साहित्यिक क्षेत्रको स्थिति तिर उन्मुख भयौं भने ती अक्षम्य ठहरिने छैनन् प्रत्युत प्रशंसनीय नै ठहरिने छन् जुन कुरा जोशीजीबाट पनि स्वीकार गर्दै 'टाक्सिएको नेपाली कविता' शीर्षक समालोचनाका लेखक रामकृष्ण शर्मालाई लक्ष्यगरी लेखिएको (यस किसिमको विवेक विचार टाक्सिएको नेपाली कविता लेखिदाको २००१ साल तिर अर्थात् नेपाली साहित्यमा आलोचना साहित्यको प्रारंभिक समय तिर देखिनै नपुग्नु आश्चर्य नहुनाले शर्माजीको "ऋतु बिचार" प्रतिको त्यस युगको दृष्टिकोणलाई पनि युगानुरूपको विवेक विचार युक्त दृष्टिले हेरि दिनु उचित हुन्छ - भन्ने) मुख्याथ रूप उक्तिले स्पष्ट गर्दछ । तर जोशीजीका दृष्टिमा 'ऋतु विचार त्रुटिपूर्ण ठहरिन गयो । अचम्म हो ! वस्तुतः जोशीजीले पनि प्रायः ऋतु विचारमा आधुनिकताको चश्मा लगाएरै नियाल्न पुगिएको पाइन्छ र प्राचीन आदर्श मूलक सैद्धान्तिक पक्षका अनुयायी पं लेखनाथको 'ऋतु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चार प्रधान कविता हो । त्यसँले यसको तह अनुरूपको दृष्टिले हेर्दा मात्र समा मीठो स्वाद भेटिन्छ ।

ग) जोशीजीले आफ्नो वाग्वैचित्र्य प्रस्तुतिको साथै अप्रासङ्गिक विषय ओट्याएर यसै सिल - सिलामा प्रस्तुत 'धन महिमा' को एउटा पद्यमा अत्युक्ति' को आरोप लगाइएको रहेछ । तर 'अत्युक्ति' भन्नु नै एक किसिमको आलङ्कारिक अभिव्यक्ति हो र जहाँ वीरता, शूरता, औदार्य आदि विषयको स्वाभाविकतालाई नाघेर वर्णन गरिएको हुन्छ त्यहाँ अत्युक्ति अलङ्कार पर्दछ र व्यवहारमा पनि त्यस्तै विषयमा नै 'अत्युक्ति' भन्ने शब्द प्रयोग गरिन्छ । 'अत्युक्ति' अलङ्कारको उदाहरणको रूपमा पण्डितराज सोमनाथ सिग्देलबाट आफ्नो साहित्य प्रदीपको पञ्चम उल्लासमा यस्तो पद्यांश प्रस्तुत भएको छ -

"यिनको शूरता देखे हुनन् लज्जित अर्जुन ॥"

एक कुनै साधारण पुरुषको शूरता देखेर अर्जुन जस्ता वीर लज्जित हुनु असंभव थियो तर कविले संभव देखे ।

प्रस्तुत लेखनाथको धन महिमा अन्तर्गत पद्य -

"विनोद, चातुर्य, विचार, शक्ति,
महत्व, सौजन्य, विवेक, भक्ति,
गुणज्ञता, भोग, विलास, चैन,
असाध्य केही धनबाट छैन" ।

भन्ने पद्यले तत्कालीन नेपालको स्थिति अनुसार मात्र होइन, विश्व भर नै व्याप्त रहेको याथार्थिक पक्षलाई अँगाल्न समर्थ भएको तथ्य स्पष्ट गरेको छ । जो अनन्त समय सम्म पनि यथार्थ नै रहि रहन सक्ने छ । उक्त पद्यमा निर्दिष्ट कुनै पनि विषय धनबाट असाध्य हुन सक्ने रूपका नेपालमामा मात्र होइन सम्पूर्ण विश्वमानै कहिल्यै पाउन शकिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विचार' वस्तुतः पूर्वी साहित्यिक सिद्धान्तलाई पछ्याउँदै अघि बढेको छ र त्यस्तो भएर भनि उही पूर्वी परिपाटीमा प्रस्तुत गरिएका अभिव्यक्तिहरूमा अनगिन्ती रूपमा जनमुखी भावनाहरू व्यक्त गरिएका छन् जसबाट कविको कृतिमा समाज सापेक्ष साहित्यको स्वरूप राम्ररी स्पष्ट भएको छ। त्यस समयमा पनि त्यसरी जन जागरण सम्बन्धी अभिव्यञ्जना प्रस्तुत गर्न अघि सर्नु कविको उत्कृष्ट विशेषता मान्नु पर्दछ।

ख) 'जीवन चङ्गा' सम्बन्धी नीरसताको विषय उल्लेख गर्दै जोशीजीबाट 'जीवन चङ्गा' को सृजना समयसम्म पनि लेखनाथीय प्रतिभाको विकास भइनसकेको कुरो औंल्याइएको रहेछ। जोशीजी लेख्दछन् — "वर्णनीय विषयका आत्मसात् गरिनसक्तको लेखाइ भएकोले आश्चर्य मान्नु पर्दैन।"

मलाई त लाग्दछ - चङ्गा र जीवनको तुलनात्मक अध्ययनलाई आत्मसात् नगरिएको भए लेखनाथबाट त्यति गहिरो आध्यात्मिक तथा रूपकमय कविताको सृष्टि नै हुने थिएन। दोस्रो कुरो - 'जीवन - चङ्गा' एउटा यस्तो कविता हो जसमा कुनै विषयद्वारा मानसिक अह्लाद गराउने पक्ष बिलकुलै अभाव छ र प्रत्युत विषयको झिलिमिलोबाट मानव मनलाई मोडेर आध्यात्मिक मार्ग निर्देशन गर्ने लक्ष्य नै कविताको रहन गएको छ बरू नियालेर हेर्न सके अद्भुत अथवा शान्त रस सम्बन्धी अभिव्यञ्जना भने भेट्टाउन शकिएला। त्यसमा – पनि यो रूपकाभिव्यक्ति हो र अरू उपमा उत्प्रेक्षा अपन्हुति समासोक्ति, अतिशयोक्ति आदि सम्बन्धी अभिव्यक्तिमा जस्तो उक्ति वैचित्र्यहरू रूपकमा प्रायः पाइन्नन् पनि। पुनश्च छन्द पनि यसमा 'आर्या' जातिकै पर्न गएकोले अरू वसन्त तिलका, शालिनी, मालिनी, मन्दाक्रान्ता स्रग्धरा आदिमा जस्तो पूरा लयात्मकता न झल्कने भइदिएकोले पनि जोशीजीलाई खल्लो खल्लो जस्तो लाग्न गएको हो कि ? भन्ने लाग्छ। वस्तुतः यो आध्यात्मिक प

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चार प्रधान कविता हो । त्यसैले यसको तह अनुरूपको दृष्टिले हेर्दा मात्र समा मीठो स्वाद भेटिन्छ ।

ग) जोशीजीले आफ्नो वाग्वैचित्र्य प्रस्तुतिको साथै अप्रासङ्गिक विषय ोट्याएर यसै सिल - सिलामा प्रस्तुत 'धन महिमा' को एउटा पद्यमा अत्युक्ति' को आरोप लगाइएको रहेछ । तर 'अत्युक्ति' भन्नु नै एक कसिमको आलङ्कारिक अभिव्यक्ति हो र जहाँ वीरता, शूरता, औदार्य ादि विषयको स्वाभाविकतालाई नाघेर वर्णन गरिएको हुन्छ त्यहाँ ्युक्ति अलङ्कार पर्दछ र व्यवहारमा पनि त्यस्तै विषयमा नै 'अत्युक्ति' न्ने शब्द प्रयोग गरिन्छ । 'अत्युक्ति' अलङ्कारको उदाहरणको रूपमा ण्डितराज सोमनाथ सिग्देलबाट आफ्नो साहित्य प्रदीपको पञ्चम ल्लासमा यस्तो पद्यांश प्रस्तुत भएको छ -

"यिनको शूरता देखे हुनन् लज्जित अर्जुन ॥"

एक कुनै साधारण पुरुषको शूरता देखेर अर्जुन जस्ता वीर लज्जित नु असंभव थियो तर कविले संभव देखे ।

प्रस्तुत लेखनाथको धन महिमा अन्तर्गत पद्य -

"विनोद, चातुर्य, विचार, शक्ति,
महत्व, सौजन्य, विवेक, भक्ति,
गुणज्ञता, भोग, विलास, चैन,
असाध्य केही धनबाट छैन" ।

भन्ने पद्यले तत्कालीन नेपालको स्थिति अनुसार मात्र होइन, विश्व भर नै व्याप्त रहेको यथार्थिक पक्षलाई अँगाल्न समर्थ भएको तथ्य स्पष्ट रेको छ । जो अनन्त समय सम्म पनि यथार्थ नै रहि रहन सक्ने छ । क्त पद्यमा निर्दिष्ट कुनै पनि विषय धनबाट असाध्य हुन सक्ने रूपका पालमामा मात्र होइन सम्पूर्ण विश्वमानै कहिल्यै पाउन शकिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तोमा जोशीजीले कसरी अत्युक्तिको रूप देखे ? भन्न सकिन्न। सम्बन्धमा अद्वितीय प्रयोक्ता लेखनाथको उक्त पद्य अन्तर्गत प्रत्येक वजनदार छन् र प्रत्येक पदबाट निर्दिष्ट क्रियाकलापमा धन नै कार बनेर व्यवहारमा के कति उलट - पुलट भइरहेको छ, त्यो कुरा अड्कल होइन आफैले भोगेर कवि बनेका लेखनाथले राम्ररी स्पष्ट गरे छन्, जो सत्य छ, शाश्वत छ, यथार्थ छ ।

घ) जोशीजीले भने झैं वर्णनात्मक विषयमा काल्पनिकताको क अवश्य हुन्छ, हो, तर प्रकृत वस्तुकै आधारमा त्यसको सेरो - फेरो नि चहार्दै स्वाभाविकतालाई बढी स्पष्ट पार्न कविले विचारको आश्र लिन सक्तछन् र बौद्धिकताद्वारा काल्पनिकता त्यसवेला केही दबि झैं देखा पर्न सक्तछ। लेखनाथ आफ्ना प्राकृतिक विषयहरूको चित्र मा प्रायः यस्तै रूपमा मात्र देखा पर्दैनन्, अरु प्राकृतिकतालाई प दवाउन सक्ने अनौठा अभिव्यक्तिहरू पनि प्रस्तुत गर्दछन् । जस्तै :-

"लोको पकारमा जत्ति खर्चन्छ जल - सम्पति ।
उत्ती उज्यालो देखिन्छ मेघको वदन - द्युति,,

जल वर्साइ सके पछि उज्यालो रूपमा देखा पर्ने शरत् कालम बादलको चित्रण संगै लोकोपकारमा सपूर्ण सम्पत्ति खर्च गरेर पनि प्रसन्न रहने उदार पुरूषको महत्तालाई समासोक्ति रूपमा यहाँ प्रस्तुत गर्ने कविको गहन प्रतिभा सम्बन्धी चातुर्य हो। यस्ता अन्य विषयमा पनि कवि प्रशस्त प्रयोग गर्दछन् ।

ङ) जोशीजीले पुरानो र नयाँ ऋतु विचारका उद्धाहरणहरू जति दिएका छन् तिनमा केही - केही अन्तर अवश्य छ तापनि, क द्वारा न तिनको परिकृत रूप प्रस्तुत भएको तथ्य सित जोशीजी सहमत छन्। हुन पनि कुनै पनि विषयमा पहिले भन्दा केही कालान्तरमा विष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ोध सम्बन्धी हेर–फेर हुनु अस्वाभाविक होइन । जोशीबाट पनि कुनै दिन शारदा' पत्रिकाको कुनै अङ्कमा आफ्नो लेखमा ध्वन्यालोक (आनन्द बर्धन ृत साहित्यिक लक्षश ग्रन्थ) को –

> "प्रतायमानं पुनरन्यदेव वस्त्वस्ति वाणीषु महाकवीनाम् ।
> यत्तत्प्रसिद्धावयवातिरक्तं विभाति लावण्य मिवाङ्गनासु ॥

भन्ने पद्यको व्याख्या गर्दै 'प्रतीयमानं' पदको अर्थ 'वाच्य' अर्थ' हो – नी बाकाऽटा साथ विश्लेषण गर्न पुगिएको थियो । तर आज त त्यसरी यङगय' अर्थलाई पनि 'वाच्य–अर्थ' भनी जोशीजीद्वारा लेखन्न हु'ला । न भने जोशीजीकै पुस्तकको प्रकाशकीय भनाइमा जोशीजीलाई 'पू र्य ाव्य सिद्धान्तका अध्येता' भन्ने विशेपण प्रदान भइसकेको छ ।

च) जोशीजीको पुस्तकबाट के उद्देश्य झल्कन्छ भने १९७३ को ृतु-विचार' लेखनाथको युवावस्थामा तयार गरिएको हो । त्यसमा शृङ्गारी ृत्ति विशेपतया पाइन्छ र १९९१ को ले चाहिं त्यो शृङ्गारी प्रवृत्तिलाई ल्नेको छ ।" यो स्वाभाविक पनि हो । यस्तै वैचारिक परिवर्तन कवि कालंमनिधि तिवारीमा पनि देखापरेको छ । शुरूमा भीमनिधिलाई प्रख्यात प्रसी कृति उनको "मेरो" बयासी गजल" थियो जसमा शृंगार तथा त गशेषत: विप्रलम्भ शृंगारको नै प्राचुर्य पाइन्छ, तर पछि आएर उही नि करो' बयासी गजल' को सट्टामा उनको प्रौढावस्था अनुरूप 'मेरो बयासी तन" को रूपमा अर्को कृति निस्क्यो । उक्त 'गजल र 'भजन' ले मनिधिको आन्तरिक कवि रूपमा आकाश र जमिनको भिन्नता तुत भएको छ । लेखनाथमा पनि पछि आएर ती पहिलेका शृंगारी वका अंशहरूमा बयस्कतालाई उछिनेको प्रौढताको आधारमा केही परि- न ल्याउने लक्ष्य देखापर्नु कुनै आश्चर्यको कुरो होईन ।

छ) हेमन्त विचारका कुनै पद्यमा जोशीजीले निर्माण शिथिलता ाएका रहेछन् तर त्यसै प्रसङ्गमा–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"चोटा कोठा सर्वचाली पुग्छ सुस्तै सर्वतिर।
हुस्सू भए पनी नाम काम हुस्सू कहाँ छ र ? ॥"

भनी एउटा निर्जीव तुच्छ पदार्थ हुस्सू प्रति गरिएको सजीव चि
जस्ता गहकिला तथ्य तिर ध्यान दिइएन र - "रश्मिले चन्द्रको
दवाएकै छ बेसरी" - भन्ने कविको उक्ति व्यावहारिक होइन क
कल्पित मात्रै हो भन्न संकन पुगे जस्तो लाग्दछ। तर यस्ता नगण्य
अप्रामाणिक रूपमा कोट्याइएका त्रुटिहरू तिर औंल्याउँदा समालोच
'पुरो भागी' विशेषज्ञ टॉम्सिन पुग्दछ भन्ने तथ्य हामीले बुझ्नु पर्द
जेहोस् जोशीजीले 'ऋतु विचार' सम्बन्धमा लेखनाथ को काव्य प्रवृत्ति
अलि गहिरिएर समीक्षा गरिएको छ तर पनि 'ऋतु विचार' को प्रे
स्रोत चाहिं कालिदासको ऋतु संहारलाई नै मानेका छन् र विभिन्न
सम्बन्धी पद्यहरूलाई ऋतु संहार'का पद्यहरू सित तुलना गरिएको
लेखनाथबाट सर्व प्रथम १९६६ मा 'वर्षा विचार' प्रकाशित भएको
सबैले मानि आएका छन् तर जोशीजीले उक्त १९६६ को वर्षा विचार
कतै उल्लेख गरिएको पाइएन। 'वर्षा विचार' नै ऋतु विचारको मूल
थियो र अरू ऋतु विचारहरू त्यसपछि रचना गरिएका थिए,
अन्त्यमा ग्रीष्म विचारमा पुगेर टुंग्याइएको बुझिन्छ। वर्षा र
सम्बन्धी विचार प्रस्तुत गरिसकेपछि 'ऋतु सहार' र अन्य वि
ऋतु वर्णन सम्बन्धी ग्रन्थहरू बाट पनि हेमन्त, शिशिर, वसन्त र ग्री
सम्बन्धी ऋतु विचारहरूमा कविले आवश्यक सहयोग लिनु असंगत दे
र ती ग्रन्थहरूको छाप लेखनाथको ऋतु विचारमा पर्न जानु स्वाभा
नै थियो। जुन सुकै ग्रन्थबाट जुन सुकै ऋतु सम्बन्धी सहयोग लिए
लेखनाथीय ऋतु विचार सम्बन्धी पद्यहरूमा उनको आफ्नै
व्यञ्जनात्मक मौलिकता झल्किरहेको हामी पाउँछौं।

यी उपर्युक्त चर्चाबाट नै 'ऋतु विचार' को महत्ता ज्यादै
रहेछ भन्ने कुरा स्पष्ट भएको छ। त्यस्तो महत्वपूर्ण कृतिमा म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ल्पज्ञ व्यक्तिले चर्चा गर्न हस्तक्षेप गर्न खोज्दा महाकवि कालिदास को –

"प्रांशु लभ्ये फले लोभा दुद्वाहु रिव वामनः।"

भन्ने उक्ति संझन पुगेको छु तापनि कवि शिरोमणिज्यूको शत ार्षिकी - जयन्ती - महोत्सवको उपलक्ष्यमा एउटा फूलको रूपमा भए पनि श्रद्ध समर्पण गर्न पाउने उत्कट अभिलाषाले यो सानो कृति प्रस्तुत गरेको । यसमा यथाशक्य यथार्थ पक्ष नै अँगालिएको छ र कतै कसै प्रति कुनै कारको राग द्वेषात्मक भावना पोखिएको छैन। अतः यसमा कतै सैको पनि नराम्रो उद्देश्य लिइएको नसंझिदिनु होला भनी सविनय नुरोध गर्दछु ।

त्रुटि हुन पुग्नु मानवीय प्रकृति सित असम्बन्धित विषय होइन निएको पनि छ –

धावतः स्खलनं कापि भवेदेव प्रमादतः
हसन्ति दुर्जना स्तत्र समादधति साधवः॥"

प्रकृत पुस्तक पनि ज्यादै हतार-हतारमा तयार गरियो। अतः यो ो धावन पनि स्खलनशील न होला भन्न सक्दिनँ। साथै मुद्रणादिमा न कतै कुनै भूल हुन पुगेको हुन सक्छ। अतः कतै कुनै प्रकारका त्रुटिहरू पुगेका रहेछन् भने विद्वान् तथा पाठक वर्गबाट उपयुक्त सल्लाहहरूको र्देशन अवश्य पाउन सकुँला भन्ने धारणा लिएको छु। जसबाट अर्को ष्करणले राम्रा परिष्कार पाउन सकोस्। अन्त्यमा–

जसका अपार स्नेहपूर्ण–वात्सल्यमय–अमर आकांक्षाहरूले डोऱ्या- कोले नै मेरा परमगुरु तथा जन्मदाता पिताज्यू पण्डित श्री राम शरण ज्यूबाट बाल्यावस्था देखि नै औचित्यपूर्ण शिष्ट चारित्रिकताको जग न सकेकोले उही जगमा सानो बौद्धिक झोपडी उभ्याउन मेरा शिक्षा ता-धर्म पिता परम पूजनीय गुरूवर पण्डितराज सोमनाथ सिग्देलज्यूबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपार स्नेह साथ मलाई मेरो पूंजीले भ्याएसम्मको शैक्षिक सम्पत्ति प्र
हुन गएकोले नै यो सानो कृति कोर्न सकेको छु। उनै परम पूजनीया आ
जानकी देवी झाका चरण कमलमा यो सानो कृति-पुष्प सश्रद्ध सम
गर्दछु।

यस कृतिलाई जन–समक्ष पुऱ्याउन हार्दिक प्रेरणा दिदैं उत्
बढाउन दिई प्रकाशनको जिम्मेदारी वहन गर्नुको साथै टंटलापुर
र वर्षाको समेत पर्वाह नगरी कैयौं कष्ट सही मलाई घचघच्या
दिउँ झाई उठाउने प्रकाशक श्री अमृतकुमार अर्यालज्यूको म ज्यादै
बनेको छु साथै, प्रकाशन सम्बन्धी कार्यमा यथाशक्य त्रुटि हुन न
प्रूफ संशोधनको निति समेत मैरं झुपडीसम्म आफै कष्ट सहँदै अविस्मर
सहयोगका साथ प्रस्तुत कृति मुद्रण गरिदिनु भएकोमा मुना–प्रेस, सातदो
ललितपुरका श्रीमुकुन्द चालिसेज्यू तथा वहाँका सुयोग्य पुत्र मुकेशमा
म हृदय देखि असीम आभार व्यक्त गर्दछु। यो कृतिका केही अंश
अभिरूचि पूर्वक सुनेर उपयुक्त विचार विमर्श दिई मलाई प्रोत्सा
तुल्याइ दिनु भएकोमा त्रि–चन्द्र बहुमुखी क्याम्पसका सहयोगी बन्
नेपाली शिक्षण समितिका अध्यक्ष उप–प्रा श्री कृष्ण गौतमजी तथा उप
डा.हरिराज भट्टराई, उप-प्रा. सोमनाथ पौड्याल र उप-प्रा. तुलसी घि
ज्यूहरूमा पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। अन्त्यमा, जसको अ
रूपमा बहिरहेको पितृस्नेहपूर्णममतामयी प्रकृतिले गर्दा मैले यो पु
प्रस्तुत गर्ने उत्साह प्राप्त गरें, उनै छोरी जयश्री झा (जया झा) लाई
कृतिको सम्पूर्ण श्रेय सुम्पर्दै मेरो भनाइ यही टुंग्याउछु।

विनीत–

पं. तीर्थराम झा, "जानकी शर

२०४१, विजया दशमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रमणिका

क्र. सं.		विषय	पृष्ठ
१		कवि शिरोमणि पण्डित लेखनाथ पौड्याल	१
२		ऋतु विचार–एक संक्षिप्त परिचय	३
३		'खण्डकाव्य' को रूपमा ऋतु-विचार	४
४		'ऋतु-विचार' को रचना समय	६
५		पं. लेखनाथको काव्यात्मक प्रतिभा वैशिष्ट्य	७
६		'ऋतु-विचार' को प्रेरणा–स्रोत सम्बन्धी चर्चा	८
	क)	यज्ञराज सत्यालको भनाइ	९
	ख)	राममणि रिसाल "	१०
	ग)	डा. दीनानाथ शरण "	१०
	घ)	डा. वासुदेव त्रिपाठी "	११
	ङ)	प्रा. केशव प्रसाद उपाध्याय "	१६
	च)	'ऋतु-संहार' तथा' 'ऋतु-विचार' सम्बन्धी विश्लेपण	२३
	छ)	पुष्कर लोहनीको भनाइमा 'ऋतु-विचार'	२७
७		श्रीमदभागवत' र 'ऋतु–विचार	३३
८		वाल्मीकि रामायण र ऋतु–विचार	५२
९		प्रेरणा स्रोत सम्वन्धी निर्णय	५७
१०		अलङ्कार-विषय र पं. लेखनाथ	५९
११		अलङ्कार शब्दको व्याख्या तथा महत्व	६०
१२		पं. लेखनाथको आलङ्कारिक वैशिष्ट्य	७०
	१)	I) 'उपमा' अलङ्कार परिचय	७२
		II) 'ऋतु-विचार' मा उपमा 'अलङ्कार	७४
	२)	I) 'उत्प्रेक्षा' अलङ्कार परिचय	८३
		II) ऋतु-विचारमा उत्प्रेक्षा'०	८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्र. सं.	विषय	पृ
३)	।) 'रुपक' अलङ्कार परिचय	१
	।।) ऋतु-विचार' मा रुपक' ०	१
४)	।) काव्यलिङ्ग' अलंकार परिचय	१
	।।) 'ऋतु-विचार' मा 'काव्यलिङ्ग' ०	१
५)	।) 'अर्थान्तरन्यास' अलंकार परिचय	१
	।।) ऋतु-विचार मा अर्थान्तरन्यास ०	१
६)	।) 'दृष्टान्त' अलङ्कार परिचय	१०
	।।) ऋतु-विचारमा दृष्टान्त०	१०
७)	।) 'स्मृति' अलङ्कार परिचय	१०
	।।) ऋतु-विचार मा स्मृति०	१०
८)	।) अतिशयोक्ति' अलङ्कार परिचय	१०
	।।) ऋतु-विचार मा अतिशयोक्ति ०	१०
९)	।) समासोक्ति' अलंकार परि ०	१०
	।।) 'ऋतु विचार मा समासोक्ति०	१०
१०)	।) 'भ्रान्ति' अलङ्कार परि ०	११
	।।) ऋतु-विचारमा भ्रान्ति ०	११
११)	।) स्वभावोक्ति' अलङ्कार परि ०	११
	।।) 'ऋतु-विचारमा स्वभावोक्ति ०	११
१२)	।) 'सन्देह' अलङ्कार परिचय	११
	।।) ऋतु-विचार' मा सन्देह०	११
१३)	।) तुल्ययोगिता अलङ्कार परि ०	११
	।।) 'ऋतु-विचार मा तुल्ययोगिता०	११
१४)	।) 'अनुमान' अलङ्कार परि ०	११
	।।) 'ऋतु-विचार' मा 'अनुमान' ०	११
१५)	।) 'श्लेष' अलङ्कार परि ०	११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सं.	विषय	पृष्ठ
	ii) ऋतु-विचार मा श्लेष ०	११९
१६)	i) 'संसृष्टि' अलङ्कार परि ०	१२२
	ii) ऋतु-विचार' मा संसृष्टि ०	१२३
१७)	i) संकर' अलङ्कार परि ०	१२४
	ii) ऋतु-विचार मा संकर ०	१२५
	अलंकार– निर्णयमा विद्वान्हरूको मत भिन्नता	१२८

परिशिष्ट

ऋतु-विचारमा विभिन्न कोणगत काव्यात्मक– समीक्षा सम्वन्धी संक्षिप्त - दिग्-दर्शन	१३७
'ऋतु-विचार' मा ऋतु समय सम्बन्धी निर्णय	१३८
प्रकृति-उपासक कवि- पं. लेखनाथ	१४१
आध्यात्मिक - दर्शन पक्षका कवि लेखनाथ	१४७
'ऋतु-विचार' मा रोमाण्टिक-कवि रूपमा पं लेखनाथ	१५२
प्राचीन संस्कृतिका उपासक' कवि पं लेखनाथ	१५८
सामाजिक कवि पं लेखनाथ	१३६
ऋतु-विचारमा कविको काव्यसम्वन्धी दृष्टिकोण	१६८
वैयाकरणी दृष्टिमा पं लेखनाथको 'ऋतु-विचार'	१७०
उपसंहार	१७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि शिरोमणि
स्व. पण्डित लेखनाथ पौड्याल

नेपाली राष्ट्र भाषा साहित्य जगत्का एक महान् ओजस्वी तथा तपस्वी साधकको रुपमा देखा परी गएका कवि शिरोमणि स्व. पण्डित लेखनाथ पौड्यालको प्रचुर उत्कृष्ट तथा परिमार्जित साहित्यिक कृति पुञ्जले राष्ट्र भाषा साहित्यको भण्डार निकै सजिएकोछ । कवि शिरोमणिज्यूका विभिन्न उज्ज्वल काव्यात्मक कृतिहरुले गर्दा विशेष गरी आपनो प्राचीन धार्मिक, आध्यात्मिक, साँस्कृतिक नैतिक र सामाजिक आदि विभिन्न महत्वपूर्ण पक्षहरु हामीले बिर्सन नसकिने बनिरहेका छन् । युगले केही धमिलो पर्दा हालिदिनाले ठम्याउन अप्ठ्यारो जस्तै भइरहेका ती विभिन्न आदर्श पक्षहरुको यथार्थता पूर्ण महत्ता स्पष्ट गर्ने विभिन्न कविताहरुले आजको युगमा पनि हामीलाई समयोपयुक्त आदर्श मार्गको अनुसरण गर्न निकै बल प्रदान गरि रहेका पाइन्छन् आफ्नो जीवनका कयौं वैषम्य पूर्ण स्थितिहरुको समेत परवाह नराखी काव्य साधनमा निरन्तर रुपमा भनेजस्तै लागि परेका कवि लेखनाथको काव्य साधना अवश्य पनि नेपाली मात्रको निति निरन्तर समय सम्म पथ प्रदर्शक बनिरहनेछ ।

नेपाली राष्ट्र भाषा साहित्य सम्बन्धी काव्य साधनामा आफ्नो जीवन भरको तीन अंश पूरै समर्पण गर्ने नेपाली राष्ट्र भाषा साहित्यका युगस्रष्टा मध्ये एक कहलिएका कवि शिरोमणि पं. लेखनाथका साहित्यिक कृतिहरु नेपाली साहित्य क्षेत्रमा अनगिन्ती रूपमा प्रस्तुत भएका पाइन्छन् । वि. सं. १९६१ देखि प्रकाशित हुँदै जीवनको आखिरी समय २०२२ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्ममा प्रस्तुत भएका उनका काव्य कृतिहरु उत्तरोत्तर परिमार्जित र प्रौढ हुँदै गएको कुरा समालोचकहरुबाट स्पष्ट हुँदै गइरहेको छ। विभिन्न मुक्तक (फुटकर कविता) खण्ड काव्य (कोश काव्य – स्तुति काव्य आदि) र महाकाव्य सम्ममा र नाटक विधागत गद्यांशहरुमा समेत प्रस्तुत भएका उनका काव्यात्मक प्रतिभाको चमत्कारले चकित नहुने साहित्यप्रेमी सहृदय हरु विरलै मात्र पाइन्छन्। विभिन्न सँस्कृत शब्दको प्रचुरता भएर पनि प्रसाद गुणले परिपूर्ण भई अर्थ वैशद्यको साथै भाव गाम्भीर्यलाई त्यतिकै सघाउने लालित्यपूर्ण पद तथा पदावलीको गुम्फनद्वारा परिष्कृत रूपमा झल्कने भाषा शैलीले गर्दा लेखनाथको काव्यात्मक कल्पना अतिशय प्रशंसनीय हुन पुगेको छ। आध्यात्मिक, नैतिक, धार्मिक, सामाजिक, सांस्कृतिक र विभिन्न प्राकृतिक पक्षहरु सम्वन्धी कल्पनामा आफ्नो गहन अनुभूतिको छाप लगाउँदै आफ्नै दर्शन विशेष प्रतिपादन गर्न खोजिएर पनि लेखनाथका प्रत्येक काव्यात्मक पङ्क्ति मानवताको मार्गमा अग्रसर हुन अमर सन्देश दिन सफल भएका छन्। समाजमा नगण्य ठहरिएको विषयलाई पनि सामाजिक कल्याणको निति महत्वपूर्ण ठह्र्याएर तिनैबाट सामाजिक चेतना जागरूक तुल्याउने जस्ता चेष्टाहरु लेखनाथ आफ्नो साहित्य – साधनामा प्रशस्त रूपमा प्रस्तुत गर्दछन्। यसबाट उनको सचेत भावुकतापूर्ण कवि व्यक्तित्वले 'सर्वजनहिताय' को सिद्धान्त पूर्णतया स्वीकार गरिएको रहेछ भन्ने कुरा राम्ररी स्पष्टिन गएको छ। आफू प्राचीन आदर्शोन्मुख आध्यात्मिकता सम्पन्न भएर पनि कविशिरोमणि लेखनाथ विभिन्न प्रकृति सम्वन्धी समीक्षा गर्न र 'प्रकृति नै मानवका गुरु हुन्' भन्ने पक्ष समर्थन गराउन निकै सफल र समर्थ मानिन्छन्, तर उनको यस नीतिमा पनि 'मानव हित' नै संनिहित भएको पाइन्छ, जसलाई उनका विभिन्न प्रकृति सम्वन्धी कविता र काव्यहरूले स्पष्ट तुल्याएका छन्। तिनै काव्य पुञ्जहरू मध्ये उनको 'ऋतु विचार' खण्डकाव्यलाई प्रमुख रूपमा लिन सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋतु-विचार-एक संक्षिप्त परिचय

स्व. पं. लेखनाथ पौड्यालको खण्डकाव्यको नाताले सुप्रसिद्ध तथा बहुचर्चित ऋतु – विचार नेपाली साहित्य भण्डारको एक अनुपम रत्न हो भन्न सकिन्छ । प्रस्तुत कृतिमा कवि लेखनाथले १. बसन्त २. ग्रीष्म ३. वर्षा ४. शरद ५. हेमन्त तथा ६ शिशिर समेत छः वटै ऋतुहरूको क्रमश: विवरण दिएका छन जुन वर्णनमा तत्तत् ऋतु सम्बन्धी प्राकृतिक विशेषता पूर्ण विविधता र तिनवाट प्रभावित हुँदै देखा पर्दै गएका परिवर्तनहरू; अनि ती परिवर्तनहरूको प्रतिफल रूपमा देखा पर्ने विभिन्न स्थिति पुन्ज–हरूलाई प्राय: सामाजिक जीवनसंग सम्बद्ध तुल्याएर विशदचित्रणहरू प्रस्तुत गर्न खोजिएको छ ।

'ऋतु–विचार' भित्र उल्लेख भएका विभिन्न चित्रणवाट कविको काव्यात्मक प्रतिभा सम्बन्धी विशेषता वर्णनातीत रूपमा देखा पर्दछ । उन-को काव्यात्मकतामा यहाँ विभिन्न पक्षका वेगिन्ती रूपका अनुपम अभि–व्यक्तिहरू प्रशस्त छरिएका छन् । पं. लेखनाथले यहाँ मुख्यत: आफूले अमूल्य निधिरूपमा स्वीकार गरिएको आध्यात्मिकतालाई विशेषगरी यसमा प्रश्रय दिएका छन् भने त्यसैको सिलसिलामा उनले यहाँ वैदिक, सांस्कृतिक, धार्मिक आदि विषयसित सम्वन्धित आदर्शोन्मुख स्वच्छ सामा-जिक गतिविधिहरू पनि प्रशस्त मात्रामा प्रस्तुत गरेका छन् । अनि ठाउँ ठाउँमा अभिव्यक्तिका अन्य पक्षहरू जस्तै नैतिक–अनैतिक तथा राजनैतिक कूटनैतिक अनि स्वच्छ तथा संकीर्ण सामाजिक मनोवृत्तिसित सम्वन्धित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न वस्तुस्थितिहरूका चित्रणहरू तत्तत् ऋतुहरूसित सम्बन्धित प्राकृतिक पक्ष वर्णनको क्रममा विभिन्न रूपका दृष्टान्तको रूपमा प्रस्तुत गरिएका छन् । लेखनाथका यिनै विविधभङ्गी विशेष रूपका वैचित्र्य पूर्ण आलङ्कारिक शैलीमा प्रस्तुत काव्यात्मक अभिव्यक्तिको प्रस्तुति नै 'ऋतु विचार' को रूपमा हाम्रो अगाडि प्रस्तुत छ ।

'ऋतु विचार' अन्तर्गत प्रत्येक 'विचार' मा तत्-तत् ऋतु सम्बन्धी चित्रणसित सम्बन्धित १०१ पद्यहरू प्रस्तुत छन् जसमा अन्तिम पद्य एउटा बाहेक प्रत्येक विचार सम्बन्धी १०० वटा पद्य अनुष्टुप छन्दमा लेखिएका छन् । तिनै प्रत्येक १०० वटा अनुष्टुप छन्दका पद्यमा उनले प्रत्येक ऋतु सम्बन्धी भेट्टाइए जति वैभवहरूको विशदरूपमा वर्णन गरेका छन् । जसमा उनको अनुपम सचेत काव्यात्मक प्रतिभामूर्त रूपमा झल्कँदै हाँसिरहेको पाइन्छ ।

'खण्डकाव्य' को रूपमा ऋतु-विचार

कवि शिरोमणी पं. लेखनाथ पौड्यालको 'ऋतु-विचार' एउटा खण्डकाव्यको रूपमा मानिएको कृति हो । हुनत, पूर्वी (संस्कृत) साहित्यमा खण्डकाव्यको लक्षण बताउँदै यसरी लेखेको पाइन्छ—

" खण्डकाव्यं भवेत् काव्यस्यैक देशानुसारि च "[1]

अर्थात्- " कुनै विस्तृत महाकाव्यको एक छेउ जस्तो छोटो कथानक भई कथानक चाहिं शृङ्खलित (सिल-सिला मिलेको) भएर पनि जीवनको केही अंश उल्लेख भई टुंगिएको, साथै महाकाव्यमा जस्तो सर्ग बन्धन र सन्धि(पञ्च सन्धिहरुको) बन्धन आदि नभएको छोटो काव्य नै 'खण्डकाव्य' भनिन्छ ।" पूर्वी सिद्धान्त परम्परा कै अनुसार खण्ड-

1 श्री बिश्वनाथ कविराज-"साहित्य दर्पण"- (लोचना-विज्ञप्रिया-व्याख्याद्वय-सहित) परिच्छेद १०६ श्लोक ३०८ (पृ. ३६७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्यलाई गीति काव्यको रूपमा स्वीकार गर्ने प्रचलन पनि पाइन्छ । यो कुरा 'संस्कृत साहित्यकी रूपरेखा' भन्ने पुस्तकमा उल्लेख गरिएको छ ।[2] साथै कालिदासको खण्डकाव्य–'मेघदूतम्' को भूमिकामा पनि उल्लेख छ ।[3]

पूर्वी सिद्धान्त कै अनुसार खण्डकाव्य' का दुइ भेद बताइएका छन् १) खण्डकाव्य २) कोषकाव्य ।

माथि उल्लेख गरिए अनुसारको छोटो काव्य 'खण्डकाव्य' रूपमा मानिन्छ भने दोस्रो जुन कोषकाव्य नामक हो त्यसको लक्षण पनि यसरी बताइएको छ :–

"कोषः श्लोक समूहस्तु स्यादन्यो ऽन्यानपेक्षकः ।
व्रज्या – क्रमेण रचित; सएवातिमनोरमः ॥"[4]

अर्थात–" (कुनै) शृङ्खलित-इतिवृत्त (सिल-सिला मिलेको कथानक) नभएको परस्परमा एकले अर्कोसंग सम्बन्ध नराख्ने (निरपेक्ष) भएका श्लोकहरुको समुदाय बनेको केही वर्णनात्मक रूपको काव्य (गीति काव्य वा खण्ड काव्य) नै 'कोष काव्य' कहलाउँछ, त्यस्तो काव्य अतीव मनोहर हुनु पर्दछ ।"

यस भनाइ अनुसार ऋतु विचारलाई स्पष्ट रूपमा 'कोष काव्य' को रूपमा स्वीकार गर्न सक्तछौं । ता पनि प्रचलित प्रथा अनुसार 'ऋतु विचार' खण्डकाव्य कै नामले प्रसिद्ध भएको छ ।

---

2 स्व. चन्द्र शेखर पाण्डेय एम.ए. शास्त्री, साहित्य रत्न तथा डा. शान्ति कुमार नानुराम व्यास, एम. ए सी. एम. डी. तथा संस्कृत साहित्यकी रूपरेखा (पृ. २७७)

3 मल्लि नाथ कृत टीका तथा जनार्दन शास्त्री पाण्डेय रचित हिन्दी टीका सहित 'मेघदूतम्' खण्डकाव्यको भूमिका (पृष्ठ ६)

4 श्री विश्व नाथ कविराज – साहित्य दर्पण–ऐ. ऐ. ऐ. (पृष्ठ ३०९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'ऋतु विचार' को रचनासमय

कवि शिरोमणिको 'ऋतु विचार' खण्ड काव्य सम्वन्धमा चर्चा ग वि. सं. १९९१ सालमा मात्र 'ऋतु – विचार' पुस्तकाकारमा प्रकाशि भएको कुरो विद्वान् समालोचकहरुबाट प्रस्तुत भएको छ । तापनि ऋतु विचार सम्वन्धी केही विषयको प्रकाशन वि. सं. १९७३ मनै भइसके थियो र १९७३ को उक्त प्रकाशित अंशलाई विद्वान्हरूले १९९१ ऋतु-विचारको पूर्वरूप हो भन्ने कुरा स्पष्ट गरेका छन् । यसै विषयला स्पष्ट पार्दै वासुदेव त्रिपाठीज्यूले आफ्नो 'विद्या – वारिधि' उपाधि (पी. एच. डी.) को शोधग्रन्थ "लेखनाथको कवित्वको विश्लेषण तथ मूल्याङ्कन" नामक वृहत्काय कृतिमा लेखेका छन्–"वास्तवमा ऋतु–विचा भन्नु जे हो त्यो १९९१ सालकै 'ऋतु-विचार' हो र १९७३ को ऋतु-विचार चाहिं त्यसकै पूर्वरूप तथा माध्यमिक कालको सापेक्षतामा नवीनतम असामान्य उपलब्धि मात्र हो ।"[5]

वस्तुतः लेखनाथको 'ऋतु-विचार' सम्वन्धी प्रकाशन सर्वप्रथम १९६५ – १९६६) मा भएको हो जुनवेला सर्व प्रथम 'वर्षा–विचार सम्वन्धी अंश नै छापिएको थियो । यो कुरो सर्व सम्मत पनि रहि आएको छ । यस दृष्टिवाट हेर्दा उनको 'ऋतु–विचार' – लेखन 'वर्षा–विचारबाट प्रारम्भ भएर 'ग्रीष्म-विचार' मा समाप्त हुन गएको बुझिन्छ । यो कुरो यसै सम्वन्धमा पछि दिइने विवरणहरु द्वारा पनि स्पष्ट हुनेछ । जे होस् १९६६ ताकमा श्री गणेश भएको पं. लेखनाथको 'ऋतु-विचार' ले १९९१ वि. सं. मा पुगे पछि पूर्णताप्राप्त भएको रुपलिएर प्रकाशनमा देखापर्न

5 वासुदेव त्रिपाठी – (लेखनाथ पौड्यालको कवित्व तथा मूल्याङ्कन) - (पृ. १४७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आएको छ। यसलाई स्वीकार गर्न अलमलिनु पर्दैन ।

पं. लेखनाथ पौड्यालको काव्यात्मक प्रतिभा-वैशिष्टय-

कविहरु 'स्रष्टा' को रूपमा देखा पर्दछन् र कुनै पनि कविलाई आफ्नो काव्य साधनामा उनको प्रतिभाले नै पूर्णतया सहयोग गरेको हुन्छ। 'प्रतिभा' भन्ने विषयलाई लिएर पूर्वी समालोचकहरुले विभिन्न विचार पोखिएको प इन्छ ।

'प्रतिभा' भन्नु नै मूलरूपमा बुद्धि वा संस्कार हो । त्यही बुद्धि अथवा संस्कार विशेषलाई विभिन्न रुपमा कल्पना गर्दै प्रतिभा-पक्षीयवाद तथा वादान्तरहरु देखाइएका छन्। वस्तुतः काव्य-रचनाको निति अनुकूल शब्दार्थ सञ्चयन गर्न सक्ने बुद्धिलाई 'प्रतिभा' शब्दले औंल्याएको छ । यही तथ्यलाई स्पष्ट गर्दै गुरुवर पण्डितराज सोमनाथ सिग्देलज्यू आफ्नो 'साहित्य - प्रदीप' नामक ग्रन्थमा लेख्नु हुन्छ [6]–

"(१) शक्ति – सावधान हृदयमा थरी थरी वक्तव्य अर्थ र तिनलाई मिल्दा मनोहर पदहरुको फुट्ट फुट्ट स्फुरण जसवाट हुन्छ, त्यही शक्ति हो; यही शक्तिलाई कोही प्रतिभा भन्दछन् । "

यही विषयलाई 'काव्य प्रकाश'मा आचार्य मम्मटले पनि स्पष्ट पारेकाछन्

" शक्तिः कवित्व वीजरूपः संस्कार विशेषः, यां विना काव्यं न प्रसरेत; प्रसृतं वा उपहसनीयं स्यात् ।" [7]

शक्ति (प्रतिभा भन्नु नै कविताको बीजरूप भएको संस्कार विशेष हो जो विना काव्य-साधना फिजिन शक्तैन अथवा फिजिए पनि (काव्यको-

---

6 पण्डित राज सोमनाथ सिग्देल-साहित्य प्रदीप-तृतीय प्रकाश (पृष्ठ ९३)

7 आचार्य मम्मट काव्य प्रकाश - प्रथम उल्लास (श्लोक ३ पृष्ठ ११) (वामनाचार्यकृत व्याख्या सहित)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रचना भए पनि) त्यो उपहास गर्न लायकको (निकृष्ट रूपको) बन्नेछ सामान्यतः " नव नवोन्मेषशालिनीबुद्धिः प्रतिभा " भनेर – काव्यसाधनाको समयमा प्रतिक्षण नयाँ नयाँ विषय सम्बन्धी विचार उदाउन थाल्ने बुद्धिलाई अर्थात त्यस्तो बुद्धिको संस्कारलाई प्रतिभा' शब्दले जनाउँछ। लेखनाथमा पनि त्यस्तो प्रतिभा थियो जसले उनलाई नेपाली कविशिरोमणि तुल्याएको छ । तापनि सहजात प्रतिभा संपन्न कविहरु विरलै मात्र पाइन्छन् । कुनै कुनै कविहरु दैवी शक्ति प्रदत्त प्रतिभाले युक्त पनि पाइन्छन् भन्ने कुरा संस्कृत–साहित्यको इतिहासले संस्कृतको नलचम्पू' नामक काव्यका प्रणेता 'त्रिविक्रम भट्ट' आदिलाई औंल्याएको छ ।

नत्र भने प्रायः कविहरु निजी शिक्षा र अध्ययनकै आधारमा बढाइएको अभ्यासद्वारा नै प्रतिभा सम्पन्न बनेका हुन्छन् । पं. लेखनाथलाई पनि स्वकीय अध्ययन र मनन तथा काव्य निर्माण सम्बन्धी अभ्यासले नै कवि बन्ने प्रतिभा प्राप्त गराएको भन्नु पर्दछ ।

'ऋतुविचार' को प्रेरणा–स्रोत सम्बन्धी चर्चा––

विक्रम सम्वत् १९६१-६२ मा प्रकाशित 'कविता कल्पद्रुम' देखि प्रारम्भ भएको लेखनाथीय कविता माझिदै गएर १९६६ तिर 'ऋतु विचार' को कुनै अंश 'वर्षा विचार' को रूपमा जन्मन्छ र सबैले थाहा पाउने गरी १९७३ मा प्रकाशित हुन्छ। यति अवधि भित्र कविमा विषयगत र शैलीगत दुवै तर्फको काव्यात्मक अभिव्यक्ति सम्बन्धी परिवर्तन देखापर्नु अवश्य पनि सामयिक दृष्टिले औचित्यपूर्ण तथा स्वाभाविक मान्न सकिन्छ। तापनि ऋतु विचार अन्तर्गत अभिव्यक्ति पक्षहरुमा कविको त्यसरी परिमार्जित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपको प्रतिभा स्पष्टिन पुग्नुबाट ऋतु विचारको मौलिकता कुनै विवादास्पद रूपको छैन भन्न अलि अनकनाउनै पर्दछ र ऋतु–विचारमा 'वर्षा विचार' अन्तर्गत विषय वर्णन र अभिव्यक्ति सम्बन्धी तथा शैलीगत चमत्कार समेतमा कविको आफ्नै पूरै मौलिकता छ भन्न अलि अपठेरो नै लाग्दछ ।

'ऋतु विचार'को प्रस्तुति नै पूर्वी साहित्य भण्डारको प्रेरणाद्वारा भएको हो भन्ने विषयमा प्रायः धेरैको ऐकमत्य जस्तै देखा परेको छ हुन पनि ऋतु विषयक विभिन्न वर्णन गरिएका कृतिहरू पूर्वी संस्कृत भण्डारमा नै विशेषत; पाइन्छन् त्यसमा पनि विशेष गरेर पूर्वी संस्कृत साहित्य जगत्मा ऋतु-वर्णन प्रथा यत्र तत्र प्रचलित रहेको पाइन्छ । लेख–नाथले पनि उही पूर्वी संस्कृत ग्रन्थ भण्डारबाट नै कुनै प्रेरणा अवश्य प्राप्त गरे होलान् जसको प्रतिफल रूपमा हामीले उनबाट ऋतु विचार जस्तो महत्वपूर्ण कृति प्राप्त गर्न सक्यौं ।

प्रसङ्ग वश यहां 'ऋतु-विचार' का मूल स्रोत सम्बन्धमा भेटिएका विभिन्न विद्वान् तथा समालोचकहरूका केही तर्क वितर्कहरू प्रस्तुत गर्नु सुसङ्गत नै ठहरिएला भनी प्रस्तुत गरिएको छ । तत्सम्बन्धी विद्वान् र समालोचकहरूका उक्तिहरू केही यस प्रकार भेटिएका छन् —

१) कतै कसैको भनाइ छ - "पं. लेखनाथको 'ऋतु विचार' संस्कृत साहित्यका अमरज्योति महाकवि कालिदासको 'ऋतु संहार' नामक खण्डकाव्यबाट प्रेरित भई लेखिएको हो ।" यसै विचारका अनुयायी बन्दै श्री यज्ञराज सत्यालले आफ्नो "नेपाली साहित्यको भूमिका" नामक पुस्तकमा लेखेका छन्–

" लेखनाथले ऋतुविचार कालिदासको अनुकरण गरी लेखे, तर यो कविको आफ्नै मौलिक कृतिको रूपमा रहेको छ " इत्यादि ।[8]

8 यज्ञराज सत्याल-"नेपाली साहित्यको भूमिका" (पृष्ठ ४८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी सत्यालजीले 'ऋतु विचार' लाई कालिदासीय अनुकरणात्म कृति ठह्र्याएर पनि लेखनाथको मौलिक कृति रूपमा स्वीकार गरे छन् ।

२) अर्का एक समीक्षक राममणि रिसाल आफ्नो "नेपाली काव्य र क नामक पुस्तकमा लेख्तछन्–

"लेखनाथीय काव्य पंक्तिमा मात्र होइन नेपाली खण्डका को प्रथम प्रकाशन भएकै दृष्टिबाट पनि 'ऋतुविचार' को ना सर्वप्रथम लिनुपर्दछ ।" [9]

यसरी श्री रिसालले ऋतुविचारलाई स्पष्टै लेखनाथको मौलि कृतिरूपमा संझन पुगेको स्पष्ट हुन्छ ।

३) हिन्दीका प्रसिद्ध विद्वान् डा. दीनानाथ 'शरण' वी.ए. आनर्स, एम्. ए पी.एच. डी द्वारा लेखिएको "नेपाली साहित्यका इतिहास" नाम ग्रन्थमा लेखकले लेखेका छन्:–

" लेखनाथ पौड्यालका 'ऋतु विचार' हिन्दी के वारहमास के अनुकरण पर लिखी गई रचना है। संस्कृत के सुप्रसिद्ध महाकवि कालिदासके 'ऋतु संहार' से भी वहु प्रभावित है ।" [10]

यसैको सिलसिलामा उनी फेरि लेख्तछन्–

"लेकिन लेखनाथजीने प्रकृतिका इतना सरस वर्णन किया है कि उनका ऋतु विचार ही नेपाली मे ऐसी पहली रचना प्रतीत होती है जिसे काव्यकी संज्ञा देना भला लगता है ।" [11]

उक्त कथनले 'ऋतु विचार' कालिदासको केही प्रभाव परेर पनि हिन्दीको वारहमासाको अनुकरण रुपमा प्रस्तुत भएको ठह्र्याइएको

9 राममणि रिसाल–"नेपाली काव्य र कवि" (पृष्ठ ६४)
10 डा. दीनानाथ 'शरण'–"नेपाली साहित्यको इतिहास" (पृ ३३१)
11 पूर्ववत् (नेपाली साहित्यकी इतिहास) (पृष्ठ ३३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ तरपनि त्यसमा लेखनाथको मौलिकता पूर्णरूपमा रहेको तथ्य स्पष्ट गरिएको छ जसले गर्दा 'ऋतुविचार'ले सर्वप्रथम नेपाली काव्यको प्रतिनिधित्व गरेको तथ्यमा लेखक विश्वस्त रहेको झल्काइएको छ।

४) यस्तै प्रकारले 'ऋतुबिचार' को प्रेरणा-स्रोत र मौलिकता सम्बन्धमा विभिन्न लेखक र समीक्षकहरुका टीका-टिप्पणीहरु थुप्रै हुनन् तापनि प्रस्तुत कृतिको सम्बन्धमा गहन तथा विस्तृत विवेचनात्मक विवरण आफ्नो पी. एच. डी (विद्या वारिधि) उपाधिको शोधग्रन्थ "लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन" नामक वृहत्काय-कृतिमा डा. श्री वासुदेव त्रिपाठीले विशदरूपमा प्रस्तुत गरेका छन्। शोधग्रन्थ सित सम्वन्धित प्रमुख विषय मध्येको एक ठहरिएको हुँदा उक्त विवरण त्यसरी प्रस्तुत हुनु नितान्त वाञ्छनीय रहन गएको छ। लेखनाथको 'ऋतु विचार' सम्वन्धमा डा.त्रिपाठीज्यूका निजी धारणाहरु कसरी व्यक्तिएका छन। तिनको केही टिपन-टापन प्रस्तुत हुनु यस प्रसङ्गमा पनि अनुपयुक्त होओइन जस्तो लाग्दछ। डा. त्रिपाठी लेख्तछन् -

"नेपाली कविता परम्परामा पनि ऋतु र महिनाका आधारमा प्रकृति प्रयोग नभएको होइन तर ऋतु विचार मैं केन्द्रित प्रकृति-कविता चाहिं थोरै मात्र रचिएको अनुभव हुन्छ। ऋतु बिचारको जग 'वर्षा-विचार' द्वारा १९६६ साल मैं लेखनाथले बसाएका हुन् भने पतञ्जालिको चौर पञ्चाशिका' लाल वहादुरको आउँ मासी (अथवा सिद्धि वहादुर वस्न्यात?) को 'वाह्र मासा' देवराज लामिछानेको 'श्लोक पञ्चाशिका' मोतीराम भट्टको 'पिकदूत' शिखरनाथको 'शृङ्गार दर्पण' दानराज लामिछानेको 'वाह्रमासा' आदि पूर्ववर्ती रचना मैं महीना वा ऋतु प्रसङ्गको प्रयोग भएको देखिन्छ। 'वर्षा-विचार' 'ऋतु विचार' को अवधि १९६६-७३ ताक र त्यस पछि पनि ऋतु र महीना प्रति नेपाली कविहरुको ध्यान गइरहेकै देखिन्छ। तैपनि लेखनाथका यी पूर्ववर्तीहरुका शृङ्गारिक काव्य कवितामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible] साहित्यको [illegible] प्रतीत हु[illegible]

[illegible] को रचना [illegible] कविहरूको [illegible] कतिपय पनि [illegible] ऋतु–विचार सम्बन्धी रूपरेखा प्राप्त [illegible] गवेषण ।

[illegible] –

[illegible] विचारको सृजना प्रक्रियाको निरूपण [illegible] अनुशीलन आवश्यक छ । [illegible]

[illegible] – लेखनाथ पौड्यालको [illegible] (पृष्ठ [illegible])

[illegible] (पृष्ठ [illegible])

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त कथनमा पुष्टिदिदै लेखिएको छ –

" पुरै ऋतु वर्णन र कुनै ऋतु विशेपको वर्णनको अनि काव्य-महाकाव्यका पृष्ठ भूमि उद्दीपन र शैलिपक सशक्तताका निति प्रकृति-बिम्बको जस्तो प्रयोग संस्कृत साहित्यमा भएको छ, त्यसको संश्लिष्ट प्रभाव लेखनाथमा परेको अनुभव हुन्छ । [14]

यसै प्रसङ्गमा लेखनाथका प्रेरणा-स्रोतको रूपमा अर्का कविलाई ओल्याउँदै लेखिएको छ–

" अझ संस्कृत महाकाव्यको अध्ययनबाट प्रभावित तुलसी-दासको ऋतु विशेषको वर्णनबाट पनि लेखनाथले प्रेरणा पाए जस्तो प्रतीत हुन्छ ।" [15]

यसरी ऋतु विचार सृजना सम्बन्धमा लेखनाथले पाएका प्रेरणाहरु सम्बन्धी चर्चा गर्दै ऋतु वर्णन क्रम सम्बन्धमा पहिले वर्षा – विचार (माधवी १९६६) द्वारा 'भारविको अनुकरण गर्न खोजे पनि अन्तत: ऋतु विचार (१९७३) मा 'माघ' को ऋतु वर्णन क्रम अंगालिएको तथ्य पनि डा. त्रिपाठीले आफ्नो शोध ग्रन्थमा स्पष्ट गरिएको छ । [16]

माथि त्यसरि भारवि र माघ को अनुकरण गरिएको कुरा कोट्याएर त्रिपाठीजी फेरी लेख्तछन् –

" तैपनि सिंगो ऋतु काव्य कालिदासीय प्रयोग हो । भारवि वा माघका निति त प्रकृति वर्णन केवल महाकाव्य निर्माणको एक अङ्ग मात्रै बनेको छ । त्यसैले ऋतु विचारको मूल रुपरेखा चाहिं कालिदासीय ठहर्छ । [17]

---

14 पूर्ववत (पृष्ठ ५६)
15 पूर्ववत (पृष्ठ ५६)
16 पूर्ववत् " " (पृ. ५७)
17 पूर्ववत् " " (पृ. ५७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रचना भए पनि) त्यो उपहास गर्न लायकको (निकृष्ट रूपको) बन्नेछ। सामान्यतः " नव नवोन्मेषशालिनीबुद्धिः प्रतिभा। " भनेर – काव्यसाधनाको समयमा प्रतिक्षण नयाँ नयाँ विषय सम्बन्धी विचार उदाउन थाल्ने बुद्धिलाई अर्थात त्यस्तो बुद्धिको संस्कारलाई प्रतिभा' शब्दले जनाउँछ। लेखनाथमा पनि त्यस्तो प्रतिभा थियो जसले उनलाई नेपाली कविशिरोमणि तुल्याएको छ। तापनि सहजात प्रतिभा संपन्न कविहरु विरलै मात्र पाइन्छन्। कुनै कुनै कविहरु दैवी शक्ति प्रदत्त प्रतिभाले युक्त पनि पाइन्छन् भन्ने कुरा संस्कृत–साहित्यको इतिहासले संस्कृतको नलचम्पू' नामक काव्यका प्रणेता 'त्रिविक्रम भट्ट' आदिलाई औंल्याएको छ।

नत्र भने प्रायः कविहरु निजी शिक्षा र अध्ययनकै आधारमा बढाइएको अभ्यासद्वारा नै प्रतिभा सम्पन्न बनेका हुन्छन्। पं. लेखनाथलाई पनि स्वकीय अध्ययन र मनन तथा काव्य निर्माण सम्बन्धी अभ्यासले नै कवि बन्ने प्रतिभा प्राप्त गराएको भन्नु पर्दछ।

'ऋतुविचार' को प्रेरणा–स्रोत सम्बन्धी चर्चा––

विक्रम सम्बत् १९६१-६२ मा प्रकाशित 'कविता कल्पद्रुम' देखि प्रारम्भ भएको लेखनाथीय कविता मांझिदै गएर १९६६ तिर 'ऋतु विचार' को कुनै अंश 'वर्षा बिचार' को रूपमा जन्मन्छ र सबैले थाहा पाउने गरी १९७३ मा प्रकाशित हुन्छ। यति अवधि भित्र कविमा विषयगत र शैलीगत दुवै तर्फको काव्यात्मक अभिव्यक्ति सम्बन्धी परिवर्तन देखापर्नु अवश्य पनि सामयिक दृष्टिले औचित्यपूर्ण तथा स्वाभाविक मान्न सकिन्छ। तापनि ऋतु विचार अन्तर्गत अभिव्यक्ति पक्षहरुमा कविको त्यसरी परिमार्जित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋतु विशेषको वर्णनको अनि
उद्दीपन र शैल्पिक सशक्तताका
प्रयोग संस्कृत साहित्यमा भएको
लेखनाथमा परेको अनुभव हुन्छ ।[14]
...स्रोतको रूपमा अर्का कविलाई

...अध्ययनबाट प्रभावित तुलसी-
...पनि लेखनाथले प्रेरणा पाए

...लेखनाथले पाएका प्रेरणाहरु
...पहिले वर्षा – विचार
...पनि अन्तत : ऋतु
...एको तथ्य पनि
...।[15]

...एको कुरा कोट्याएर

...हो । भारवि
...र्णणको एक
...रूपरेखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महीना वा ऋतुले शृङ्गारिक उद्दीपनको काम अवश्यै गरेका छन् ; महीना वा ऋतु आफै वर्णन विषय भएको अनुभव हुँदैन । अवश्य नं. न बहादुर र दानराज लामिछानेका बाह्रमासहरू लेखनाथको ऋतु प्रम भन्दा पुराना रचना छन् तर महीना–सन्दर्भ शृङ्गार–उद्दीपनकै सहायता रहन गएको हुंदा ऋतु-कविताको साँच्चो स्वरूप यी रचनाले प्रस्तुत सकेका छैनन् । जेहोस्, मूलभूत वा गौण रूपमा गरिएको मास र ऋतु वर्णनको पूर्व परम्पराको अस्तित्वले लेखनाथलाई जानिदो नजानि किसिमले ऋतु वर्णन गर्न प्रेरणा दिएको हुन सक्तछ तापनि ऋतु–विच वा त्यसको जग वर्षा–विचारको सुगठित व्यापक रूपरेखा चाहिं प्राप्त हु संभव देखिदैन । त्यसैले लेखनाथका आफ्ना अतिप्रिय कवि महाक कालिदासको 'ऋतु संहार' बाट लेखनाथले ऋतु विचारको रूपरेखा प्रा गरेको र आफूले अध्ययन गरेको संपूर्ण संस्कृत साहित्यको प्रणाली उपयोग आफ्नो प्रकृति काव्य ऋतु विचारमा गरिरहेको प्रतीत हुन्छ ।" [12]

डा. त्रिपाठी उपर्युक्त कथनमा–ऋतुविचार को रचना परिपाटीम पूर्ववर्ती कविहरूको केही अंशमा अनुकरण झल्किए पनि वस्तुतः कालि दासीय ऋतु संहारबाट नै ऋतु–विचार सम्बन्धी रूपरेखा प्राप्त हुन गएक कुरो संकेतित गर्दछन ।

उनी फेरि लेख्तछन् –

" ऋतु विचारको श्रृजना प्रक्रियाको निरूपण गर्न संस्कृत साहित्यको व्यापक अनुशीलन आवश्यक छ ।" [13]

---

12 डा. वासुदेव त्रिपाठी–"लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथामूल्यांकन" (पृष्ठ ५५-५६)

13 पूर्ववत् (पृष्ठ ५६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त कथनमा पुष्टिदिदै लेखिएको छ –

" पुरै ऋतु वर्णन र कुनै ऋतु विशेपको वर्णनको अनि काव्य–महाकाव्यका पृष्ठ भूमि उद्दीपन र शैलिपक सशक्तताका निति प्रकृति–बिम्बको जस्तो प्रयोग संस्कृत साहित्यमा भएको छ, त्यसको संश्लिष्ट प्रभाव लेखनाथमा परेको अनुभव हुन्छ । "[14]

यसै प्रसङ्गमा लेखनाथका प्रेरणा–स्रोतको रूपमा अर्का कविलाई भोल्याउँदै लेखिएको छ–

" अझ संस्कृत महाकाव्यको अध्ययनवाट प्रभावित तुलसी-दासको ऋतु विशेषको वर्णनवाट पनि लेखनाथले प्रेरणा पाए जस्तो प्रतीत हुन्छ ।"[15]

यसरी ऋतु विचार सृजना सम्वन्धमा लेखनाथले पाएका प्रेरणाहरु सम्वन्धी चर्चा गर्दै ऋतु वर्णन क्रम सम्वन्धमा पहिले वर्षा – विचार (माधवी १९६६) द्वारा 'भारविको अनुकरण गर्न खोजे पनि अन्तत : ऋतु विचार (१९७३) मा 'माघ' कै ऋतु वर्णन क्रम अंगालिएको तथ्य पनि डा. त्रिपाठीले आफ्नो शोध ग्रन्थमा स्पष्ट गरिएको छ ।[16]

माथि त्यसरि भारवि र माघ को अनुकरण गरिएको कुरा कोट्याएर त्रिपाठीजी फेरी लेखतछन् –

" तैपनि सिंगो ऋतु काव्य कालिदासीय प्रयोग हो । भारवि वा माघका निति त प्रकृति बर्णन केवल महाकाव्य निर्माणको एक अङ्ग मात्रै वनेको छ । त्यसैले ऋतु विचारको मूल रुपरेखा चाहिं कालिदासीय ठहर्छ । "[17]

---

14 पूर्ववत (पृष्ठ ५६)
15 पूर्ववत (पृष्ठ ५६)
16 पूर्ववत् " " (पृ. ५७)
17 पूर्ववत् " " (पृ. ५७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसै प्रक्रममा डा. त्रिपाठीले 'ऋतु संहारका कालिदासीय कतिपय पद्यहरू सित 'ऋतु विचार' का पद्यहरूमा पूरै वा आंशिक प्रतिछाया देखा परेको कुरो पनि कोट्याइएको छ।[18]

साथै ऋतु विचार अन्तर्गत वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर सम्बन्धी प्रकृति चित्रणहरुमा प्रायः ऋतु संहारकै र कतैकतै भारवि, माघ, बाल्मीकि रामायण, अभिज्ञान शाकुन्तल, कुमार संभव र श्री हर्ष आदि संस्कृतका कविहरुको प्रतिच्छाया परेको र कतैकतै मोतीरामको 'पिकदूत' आदिवाट पनि प्रभावित भएका कुराहरु पनि डा. त्रिपाठीले उल्लेख गरेका छन् ।[19]

यसरी लेखनाथको ऋतु बिचारको मूल प्रेरणास्रोत पहिल्याउन खोज्दै हिड्दा डा. त्रिपाठीज्यू पूर्वी संस्कृत साहित्य–चक्रमा निकै रिंगिन पुगेका देखिन्छन् तरपनि त्रिपाठीज्यूको मूलधारणा चाहिं कालिदासीय पक्षसित नै सम्वन्धित रहेको स्पष्ट गरिएको छ । यसै प्रसङ्गमा लेख्दै-पूर्ववर्ती संस्कृत कविहरुको प्रभाव उत्तरवर्ती कविहरुले अपनाउँदै गएको तथ्य स्पष्ट गर्दै संस्कृत साहित्यबाट प्रभावित भएर ऋतु विचार प्रस्तुत गर्नु लेखनाथको दुर्बलता[20] होइन – भन्ने कुरो पनि स्पष्ट गरेका छन् । वस्तुतः यो कुरो सही छ किन भने अनुकरणमा निजी मौलिकता विशेष रूपले स्पष्ट गर्न सक्नु कविको प्रतिभा – वैचक्षण्य होइन - भन्न मिल्दैन पनि । यसरी लेखनाथको 'ऋतु विचार' लाई संस्कृत साहित्यवाट नै प्रभावित सिद्धगरेर पनि मुख्यतः कालिदासीय ऋतु संहारद्वारा नै प्रेरणा पाएर लेखनाथले लेखेका हुन् भन्ने तथ्य डा. त्रिपाठीज्यूवाट पनि सम्मत हुन आएको देखिन्छ ।

---

18 पूर्ववत् " " (पृ. ५७)
19 पूर्ववत् " " (पृ. ५७–६४)
20 पूर्ववत् " " (पृ. ६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डा. त्रिपाठीज्यूले 'ऋतु-विचार' को पूर्वरुप (१९६६–१९७३) को वर्षा विचार (ऋतु विचार सम्बन्धी अंश) नै हो भन्ने कुरा पनि ठोकुवा जस्तै गरिएको छ। सर्वप्रथम 'वर्षा विचार' को भाग "माधवी" (१९६६) द्वारा प्रकाशित भएको भन्ने बिषय पनि उल्लेख गरिएको छ । चाहे त्यस वेल को त्यो 'वर्षा विचार' भारविकै अनुकरण किन नहोस् तैपनि सर्वप्रथम 'वर्षा विचार' लाई नै लक्ष्यगर्न पुग्नुमा मूलकारण के थियो ? ऋतुपरम्परा अनुसार तथा 'ऋतु विचार' अन्तर्गत क्रम अनुसार 'वसन्त-विचार' ले प्रकाशनमा प्राथमिकता किन पाउन सकेन ? १९६६ मा यदि सर्वप्रथम 'वसन्त विचार' प्रस्तुत भएकोभए यहां श्री त्रिपाठीज्यूका विभिन्न तर्कहरू प्रायः युक्तिसंगत ठहरिन सकिन्थे होलान, तर वर्षा-विचारले नै प्राथमिकता पाउन पुगेबाट उपर्युक्त तर्कहरू बिलकुलै शिथिल हुन पुगेका छन् । साथै डा. त्रिपाठीज्यूबाट लेखनाथ पूर्ववर्ती संस्कृतका तथा नेपालीका अनि तुलसीदासकृत रामायण समेत विभिन्न ऋतु वर्णन युक्त ग्रन्थहरूवाट प्रभाव परेको कुरो सम्भाव्य रूपमा प्रस्तुत गरिएको छ र 'यिनै कविको यही ग्रन्थवाट प्रभाव परेको हो' भन्ने निश्चित तथ्य असंभाव्य जस्तै ठानिएको वुझिन्छ । यसरी 'ऋतु विचार' को स्रोत तत्पूर्ववर्ती कृतिहरूबाट भेट्टाइएको हुन सक्तछ भन्ने अड्कल मात्र गर्नु कुनै महत्वपूर्ण विषय जस्तो लाग्दैन, साथै त्यसरी भएभरका भनेजस्तै पूर्ववर्ती कवि र कृतिहरू तिर औंल्याउनु पनि अनुसन्धानको महत्व ठहरिएला जस्तो लाग्दैन । किनभने, ऋतु वर्णन – प्रक्रिया नै पूर्वी संस्कृत साहित्य क्षेत्रमा जसले पनि अपनाइ आएको विषय हो । यो कुरा श्री त्रिपाठीज्यूले पनि स्वीकार गरिएको छ र प्रायः संस्कृतका महाकवि र महाकाव्यहरूको उल्लेख गर्दै वाल्मीकिको रामायण र तुलसीकृत रामायण को समेत श्री त्रिपाठीज्यूद्वारा उल्लेख हुन पुगेको छ ।

अर्को कुरो – यहां यो पनि विचारणीय विषय वनेको छ, के भने, लेखनाथको 'ऋतु विचार' अनुष्टुप छन्दमा आधारित छ र त्यति सानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीमित अक्षरको छन्दमा पनि अनुपम उक्ति वैचित्र्यपूर्ण विविध आलंकारिक अभिव्यक्तिहरू सम्बन्धी चमत्कार प्रत्येक पद्यमा भनेझैं प्रस्तुत गर्ने अनुकरणीय ग्रन्थ श्री त्रिपाठीज्यूद्वारा प्रस्तुत उपर्युक्त तर्कहरूसंग सम्बन्धित ग्रन्थहरू मध्ये ह्रामी कुनै पनि पाउन सक्तैनौं। हो, ऋतु विचारको केही भाव साम्यता कालिदासीय 'ऋतु संहार' मा पाइएको छ भन्ने सम्बन्धमा केही विवरण दिइएको छ, तर मूलतः आफ्नै आन्तरिक मुख्य सम्पत्ति जस्तै वैदिक तथा धार्मिक आदि विभिन्न संस्कृतिहरूद्वारा अनुप्राणित आध्यात्मिकताको प्राशस्त्यले ओत–प्रोत भएको लेखनाथको 'ऋतु विचार' सित गरिएको कालिदासीय 'ऋतु संहार' सम्वन्धी सन्तुलन तथा भाव-साम्यताको दिग्दर्शनमा केवल काकतालीय न्यायले मात्र पल्ख्याइए जस्तो लाग्नु असंगत होओइन जस्तो सम्झिन्छ।

जे होस्; डा. त्रिपाठीज्यूबाट 'ऋतु विचार' सम्बन्धी प्रेरणास्रोत पहिल्याउन प्रशस्तै परिश्रम भएको छ र उनबाट एक अनुसन्धाताको दायित्व पूरा भएको संझनु पर्दछ।

'ऋतु विचार' का सम्बन्धमा एक जना अर्का विद्वान् प्राध्यापक केशव प्रसाद उपाध्यायजीले पनि आफ्नो विभिन्न साहित्यिक विषयक रचनाहरूको संकलन जस्तै नयाँ प्रकाशन रूप 'विचार र व्याख्या' भन्ने पुस्तकमा 'ऋतु विचारको भाव विधान' भन्ने शीर्षक दिई आफ्ना विभिन्न विचारहरू पोखेका रहेछन्। उक्त लेखमा लेखिएको छ —

" ऋतु विचार उनै रससिद्ध कविको खारिएको कलमबाट रचिई १९७३ मा प्रकाशित भएको हो। १३ वर्ष देखि प्रकाशमा आइसकेका ३३ वर्षे प्रौढ कविको साधनासिद्ध हात र अनुभव परिपक्व हृदयबाट जन्मेको यो काव्य कालिदासको 'ऋतु संहार'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को अनुसरण र प्रभावको परिणाम भए पनि निजत्व गुणले परिपूर्ण छ र मौलिक पनि ।" [21]

फेरि अर्को अनुच्छेद तिर लेखिएको छ –

" नेपाली कविताको परम्परामा ऋतु विचार पहिलो प्रकृति काव्य मात्र नभएर अनुभूति र अभिव्यक्तिका दृष्टिले उत्कृष्ट पनि छ । अनुवाद काव्य र शृङ्गार काव्यमा आकण्ठ डुवेर अतालिन थालेका प्रवुद्ध पाठकका लागि यो काव्य वौद्धिक र मानसिक तृप्तिका लागि एक वरदान वनेर प्रस्तुत भएको थियो । ... ... यहाँ यिनै कुराहरूलाई लक्ष्य गरेर यस कृतिलाई पहिलो प्रकृति काव्य भनेको हुँ ।" [22]

उपर्युक्त कथनहरूवाट यो स्पष्ट हुन आउँछ कि- श्री उपाध्यायज्यूले पनि 'ऋतु विचार' कालिदासको 'ऋतु संहार' कै अनुसरण र प्रभावमा जन्मेको ठह्र्याइएको रहेछ साथै नेपाली काव्य जगत्मा 'ऋतु विचार' विलकुलै मौलिक प्रकृति–काव्य हो भन्ने कुरा पनि ठोकुवा जस्तै गरिएको रहेछ । तर डा० त्रिपाठीज्यूले झैं ऋतु विचारको मूल स्रोतको अन्वेषण गर्न संस्कृतका विभिन्न कविहरूका ग्रन्थ तिर डुवुल्की मार्ने प्रयास उपाध्याय ज्यूले त्यति आवश्यक ठानिएन र केवल कालिदासको 'ऋतु संहार' नै 'ऋतु विचार' को मूल स्रोत हो भन्नेमा नै ढुक्क परेका रहेछन् । श्री उपाध्यायज्यूका भनाइ अनुसार 'ऋतु विचार' मा लेखनाथको जुन विशिष्ट प्रतिभा स्पष्टिइ रहेको छ, त्यो विलकुल सही मान्नै पर्दछ । तर-पनि, लेखनाथको सर्वप्रथम जस्तै ग्रन्थात्मक कृतिको रूपमा प्रकाशित – ऋतुविचारको त्यस्तो विभिन्न उक्ति वैचित्र्यपूर्ण तथा आलङ्कारिक

---

21 केशव प्रसाद उपाध्याय– विचार र व्याख्या– " ऋतु विचारको भाव विधान " साझा प्रकाशन, काठमाडौं (२०४० वि. सं.) पृष्ठ ११९

22 " " " "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चमत्कृतिले सुसज्जित अमूल्य कृतिको निर्माणमा त्यतिकै गहिरिएको त्यस शैलीमा ढालिएको कुन चाहिँ ग्रन्थको आडपाएर लेखनाथ अग्रसर भ होलान् ? भन्ने जिज्ञासा अयोग्य हो भन्न अलि मुश्किलै पर्दछ । यसदिश तिर श्री उपाध्यायज्यूको पनि सोचाइ पुग्न सकेनछ । अर्को कुरो- श्री उपाध्यायज्यूले सोझै 'ऋतुविचार' १९७३ मा जन्मेको भन्ने उल्लेख गरे छन् र १९६६ वि.मा नै 'ऋतु विचार'ले आफ्नो एक अंश 'वर्षा-विचा को रूपमा देखाइसकेको कुरो भने उल्लेख गरिएन । यहाँपनि १९६६ मा प्रकाशित भए पनि त्यसवेला 'वर्षा विचार'को सट्टा 'वसन्त विचार' कि प्रकाशित भएन र 'वर्षा-विचार' तिर नै लेखनाथ कसरी उन्मुख हुन पुगे इत्यादि प्रश्नको उत्तर मौन रहेको छ र उपाध्यायजीको पनि त्यसतर्फ दृ पुग्न सकेको देखिएन । 'ऋतुसंहार' कै अनुशरण गरिएको भए ऋतुसंहार क्रमिक वर्णन अनुसार १९६६ मा 'ग्रीष्म वर्णन' (ग्रीष्म-विचार) नै प्रस्तु हुनु पर्दथ्यो अथवा ऋतुविचारमा वसन्त वर्णन सम्बन्धी 'वसन्तविचा ले प्राथमिकता पाए पछि उही 'वसन्त-विचार' नै १९६६मा प्रकाशित भ पनि त्यसवेला 'वसन्तविचार' प्रकाशित भए पछि १९७३ मा पुनः क्रमश मिलाइएको 'ऋतु बिचार' पूर्णरूपमा प्रकाशित भयो- भन्न केही मिल आउँथ्यो होला । तर १९६६ मा अघिबाट 'वर्षा विचार' नै प्रकाशि भएको तथ्यले यी उपर्युक्त तर्कहरूले स्थान पाउन सक्ने देखिन्न । अ यसबाट सिद्ध हुन्छ – श्री उपाध्यायजी पनि आफ्नै अनुसन्धानक आधारमा होइन, अरूको हल्लामा नै मुरिएर 'ऋतुविचार' को मूलस्रो 'ऋतु संहार' नै हो भन्ने पक्ष समातेर दौडन पुगेका रहेछन् । तर यो अ सुहाए जस्तो लागेन । किन भने, अरू जस्ता सामान्य व्यक्तिहरूबाट यस्त महत्वपूर्ण विषयमा यसरी वास्तविकताको उपेक्षा वा अनास्था गरिए प त्यति सारो नराम्रो हुँदैन होला, किनकि – सामान्य व्यक्ति नै न ठहरिए तर श्री उपाध्यायजी जस्ता त्रिभुवन विश्वविद्यालयको माथिल्लो स्तरका प्राध्यापक – पदमा आसीन तथा विशिष्ट प्राज्ञिक व्यक्तित्व सम्पन्न भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिवाट यसरी बस्तु स्थितिको सही मूल्याङ्कन प्रति अनास्था झल्किनु हामी जस्ता अल्पज्ञ तथा सामान्य व्यक्तिहरूलाई पनि अलि के–कस्तो जस्तो लाग्न थालेको छ। यसवाट उपाध्यायजीले आपनो व्यक्तित्व संरक्षण तर्फ ध्यानदिइए जस्तो लागेन।

अर्को कुरो– श्री उपाध्यायजीले लेखनाथको 'ऋतुविचार' प्रति निकै कौतूहलपूर्ण अभिरूचि राखिएको रहेछ भन्ने कुरो 'मधुपर्क' पत्रिकामा प्रकाशित उनकै–'ऋतुविचारमा प्रकृति विचार" भन्ने शीर्षक लेखबाट पनि पुष्टि हुन आउँछ। 'ऋतु-विचार' सम्वन्धी प्राकृतिक विषयको अनुसन्धान उक्त लेखमा राम्ररी गरिएको पाइन्छ। तर, उक्तलेखमा उनी लेख्त छन:–

" यद्यपि यस कृतिमा कालिदासीय ऋतु संहार र संस्कृत महाकाव्यहरूमा वर्णित ऋतुवर्णनको प्रभाव र प्रेरणा स्पष्ट देखिन्छ, तापनि यसमा वत्तीस वर्षीय कवि लेखनाथका मौलिक अनुभूति र अभिव्यक्तिको दिव्य सौन्दर्य झल मलाएको पाइन्छ। यसकाव्यको लेखनकाल सम्ममा कवि शिरोमणिको शैली र भाव प्रेरणा प्रणाली परिपक्व भैसकेको प्रतीत हुन्छ। नेपालीमा रसप्लावित अनुष्टुप् छन्दमय काव्य लेखेर लेखनाथले 'समको लागि पथ प्रशस्त गरिदिनु भएको थियो भन्नु न मिल्दो कुरा हुने छैन 'यद्यपि समको भनाइमा अनुष्टुप् प्रति उहाँको झुकाउ शेक्सपियरको, ब्लैंक भर्स' देखेर आयो। यसरी ऋतु विचारको काव्यात्मक मात्र होइन, ऐतिहासिक महत्व पनि छ। ... इत्यादि।[23]

उपर्युक्त कथनको आधारमा श्री उपाध्यायजीले यस लेखमा चाहिँ केवल 'ऋतु संहार' मात्र होइन, संस्कृतका अन्य महाकाव्यहरूको प्रभाव

23 केशव प्रसाद उपाध्याय – 'मधुपर्क' (आश्विन २०३० वर्ष ६ अङ्क ५) ऋतुविचारमा प्रकृति विचार,। (पृष्ठ ३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र प्रेरणा रहन गएको कुरो देखाइएको छ। साथै यहाँ–ऋतु विच निर्माण काल सम्ममा कवि शिरोमणिको शैली र भाव प्रेरणा प्रणा परिपक्व भैसकेको अनि अनुष्टुप् छन्दको महत्ता पनि उल्लेख गरिए छ। तर यो शोचिएन, के भने–त्यसरी वौद्धिक परिपक्वता सम्प तथा संस्कृतका विभिन्न छन्दमा आफ्नो काव्यात्मक चमत्कार प्रस्तुत समर्थ ठहरिएको कविले अनुष्टुप्' वाहेक इतर छन्दमा लेखिए ऋतुवर्णन सम्बन्धी कुनै पनि छन्दलाई नपछ्याएर असुष्टुप् छन्द अनुसरण किनगरे ? यसको रहस्यवाट श्री उपाध्यायजी अपरिचि नै रहेको प्रमाणित हुन आउँछ। साथै उक्त लेखमा प्रस्तुत आलंकारि अभिव्यक्तिको उल्लेखमा श्री उपाध्यायजीवाट प्रस्तुत उदाहरणहरू य प्रकारका छन्–

"–पृथ्वीको दिव्य सौन्दर्य न अटाएर पट्ट भै ।
फुटी वाहिर निस्के कि पुष्पका रूपमा सवै ॥ वसन्त ॥
तुँवालाबाट निस्केको सूर्यको कान्ति माधुरी ।
झल्कन्छ बनमा मानु सुनकै तवकैसरी ॥ वसन्त ॥

[यहाँ तुवानीय छ (तुलनिय छ) भारविको दो (?) ✿ श्लोक-]

"उत्फुल्ल स्थल नलिनीवनाद मुष्मा –
दुद्भूतः सरसिज संभवः परागः ।
वात्याभि वियति विवर्तितः समन्ता–
दाधत्ते कनक मयात पन्न (त्र) लक्ष्मीम् ॥
–फुलेको थल कमलको वनबाट निस्केको पहेंलो कमल–
पराग हावाले आकाश भरी छरिदिंदा सुनौलो छाता
को शोभा धारण गरिरहेछ ।) इत्यादि " [24]

✿ (यहाँ मुद्रणको गडवडी हो वा के हो वुझ्न सकिएन)
24 केशव प्रसाद उपाध्याय – (मधुपर्क) ऐ. ऐ. ऐ. (पृ. ९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपाध्यायजीका उपर्युक्त उद्धरणहरुमा के कस्तो उद्देश्य रहन गएको हो केहो बुझिएन । अलंकारिक विषय सम्वन्धी उद्येश्य हो भनौं भने यहाँ कुनै आलंकारको उल्लेख छैन । 'ऋतु विचार'का पद्यहरुमा भारविको प्रभाव सम्वन्धी उद्देश्य हो भने पनि लेखनाथको उक्तिमा तुर्वालोवाट निस्केको सूर्यका कान्ति माधुरीमा सुनको तवकको उत्प्रेक्षा गरिएकोछ र उपयुक्त भारविको उक्तिमा भने हुरीले उडाइएर आकाश माथि फिँजिन पुगेको थल कमलको परागले सुनौलो छाताको शोभा पाइरहेको कुरो वर्णन गरिएकोछ । यहां अलंकारिक दृष्टिले 'उत्प्रेक्षा' अलंकार पाइन्न र कमलको परागको सुनौलो छ तासंग सम्वन्ध नरहेर पनि सम्वन्ध जनाएकोले सावन्ध्यातिशयोक्ति अथवा" आकाशमा फिँजिएको पहेंलो पराग र सुनौलो छातामा आधार भिन्न भएर पनि दुवैको बिम्व प्रतिविम्व भावद्वारा एकताको आरोप गरिएकोले 'निदर्शना' अलकार पनि मान्न सकिन्छ । यसरी यहाँ 'सन्देह संकर' अलकार देखा पर्दछ ।

अतः यहाँ उक्त भारविको श्लोकको उद्धरणलाई प्रासंगिक रुपमा संकुन मिले जस्तो लागेन । किनकि उद्धरणको उद्देश्यनै परिलक्षित छैन उक्त उद्धरणलाई त्यस मुनिको ऋतु विचार सम्वन्धी उद्धरणहरुमा लक्ष संगमन गरिएको छ भनौं भने पनि तिनमा पनि मेल खाँदैन । अर्को कुरो पनि त्यहाँ अलि अमिल्दो विषय देखा पर्दछ के भने उक्त लेखमा लेखनाथका आलंकारिक अभिव्यक्तिहरुको परिचय दिंदै अपन्हुति – अलंकारको अभिव्यक्ति रूपमा उद्धरण दिइएको छ––

" गुलाफको लगाएर विधिले लाल मोहर
दिएको हो कि ? वा वाग मृग कै भोग खातिर ।। "[25]

यहाँ यो अपन्हुतिको उदाहरण भन्न सुहाउँदैन । यदि 'गुलाफ होइन' लाल मोहर हो भनि सत्य कुरोलाई निषेधगरी अर्कोको कल्पना

25 केशव प्रसाद उपाध्याय (मधुपर्क) ऐ. ऐ. ऐ. (पृ. ११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको भए अपन्हुति मान्नु पर्दथ्यो । यहाँ त गुलाफमा लाल मोहर संभावना मात्र झुल्काइएको छ अतः यो त 'उत्प्रेक्षा' मात्र हो । अतः पनि श्री उपाध्यायजी भ्रममा परेका पाइन्छन् । तर यो लेख २०: सालमा नै प्रकाशित भएकोले यसलाई सह्य माने पनि भरखरै प्रकाशन उक्त 'विचार र व्याख्या' नामक पुस्तकमा भएको त्रुटि चाँ विशेष रुपले क्षम्य छ भनी स्वीकार गर्न सकिएला जस्तो लाग्दैन । कि यो चाहिं कृति उपाध्यायजीको बौद्धिकता छिप्पिइसकेको अनु भएपछि प्रकाशित भएको छ । कुनै पनि समीक्षात्मक कृतिको केन्द्र अड्कले सिद्धान्त लाई पछ्याएको छ भने त्यसले मान्यता प्राप्त गर्न सक्तैन त्यसबाट सम्बन्धित विषयमा वास्तविक तथ्यात्मकताको निर्ण गराउने उज्यालो छर्न सक्तैन र सर्वसाधारणलाई समेत त्यसमा के रहेछ भनी नियाल्न सजिलो हुन जाँदैन । तर वस्तुतः प्रकाश त्यसमा धमिलिनु हुँदैन र त्यहाँ रहेका विषय वस्तुको परिचय गराउन सक्ने अवलोकन र निर्णयमा सहयोग पुऱ्याउन सक्ने नै हुनु पर्दछ ।

'ऋतु विचार' को प्रेरणा-स्रोत सम्बन्धमा यसरी विद्वान्हरूबा विभिन्न धारणा तथा तर्कहरू रहि आएका छन् भन्ने कुरा उपर्युक्त विद्वान् समालोचक वर्गबाट प्रस्तुत लेखका उदृत अंशहरूबाट स्पष्ट भएको छ । अब यी उदृत अंशहरूमा कतिसम्म औचित्य भेटिन्छ भन्ने पक्षतिर अरू केही गहेर विचार गर्नु पर्ने देखिन्छ ।

उपर्युक्त विद्वान्हरूका भनाइहरूको आधारमा 'ऋतु विचार' पं. लेखनाथ पौड्यालज्यूको मौलिक कृति सिद्ध भएको छ । तर पनि उक्त 'कृति' लेख्ने प्रेरणा चाहिं पौड्यालज्यूले आफ्ना पूर्ववर्ती कुनै कविका कृतिबाट नै पाएका रहेछन् र त्यसमा पनि मुख्यरूपमा संस्कृत साहित्यका कुनै कविका कृतिबाट प्रेरणा मिलेर नै 'ऋतु विचार' लेखिएको हो भन्ने पक्ष सबैबाट समर्थित भएको देखापर्दछ । अरू सबैले मुख्यतः संस्कृतका महाकवि कालिदासको 'ऋतु संहार' बाट नै लेखनाथ प्रेरित भएका हु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कुरा निश्चित जस्तै ठाने पनि डा० त्रिपाठीज्यूले चाहिं ऋतु संहारको मात्र होइन, संस्कृतका विभिन्न काव्य—महाकाव्यको साथै वाल्मीकि रामायण र तुलसीकृत रामायण'को समेत प्रभाव परेर 'ऋतु विचार' जन्मेको हुन सक्तछ भन्ने गहकिलो तर्क प्रस्तुत गरेका छन्, तापनि कालिदासको 'ऋतु–संहार' लाई विशेषतः 'ऋतु विचार' को मूल स्रोत मानिएको स्पष्ट हुन्छ। तर, यहां यो कुरो सही हुन आउँछ के भने वस्तुतः कालिदासको ऋतु संहारलाई ऋतु विचारको मूल स्रोत मान्नुमा औचित्य पाइँदैन यसका कारणहरू केही यहाँ प्रस्तुत गरिन्छन् —

१) प्रथमतः कवि शिरोमणि लेखनाथ संस्कृत छन्दोविधानका पूर्णतया ज्ञाता र प्रयोक्ता पनि थिए। फलस्वरूप संस्कृतका विभिन्न छन्दमा उनी आफ्ना कविता रानीलाई मनग्गे रूपमा नचाउन सफल भएका पनि पाइन्छन्। यदि 'ऋतु सहार' कै प्रेरणावाट 'ऋतु विचार' प्रस्तुत भएको भए ऋतु विचार पनि वंशस्थ, उपजाति वा इन्द्रवज्रा उपेन्द्रवज्रा, अनि मालिनी वा वसन्ततिलका आदि छन्दहरूमा सजिलैसंग प्रस्तुत हुन सक्तथ्यो होला। तर ऋतु विचारका प्रत्येक विचारमा अन्तिम पद्य एक एक ओटा बाहेक समग्र पद्यहरू अनुष्टुप् छन्दमा नै प्रस्तुत गरिएका छन्।

२) कालिदासको 'ऋतु संहार' पूर्णरूपेण भने कै श्रृङ्गारी भावले नै मुछिएको पाइन्छ। हो कतै कतै प्राकृतिक चित्रण पनि पाइन्छ तर, त्यस्ता ठाउँमा पनि श्रृङ्गारी भावकै प्राधान्य रहन गएको छ। अफ साँच्चै भन्ने नै हो भने 'ऋतु संहार' मा कतै कतै सामाजिकताको फल्को सम्म पाइएपनि नैतिक र आध्यात्मिक तथा सांस्कृतिक र दार्शनिक पक्षहरू शून्य प्राय जस्तै रहेका छन्, तर, लेखनाथ आफ्नो 'ऋतु विचारमा विभिन्न प्राकृतिक चित्रणहरूको आधारमा पनि विभिन्न सामाजिक, नैतिक, आध्यात्मिक तथा सांस्कृतिक सम्वन्धी दर्शनहरू यत्रतत्र प्रशस्त रूपमा प्रस्तुत गरिरहेका पाइन्छन्। अफ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सांच्चै भन्ने हो भने कालिदासले ' ऋतु संहार ' मा शृङ्गा भावलाई प्राधन्यता दिए जस्तै लेखनाथ आफ्नो ऋतु विचार प्रत्येक विचारमा आध्यात्मिक भावलाई प्रचुरमात्रामा प्रधान तुल्या नीतिमा डटेका छन् जुन आध्यात्मिकता लेखनाथीय साहित्य एउटा मूल सम्पत्ति जस्तै वनेको पनि छ ।

३) कुनै कुनै प्राकृतिक चित्रण सम्वन्धी प्रस्तुतिमा केही भावसाम्य दे पर्दैमा शृङ्गार प्रधान' ऋतु संहार' लाई नै ऋतु विचारको प्रेरणा स्रोत मानिदिनु उपयुक्त हुँदैन । यदि त्यस्तै मानिदिने हो लेखनाथ पूर्ववर्ती कुनै पनि ऋतु वर्णन सम्वन्धी कृतिलाई प्रेरणा स्रोत किन नमान्नु ? भन्ने प्रश्नको उत्तर दिन हामीलाई नि अपठेरो लाग्नेछ ।

४) संस्कृतका महाकवि कालिदासको ' ऋतु संहार ' ग्रीष्म वर्णनावाट प्रारम्भ भई वसन्त वर्णनामा टुंगिएको छ । ' ऋतु विचार ' को जन्म वर्षा-वर्णन सम्बन्धी ' वर्षा विचार ' वाट हुन गएको छ र पछि १९७३ मा मात्र पुनः कविले देश-काल-परिस्थिति र परम्परा अनुरूपको पद्धति अपनाएर वसन्त वर्णन सम्बन्धी 'वसन्त विचार' लाई प्राथमिकता दिई मिलाइएको सम्म हो । यो कुरा प्रमाणित नै छ ।

५) कालिदासको ' ऋतु संहार ' संस्कृत साहित्यमा त्यति महत्वपूर्ण ग्रन्थ मानिएको छैन भन्ने कुरा सम्वन्धी चर्चा गर्दै त्यसैकारणले कालिदासको खण्डकाव्य – ' मेघदूतम् ' मा समेत टीका लेख्ने विद्वान् महामहोपाध्याय मल्लिनाथ कविले ' ऋतु संहार ' मा आफूले टीका लेख्नु आवश्यक देखेनन् र लेखेनन् भन्ने कुरा स्व. पण्डित चन्द्रशेखर पाण्डेय तथा डा० शान्तिकुमार नानूराम व्यासले आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'संस्कृत साहित्यकी रूपरेखा' मा लेखेका छन् र भनेका छन् — "ऋतु संहार कालिदासको यौवनोल्लासको प्रथम उद्गार हो।"[26]

अतः आफ्नै अध्ययन क्रममा पनि 'रघुवंश महाकाव्य' कुमारसंभव, माघ, किरातार्जुनीय, नैषधचरित तथा बाल्मीकीय रामायण आदि प्रमुख महाकाव्यात्मक ग्रन्थहरू तर्फ नै विशेषतः लेखनाथको दृष्टि ढल्किनु बढी सुसंगत देखिन्छ न कि 'ऋतु संहार' जस्तो प्रायः अप्रसिद्ध कृतमा। यसको अलावा आध्यात्मिकतामा नै प्रायः डुबेका लेखनाथलाई त्यस्तो प्रत्येक पद्यमा भने झैं यौनोन्मुखता परिलक्षित भएको 'ऋतु संहार' रूप कृतिमा आँखा लागेर त्यसबाट प्रेरणा लिन पुगे भन्नु त्यति सुहाउँदो होला भन्न सकिन्न। अतः कालिदासको 'ऋतु संहार' बाट प्रभावित भएर त्यसैबाट पाइएको प्रेरणाद्वारा ऋतुविचार' प्रस्तुत भएको हो भन्नु सुसंगत होला भन्न बिलकुलै मिल्दैन। हो, ऋतुसंहार' को अतिरिक्त कालिदासको ऋतुवर्णन सम्बन्धी चित्रण उनका महाकाव्य-हरूमा पनि पाइन्छ। तर तिनबाट प्रेरणा पाएर 'ऋतुविचार' को प्रस्तुति भयो-भन्न पनि अलि अपठेरो नै पर्दछ। किनभने, उनका महाकाव्यहरू 'रघुवंश' र 'कुमार संभव'मा ऋतु वर्णन सम्बन्धी जुन चित्रण पाइन्छन् तिनमा उनको प्रणाली अर्कै पाइन्छ। त्यहाँका ऋतुवर्णनहरू अनुष्टप् छन्दमा लेखिएका छैनन् र ऋतुविचारमा जस्तै विभिन्न सादृश्यमूलक अलङ्कारहरूको छटा सम्बन्धी प्राचुर्य पनि तिनमा भेटिंदन। अनि 'ऋतु विचार' मा जस्तो आधा पद्यले विषय वर्णन र आधा पद्यले दृष्टान्त प्रतिपादन गर्ने रसिलो रचना शैली

26 स्व पं. चन्द्रशेखर पाण्डेय तथा शान्तिकुमार नानूराम व्यास- "संस्कृत साहित्यकी रूपरेखा – (पृ. २७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि त्यहां पाईदैन। अत : लेखनाथले कालिदासीय महाकाव्यहरू प्रेरणा पाएका हुन् भन्नु पनि निजी दुराग्रह जस्तैमात्र देखा पर्दछ

तर पनि, यो ध्रुवसत्य हो के भने, विभिन्न ऋतु सम्बन्धी प्राकृ वैभवहरुको मीठो तथा मर्मस्पर्शी शैलीमा विशद–चित्रण प्र गर्ने प्रवृति प्राय: पूर्वी (संस्कृत) साहित्यमा नै विशेषत: प्रच भएको देखापर्दछ । त्यसैले संस्कृत शिक्षाबाटनै प्रतिभा सम्प बनेका लेखनाथको ऋतुविचार' वस्तुत: संस्कृत साहित्य भण्डारकै प्रेर जन्य उपज हो भनी स्वीकार गर्नु अनुचित हुनै सक्तैन । चिन्तनको आधारमा एक दृष्टि यतातिर पनि दिनु सुसंगत हुन आउ के भने- संस्कृत साहित्यका विभिन्न कविहरुका विभिन्न मुक्त खण्डकाव्य, महाकाव्यहरूमा दिइएका विभिन्न ऋतु सम्बन्धी कवितात चित्रणहरुको संकलन समावेश भएको एउटा प्रसिद्ध ग्रन्थ छ जस नाम हो 'सुभाषितरत्न भाण्डागार' । प्राय: सुभाषित (सूक्ति) हा संकलन स्वरूप उक्त ग्रन्थ भएकोले लेखनाथको छात्र–जीवन स को ताक उक्त ग्रन्थ विद्यार्थी–समुदायमा निकै रुचिकर बने पाइन्छ । अत: लेखनाथ पनि उही ग्रन्थ अन्तर्गत ऋतुसम्बन् वर्णनहरुबाट प्रभावित भएर उनबाट 'ऋतुविचार' को सृजना भ भन्ने तर्क पनि कसैबाट हुन सक्तछ। तर यो तर्क पनि उपयु जँचिदैन । कारण, माथि भनिए झैं लेखनाथको ऋतुविचार' मा प्रा आधा पद्यले विषय वर्णन र आधा पद्यले उदाहरण रूपमा अभिव्यक्ति स्प गरिएको छ त्यो पनि विभिन्न – उपमा, उत्प्रेक्षा, रूपक, दृष्टान् काव्यलिङ्ग, अतिशयोक्ति र स्वभावोक्ति आदि अर्थालङ्कारमूल चमत्कारले सुसज्जित तुल्याइएको छ। त्यस्तो अपूर्व चमत्कारलाई केव अनुष्टुप् छन्दमा प्रस्तुत गरिएको छ । उक्त 'सुभाषितर भाण्डागार' नामक ग्रन्थमा संकलित ऋतु वर्णनहरू विभिन्न प्रयोग सम्बन्धी हुन गएकाले विभिन्न शैली र छन्दमा आधारित भई छ्याल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिसे रूपमा पाइन्छन् । 'ऋतु विचार' सम्बन्धी एकैनासको शैली र छन्दोविधानको प्रस्तुति उक्त ग्रन्थ कै प्रेरणाबाट भएको हो भन्न मिल्दैन ।

लेखनाथको 'ऋतु विचार' को प्रेरणा स्रोत सम्बन्धी विषयमा काठमाडौंबाट प्रकाशित 'नेपाल पोष्ट' नामक साप्ताहिक पत्रिकाको २०३५ 'पुस' को अङ्क ४ मा पनि एउटा चर्चा उल्लेख भएको पाइन्छ । उक्त पत्रिकाको त्यस अङ्कमा नेपाली साहित्यका एक समीक्षक श्री पुष्कर लोहनीले ऋतु विचारको प्रेरणा स्रोत सम्बन्धमा आफ्नो छुट्टै तर्क प्रस्तुत गरेका छन् :–

श्री भैरवकुमार राजभण्डारीको 'ऋतु वर्णन' र 'ध्रुवपद' र लेखनाथको 'ऋतु विचार' र 'बुद्धिविनोद' भन्ने शीर्षक दिएर एउटा विवेचनात्मक लेख प्रस्तुत गरेका छन् जसमा पहलमान सिंह स्वाँरको ऋतु वर्णनले डाहाडे भएर लेखनाथले 'ऋतु विचार' लेखेको कुरा स्पष्ट गर्दै उक्त 'ऋतु विचार' मा लेखनाथले भैरवकुमार राजभण्डारीको ऋतु वर्णनको पनि अनुसरण गरेका छन् भन्ने आशय व्यक्त गरिएको छ । यस विषयमा लोहनीजीको भनाइ यस प्रकारको पाइन्छ :–

"……… चन्द्र समशेरको शासनकालका पीडित पहलमान सिंह स्वाँरका 'ऋतु वर्णन' ले धेरै कविहरूलाई प्रभावित पार्नुको साथै कतिले डाहाडे भएर 'ऋतु विचार' लेख्नु पर्‍यो ।"[27]

त्यसैमा फेरि लेखिएको छ –

"…… यसरी पहलमान सिंह र शंभुप्रसाद ढुङ्गेललाई ओझेल पार्न अगाडि उभ्याइएको लेखनाथको 'बुद्धिविनोद' र 'ऋतु विचार' लाई वि. सं. १९७६ मै प्रकाशित भैरवकुमार राजभण्डारीको 'प्रेम प्रवन्ध' भन्ने कविता संग्रहले (लेखनाथलाई)

---

27 पुष्कर लोहनी – नेपाल पोष्ट – द्वैसाप्ताहिक वर्ष ६ पुस २०३५ अङ्क ४ (पृष्ठ ६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपठ्यारो पारेको छ । भैरव कुमार राजभण्डारीले पनि ग्रीष्म बाट शुरू गरी वर्षा, शरद्, हेमन्त, शिशिर र वसन्तको वर्ण लेखेका छन् इत्यादि ।" [28]

यसरी लोहनीको लेखबाट लेखनाथको 'ऋतु विचार' ले भैरव कुमार राजभण्डारीको 'ऋतु वर्णनको अनुकरण गरिएको छ भन्ने कुरा पनि सिद्ध गरेको छ । साथै यो पनि स्पष्ट पारेका छन के भने-उक्त 'ऋतु वर्णन' राजभण्डारीले १९७३ मैं प्रकाशित गरेका थिए । [29]

अनि फेरि लेख्तछन् – " यसरी हेर्दा ऋतुवर्णन लेख्ने परम्परा संस्कृत साहित्यबाट प्रेरणास्वरूप आएको रहेछ भन्ने कुरा स्वतः स्पष्ट हुँदै आएको छ ।" [30]

यही प्रसङ्गमा लोहनीजीले वि. सं. १९४१ देखि वि. सं. १९८ सम्ममा प्रस्तुत मोतिरामभट्ट आदि कविहरूको केही नाम उल्लेख गरी मुख्यतया राजभण्डारी र लेखनाथलाई समकालीन सिद्धगरी अप्रत्यक्ष रूपमा लेखन थले भैरवकुमार राजभण्डारीको र ऋतु वणनको अनुकरण गरी ऋतु विचार लेखेका छन् भन्ने स्पष्ट गर्न खोजेका छन् किनकि राज भण्डारीको ध्रुवपद' (कविता)को अनुकरण लेखनाथको 'वृद्धि विनोद हो भन्ने सिद्धगरी सोही जस्तै ऋतु विचार पनि राजभण्डारी को ऋतु वर्णनको अनुकरण सम्बन्धी बलिष्ठ संभाव्यतलाई लोहनीले उक्त लेखको शीर्षक नै "वि. सं. १९७३ मै भैरवकुमार राजभण्डारीका 'ऋतु वर्णन' र ध्रुवपद [31] र लेखनाथ पौड्यालको 'ऋतु विचार' : बुद्धिविनोद" भन्ने दिएर स्पष्ट पारेका छन् साथै भैरवकुमार र उनका

28 ऐ ऐ ऐ ऐ (पृष्ठ ६)
29 ऐ ऐ ऐ ऐ (ऐ)
30 ऐ ऐ ऐ ऐ (ऐ)
31 ऐ ऐ ऐ ऐ (ऐ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृतिलाई आफ्नो लेखको शीर्षकमा पहिलो स्थान दिएकोबाट पनि लोहनीले ऋतु विचार भैरवकुमारको ऋतु वर्णन पछि नै लेखनाथले लेखेका हुन् भन्ने सावित गर्न खोजिएको स्पष्ट हुन्छ ।

अब लोहनीका भनाइहरू तर्फ दृष्टि देऔं – लोहनीवाट प्रस्तुत गरिएको – " ऋतु वर्णन सम्बन्धी परम्परा संस्कृत साहित्यबाट प्रेरणा स्वरूप आएको हो ।" भन्ने तथ्य विलकुलै सन्देह रहित छ र यो सर्वमान्य नरही छोड्दैन पनि । तर यसरी प्रेरित भएर ऋतु वर्णन तिर उन्मुख भएका यतिका कविहरूमा कसले कुन चाहिँ संस्कृत ग्रन्थबाट प्रेरणा पाए होलान् भन्ने विषय चाहिँ यहां मुख्यतया विवेच्य विषय हुन आएको छ । हुन त लोहनीले लेखनायको ' ऋतु विचार ' लाई पहलमान सिंह स्वाँर प्रतिको डाहाडेपनको प्रतिफल स्वरूपमा राजभण्डारीको ऋतु वर्णन कै अनुकरण हो भन्ने ठोकुवा जस्तै भल्काएका छन् । तर त्यस सम्बन्धमा १९७२ मै राजभण्डारीको 'ऋतु वर्णन' पनि निस्केकोले राजभण्डारी र लेखनाथ सम्बन्धी समकालीन स्थिति बाहेक अरू प्रमाण पेश गरिएको पाइएन । समकालीन स्थिति रहेका कुनै पनि कृतिहरूमा साम्यता जस्तै भेटियो भने त्यस्तोमा कसले कसको अनुकरण गरिएको हो ? यो कुरा ऐमिवार्तिक तथ्यले नै निर्णय गर्न सक्ला । शायद लोहनीले त्यस सम्बन्धी त्यस्तै दरिलो प्रामाणिक तथ्य भेट्टाएका भए आफ्नो लेखमा अवश्य पनि प्रस्तुत गर्दा हुन् र त्यस्तो तथ्यलाई सकार गर्न कसैलाई आपत्ति आउने थिएन ।

हुन सक्छ, लोहनीजीको भनाई अनुसार राजभण्डारीमा शायद कालिदासको 'ऋतु संहार' को प्रभाव पर्न गएको हुँदो हो र उतबाट 'ऋतु वर्णन ' लेखिन गयो होला । लेखनाथको 'ऋतु विचार' चाहिँ माथि भनिए फैं कालिदासको ऋतु संहार सम्बन्धी वर्णनात्मक प्रकृतिबाट बिलकुलै अलग्गिएको छ । त्यसैले विना राजभण्डारीको 'ऋतु वर्णन' को गह्रो विवेचना र त्यससित 'ऋतु विचार' को संतुलन नभई यस विषयको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्ष टुंगिनं सक्तैन ।

तर राजभण्डारीको ऋतु वर्णनको अनुकरण 'ऋतु विचार' हो पक्ष चाहिँ तथ्य पूर्ण मान्न मुश्किलनै पर्दछ। एक छिनको निति मानिने १९७३ मा राजभण्डारीको 'ऋतु वर्णन' 'ऋतु विचार' भन्दा पहिले प्रकाशित भएछ, तर पनि लेखनाथको वर्षा विचार' प्रकाशित गर्ने १९ वि.सं.को माधवी पत्रिकाको अङ्क ज्यूँदै छ। त्यस अनुसार 'ऋतु विचार' केही अंश १९७३ को 'ऋतु वर्णन' भन्दा जेठो नै रहेछ भन्ने कुरा स भएको छ।

अझ भन्ने हो भने – १९६६ मा नै राजभण्डारीले 'ऋतु वर्ण लेखेका रहेछन् र त्यो कुरा थाहा पाएर लेखनाथले पनि लेख्न थाले हुन् भन्ने तर्क नै प्रस्तुत गरिएको खण्डमा पनि लेखनाथलाई आफ्न 'ऋतु विचार' मा राजभण्डारीको अनुकरण गर्नु पर्ने आवश्यकता रहेंद भन्ने कुरा उनको 'ऋतु विचार' मा पाइने परिष्कृत तथा लालित्यपू शैलीबाट पाइने मधुर अभिव्यञ्जना र उनैका समकालीन ठहरिएर प प्रारम्भिक कालका कविहरूको जस्तो येन–केन भद्दारूपमा प्रस्तुत गरिए राजभण्डारीका कवितात्मक पंक्तिहरूको तुलनात्मक अध्ययनद्वारा नै रा स्पष्ट हुन्छ, राजभण्डारीको कवितात्मक शैलीको नमूना लोहनीव दिइएका 'प्रेम प्रवन्ध' अन्तर्गत 'ध्रुवपद' र 'बुद्धिविनोद सम्बन्धी उद्धरणबाट नै स्पष्ट भएको छ।[32] जसमा पाइएका शैली अभिव्यक्ति कै आधारबाट नै लेखनाथलाई राजभण्डारीको अनुकरण बिलकुलै आवश्यकता पर्दैन र राजभण्डारीको भन्दा लेखनाथको काव्यात्म व्यक्तित्व धेरै उच्च स्तरको रहेछ भन्ने कुरो छर्लङ्ग हुन्छ।

यसरी हेर्दा 'ऋतु विचार' को सम्वन्धमा पुष्कर लोहनीको तर्क प केवल पुरो भागिताले नै मुछिएको रहेछ भनी मान्न सकिन्छ र उक्त तर्कह

---

32 ऐ. ऐ. ऐ. ऐ. (पृष्ठ ६ र ५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कपोल कल्पित रूपकै सिद्ध हुन्छन् ।

माथि कहिएका विभिन्न समालोचक र विद्वानहरूका कुनै पनि तर्क वस्तुतः कवि शिरोमणि लेखनाथको 'ऋतुविचार' प्रति सुसङ्गत भेटिंदैनन् भन्ने कुरा यसरी स्पष्ट भएर पनि एउटा कुरोमा भने ती तमाम समीक्षक-हरूबाट समर्थन जनाइँदै आएको पाइन्छ के भने– "लेखनाथले ऋतु विचारमा पूर्वी संस्कृत साहित्यबाट नै प्रेरणा पाएका हुन्" ।

वास्तवमा लेखनाथले अवश्य पनि पूर्वी संस्कृत साहित्यकै प्रेरणाद्वारा 'ऋतु विचार' लेखे । यो बिलकुल सन्देह रहित तथ्य हो । लेखनाथको 'ऋतु विचार' उनको प्राथमिक काव्य-कृति हो भन्ने कुरा पनि धेरैले मानि आएका छन् । त्यस्तो प्राथमिक कृतिमा पनि त्यसरी विभिन्न आलंकारिक अभिव्यक्ति सम्बन्धी चमत्कार प्रस्तुत गर्न लेखनाथको निजी बौद्धकले नै भ्यायो होला– भन्ने पक्ष पनि संदेहास्पद नरही छोड्दैन । अतः 'ऋतु विचारको प्रस्तुतिमा लेखनाथलाई पूर्णतया सहयोग गर्ने ऋतु विचार कै जस्तो शैली छन्द तथा आलंकारिक अभिव्यक्तिले परिपूर्ण भएको संस्कृत साहित्य अन्तर्गत नै कुनै विशिष्ट ग्रन्थात्मक कृति अवश्य हुनु पर्दछ । त्यसैको निर्णय हुन सकेमा मात्र 'ऋतु विचार'को प्रेरणा स्रोत पहिल्याउन सकिन्छ । यो निर्विवाद मूलक विषय अवश्य हो ।

यही तथ्य सित संबद्ध भएर अनुसन्धान गर्दा भेटिएको वास्तविक निर्णय यहाँ यसरी प्रस्तुत गरिन्छ –

वस्तुतः लेखनाथले अवश्य पनि पूर्वी (संस्कृत) साहित्य जगत्बाट नै 'ऋतु विचार' मा गहकिलो प्रेरणा पाएका हुन् । संस्कृत साहित्यमा पनि कवि वा महाकवि कहलिएका अर्वाचीन विद्वान्हरूबाट उनले प्रेरणा लिएनन् । कविहरूमा अग्रणी ठहरिएका महर्षि वेदव्यासलाई नै उनले आफ्ना प्रेरणादायक गुरु मान्न पुगेका छन् र महर्षि वेदव्यासद्वारा रचित पुराणहरूमा मूर्धन्य ठहरिएको श्रीमद्भागवत महापुराण कै उनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुशरण गरिएको देखिन्छ श्रीमद्भागवतबाट नै 'ऋतु विचार' सृ
गर्ने दिशा तिर पाइला सार्न लेखनाथलाई प्रशस्त प्रेरणा मिल्न गएका त
राम्ररी प्रमाणित हुन आउँछ।

लेखनाथ पौडयालज्यू आफ्नो प्राचीन आध्यात्मिक संस्कृतमा नै हुर्के त्यसैको रस उनका प्रत्येक रोमकूपबाट उनको शरीर भित्र पसेर फ फष्टिदै गए। त्यसैले उनका प्रत्येक मानसिक-स्पन्दनमा, प्रत्येक श्वास प्राचीन विशुद्ध आर्य संस्कृति र नैतिक तथा आध्यात्मिक विषयहरूका प्रति बिम्बहरू चम चमाइरहेका हुन्छन्– जुन कुरा उनका प्रत्येक विषय सम्बन्धी मुक्तक तथा ग्रन्थात्मक कृतिका पंक्तिहरूले नै प्रमाणित गरेका छन्। उनको श्रीमद्भागवत जस्ता भक्ति, आध्यात्मिक तथा वैराग्यले परिपूर्ण ग्रन्थ हरूको अनुशीलनकै प्रतिफल हो भन्न सकिन्छ।

पुनश्च, आफ्नो कुल क्रमागत धार्मिक प्रवृत्ति परम्पराबाट पनि उनं श्रीमद्भागवतको गहिरो चिन्तन र मनन सम्बन्धी अनुशीलन गर्नु र त्यसबा उनी प्रभावित हुनु बिलकुलै अनुपयुक्त ठहर्दैन। त्यसैले 'ऋतु विचार' निमित्त आवश्यक साधन पहिल्याउन उनलाई कुनै परिश्रमको आवश्यकत परेन भन्ने संक्न सकिन्छ।

लेखनाथमा कवि-व्यक्तित्व थियो, अरू भनौं भने– सहज प्रतिभा थियो। त्यसैले श्रीमद्भागवत पाठ गर्ने प्रक्रममा उनी कुनै वेला उक्त पुस्तकको 'दशम स्कन्ध' सम्म पुगे होलान्। श्रीमद्भागवतको उक्त 'दशम स्कन्ध' 'पूर्वार्द्ध' र 'उत्तरार्द्ध' गरी दुइ खण्डमा विभाजित छ। उही दशम स्कन्धको पूर्वार्द्धको पाठ गर्दै बिशौ (२०) अध्यायमा पुगेपछि त्यहाँ उल्लेख भएको वर्षा र शरद् ऋतु सम्बन्धी प्रौढ तथा आलङ्कारिक ढंगले गरिएको चमत्कार पूर्ण सरस तथा विशद वर्णन देखेर लेखनाथ भित्रको कवि फुस्कन गयो र त्यसैलाई सर्वप्रथम वर्षा विचार रूपमा १९६६ मा प्रस्तुत गर्न पुगे होलान्। यो तर्क कति मात्रामा सुहाउँछ र सुसङ्गत देखिन्छ त्यो कुरा यसरी वर्णन गरिन्छ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'श्रीमद्भागवत'को दशमस्कन्धको पूर्वार्द्ध अन्तर्गत बिशौं (२०) अध्यायमा वर्षा र शरद् ऋतु सम्बन्धी ज्यादै सुहाउँदा आलङ्कारिक शैलीमा मीठो अभिव्यक्तिपूर्ण वर्णन पाइन्छ। त्यहांको उक्त वर्षा बर्णन र शरद् वर्णनमा अनुष्टुप् छन्द कै मात्र प्रयोग भएको छ। अनुष्टुप् छन्द कै आधारमा प्रत्येक पद्यमा भने भैं आधापद्यले ऋतु सम्बन्धी प्राकृतिक वैभवको रसिलो तथा सुहाउँदो चित्रण दिंदै अर्को आधापद्यले तदनुरूपका प्रायः उपमा, उत्प्रेक्षा आदि विभिन्न अर्थालङ्कार मूलक अनुपम व्यञ्जनाहरू प्रस्तुत गरिएका छन्। जुनकुरा लेखनाथको ऋतु विचारमा बिलकुल उही रूपमा जस्तै प्रतिविम्बित भएका छन्। श्रीमद्भागवतका ती आध्यात्मिक, नैतिक र सामाजिक गतिविधिहरू तिर लक्ष्य गरी प्रयोग गरिएका काव्यात्मक पद्यहरू हेर्दा लेखनाथले आफ्नो ऋतु विचारमा त्यहीं कै पद्यहरूको छायानुवाद नै गरेका हुन् भन्ने तथ्यतिर जोसुकैको विचार पनि, ढल्कन पुग्दछ। सामान्यतया श्रीमद्भागवतका उक्त वर्षा ऋतु वर्णन र शरद् ऋतु वर्णनको विषयलाइ मोटामोटी रूपमा हेरेर लेखनाथको ऋतुविचार सम्वन्धी वर्षा विचार र शरद् विचार तिर दृष्टि दियौं भने जोसुकैलाई पनि भन्न कर लाग्छ– लेखनाथले श्रीमद्भागवत कै छायानुवाद आफ्नो ऋतु विचारका वर्षा विचार र शरद् विचारमा उतारेका रहेछन्। तर, श्रीमद्भागवतको उक्त ऋतु वर्णन र लेखनाथको ऋतु विचार सम्वन्धी वर्षा विचार तथा शरद् विचारलाई राम्ररी दांजेर हेर्‍यौं भने छायानुवाद होइन भन्ने स्पष्ट हुन्छ। तर पनि 'भागवत'को ऋतु वर्णन र 'ऋतु विचार'मा बिम्ब-प्रति विम्ब भाव भने जोसुकैले पनि स्पष्ट देख्न शक्तछ। जसले गर्दा ऋतु विचारको प्रेरणा स्रोत श्रीमद्भागवतको उक्त ऋतु वर्णन नै हो रहेछ भन्ने स्पष्ट हुन आएको छ।

अर्को कुरा – श्रीमद्भागवतमा उक्त ऋतु वर्णन ज्यादै सुहाउँदो प्रसङ्गमा रहन गएको छ। भगवान् श्रीकृष्णले दावाग्नि पानगरी गोप बालकवृन्द र गाईबाछा आदि पशुहरूको समेत रक्षा गर्नु भएको खबर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनेर सबै गोप–गोपीहरू हर्षित भइ रहेको कुरा उल्लेख गरी त्यसपछि
ऋतु प्रारम्भ भएको कुरो प्रस्तुत गरिएको छ र त्यही प्रसंगमा व्यास
वर्षा ऋतुको प्रवेशमा देखापर्ने विभिन्न प्राकृतिक चित्रणहरू ज्यादै सम
रूपमा प्रस्तुत गरेका छन् । जसमा वर्षा ऋतु सम्बन्धी पवित्र प्रा
छटा अतिशय स्वाभाविक रूपमा झल्किएको छ र उक्त वर्णनमा यौनो
शृंगार सम्बन्धी प्रवृत्ति लेशमात्र पनि पाइँदैन । जुनकुरा लेखना
ऋतु विचारमा पनि बिलकुल सही रूपमा भेटिन्छ । लेखनाथले पनि
संहारमा कालिदासले वा संस्कृतका अरू कुनै कविहरूले झैं संभोग शृं
रस प्रधान रूपले अर्थात् यौनोन्मुख वर्णनात्मक प्रवृत्ति तिर ढल्किएर
विचार लेखेका छैनन् र ऋतु संम्बन्धी विभिन्न प्राकृतिक वि
तथा प्राकृतिक परिवर्तनजन्य विभिन्न चमत्कारहरूद्वारा
आकृष्ट भएर नै लेखेका छन् र श्रीमद्भागवतको उक्त ऋतुवर्णनमा
बिभिन्न आध्यात्मिक तथा साँस्कृतिक र नैतिक दृष्टिकोणले अनुप्रा
सामाजिकता तिर नै उन्मुख भएर लेखेका छन् । जुनकुरा श्रीमद्भागव
उक्त ऋतु वर्णन सम्बन्धी चित्रण र लेखनाथको ऋतु विचारको ऋतु व
सम्बन्धी चित्रणहरूलाई दाँजेर हेर्दा राम्ररी स्पष्ट हुन्छ । यही प्रसङ्ग
श्रीमद्भागवतका ऋतु वर्णन र 'ऋतु विचार' खण्डकाव्य भित्र देखा
बिम्व–प्रतिबिम्व भाव सम्बन्धी उदाहरण निम्नलिखित रूपमा प्र
गरिन्छन्–

श्री मद्भागवत दशम स्कन्धको बिशौं अध्यायमा व्यासजीले
वर्णन सम्बन्धी चित्रण गर्दै एउटै पद्यले घनघटा र बिजुलीको चहक
मेघ गर्जन सहित आकाशलाई उपमेय तुल्याएर सगुण ब्रह्म अर्थात् जीव
उपमान बनाएर पूर्णोपमाको व्यञ्जना यसरी दिइएको छ–

१) सान्द्र नीलाम्बुदै र्व्योम स विद्युत् स्तन यित्नु भिः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अस्पष्ट ज्योति राच्छन्नं ब्रह्मेव सगुणं व भौ ।।[33]

[विजुलीको चमक साथमा लिई निकै ठूलो गर्जन गर्दै जत ततै डुलिरहेका वावला नीला वादल भरिएकाले आकाशमा चन्द्र, तारा र सूर्य आदि ज्योतिहरू स्पष्ट हुन शक्तैनन् र (वर्षा ऋतुको) आकाशको स्थितिस्वयं ब्रह्मस्वरूप भएर पनि सत्व, रज: तम: यी तीनै गुणले ढाँकि दिंदा आफ्नो प्रकाशलाई स्पष्ट गर्न नसक्ने सगुण ब्रह्म (जीव रूप ब्रह्म) जस्तै देखा पर्दछ ।।]

लेखनाथको वर्षा विचारमा ठिक यसैको भावानुवाद गरिएको छ र सो भावानुवादलाई प्रतिभाशाली कविशिरोमणिले भागवतका उक्तश्लोक अन्तर्गत पदहरूको व्याख्या वा विस्तृत विवरण रूपमा दिंदै आफ्नो पद्य संख्या वढाइएको पाइन्छ ।

जस्तै:–

(क) छोडो क्षितिजको रेखा सुस्त - सुस्त उँभोतिर ।
मैनाक तुल्य यो कालो उठायो मेघले शिर ।।

(ख) देखिन्छ नयनानन्दी उसका कान्ति माधुरी ।
टलक्क टल्कने चिल्लो नीलो पर्वतको सरी ।।

(ग) खिँची लप - लपाऽकार तर्वारि विजुली मय ।
गर्जन्छ रणमा मत्त वीर झैं मेघ निर्भय ।।

(घ) अथवा जलको भारी गह्रुंगो भै गली गली ।
चल्छ त्यो विजुली रूप लठ्ठी टेकी अलो अली ।।[34]

यसरी मेघ, विजुली तथा जल सम्वन्धी विभिन्न भङ्गी

33 महर्षि वेदव्यास – श्रीमद्भागवत दशम स्कन्ध पूर्वार्ध–अध्याय २० श्लोक ४

34 लेखनाथ – ऋतुविचारको वर्षा विचार – श्लोक (५,६,७ र १०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषका उक्तिहरू प्रस्तुत गर्दै ३६ सौं पद्यमा गएर उपर्युक्त भा
वतको उपमा यसरी साकार तुल्याइएको छ –

झरीले छोपिराखेका वर्षाका दिनछन् सब ।
अविद्याले अँठ्याएका जीवतुल्य गतप्रभ ।।[35]

यस श्लोकले भागवतको – उक्त –

"अस्पष्ट ज्योति राच्छन्नं ब्रह्मेव सगुणं बभौ" भन्ने पद्यां
ठिक जस्तै अनुवाद झल्काएको छ ।

अब अर्को –

वर्षा ऋतुको अँध्यारो वेलुकी पखको चित्रण भागवतमा यस
दिइएको पाइन्छ –

२) " निशामुखेषु खद्योता स्तमसा भान्ति न ग्रहा :
यथा पापेन पाखण्डा नहि वेदा : कलौ युगे ।।[36]

[सांझतिर (वादलले छोपिए पछि) अँध्यारोले गर्दा (व
ऋतुमा) चन्द्रमा र ताराहरू चम्केका हुँदैनन् र जुनकिरीको च
चकी निकै चलेको हुन्छ । जसरी - कलियुगमा पापको प्रवलत
गर्दा वैदिक सम्प्रदायहरू हराउँदै पाखण्डी मतहरूको प्रभाव ब
थालेको हुन्छ ।।]

ऋतु विचारमा यसको वर्णन यसरी गरिएको पाइन्छ:-

(क) कहाँसूर्य कहाँ तारा कहाँ नक्षत्र नायक ।
देखिन्छन् कालले गर्दा जुनकिरीकै झका- झक ।।

35 लेखनाथ – ऋतु विचारको वर्षा विचार – (श्लोक ३८)
36 व्यासदेव – श्रीमद्भागवत द० पू० अध्याय २०, श्लो० ८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) जाति– पानी कतै छैन बाढीले सब मैलियो ।
भलले कलिले तुल्य एकै छत्त गरी दियो ।।

(ग) धमिला भलका साथ माछा पनि वडे - वडे ।
कलिको सङ्ग पाएका दुराचार सरी वढे ।।[37]

यहाँ (क) पद्य उपर्युक्त भागवतको पूर्वार्धं सित सम्पर्क राख्दछ भने (ख) र (ग) पद्यहरू भागवतको उक्त पद्यको उत्तरार्धमा वर्णित कलियुगको महिमा द्वारा प्रभावित भएको पाइन्छ ।

भागवतको उक्त वर्षा वर्णनमा नै अर्को एक श्लोक यस्तो पाइन्छ–

३) "आसन्नुत्पथगामिन्य : क्षुद्रनद्योऽनुशुष्यती : ।
पुँसो यथा स्वतन्त्रस्य देह द्रविण सम्पद : ।।[38]

[पहिले शुक्तै गइसकेका स–साना खोलाहरू अहिले वर्षा ऋतुमा आ–आफ्नो सिमाना नाघेर यत्र तत्र कुर्लन थालेका छन् । जसरी आफूलाई सम्हाल्न नसक्ने भई मनपरी बाटोमा हिंडने उच्छृ-खल र स्वच्छन्द प्रकृतिको व्यक्तिका शरीर, धन र सम्पत्तिहरू कुमार्गमा वैरिन पुग्दछन् ।।]

यसै पद्यको आधारमा जस्तै वर्षा विचारमा लेखनाथको प्रस्तुति यस्तो पाइन्छ:-

"दायाँ बायाँ दुवै तर्फ हान्दै खोला दगुर्दछन् ।
संसारमा छुचा यस्तै काममा अघि सर्दछन् ।।"[39]

---

37 लेखनाथ – ऋतु विचार – वर्षा विचार – श्लोक – ४२ ४८, ५०

38 व्यासदेव – श्रीमद्भागबत द० पू० अध्याय २०, श्लोक १०

39 लेखनाथ – ऋतु विचार (वर्षा विचार) (श्लोक ५२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भागवतको वर्षा वर्णनमा अर्को श्लोक यस्तो पाइन्छ -

४) "जलौ घैर्निर भिद्यन्त सेतवो वर्षतीश्वरे ।
पाखण्डिना मसद्वादै र्वेदमार्गाः कलौयथा ।।"[40]

[वर्षा ऋतुका मुशलधारे जल वर्षाले गर्दा ल्याइएको बाढ़ बाँध र पुलहरू ध्वस्त हुनथाले । जसरी कलियुगमा पाखण्डीहरू विभिन्न झूठावादहरूले गर्दा वैदिक मार्गका मर्यादाहरू ध्वस्त हुन्छन् ।]

यसको ठिक छायानुवाद जस्तै रूपमा लेखनाथ आफ्नो ऋ विचारमा लेख्न पुग्दछन्–

"छिन्न–भिन्न गर्यो मैलो भलले मार्ग बेसरी ।
पाखण्डी मतले हाम्रो राम्रो वेद पथैंसरी ।[41]

यसरी उपर्युक्त पद्य चाहिं भागवतको सम्बन्धित पद्यको छायानु वाद हो भन्न सकिने किसिमको पाइएको छ ।

केही केही छाप परी उस्तै–उस्तै रूपमा विम्ब–प्रतिविम्ब भा जस्तै देखा पर्ने भागवत् र ऋतु विचारका वर्षा सम्वन्धी अर्को र्व साम्यता फेरि यस किसिमको पाइन्छ –

जस्तै श्रीमद्भागवतमा –

५) "तडित्वन्तो महामेघा श्चण्डश्वसन वेपिताः ।
प्रीणनं जीवनं ह्यस्य मुमुचुः करूणाइव ।।

(विजुलीको कान्तिले सजिएका ठूला–ठूला वादलका ढिक हरूले (आफू) हावाले हुँड लिएर पनि दुनियाँको अवस्था देख

40 व्यासदेव – श्रीमद्भागवत द० पू० अध्याय २० (श्लोक २३)
41 लेखनाथ – ऋतु विचार – वर्षा विचार (श्लोक ६१)
42 व्यासदेव – श्रीमद्भागवत द० पू० अध्याय २० (श्लोक ६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो जीवन जस्तै जीवन (पानी) दान गर्न (वर्साउन) थाले । जसरी (दुनियाँको दयनीय गरीवी परिस्थिति देखेर करूणापूर्ण हृदय भएका महाशयहरू दु:खीको खुसीको निति आपनो जीवनसम्म पनि अर्पण गर्दछन् ।।)

यसैको केही छाया अँगाली लेखनाथ यसरी लेख्तछन् –

"जलवर्षा गरी मेघ तृप्त छैन कुनै दिन ।
दाता देह छँदा सम्म के गर्ला मुष्टि वन्धन ? ।।"[43]

(अरुको दु:ख सहन नसक्ने दाताले आफ्नो जीवनसम्म पनि अर्पण गर्न पुग्दछ भन्ने भाव यहाँ झल्काइएकोले उपर्युक्त 'भागवत' को केही छाया स्पष्ट भएको छ।)

श्रीमदभागवतमा लेखिएको छ –

६) "जलस्थलौकस : सर्वे नववारि निषेवया ।
अविभ्रद् रुचिरंरुपं यथाहरि निषेवया ।।"[44]

[(वर्षा ऋतुको) नयाँ जल धाराको सेवनबाट जलचर तथा स्थलचर सवै प्राणीहरूको सुन्दरता वढन थाल्यो र तिनीहरूले तेजलोरूप लिन थाले । जसरी परमात्मा हरिको सेवाले वाहिर तथा भित्र सर्वतिर निर्मलरूप वनाइ दिन्छ । ।]

वर्षा विचारमा यसको प्रतिविम्व जस्तै यस्तो पाइन्छ –
"पवित्र परमात्माको भक्तिमा सत्य भक्त झैं ।
शीतलो जल धारामा भिजेको छ प्रज्ञा सधैं । ।"[45]

---

43 लेखनाथ – ऋतु विचार – वर्षा विचार (श्लोक ४०)
44 व्यासदेव – श्रीमद्भागवत दशक० पू० अ० २० (श्लोक १३)
45 लेखनाथ – ऋतु विचार – वर्षा विचार (श्लोक ३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(यहाँ "हरिनिषेवया" को अर्थ (भाव) लाई पहिले प्र
गरिएकोछ।)

वर्षा ऋतुमा कृषक वर्गको जीवन सम्बन्धी चित्रण श्रीमद्भा
वतमा यसरी दिइएको छ –

७) "क्षेत्राणि शस्य संपद्भि: कर्षकाणाँ मुदं ददु:।
धनिना मुपतापं च दैवाधीन मजानताम् ।।"[46]

[अन्नका संपत्तिले भरिएर लह – लहाउंदा खेत
खेतिवालहरुको आनन्द बढाइ रहेका छन्। तर सर्वकुरा प्रारब्ध
अधीन छ। पहिले दु:ख गर्नु पर्दछ, गरेर नै पाइन्छ, काम न
फल पाइँदैन – भन्ने कुरा थाहा नपाउने (मूढ) धनीहरु भने आ
छट्पटिएका छन्।।]

लेखनाथले यसमा अलिकति विषय परिवर्तन गरी य
लेखेका छन् –

"खेतमा जलका धारा वर्सिंदा खेरि वाहिर।
उर्लन्छ खेतिवालाका मनमा सुख सागर।।"[47]

यस्तै अलिकति विषय परिवर्तन गरी लेखिएको अर्को
पनि पाइन्छ। जस्तै – श्रीमद्भागवतमा –

"मार्गा व भूवु: सन्दिग्धा स्तृणै रछन्ना ह्यसंस्कृता:।
ना भ्यस्य माना: श्रुतयो द्विजै: कालहता इव।।"[48]

[बाटाहरु पनि (वनका गोरेटा आदि) सफा गर्न नशकि
भई झार पात (घाँसले ढाकिएर पहिल्याउनै मुश्किलका हुन थाले

46 वेदव्यास – श्रीमद्भागवत द० स्क० पू० अध्याय २० (श्लोक–१
47 लेखनाथ – ऋतु विचार – वर्षा विचार (श्लोक ७८)
48 वेदव्यास – श्रीमद्भागवत द० स्क. पू, अध्याय २० (श्लोक १६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी ब्राम्हणहरूबाट अभ्यास गर्न छोडिएका वेद र वैदिक कर्महरू (कलियुगको समयले गर्दा) विलाउँदै जान्छन् ।।]

यसको केही भावसाम्य भएको पद्य वर्षा विचारमा यस्तो पाइन्छ –

"कलिले श्रौत – यागादि कर्म झैं वटुवाकन ।
झरीले व ट – वाटमा रोकेको छ प्रतिक्षण ।।"[49]

यहाँ 'नाभ्यस्यमाना : श्रृतयो द्विजं : कालहताइव" को भाव साम्य जस्तै 'कलिले श्रौत यागादि कर्म झैं" यस अंशमा झल्काइएको छ ।

यसरी वर्षा विचारमा प्राय : आध्यात्मिकता र नैतिकता मा बढी जोड दिँदै कवि शिरोमणिजीले आफ्ना विभिन्न भनाइहरू विविध भङ्गीहरूको वैचित्य पूर्णरूपमा प्रस्तुत गरेका छन् जसमा उपर्युक्त श्रीमद्भागवत सम्बन्धी विभिन्न चित्रणका छापहरू स्पष्टै अङ्कित भएका पाइन्छन् । कुनै त छायानुवाद रूपकै पनि भेटिएका छन् र कुनै भावानुवाद रूपका छन् श्रीमद्भागवत को भाव नै शून्य भएकामा पनि त्यहाँकै जस्तै आध्यात्मिकता र नैतिकता आदि को साथै सांस्कृतिक र सामाजिक पक्ष आदिलाई औंल्याएर श्रीमद्भागवत कै प्रतिविम्ब भन्न सुहाउने रूपमा उस्तै ढाँचाले प्रस्तुत गरिएका कैयौं पाइन्छन् । जस्तै :–

अ) मिलिक्क मिल्कँदा मेघ प्रकाश जुन आउँछ ।
विश्वको जावन ज्योति उसैले जगमगाउँछ ।।

आ) न स्थान, मान चाहन्छ जाति, पाँति न गन्दछ ।
जल वर्षाउँदा मेघ मानूं ब्रम्हज्ञ वन्दछ ।।

49 लेखनाथ – ऋतु विचार – वर्षा विचार (श्लोक ५७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इ) यताउता कतै कत्ति डग्दैन घन – मण्डल ।
लब्ध – भूमि महात्माको चित्त झैं अति निश्चल ॥
ई) मेघ दिन्छ सफापानी, माटाले धमिल्याउँ छ ।
गुणलाई पनि मूर्ख दोष - पूर्ण गराउँछ ॥[50]
उ) गुजका भारले नम्र गुणी–तुल्य अली तल ।
झुके दारीमका हाँगा लागनाले ठूलाफल ॥
ऊ) दिन रात दुवै कालो पारी धुँधुमियो झरी ।
मुखपेट दुवै मैला भएको दुर्जनै सरी ॥[51]

यस्ता कैयौं पद्यहरू छन् जसले श्रीमद्भागवतको वर्षा वर्णनको घुम्टो ओढेका जस्ता लाग्दछन् ।

अब 'शरद् वर्णन' तर्फ विचार गरौं –

शरद् ऋतुको सम्वन्धमा पनि महर्षि वेदव्यासले श्रीमद्भागवतको उही विशौं अध्यायमा त्यस्तै प्रकारले त्यस्तै शैलीमा मीठा अभिव्यक्तिहरू प्रस्तुत गरिएका छन् । जसको तुलनामा लेखनाथको ऋतुविचार अन्तर्गत 'शरद् विचार' सम्वन्धी उक्तिहरू पनि यसैगरी सन्तुलित रूपमा देखा पर्दछन् ।

८) महर्षि वेदव्यास श्रीमद्भागवतमा शरद् ऋतु सम्वन्धी वर्णन प्रस्तुत गर्दै लेख्तछन्–

"व्योम्नोऽब्दं, भूतशावल्यं, भुवः पङ्कमपाँमलम् ।
शरज्जहारा श्रमिणाँ कृष्णे भक्ति र्यथाऽशुभम् ॥[52]

50 ऋतु विचार – वर्षा विचार (श्लोक १३, ३३, ४१, ४९)
51 लेखनाथ ऋतु विचार – वर्षा विचार श्लोक ८२ ३७
52 वेदव्यास – श्रीमद्भागवत दशमस्कन्ध पूर्वार्ध, अध्याय २० श्लोक २०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[शरद् ऋतुले – आकाशको बादल, वर्षाले बढेका विभिन्न प्राणीहरूको छयासमिसेगना, पृथ्वीको हिलो – मैलो र पानीको धमिलोपन – यी सबै कुरा हटाइ दियो। जसरी श्री कृष्ण प्रभुमा भक्ति गर्नाले ब्रह्मचर्य – गृहस्थ--बानप्रस्थ र संन्यास – यी चारै आश्रममा बस्नेहरूको सम्पूर्ण दुःख आदि अशुभ कुराहरू नाश भएका हुन्छन् ।।]

उक्त पद्यको भावको आधारमा लेखनाथले यसरी शरद्को वर्णन गरेका छन्, जसमा भागवत्को उक्त पद्य अन्तर्गत पदहरूको केही विस्तृत वर्णन जस्तै तुल्याएर कविले आफ्नो प्रतिभा शक्ति-द्वारा उक्त एउटै श्लोकबाट विभिन्न पद्यहरू प्रस्तुत गरेका छन् । जस्तैः–

क) "निस्के घनघटा फोरी देखाई भरिलो छवि ।
अविद्या जाल तोडेका इलमी राष्ट्र झैं रवि ।।"
ख) "सारा उपाधिले शून्य शून्य आकाश यो घरी ।
झल्कन्छ कल्पना शून्य योगीको हृदयै सरी ।।[53]

द्रष्टव्य: उपर्युक्त श्रीमद्भागवतको श्लोक अन्तगत "व्योम्नोऽब्दं" भन्ने पदावलीको तात्पर्यमा यी उपर्युक्त दुबै पद्य प्रस्तुत भएका छन् र त्यही पद्यको दोस्रो पदावली – "भूतशाबल्यं" को तात्पर्यमा पनि लेखनाथका शरद् वर्णन सम्बन्धी पद्यहरू यस प्रकरका पाइन्छन् ।

क) "जता हेर्‍यो उतै राम्रो आनन्दी रङ्ग लोकको ।
छैन संसारमा नाम–निशाना दुःख शोकको ।।"
ख) "मनुष्यको कुरो के छ ? पशु – पक्षी पनी सब ।
मनाउँछन् खुशी मानी मञ्जु मङ्गल उत्सव ।।"

53 लेखनाथ – ऋतु विचार–शरद् विचार (श्लोक २, २५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग) " कुइरो घामले भाग्यो, तुँवालो वायुले छुट्यो।
धुलो वर्षादले मा-यो, मेघ आफैं पछी हट्यो ॥"

प्राकृतिक निर्मलता सम्वन्धी वर्णन गरएका यस्तै अरु कैयौं पद्य छन् जो उक्त 'भूतशावल्य' भन्ने एउटै पदावलीको प्रेर जन्य मान्न शकिने खालका छन् ।

यस्तै फेरि उही श्रीमद्भागवत्को पद्य अन्तर्गत अर्को प वली " भुवः पङ्कं " भन्ने सम्वन्धी तात्पर्य स्पष्ट गर्दै लेखन आफ्नो शरद् वर्णन प्रस्तुत गर्दछन् । जस्तै:-

क) " सुकी सक्यो हिलो सारा धुलो छैन रती भर ।
रस्ता देखिन्छ सम्पूर्ण लिपेको झैं मनोहर ॥"

ख) " कहाँ उस्तो हिलो मैलो कहाँ, यो मोहनी छवि ।
कति राम्रो उदाएको विश्व सौभाग्यको रवि ॥"

त्यस्तै, उक्त श्रीमद्भागवत कै पद्यको चौथो पदाव "अपांमलम्" भन्ने अंशबाट प्रभावित भई लेखनाथले आफ्नो श वर्णन सम्बन्धी चित्रण यसरी दिइएको पाइन्छ ।

क) " शरतका सङ्गले सङ्ले धमिना पोखरि सव ।
सत्सङ्गको सफा रङ्ग सवैमा पर्छ वास्तव ।"

ख) " योगीको मन झैं पानी, बाटो वेद-पथै सरी ।
शुद्ध देखिन्छ सम्पूर्ण शरत्का सङ्गले गरी ॥"

लेखनाथलाई उपर्युक्त शरद् वर्णन सम्बन्धी पद्यहरूको रच मा भागवतको उपर्युक्त श्लोकबाट निकै आधार मिल्न गएको ह हुन्छ ।

---

54 लेखनाथ- ऋतु विचार – शरद् विचार (ऐ ७३, ९७, ९९)
55 ऐ ऐ ऐ (श्लोक ९९, ८९)
56 ऐ ऐ ऐ (ऐ ३८, १००)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९) अब एउटै पद्यको भावानुवादका केही उदाहरण स्वरूप उनको शरद् विचारबाट उद्‌धृत गरिन्छन्. जुन पद्यहरू श्रीमद्भागवतका निम्न लिखित रूपका पद्यहरूको भावानुवाद रूप हुन् भन्न सकिन्छ। जस्तै–

श्रीमद्भागवतमा लेखिएको छ :–

क) " शनैः शनै र्जहुः पङ्कस्थलान्यामं चः वीरुध।
यथाऽहं ममतां धीराः शरीरा दिष्वनात्मसु ॥ "[57]

[शरद् ऋतुमा विस्तार–विस्तारै जमिनहरूले हिलो हटाउन थाले अर्थात् (जमिनमा हिलो सुक्न थाले) लता वनस्पति र कारपातहरूले पनि चिसोपन (हरियोपन) छोड्दै ल्याए । जसरी बुद्धिमान ज्ञानीहरूले देहादि अनात्म वस्तुमामा क्रमशः अहंता र ममताको भाव छोड्दै ल्याउँछन् ॥]

यसैको केही भावमा लेखनाथ लेख्तछन –

" नदीका जलले छोड्यो सारा बगर सुस्तरी ।
ज्ञानीका मनले तुच्छ भोगको वासना सरी ॥[58]

भागवतको श्लोकमा बुद्धिमान् ज्ञानीले अनात्म विषय भएको देहादिमा अहँता र ममता छाड्दैल्याए जस्तै सुस्तरी जमीनले हिलोलाई छोड्दै ल्याएको र लता वनस्पतिले हरियो पन विस्तारै छोड्दै ल्याएको बुझाइएको छ त लेखनाथको पदमा चाहिँ ज्ञानीको मनले तुच्छ (अनात्मा) ठहरिएको (अहँता र ममताको आधारमा निइने) भोगको वासना क्रमशः छोड्दै ल्याए जस्तै नदीको पानीले बगर छोड्दै ल्याएको कुरो स्पष्ट गरिएकोले यहाँ उपर्युक्त भागवतको

57 वेदव्यास – श्रीमद्भागवत द० स्क० पू० अध्याय २० (श्लोक ३९)
58 लेखनाथ – ऋतु विचार शरद् विचार (श्लोक ३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक रुपान्तरित भए जस्तै भान पर्दछ। वस्तुतः भङ्गीको
ले मात्र विषय फरक पर्न गएको बुझिन्छ।

१०) अर्को फेरि यस किसिमको भावसाम्य पाइन्छ
श्रीमद्भागवतमा लेखिएको छ–

"ख मशोभत निमघं शरद् विमल तारकम्।
सत्व युक्त यथाचित्तं शब्द ब्रम्हार्थ दर्शनम्॥"[59]

[शरद् ऋतुको रातमा वादलरहित भई ताराहरू
मलाउनाले आकाश निकै रमाइलो देखिन थाल्यो। जसरी वे
वास्तविक अर्थ राम्ररी बुझेको भई सत्व गुण प्रधान भएको
(आनन्दित रहन्छ)।]

उक्त पद्यको भाव साम्य जस्तै रूप झल्काएर ऋतु विचार
शरद् विचारमा यसरी दिइएको पाइन्छ –

"सारा उपाधिले शून्य शून्य आकाश यो घरी।
झल्कन्छ कल्पनाशून्य योगीको हृदयैसरी॥"[60]

अर्को भङ्गी विशेषमा –

रातमा झल्कने ज्यादा ठुला साना हिरा सरी।
तारा झिलीझिली(मिली ले) गर्छन् त्यो नील गगनै–भरी॥ ११)

फेरि अर्को भङ्गी विशेषमा –

"झल्कन्छ रातो आकाश त्तो ताराहरूले गरी।
योगीका सुख शय्याको कार्चोपी चाँदनी सरी॥"[62]

---

59 वेदव्यास - श्रीमद्भागवत दशम० पू० (श्लोक ४२)
60 लेखनाथ – ऋतु विचार–शरद् विचार (श्लोक २५)
61 लेखनाथ – ऋतु विचार–शरद् विचार (श्लोक २६)
62 लेखनाथ– ऋतु विचार – शरद् विचार (श्लोक २९)

63

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ विचार गरौं –

लेखनाथको उक्त पच्चिसौं श्लोकले – सम्पूर्ण बादल, धुलो, तुवाँलो र कुइरो आदि उपाधिले शून्य भइसकेको शून्य रूप आकाशलाई, कल्पना शून्य योगीको हृदयसित तुलना गरी उक्त आकाशको झलक (शोभा) वर्णन गरिएको छ ।

त्यस्तै अर्को २६ सौं श्लोकले शरत्कालीन रात्रीको आकाशमा झल्कने ताराहरूलाई साना ठूला हिराहरू सित मात्र तुलना गरिएको छ, अनि अर्को २९ सौं पद्यले चाहिँ एक विशिष्ट किसिमको आध्यात्मिक सुखानुभूतिलाई लक्ष्य गरी शरत्कालीन तारा सहितको रात्रीमा देखिने आकाशको वर्णन गरिएको छ ।

यसरी उपर्युक्त तीन ओटै पद्यले उपर्युक्त श्रीमद्भागवतको ४२ सौं श्लोक सम्वन्धी तथ्य अर्थात् उही निर्मल तारा सहित शरद्को रात्री सम्वन्धी आकाश कै शोभा वर्णनलाई लक्ष्य गरिएको स्पष्ट हुन्छ र भनाइको भङ्गी सम्वन्धी वैचित्र्यमा मात्र भिन्नता पाइन्छ ।

११) लेखनाथले शरद् विचारमा पनि कुनै कुनै पद्य श्रीमद्भागवतको छायानुवाद जस्तै तुल्याएर प्रस्तुत गरेका छन् जस्तै :-

"सर्वस्व जलदा हित्वा विरेजुः शुभ्र वर्चसः ।
यथा त्यक्तैषणाः शान्ता मुनयो मुक्त किल्विषाः ।।" 63

[आफ्नो सर्वस्व (जल) सबै दान गरेर शरद्का बादल सबै चहकिला हुँदै शोभा पाउन थाले । जसरी, इह्रलोक र परलोकको समेत कुनै सुख नचाहने तथा सम्पूर्ण राग द्वेष आदिवाट मुक्त भइसकेका मुनिहरू शान्त रूपमा शोभित हुन्छन् ।।]

---

63 वेदव्यास– श्रीमद्भागवत–दशम पू० अध्याय २० (श्लोक ३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस श्लोकको छाया स्वरूप लेखनाथको शरद् विचारमा यसरी प्र
गरिएको पाइएको छ –

" लाको पकारमा खर्ची अनन्त जल –सम्पति ।
मनस्वी धीर झैं मेघ वन्यो शान्त मुनि व्रती ।। "[64]

उक्त पद्यलाई माथि लेखिएको श्रीमद्भागवतको उक्त पद्यकै छायानु
हो भन्न बिलकुलै मिल्दछ ।

यसरी शरद् ऋतु सम्वन्धी यस्ता विभिन्न उपमा आदि अर्थालङ्
हरूको चमत्कारले परिपूर्ण भएर पनि नैतिक र सामाजिक नीतिहरू
स्पष्ट गर्दै मुख्यतः लौकिक र आध्यात्मिक पक्षकै समन्वयात्मक पक्ष
अँगालेर श्रीमद्भागवतका पद्यहरू पनि थुप्रै पाइन्छन् । जस्तै:–

क) मेघले अघि बर्षामा गरेका पुण्य–वृष्टिको ।
फल–रूप नयाँ रङ्ग निस्क्या कि सब सृष्टिको ? ।।

ख) शान्त भै ठाममा आये ठूला नद नदी सब ।
सबैको अस्थिरै हुन्छ उर्लदो वेग –वैभव ।।

ग) शनैः शनैः फिका पारी अघिको तेजिलो पन ।
विप्र झैं दक्षिणाऽऽशामा लागे श्री सूर्य लञ्जन ।।

घ) धैर्यको शान्तिको दिव्य नमूना–तुल्य निश्चल ।
अघी भन्दा पनि ज्यादा उज्यालो छ हिमाचल ।।

ङ) हिमका चुचुरा सारा साह्रै स्वच्छ मनोरम ।
देखिन्छन् आत्म विद्याका सिद्धान्त सरि दुर्गम ।

च) लियो सुगन्ध हावाले मिल्कायो तन्न केशर ।
तत्व पाए पछी फेरि खोष्टाको चाह के छ र ? ।।

64 लेखनाथ - ऋतु विचार - शरद् विचार – (श्लोक – ४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ) त्यो हंस गतिले चल्छ जल निर्मल सुस्तरी ।
लय-मुक्त महात्माको चित्तको कलना सरी ।

ज) खेतको मोहिनी शोभा हेरदा-हेरदै महाँ ।
व्रम्हमा व्रम्हवेत्ता झैं लीन हुन्छ मनै वहाँ ॥

झ) कृषिको श्रम साफल्य देखनाले प्रजा सव ।
परमानन्द पायेको योगी झैं छ खुशी अव ॥

इत्यादि [65]

यस्ता प्रशस्त पद्यहरू लेखनाथको 'ऋतु विचार' मा हामी पाउँछौं । यी उपर्युक्त पद्यहरू चाहिं शरद् विचार अन्तगत पद्यहरूबाट उद्धृत गरिएका छन् । काव्य रचना गर्ने विलक्षण-प्रतिभा सम्पन्न लेखनाथलाई वर्षा वर्णन र शरद् वर्णन सम्वन्धमा उक्त श्रीमद्भागवत अन्तगंत ऋतु विषयक वर्णनबाट सर्व प्रथम प्रेरणा मिलेको हो भन्न उपर्युक्त रूपका श्रीमद्भागवत सम्बन्धी र ऋतु विचार तथा शरद् विचार अन्तर्गत उद्धृत अंशहरूको सन्तुलनात्मक विवरणले गर्दा अन झनाउनु पर्ने स्थिति देखा पर्दैन ।

सुनिन्छ– कवि शिरोमणि लेखनाथका बिभिन्न ऋतु सम्वन्धी अलग-अलग विचारहरू समय समयमा 'माधवी' आदि पत्र-पत्रिकाहरूमा अलग-अलग रूपमा नै प्रकाशित भएका थिए । यसै प्रसङ्गमा चर्चा गर्दा "सर्वप्रथम वि. सं. १९६६ तिर माधवी पत्रिकामा लेखनाथज्यूको 'वर्षा विचार' प्रकाशित भएको थियो" – भन्ने तथ्य चाहिं प्राध्यापक वासुदेव त्रिपाठीज्यूले पनि स्वीकार गरिएको छ ।[66]

यी भनाइहरूमा उपर्युक्त भागवत र ऋतु बिचारको वर्षा बिचार तथा शरद बिचार सम्वन्धी तुलनात्मक अध्ययनवाट सत्यताको घेरै अंश भेटिम

65 लेखनाथ – ऋतु विचार – शरद विचार श्लोक (१४,३१,४०,४५,४६,
५३,६१,६७,६९)
66 वासुदेव त्रिपाठी–लेख०पौ०को कवित्व० तथा मूल्याँ (पृष्ठ ५५,५६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ाएको छ। किन भने, भागवतको ऋतु वर्णनमा वर्षा वर्णनले नै प्रा
मिकता पाएको छ र उक्त वर्षा – वर्णन सम्बन्धी ती उपमा अ
ालंकारिक चमत्कार पूर्ण उक्तिहरूद्वारा प्रभावित भएर लेखनाथद्व
सर्वप्रथम वर्षा विचार नै प्रस्तुत हुनु धेरै अंशमा उपयुक्त देखिन्छ। व
विचार पछि 'शरद् विचार' नै उनले भागवतकै आधारमा उनले प्रस्तु
गरे होलान् र त्यस पछि त्यही क्रममा आफ्नो प्रतिभा स्फुर
हुँदै गएपछि उनबाट क्रमश: त्यही साँचोमा ढालिँदै हेमन्त, शिशिर, वसन्त
र ग्रीष्म सम्बन्धी विचारहरू पनि प्रस्तुत हुँदै गए होलान् भन्नु कुनै असङ्ग
ठहरिँदैन। किन भने जुन शैली वा ढाँचामा वर्षा विचार र शरद् विचा
प्रस्तुत भएका छन् त्यही ढंग अरू ऋतु सम्बन्धी विचारहरूमा पनि उनै
अपनाएका छन्। प्रत्येक ऋतु सम्बन्धी विचारहरूमा श्रीमद्भागवत
जस्तो उही अनुष्टुप् छन्द, उही आधा पद्यले विषय प्रस्तुति र आधा पद्य
आलंकारिक चमत्कारपूर्ण सम्बन्धित दृष्टान्त निर्देशन गर्ने प्रक्रिया, अनि उही
आध्यात्मिकता नैतिकता र सांस्कृतिकता आदिले पूर्ण विषयसित लौकि
दर्शनको सामञ्जस्य समन्वय प्रतिपादन गर्ने लक्ष्यलाई उनले आफ्न
प्रत्येक ऋतु सम्बन्धी विचारमा पूर्णरूपेण अपनाएका छन्। अतएव
श्रीमद्भागवतबाट नै ऋतु वर्णन तिर उन्मुख भएर नै उनले वर्षा विचार
प्रस्तुत गरे र क्रमश: त्यसैको सिलसिलामा शरद् आदि ऋतु सम्बन्धी
विचारहरू प्रस्तुत गर्दै अन्त्यमा ग्रीष्म विचारमा आफ्नो ऋतु वर्णन
क्रमलाई पूर्ण गरे भन्ने कुरा सिद्ध हुन आउँछ।

हुन सक्छ -- आरम्भमा उपर्युक्त कथनानुसार वर्षा ऋतु संबन्धी
वर्णन लिएर वर्षा विचारको रूपमा प्रस्तुत भइ त्यही क्रममा अन्य शरद्
आदि ऋतु सम्बन्धी विचार देखिको क्रम मिलाएर उनै ऋतु विचारहरू
पनि क्रमश: प्रकाशित हुँदै गए पछि वि. सं. १९७३ मा आएर समष्टि
रूपमा ती सबै विभिन्न ऋतु–विचारहरूको संकलन गर्दा ऋतुहरूको हाम्रो
प्रचलित क्रमिक परम्परा अनुसार ऋतुराज वसन्तलाई अग्रेसर तुल्याएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्त विचार देखिको क्रम मिलाएर उनै ऋतु विचारहरूको संकलन रूपमा
ाजको 'ऋतु विचार' नामक यो पुस्तक कवि शिरोमणि स्व० लेखनाथ
ीडचालयको अमर–कृतिको रूप लिई आज हाम्रो अगाडि देखा परिरहेको
छ।

अर्को कुरो — त्यसरी वर्षा विचारलाई श्रीमद्भागवतद्वारा प्रेरित
एर प्रस्तुत गरे पछि हेमन्त आदि अन्य ऋतुहरूको वर्णन गर्दा ऋतु-
संहार आदि अन्य संस्कृत साहित्य संबन्धी ग्रन्थहरूको अनुशीलन गर्नु पनि
लेखनाथको निति अप्रासंगिक ठहरिएन होला र गरे होलान् । यसमा त्यति
असंगति पनि देखिन्न । साथै उनका अन्य ऋतु विचारहरूमा अन्य विभिन्न
संस्कृत साहित्यिक ग्रन्थहरूको केही प्रभाव पर्न गएको पनि त्यसैले होला;
तर पनि ऋतु वर्णन सम्बन्धी उनको अभिव्यञ्जना शैली अरू ऋतु विचार
हरूमा पनि उही श्रीमद्भागतकै अनुष्टुपछन्द र उही आधापद्यले ऋतु विषयक
प्राकृतिक विवरण र आधा पद्यले विभिन्न विभिन्न आलंकारिक चमत्कृति-
हरूको प्रस्तुतीकरण रूप नै प्रायः देखा परेकाले कविले आफ्नो आधारभूत
तथा नैसर्गिक जस्तै रूपमा स्वीकार गरिसकेको शैलीलाई बिर्सन सकेनन्,
जसबाट सम्पूर्ण 'ऋतु विचार' को मूल प्रेरणा स्रोत श्रीमद्भागवतको दशम
स्कन्धको पूर्वार्ध उही बिशौं अध्यायको वर्षा र शरद् ऋतु वर्णन नै हो भन्न
निकै सजिलो हुन गएको छ । यी उपर्युक्त विवरणहरूबाट लेखनाथको
प्रस्तुत 'ऋतु विचार' वेदव्यासको श्रीमद्भागवतबाट नै प्रभावित भएर
लेखिएरको हो भन्ने सिद्ध भएको छ तर पनि यसमा अझै पनि एउटा अर्को
तर्क प्रस्तुत हुन शक्तछ त्यो के भने—

लेखनाथको ऋतु विचार श्रीमद्भागवत कै आधारमा लेखिएको हो
भन्ने तर्क त्यसवेला पूर्णतया सुसङ्गत होला, जब 'ऋतु विचार' सम्बन्धी
उपमा आदि अलंकार पूर्ण उक्ति र अभिव्यञ्जना शैली तथा छन्द आदि
विशेषताहरूको सन्तुलन 'भागवत' संगै मात्र सम्भव हुन सक्ला । तर 'ऋतु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आएको छ। किन भने, भागवतको ऋतु वर्णनमा वर्षा वर्णनले नै प्राथमिकता पाएको छ र उक्त वर्षा – वर्णन सम्बन्धी ती उपमा आ आलंकारिक चमत्कार पूर्ण उक्तिहरूद्वारा प्रभावित भएर लेखनाथ सर्वप्रथम वर्षा विचार नै प्रस्तुत हुनु धेरै अंशमा उपयुक्त देखिन्छ। व विचार पछि 'शरद् विचार' नै उनले भागवतकै आधारमा उनले प्रस्तु गरे होलान् र त्यस पछि त्यही क्रममा आफ्नो प्रतिभा स्फु हुँदै गएपछि उनबाट क्रमश: त्यही साँचोमा ढालिँदै हेमन्त, शिशिर, वस र ग्रीष्म सम्बन्धी विचारहरू पनि प्रस्तुत हुँदै गए होलान् भन्नु कुनै असङ्ग ठहरिँदैन। किन भने जुन शैली वा ढाँचामा वर्षा विचार र शरद् विचा प्रस्तुत भएका छन् त्यही ढंग अरू ऋतु सम्बन्धी विचारहरूमा पनि उन अपनाएका छन्। प्रत्येक ऋतु सम्बन्धी विचारहरूमा श्रीमद्भागवत जस्तो उही अनुष्टुप् छन्द, उही आधा पद्यले विषय प्रस्तुति र आधा पद्य आलंकारिक चमत्कारपूर्ण सम्बन्धित दृष्टान्त निर्देशन गर्ने प्रक्रिया, अनि उ आध्यात्मिकता नैतिकता र सांस्कृतिकता आदिले पूर्ण विषयसित लौकि दर्शनको सामञ्जस्य समन्वय प्रतिपादन गर्ने लक्ष्यलाई उनले आफ्न प्रत्येक ऋतु सम्बन्धी विचारमा पूर्णरूपेण अपनाएका छन्। अतए श्रीमद्भागवतबाट नै ऋतु वर्णन तिर उन्मुख भएर नै उनले वर्षा विचार प्रस्तुत गरे र क्रमश: त्यसैको सिलसिलामा शरद् आदि ऋतु सम्बन्धी विचारहरू प्रस्तुत गर्दै अन्त्यमा ग्रीष्म विचारमा आफ्नो ऋतु वर्णन क्रमलाई पूर्ण गरे भन्ने कुरा सिद्ध हुन आउँछ।

हुन सक्छ -- आरम्भमा उपर्युक्त कथनानुसार वर्षा ऋतु संबन्धी वर्णन लिएर वर्षा विचारको रूपमा प्रस्तुत भइ त्यही क्रममा अन्य शरद आदि ऋतु सम्बन्धी विचार देखिको क्रम मिलाएर उनै ऋतु विचारहरू पनि क्रमश: प्रकाशित हुँदै गए पछि वि. सं. १९७३ मा आएर समष्टि रूपमा ती सबै विभिन्न ऋतु-विचारहरूको संकलन गर्दा ऋतुहरूको हाम्रो प्रचलित क्रमिक परम्परा अनुसार ऋतुराज वसन्तलाई अग्रेसर तुल्याएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्त विचार देखिको क्रम मिलाएर उनै ऋतु विचारहरूको संकलन रूपमा आजको 'ऋतु विचार' नामक यो पुस्तक कवि शिरोमणि स्व० लेखनाथ पौडचालयको अमर–कृतिको रूप लिई आज हाम्रो अगाडि देखा परिरहेको छ।

अर्को कुरो — त्यसरी वर्षा विचारलाई श्रीमद्भागवतद्वारा प्रेरित भएर प्रस्तुत गरे पछि हेमन्त आदि अन्य ऋतुहरूको वर्णन गर्दा ऋतु-संहार आदि अन्य संस्कृत साहित्य संबन्धी ग्रन्थहरूको अनुशीलन गर्नु पनि लेखनाथको निंति अप्रासंगिक ठहरिएन होला र गरे होलान्। यसमा त्यति असंगति पनि देखिन्न। साथै उनका अन्य ऋतु विचारहरूमा अन्य विभिन्न संस्कृत साहित्यिक ग्रन्थहरूको केही प्रभाव पर्न गएको पनि त्यसैले होला; तर पनि ऋतु वर्णन सम्बन्धी उनको अभिव्यञ्जना शैली अरू ऋतु विचार हरूमा पनि उही श्रीमद्भागतकै अनुष्टुपछन्द र उही आधापद्यले ऋतु विषयक प्राकृतिक विवरण र आधा पद्यले विभिन्न विभिन्न आलंकारिक चमत्कृति-हरूको प्रस्तुतीकरण रूप नै प्रायः देखा परेकाले कविले आफ्नो आधारभूत तथा नैसर्गिक जस्तै रूपमा स्वीकार गरिसकेको शैलीलाई विर्सन सकेनन्, जसबाट सम्पूर्ण 'ऋतु विचार' को मूल प्रेरणा स्रोत श्रीमद्भागवतको दशम स्कन्धको पूर्वार्ध उही बिशौं अध्यायको वर्षा र शरद् ऋतु वर्णन नै हो भन्न निकै सजिलो हुन गएको छ। यी उपर्युक्त विवरणहरूबाट लेखनाथको प्रस्तुत 'ऋतु विचार' वेदव्यासको श्रीमद्भागवतबाट नै प्रभावित भएर लेखिएरको हो भन्ने सिद्ध भएको छ तर पनि यसमा अझै पनि एउटा अर्को तर्क प्रस्तुत हुन शक्तछ त्यो के भने—

लेखनाथको ऋतु विचार श्रीमद्भागवत कै आधारमा लेखिएको हो भन्ने तर्क त्यसवेला पूर्णतया सुसङ्गत होला, जब 'ऋतु विचार' सम्बन्धी उपमा आदि अलंकार पूर्ण उक्ति र अभिव्यञ्जना शैली तथा छन्द आदि विशेषताहरूको सन्तुलन 'भागवत' संगै मात्र सम्भव हुन सक्ला। तर 'ऋतु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विचार' सम्बन्धी उक्त विशेषताहरू श्रीमद्भागवतमा मात्र होइन, महर्षि बाल्मीकिको वृहद् ग्रन्थ रूप रामायणमा पनि पाइन्छन् । जुन कुरा प्रा० डा० त्रिपाठीजीले आफ्नो शोध ग्रन्थमा पनि विभिन्न ठाउँमा उल्लेख गरेका छन् । उक्त रामायणको किष्किन्धा काण्डमा वालीलाई मारेर सुग्रीवको राज्याभिषेक गराई लक्ष्मणका साथमा माल्यवान्नामक पर्वतमा केही दिन बिताइरहेका श्री रामजीबाट भाइ लक्ष्मणलाई सम्बोधन गर्दै वर्षा र शरद् दुवै ऋतुको वर्णन राम्ररी गरिएको पाइन्छ । त्यहाँ पनि उही श्रीमद्भागवतका जस्तै अनुष्टुप छन्द नै प्राय: प्रयोग गरिएका छन् । साथै श्रीमद्भागवतमा जस्तै वर्षा र शरद् दुवै ऋतुको वर्णन ज्यादै मीठो शैलीमा र विस्तृत रूपमा गरिएको पाइन्छ । त्यहाँ पनि आधा पद्यले ऋतु सम्बन्धी प्राकृतिक वैभव चित्रण र आधा पद्यले विभिन्न उपमा उत्प्रेक्षा आदि आलङ्कारिक अभिव्यंजना प्रस्तुतीकरण शैली पनि श्रीमद्भागवतमा जस्तै पाइएको छ । यस दृष्टिले विचार गर्दा 'ऋतु विचारको प्रेरणा स्रोत बाल्मीकिको रामायण हो' भन्ने पक्ष पनि समर्थन योग्य जस्तै देखापर्न आउँछ र कसै कसैले यही पक्षलाई नै समर्थन गर्दै– ऋतु–विचारको रहस्य खोज्ने हो भने बाल्मीकीय रामायण हेरे पुग्दछ – भन्ने भनाइ पोखिएको पनि सुन्न पाइएको छ । तर यहां यो गहिरिएर विचार गर्नु पर्ने विषय देखापर्दछ ।

हो, उक्त रामायणमा पनि माथि उल्लेख गरिए जस्तै श्रीमद्भागवत कै जस्ता विभिन्न विशेषता युक्त वर्षा र शरद ऋतु सम्बन्धी राम्रो वर्णन पाइन्छ । अझ भन्ने हो भने शरद वर्णनमा त झन विभिन्न फल – फूल, पशु – पक्षी, पाखा – पर्वत, जल – स्थल, नदी – नाला र मेघ, विजुली र आकाश तथा ग्रहगण आदि समेतको मीठो अभिव्यँजना दिनसक्ने काव्यात्मक शैलीमा विस्तार पूर्वक जस्तै वर्णन पाइन्छ । जसमा शब्दालकार तथा विभिन्न उपमा आदि अर्थालङ्कारहरूको पनि प्रशस्त मीठा अभिव्यक्तिहरू पनि भेटिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर पनि उक्त वाल्मीकीय वृहत्काय रामायणको उक्त अंशलाई 'ऋतु विचार' को प्रेरणास्रोत मान्न शकिन्न । किन भने त्यहांको उक्त वर्षा र शरद ऋतु सम्बन्धी वर्णनमा सीता वियोगी रामचन्द्रजीको सीता बियोग जन्य विलाप नै मूल रूपमा मुखरित भएको छ र प्रियाको विरहबाट उठेका आफ्ना मानसिक विकल अवस्थाहरू पोख्दै श्रीरामजीले त्यहांका प्रत्येक वस्तुस्थितिहरूलाइ सीता वियोग सम्बन्धी आफ्नो आन्तरिक असह्य व्यथाहरूका उद्दीपक रूपमा देखेर वर्णन गरिरहेका पाइन्छन् र जसमा 'ऋतु विचार' ले अपनाइएको आध्यात्मिकता र नैतिकता तथा साँस्कृतिक आदि उदात्त पक्षहरू ज्यादै शिथिल हुन पुगेका छन् अनि पूरै वर्षा र शरद को वर्णनमा करूण विप्रलम्भ शृङ्गारको उद्दीपन विभाव सम्बन्धी रूप नै प्राय : चित्रित भएको पाइन्छ र त्यहाँ रामजी स्पष्ट करूण विप्रलम्भ शृङ्गारका नितान्त - विरही नायक बन्न पुगेका छन् । त्यसैले गर्दा वर्षा र शरद ऋतु सम्न्धी विस्तृत र यथार्थ चित्रण प्रचुर भएर पनि 'ऋतु-विचार सम्बन्धी स्वतन्त्र रूपको जस्तो अभिव्यक्तिसित उक्त रामायण अन्तर्गत ऋतु वर्णनात्मक अभिव्यक्ति सन्तुलित हुन सकेको देखिन्न । जुन कुरा श्रीमद्भागवतमा स्पष्ट भएकोले पूर्णत : सन्तुलन हुन शकेको छ ।

अर्को कुरा — वाल्मीकिको उक्त रामायणमा पनि उक्त ऋतु वर्णनहरू अनुष्टुप् छन्दमा पाइन्छन् तर अनुष्टुप छन्दमा नै सीमित चाहिं छैनन । त्यसको अतिरिक्त इन्द्रवज्रा र इन्द्रवंशा आदि छन्द पनि बिच - बिचमा धेरै पाइन्छन् । लेखनाथको 'ऋतु विचारमा' चाहि प्रत्येक विचारको अन्तिम पद्य एउटा बाहेक अरु सबै अनुष्टुप छन्दकै छन् । वाल्मीकिको रामायणबाट प्रभावित भएका भए संस्कृत छन्द : शास्त्र सम्बन्धी पूर्णज्ञान हुनुका साथै विभिन्न छन्दमा आफ्नो कवितारानीलाई नचाउन सक्ने लेखनाथले ऋतु विचारमा पनि बिच - बिचमा अरु छन्दहरूमा पनि ऋतु वर्णन सम्बन्धी चित्रणहरू प्रशस्त दिन शक्तथे । तर दिइएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभिव्यक्तिको प्रस्तुती करणको साथै छन्द पनि श्रीमद्भागवतको जस् अनुष्टुप छन्द मात्र प्रयोग गरेका छन् । अतः वाल्मीकीय रामायणबा 'ऋतु विचार का कवि प्रभावित भएका छन् भन्ने पक्ष समर्थन यो बिलकुलै देखिदैंन ।

अन्ततोगत्वा यस विषयमा यही एउटै निष्कर्ष टुंगिन आउँ कवि शिरोमणि लेखनाथ ज्यूको ऋतु विचारको मूल प्रेरणा स्रो महर्षि वेदव्यासको श्रीमद्भागवतको उक्त दशमस्कन्धको पूर्वार्ध विशौं अध्याय सम्बन्धी ऋतु वर्णन नै हो र मूल प्रेरणा उक्त ग्रन्थबा पाएर नै काव्य रचना चातुरीमा निपुण तथा नैसर्गिक प्रतिभा सम्पन्न कवि हृदयले आफ्नैमा रहेको काव्यात्मक शक्तिको अपूर्व चमत्कार देखाउन श्रीमद्भागवतको उक्त ऋतु वर्णन सम्बन्धी पद्यहरूको भाव–चित्रण चाहि माथि - तल पारी बिलकुलै निजी मौलिक अभिव्यक्ति जस्तै तुल्याए वर्षा र शरद विचारमा प्रस्तुत गरे पछि अन्य ऋतु सम्बन्धी विचारहरू पनि त्यस्तै शैलीमा सम्पन्न गरेका छन् । प्रसङ्ग वश वाल्मीकि रामायण सम्बन्धी 'ऋतु वर्णन' का केही पद्य यहाँ प्रस्तुत गरिन्छन् –

स तदा वालिनं हत्वा सूग्रीव मभिषिच्य च ।
वसन् माल्यवतः पृष्ठे रामो लक्ष्मग मब्रवीत् ।। १

अयं सकाल् : संप्राप्तः समयोऽद्य जलागमः ।
सम्पश्य त्वं नभो मेघैः संवृतं गिरि सन्नि भैः ।। २

नवमास धृतं गर्भं भास्करस्य गभस्तिभिः ।।
पीत्वा रसँ समुद्राणाँ देयोः प्रसूते रसायनम् ।। ३

शक्य मम्बर मारुह्य मेघ सोपान पंक्तिभिः ।
कुटजार्जुनमालाभि रलं कर्तुं दिवाकरः ।। ४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ध्या रागोत्थितै स्ताम्रै रन्ते ष्वपिच पाण्डुभिः ।
शुभ्रै रभ्र पटच्छेदै र्बद्ध व्रण मिवाम्वरम् ॥ ५

मन्दमारुत निश्वासं सन्ध्या चन्दन रञ्जितम् ।
आपाँडुजलदं भाति कामातुर मिवाम्वरम् ॥ ६

एषा घर्म परिक्लिष्टा नववारि परिप्लुता ।
सीतेव शोक संतप्ता मही वाष्पं विमुञ्चति ॥ ७

मेघोदर विनिर्मुक्ता: कर्पूर दल शीतला: ।
शक्य मञ्जलिभिः पातुं वाता: केतक गन्धिन: ॥ ८

एष फुल्लार्जुन: शैलः केतकै रभिवासितः ।
सुग्रीव इव शान्तारि र्धाराभि रभिषिच्यते ॥ ९

मेघ कृष्णाजिनधरा धारा यज्ञोपवीतिनः ।
मारुतापूरित गुहाः प्राधीता इव पर्वता: ॥ १०

कशाभिरिव हैमीभि र्विद्युद्भिर भिताडितम् ।
अन्त स्तनित निर्घोषं सवेदन मिवाम्वरम् ॥ ११

नील मेघा श्रिता विद्युत् स्फुरन्ती प्रतिभातिमे ।
स्फुरन्ती रावण स्याङ्के वैदेहीव तपस्विनी ॥ १२

इमा स्ता मन्मथवतांँहिता: प्रतिहता दिशः ।
अनुलिप्ता इव घनै र्नष्ट ग्रह निशाकराः ॥ १३

क्वचिद् वाष्पाम्बुभीरूद्धान् वर्षागम समुत्सुकान् ।
कुटजान् पश्य सौमित्रे ! पुष्पितान् गिरि सानुषु ॥
ममशोका भिभूतस्य कामसन्दीपनान् स्थितान् ॥ १४[67]

67 वा० रामायण, किष्किन्धा काण्ड, सर्ग २८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि बाँकि सबै वर्षा – वर्णन प्राय इन्द्रबज्रा, इन्द्रवंशा जस्ता छन्दमा लेखिएको पाइन्छ र प्राय उक्त वर्णनमा पनि: उपर्युक्त तरिकाले सीता वियोगी श्रीरामजीको वियोग जन्य प्रलाप नै मुखरित छ । जसमा विभिन्न फल – फूलका वृक्षहरूको चित्रण तथा उही मेघ, विजुली आकाश, वनस्थली र पर्वत आदिको चित्रण र विभिन्न पक्षिवृन्दको चित्रण आदि प्रशस्त दिइएका छन् तर ती सबै चित्रणहरूमा पनि रामको विरह व्यथानै प्रमुख रूपमा व्यक्त भएको पाइन्छ । जसका केही उदाहरण अरूपनि यस प्रकारका छन् –

"निद्रा शनै : केशव मभ्यु पैति द्रुतं नदी सागर मभ्युपैति ।
दृष्टा बलाका घन मभ्युपैति कान्ता सकामा प्रियमभ्युपैति" ।। २५

"तडित् पताका भिरलङ्कृन्ताना मुदीर्ण गम्भीर महारवाणाम् ।
विभान्ति रूपाणि वलाहकानाँ रणोत्सुकानामिव वारणानाम्" ।। ३१

"क्कचित् प्रनृत्तै : क्वचिदुन्नदद्भिः क्कचिच्च वृक्षा ग्रनिषण्ण कायैः
व्यालम्ब वर्हा भरणैर्मयूरैं वंनेषु संगीत मिव प्रवृत्तम् ।।" ३६

"घनोपगूंढ गगनं न तारा न भास्करो दर्शन मभ्युपैति ।
नवैर्जलौघै र्धरणी वितृप्ता तमो विलिप्ता नदिशः प्रकाशाः" ।। ४३

३० (तिसौं) सर्गमा पनि शरद् वर्णन यसै शैलीमा पाइन्छ –

"अथ पद्म पलाशाक्षीं मैथिलीमनु चिन्तयन् ।
उवाच लक्ष्मणं रामो मुखेन परिशुष्यता ।।" २१
"तर्पयित्वा सहस्राक्षः सलिलेन वसुन्धराम् ।
निर्वर्तयित्वा सस्यानि कृतकर्मा व्यवस्थितः ।।" २२
"दीर्घ गम्भीर निर्घोषाः शैलद्रुमपुरोगमाः ।
विसृज्य सलिलं मेघाः परिशान्ता नृपात्मज ।।" २३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"निलोत्पलदल श्पामाः श्पामीकृत्वा दिशोदश ।
विमता इव मातङ्गाः शान्त वेगाः पयोधराः ॥" २४
इत्यादि ।

उपर्युक्त वर्षा वर्णन र शरद् वर्णनमा –

"अपाण्डु जलदं भाति कामातुर मिवाम्वरम्"
सीतेव शोक सन्तत्पामही वाष्पं विमुञ्चति"
"स्फुरन्तो रावणस्याङ्के वैदेहीव तपस्विनी ।"
"इमास्ता मन्मथवताँहितः प्रतिहता दिशः"
"ममशोकाभि भूतस्य कामसन्दीपनान् स्थितान् ॥"
कान्ता सकामा प्रियामभ्युपैति"
"अथ पद्म पलाशाक्षीं मैथिलीमिनु चिन्तयन्
उवाच लक्ष्मण रामो मुखेन परिशुष्यता ॥"

इत्यादि अंशवाट यो ऋतु वर्णन विप्रलम्भ शृंगार तर्फ नै उन्मुख भएको स्पष्टछ । अत : यसवाट 'ऋतु विचार' को स्वतन्त्र रूपमा वर्णन गरिएको तथा आध्यात्मिक, नैतिक, साँस्कृतिक र विभिन्न अदर्शोन्मुख सामाजिक वस्तुस्थिति सित तन्मयता पूर्वक वर्णन गरिएको शैली सन्तुलित रूपमा देखनु अवश्यपनि उपयुक्त हुन आउँदैन । वस्तुत : 'ऋतु विचार' को मूल प्रेरणा स्रोत श्रीमद्भागवतको दशम स्कन्ध नै हो भन्ने तथ्य नै निर्णयात्मक रूपमा स्पष्ट हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरार्द्ध

पं. लेखनाथको आलङ्कारिक प्रतिभा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली राष्ट्र भाषा साहित्यमा आफ्ना अमर देनहरू अर्पण गरी जाने नेपाली कवि शिरोमणि लेखनाथको संझना प्रत्येक सहृदय नेपालीले कहिल्यै बिर्सन सक्तैन। साना-साना नेपाली केटा-केटीहरू देखि लिएर उत्कृष्ट कोटिका समालोचक ठहरिएका विद्वान्सम्मको निति पनि लेखनाथका कृतिहरू अविस्मरणीय रूपमा रहि आएका छन्। सामान्य किसिमका वस्तुस्थितिमा पनि स्वाभाविकताको साथै अनुपम सुमधुर कल्पनाले सजाएर आफ्नो कवितात्मक – प्रतिभाद्वारा नेपाली मात्र होइन समस्त सहृदय वर्गलाई चकित तुल्याउने लेखनाथका अमर कृतिहरूले कैयौं साँस्कृतिक प्राकृतिक, धार्मिक दार्शनिक तथा आध्यात्मिक र सामाजिक विषय सम्बन्धी अनौठा काल्पनिक भएर पनि सजीव जस्ता चित्रणहरू प्रस्तुत गरेका छन्।

संस्कृतका कविगणमा "उपमा कालिदासस्य"-'कालिदासको विशेषता नै उपमा अलङ्कार हो' – भन्ने उक्तिले महाकवि कालिदासको 'उपमा' अलङ्कार सम्बन्धी वैचित्र्यमा विशेषता देखाए जस्तै नेपाली साहित्य जगत्मा "उपमा लेखनाथस्य" भनी उनका कवितामा देखा पर्ने 'उपमा' अलङ्कार सम्बन्धी वैचित्र्यका विशेषतातिर औंल्याउन नेपाली साहित्यिकहरूलाई निकै धक फुकेको पाइन्छ।

हुनत, संकृत कविसम्राट् कालिदासको केवल 'उपमा' अलङ्कारमा मात्र विशेषता रहेको छैन, त्यसका साथै अन्य बिभिन्न शब्दालङ्कार तथा अर्थालङ्कारहरूको चमत्कार पनि उनका कृतिहरूमा थोरै छैनन्। अर्थालङ्कारमा 'उपमा' बाहेक रूपक, उत्प्रेक्षा, भ्रान्ति, निदर्शना, व्यतिरेक, दृष्टान्त, काव्यलिङ्ग, अनन्वय, अतिशयोक्ति, अप्रस्तुत प्रशंसा, स्वभावोक्ति, अत्युक्ति, विभावना, विशेषोक्ति, समासोक्ति आदि अगणित रूपका भने झैं कैयौं अलङ्कारहरूले कालिदासका कृतिहरूमा खेल्न पाएका छन्। तर पनि प्रायः अर्थालङ्कारहरू साधर्म्यद्वारा सादृश्यमूलक रूपमा नै देखापर्ने भएर होला संस्कृत साहित्यका समालोचकहरूले 'उपमा' लाई 'सम्पूर्ण अर्थालङ्कारहरूकी जननी' भनेर उल्लेख गरिएकी पाइन्छ। त्यसैले प्रधानरूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'उपमा' को विशेष महत्त्व रहेको र सादृश्य मूलकताकी प्रधान नायिका नै 'उपमा' ठहरिएकीले कालिदासले पनि उपमाको पक्षमा आफ्नो विशेष अभिरुचि देखाएकोले उनको उपमा सम्बन्धी वैशिष्ट्यलाई नै विशेष रूपले कोट्याएर भनिएको हो– "उपमा कालिदासस्य" ।

हाम्रा स्व० लेखनाथ पौड्यालका कृतिहरूमा पनि केवल उपमानै मात्र विशेषता छैन, त्यसका साथै–रूपक, उत्प्रेक्षा, काव्य लिङ्ग, दृष्टान्त अर्थान्तरन्यास स्वभावोक्ति, समासोक्ति अतिशयोक्ति आदि अनगिन्ती रूपका अर्थालङ्कारहरू पनि उनका कृतिहरूमा प्रशस्त सजिएका छन् । तर पनि माथि भनिए फैं प्रायः यी सबै सादृश्य मूलक जस्तै भएकाले उनका आलङ्कारिक विशेषताहरूको द्योतक रूपमा मुख्यतया 'उपमा' नै प्रधान रूपमा ठहरिन आएको छ भन्न सकिन्छ ।

प्रसङ्गवश यहाँ 'अलङ्कार' भनेको के हो ? र 'अलङ्कार शास्त्र' भन्नाले के बुझिन्छ ? भन्ने सम्बन्धमा संक्षिप्त विवरण दिनु उपयुक्त नै होला भन्ने संझन्छु ।

'अलङ्कारः' शब्दले वस्तुतः कुनै 'शोभा बढाउने विषय' भन्ने अर्थ बुझाएको प्रतीत हुन्छ । शोभावर्द्धक विषयलाई व्यवहारमा 'सिंगार्ने साधन' भनी संझन पुगिन्छ, जसलाई नेपाली भाषामा 'गहना' भन्ने शब्द प्रयोग गरिन्छ । काव्य वा साहित्य सम्बन्धी क्षेत्रमा यो 'अलङ्कार' शब्दको प्रायः प्रयोग गरिएको हुन्छ । सामान्यतया विचार गर्ने हो भने काव्य वा साहित्य क्षेत्रमा पनि अलङ्कार शब्द 'शोभावर्धक' भन्ने अर्थलाई नै लक्ष्य गरी प्रयोग गरिएको बुझिन्छ ।

हुनत, 'अलङ्कार' शब्दको व्युत्पत्ति दुइ प्रकारबाट गरिएको पाइन्छ । जस्तैः–

क) "अलंक्रियते अनेन इति अलङ्कारः"

ख) "अलंकृतिः अलङ्कारः" ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यिन मध्ये (क) मा उल्लेख गरिएको चाहि- 'करण वोधक' व्युत्पत्ति हो, जसको भाव हो-

"अलंक्रियते अनेन- अर्थात् जसद्वारा अलंकार गरिन्छ (श्रृंगार गरिन्छ) त्यसलाई अलङ्कार भन्दछन्-" भन्ने अर्थ नै पहिलो करण वोधक-व्युत्पत्तिले झल्काउँछ। यस अनुसार यो चाहिं अलङ्कार शब्दले विभिन्न प्रकारका शब्द सम्बन्धी र अर्थ सम्बन्धी 'उपमा' आदि विषयलाई वुझाएको हुन्छ।

तर दोस्रो "अलंकृतिः अलङ्कारः" अर्थात् अलंकार हुनु नै अलङ्कार हो भनी सौन्दर्य अर्थात् सुन्दरता रूप भाव नै अलंकार शब्दले लक्ष्य तुल्याइएको छ। तर काव्यको निर्णय र निर्देशन गर्ने काव्य शास्त्र सम्वन्धी "अलंकार शास्त्र" भन्ने नाममा चाहिं यो पछिल्लो भाव—परक व्युत्पत्तिलाई स्वीकार गरेका छन्। यो कुरा आचार्य वामनले पनि स्पष्ट पारेका छन् –

"काव्यं ग्राह्यमलंकारात्" सौन्दर्य मलंकारः अलंकृति रलङ्कारः"[68]

[अलंकारले युक्त हुनाले काव्यको ग्रहण (ज्ञान) गर्नु पर्दछ सुन्दरता नै काव्यको अलंकार हो, अलंकारको भाव, सौन्दर्य नै अलंकार हो।]

यसवाट यी उपर्युक्त दुइ प्रकारका व्युत्पत्तिका तात्पर्य 'अलग–अलग रहेछन् र करण–वोधक व्युत्पत्तिद्वारा सौन्दर्य वर्धक उपमा आदि विषय वुझाउने रूपमा र भाव–वोधक व्युत्पत्तिद्वारा सौन्दर्य परक रूपमा प्रयोग हुने रहेछन् भन्ने कुरो वुझिएको छ। वस्तुतः भन्ने हो भने – कविताको विशेष शोभा वढाउनेलाई 'काव्य सम्वन्धी अलङ्कार' भन्ने सिद्धान्त सर्व-सम्मत जस्तै पाइएको छ। जसलाई अलंक्रियते अनेन– भन्ने व्युत्पत्तिले वुझाएको छ। यसैको तथ्य स्पष्ट गर्दै आचार्य मम्मटले आफ्नो 'काव्य

68 वामन–काव्यालङ्कार सूत्रवृत्तिः,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाश' नामक ग्रन्थमा काव्यगत अलङ्कारहरूको लक्षण बताउँदै लेखे छन् -

"उपकुर्वन्ति तसन्तं येऽङ्गद्वारेण जातुचित् ।
हारादिवदलङ्कारा स्तेऽनुप्रासोपमादयः ।।[69]

[जसरी – मोतीका माला, कण्ठहार आदि अलङ्कार (गहना) हरू कुनै सुन्दरीको सहज सौन्दर्यको विशेष अभिवृद्धि गरिएको हुन्छ । (त्यसै सौन्दर्य विशेषको अभिवृद्धिद्वारा जसरी सुन्दरीको उपकार अलंकार गहना गरेको हुन्छ) त्यसैगरी काव्यको आत्मा 'रस' लाई कुनै वेला सम्बन्धि वाचक र वाच्य ठहरिएका शब्द र अर्थ रूप अङ्गहरूद्वारा सौन्दर्य वृद्धि गरी उपकार गरेका हुन्छन् । तिनै 'उपकरण रूप शब्द गत 'अनुप्रास' आदि र अर्थगत 'उपमा' आदि विषयहरू नै अलङ्कारहरू हुन् (तिनैलाई अलङ्कार भन्दछन्) ।

यसबाट यो कुरा स्पष्ट हुन्छ कि अलङ्कारद्वारा काव्यको रसरूप आत्म-तत्वकै सौन्दर्य वृद्धि हुनु पर्दछ । यसरी काव्य (कवित) को विशेष शोभा बढाउनेलाई 'काव्यको अलङ्कार' मान्नु पर्ने सिद्ध भएको छ । अब विचार गरौं – काव्यको विशेष शोभा त्यसबेला स्पष्ट हुन्छ, जब कविता नै सहजात सौन्दर्यले युक्त भएको हुन्छ, सहजात सौन्दर्यको स्थितिको निमित्ति कवितामा कविताको मूल आत्मा 'रस' वा भावले युक्त हुनु पर्दछ । साथै त्यसलाई पुष्टि गर्न सक्ने रूपको अर्थात् रस वा भाव अनुरूपको ओज, माधुर्य र प्रसाद गुणको अवस्थिति पनि राम्रो सुहाउँदो रूपमा रहनु पर्दछ अनि ती गुणहरूलाई धमीलो तुल्याएर रस वा भावमा समेत धक्का पुऱ्याउने खालका काव्य सम्बन्धी दोषहरूबाट मुक्त भएको हुनु पर्दछ । काव्य सम्बन्धी यस्ता विभिन्न अङ्गहरू ठिक रूपमा रहेर सहजात सौन्दर्य सम्पन्न काव्यलाई अनि अलंकारले विशेष शोभा बढाउन सक्ने हुन्छ । यदि काव्य

६९ मम्मट–'काव्य प्रकाश' – अष्टम उल्लास – सूत्र संख्या ८८ (पृ. ४६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं नीरस, भावहीन, गुणरहित तथा दोषपूर्ण छ भने अलंकारले मात्र सजा-एर काव्यको शोभा बढ्न सक्ने हुँदैन। यस्ता रूपमा प्रयोग गरिने अलंकारहरू प्रायः शब्दालंकार नै हुन्छन्। व्यवहारमा पनि-कुनै युवती यदि कुरूप छ, अङ्ग-भङ्ग आदि दोषपूर्ण छ र साथै नारी सुलभ सद्गुणले पनि हीन छ भने त्यसलाई जति सुकै गहनाले सिंगारे पनि त्यो हृदयाऽऽह्ला-दक रूपमा सुन्दरी वन्न सक्तिन। यही तथ्यलाई लक्ष्य गरेर नै आचार्य मम्मटले काव्यको लक्षण बताउँदै लेखेका छन् –

"तददोषौ शब्दार्थौ सगुणा व नलङ्कृती पुनः क्वपि।"[70]

[त्यो विषय काव्य हो, जसमा शब्द र अर्थ दोष रहित तथा गुणले युक्त भएको होस् र कतै अलङ्कार युक्त नै नभए पनि बरु हुन्छ।]

यहाँ "अनलङ्कृती पुन क्वपि" अर्थात् –

[कतै फेरि अलंकार युक्त नभएका शब्द र अर्थ पनि काव्य वन्न सक्तछन्] भन्ने यो पदावलीले विशेष महत्वको तथ्य संकाएको छ। कतै फेरि 'अलकार युक्त नभए पनि काव्य (कविता) वन्न सक्ने' पक्षलाई सूचना गरेर काव्य (कविता) को निंति अलंकार अनिवार्य छैन– भन्ने कुरो स्पष्ट गरिएको छ यसवाट वामनको – "सौन्दर्य मलङ्कारः" 'काव्यं ग्राह्य मलं-कारात्" आदि उक्तिहरूको तात्पर्य पनि सहजात–सौन्दर्य परक रहेछ भन्ने स्पष्ट हुन्छ। त्यसैले उपर्युक्त तात्पर्य अनुसार नै अलंकार शास्त्रका प्रणेता आचार्य भामह र दण्डीले समेत प्रायः सबैले – "अलांक्रियते अनेन" भन्ने व्युत्पत्तिद्वारा निष्पन्न अलंकार शब्दले वुझाइने शब्दालंकार र अर्थालङ्कार आदि नै काव्यको मूल उद्देश्य हो भन्ने पक्षलाई भन्दा त्यस्ता अलंकारहरू काव्यको विशेष शोभा वढाउने तत्त्व हुन् भन्ने पक्षलाई विशेष रूपले समर्थन जनाएका छन्। भामहले स्पष्टै भनेका पनि छन् –

70 मम्मट – काव्य प्रकाश – प्रथम उल्लास – सूत्र संख्या१ (पृ. १३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
प्रकाश' नामक ग्रन्थमा काव्यगत अलङ्कारहरूको लक्षण बताउँदै लेखेका छन् -

"उपकुर्वन्ति तसन्तं येऽङ्गद्वारेण जातुचित् ।
हारादिवदलङ्कारा स्तेऽनुप्रासोपमादयः ॥[69]

[जसरी – मोतीका माला, कण्ठहार आदि अलङ्कार (गहना) हरूले कुनै सुन्दरीको सहज सौन्दर्यको विशेष अभिवृद्धि गरिएको हुन्छ । (त्यसरी सौन्दर्य विशेषको अभिवृद्धिद्वारा जसरी सुन्दरीको उपकार अलंकार गहनाले गरेको हुन्छ) त्यसैगरी काव्यको आत्मा 'रस' लाई कुनै वेला सम्वन्धित वाचक र वाच्य ठहरिएका शब्द र अर्थ रूप अङ्गहरूद्वारा सौन्दर्य वृद्धि गरी उपकार गरेका हुन्छन् । तिनै 'उपकरण रूप शब्द गत 'अनुप्रास' आदि र अर्थगत 'उपमा' आदि विषयहरू नै अलङ्कारहरू हुन् (तिनैलाई अलङ्कार भन्दछन्) ।

यसबाट यो कुरा स्पष्ट हुन्छ कि अलङ्कारद्वारा काव्यको रसरूप आत्म-तत्वकै सौन्दर्य वृद्धि हुनु पर्दछ । यसरी काव्य (कवित) को विशेष शोभा बढाउनेलाई 'काव्यको अलङ्कार' मान्नु पर्ने सिद्ध भएको छ । अब विचार गरौं – काव्यको विशेष शोभा त्यसवेला स्पष्ट हुन्छ, जब कविता नै सहजात सौन्दर्यले युक्त भएको हुन्छ, सहजात सौन्दर्यको स्थितिको निति कवितामा कविताको मूल आत्मा 'रस' वा भावले युक्त हुनु पर्दछ । साथै त्यसलाई पुष्टि गर्न सक्ने रूपको अर्थात् रस वा भाव अनुरूपको ओज, माधुर्य र प्रसाद गुणको अवस्थिति पनि राम्रो सुहाउँदो रूपमा रहनु पर्दछ अनि ती गुणहरूलाई धमीलो तुल्याएर रस वा भावमा समेत धक्का पुऱ्याउने खालका काव्य सम्वन्धी दोषहरूबाट मुक्त भएको हुनु पर्दछ । काव्य सम्वन्धी यस्ता विभिन्न अङ्गहरू ठिक रूपमा रहेर सहजात सौन्दर्य सम्पन्न काव्यलाई अनि अलंकारले विशेष शोभा बढाउन सक्ने हुन्छ । यदि काव्य

---

६९ मम्मट–'काव्य प्रकाश' – अष्टम उल्लास – सूत्र संख्या ८८ (पृ. ४६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै नीरस, भावहीन, गुणरहित तथा दोषपूर्ण छ भने अलंकारले मात्र सजा-
एर काव्यको शोभा बढ्न सक्ने हुँदैन। यस्ता रूपमा प्रयोग गरिने
अलंकारहरू प्रायः शव्दालंकार नै हुन्छन्। व्यवहारमा पनि-कुनै युवती
यदि कुरूप छ, अङ्ग-भङ्ग आदि दोषपूर्ण छ र साथै नारी सुलभ सद्गुणले
पनि हीन छ भने त्यसलाई जति सुकै गहनाले सिंगारे पनि त्यो हृदयाऽऽह्ला-
दक रूपमा सुन्दरी वन्न सक्तिन। यही तथ्यलाई लक्ष्य गरेर नै आचार्य
मम्मटले काव्यको लक्षण बताउँदै लेखेका छन् –

"तददोषौ शब्दार्थौं सगुणा व नलङ्कृती पुनः क्वपि ।[70]

[त्यो विषय काव्य हो, जसमा शब्द र अर्थ दोष रहित तथा गुणले
युक्त भएको होस् र कतै अलङ्कार युक्त नै नभए पनि बरु हुन्छ ।]

यहाँ "अनलङ्कृती पुन क्वपि" अर्थात् –

[कतै फेरि अलंकार युक्त नभएका शब्द र अर्थ पनि काव्य वन्न
सक्छन्] भन्ने यो पदावलीले विशेष महत्वको तथ्य संकाएको छ। कतै
फेरि 'अलकार युक्त नभए पनि काव्य (कविता) वन्न सक्ने' पक्षलाई सूचना
गरेर काव्य (कविता) को निति अलंकार अनिवार्य छैन– भन्ने कुरो स्पष्ट
गरिएको छ यसबाट वामनको – "सौन्दर्य मलङ्कारः" 'काव्यं ग्राह्य मलं-
कारात्" आदि उक्तिहरूको तात्पर्य पनि सहजात–सौन्दर्य परक रहेछ भन्ने
स्पष्ट हुन्छ। त्यसैले उपर्युक्त तात्पर्य अनुसार नै अलंकार शास्त्रका प्रणेता
आचार्य भामह र दण्डीले समेत प्रायः सबैले – "अलांक्रियते अनेन" भन्ने
व्युत्पत्तिद्वारा निष्पन्न अलंकार शब्दले वुझाइने शव्दालंकार र अर्थालङ्कार
आदि नै काव्यको मूल उद्देश्य हो भन्ने पक्षलाई भन्दा त्यस्ता अलकारहरू
काव्यको विशेष शोभा वढाउने तत्त्व हुन् भन्ने पक्षलाई विशेष रूपले
समर्थन जनाएका छन्। भामहले स्पष्टै भनेका पनि छन् -

70 मम्मट – काव्य प्रकाश – प्रथम उल्लास – सूत्र संख्या१ (पृ. १३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
"काव्यशोभायाः कर्तारो गुणाः, तदतिशय हेतव स्त्वलङ्काराः"[71]

[काव्यको शोभा उत्पति गराउने गुणहरु हुन् र काव्य शोभा विशेष रूपले बढाउने चाहिं अलङ्कार हुन्]

यस्तै प्रकारले आचार्य दण्डीले पनि आफ्नो 'काव्यादर्श' नाम ग्रन्थमा लेखेका छन् –

"काव्य शोभाकरान् धर्मा नलङ्कारान् प्रचक्षते" ।[72]

[काव्यको शोभा गराउने धर्म रूप गुणहरु र अलङ्कारहरू वर्णन गरिन्छ ।]

हो, पीयूषवर्षी जयदेव कविले चाहिं आफ्नो 'चन्द्रालोक' मा -

" अलङ्कारहीन काव्य हुन्छ भन्नेले आगोलाई तातो छैन - किन भन्दैनन् ? भनी अलङ्कार काव्यको मुख्य धर्म हो – भन्ने जनाएका छन्। यो कुरा श्री गुलाब राय एम : ए. ले आफ्नो - " सिद्धान्त और अध्ययन भन्ने ग्रन्थमा उल्लेख गरेका छन्[73] । तर 'राय' जीले पनि यस विषयमा आफ्नो सहमति जनाएका छैनन् र अलङ्कारलाई गौण पक्ष नै मानेका देखिन्छन् ।

हुनत, आचार्य भामहले यो पनि लेखेका छन् –

"न कान्त मपि निर्भूषं विभाति वनिता मुखम् ।"[74]

[युवतीको मुख राम्रै भए पनि गहना लगाइएको छैन भने त्यति राम्रो सुहाउँदैन] यस उक्ति अनुसार उनले अलङ्कारको महत्ता विशेष रूपमा झल्काइएको प्रतीत हुन्छ । तर पनि यस अघि उनले लेखेका छन् -

71 आचार्य भामह – काव्यालङ्कार सूत्र (३।१।१।२)
72 आचार्य दण्डी – काव्यादर्श (२।१)
73 गुलावराय एम्. ए. – सिद्धान्त और अध्ययन (प्रस्तावना पृष्ठ ८)
74 आचार्य भामह – काव्यालङ्कार सूत्र (१।१३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"विलक्षमणाहि काव्येन दुःसुतेनेव निन्द्यते ।।[75]

[कुनं एउटा पद यस्तो रहनु हुँदैन जसलाई व्यक्त गर्न अयोग्य होस् किन भने यस्ता असल लक्षण रूपी ऐश्वयंले हीन भएको काव्य द्वारा कवि निन्दित हुनजाने हुन्छ, जसरी कुपुत्रले गर्दा पिता आदि निन्दित हुन्छन्]

यहां विचारगर्दा काव्यको निति आवश्यक लक्षण भन्नाले काव्योचित गुण भन्ने वुझिन्छ र त्यसको आवश्यकता सम्बन्धमा पहिले विचार स्पष्ट गरे पछि अलङ्कारलाई सौन्दर्य विशेष प्रति पादक रूपमा नै पछि फेरि उल्लेख गरेका छन् । त्यसंले उनी आफ्नो काव्य लक्षणको उल्लेखमा लेख्दछन्-

"शब्दार्थौ सहितौ काव्यम्"[76]

[परम्परमा हित समेत भएका शब्द र अर्थ नै काव्य हो] यसरी हित सहित शब्द र अर्थलाई मात्र काव्यका मुख्य तत्वको रूपमा उल्लेख गरो अलङ्कारको आवश्यकता अपेक्षित देखेनन् र लेखेका छैनन् ।

यस दृष्टिवाट विचार गर्दा आचार्य भामह अलङ्कारवादी भएर पनि अलङ्कृति-रूपको अलंकार नै उनवाट अपेक्षितरहेको र शब्दालङ्कार तथा अर्थालङ्कारहरू प्रति सापेक्ष रहने छन् - भन्ने स्पष्ट हुन्छ ।

जे होस्, काव्य निर्माणमा शब्दालंकार आदि अलंकार पक्ष भन्दा सौन्दर्य (गुणरूप) परक अलंकार पक्ष नै विशेप उपादेय रहेछ भन्ने तथ्य यसवाट स्पष्ट हुन्छ । त्यसमा पनि अर्थालङ्कार भन्दा शब्दालङ्कार पक्ष काव्य रचनामा गौण ठहऱ्याइएको छ । यसवारे आचार्य 'आनन्द बर्धन' ले आफ्नो अमर कृति 'ध्वन्यालोक' नामक ग्रन्थमा लेखेका छन् -

"ध्वन्यात्म भूते श्रृङ्गारे यमकादि निवन्धनम् ।

---

75 " " " (१,११)
76 " " " (१,१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तावपि प्रमादित्व विप्रलम्भे विशेषतः ।."[77]

[शृंगार - ध्वनि - काव्यमा यमक अनुप्रास आदि अलंकार समावेश गराउनु प्रतिभाशाली कविको निति पनि दोष जस्तै बन्न जान्छ। विशेषगरी विप्रलम्भ शृङ्गार (वियोग शृङ्गार) सम्बन्धमा (त्यस्तो पर्न जाने हुन्छ)]

उपर्युक्त भनाइको तात्पर्य यो हो कि – प्रतिभा सम्पन्न समर्थवान् कवि पनि यदि रस - भाव आदि पक्षलाई भन्दा शव्दालङ्कार संयोजन रूपी कलात्मक पक्षतिर विशेष आकृष्ट हुन पुग्यो भने भाव प्रवणतामा धक्का पुग्न जान्छ र काव्यमा काव्योचित स्वाभाविक अभिव्यञ्जना स्पष्ट हुन शक्तैन । यसरी पूर्वी (संस्कृत) साहित्य सम्बन्धी दृष्टिकोण ले पनि शव्दालङ्कार संयोजना सम्वन्वी पक्षलाई गौण (केही शिथिल रूप) मा हेर्ने गरि आएको स्पष्ट हुन्छ ।

यसो भन्दैमा शव्दालङ्कारहरु बिलकुलै उपेक्षित नै हून् - भनिएको होइन, यदि भाव – प्रवाह अनुसार त्यसैको सिल - सिलामा स्वतः स्फूर्त हुँदै अनायास पूर्वक मिल्दै आउँछन् भने शब्दालङ्कार पनि काव्यको विशेष शोभा वढाउने हुन पुग्दछन् । यही कुरा उनै आचार्य आनन्द वर्धनवाट 'ध्वन्यालोक' मा स्पष्ट गरिएको छ –

"रसाक्षिप्ततया यस्य वन्धशशक्यक्रियो भवेत् ।
अपृथग्यत्न निर्वर्त्यः सोऽलङ्कारो ध्वनौमतः ।।"[78]

[रसादि ध्वनिमा (ध्वनिकाव्यमा) तिनै अलङ्कारहरु उपकारक मानिन्छन्, जुन अलङ्कार रसाभिव्यञ्जनको अनुकूल भएर अर्थात अरु कुनै प्रयास द्वारा व्ल्काइएका नभएर प्रयोग भएका हुन्छन् र जसक

77 आचार्य आनन्द वर्धन–ध्वन्यालोक–द्वितीयोद्योत–श्लोक ३८ (पृ.१२७
78 आनन्दवर्धन – ध्वन्यालोक, द्वितीय उद्योत – श्लोक ३९ (पृ. १२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग द्वारा रस सम्वन्धी एकतानता धमिलिन पाउँदैन । त्यस्ता अलङ्कार ध्वनि काव्य (उत्तम काव्य) मा स्वीकृत हुन पुग्दछन्]

प्राय : शब्दालङ्कार सम्वन्धी प्रयोगको बारेमा गरिएको ध्वन्यालोकको विवेचनात्मक दृष्टिकोण बिलकुलै स्तुत्य छ, किनभने नेपाली भाषामा पनि यस्ता प्रयोग प्रशस्त पाइन्छन् । वस्तुतः काव्यको भाव पक्षमा नै निमग्न भएर स्वाभाविक ढंगले वस्तुस्थितिको वैचित्र्यपूर्ण चित्रण प्रस्तुत गर्दा पनि विभिन्न शब्दालङ्कार हरुको समेत संयोजन हुंदै गई ती शब्दालङ्कारहरु द्वारा काव्यको उत्कर्ष प्रशस्त रुपमा चमत्कार पूर्ण हुन गएका काव्यात्मक उक्तिहरु पाइन्छन् । साथै शब्दालङ्कारहरु पद संघटना - विशेष - रूपमा नै प्रस्तुत भएका हुन्छन् र विभिन्न रसात्मक काव्य (कविता, हरुमा प्रायः पद संघटना को औचित्य द्वारा नै अपेक्षित रसानुभूति प्रगाढ हुन जाने हुन्छ । यही कुरा 'साहित्य दर्पण' मा पनि लेखिएको छ –

"पद संघटना रीतिरङ्ग संस्था विशेषवत् । उपकर्त्रीरसादीनाम् ।"[79]

[काव्यमा प्रयुक्त] पदहरुको औचित्य पूर्ण संघटना (संयोजन) रीति भनिन्छ। ती रीतिहरु शरीरका अङ्ग जस्तै काव्यका अङ्ग हुन् र रस भाव आदि लाई त्यसले उपकार नै गरिएको हुन पर्दछ] यहाँ प्रशङ्ग वश पण्डित राज श्री सोमनाथ सिग्द्यालको आदर्श राघवबाट एक पद्य उदधृत गरिन्छ –

"उठे अरूण केसरी उदय–शैलको शृङ्गमा,
सटा फट–फटाउँदै किरण–सङ्घको रङ्गमा ।
हटे तिमिरका घटा कति घटे कराऽऽघातमा,
भयो रुधिर–धारले गगन–मार्गमा रक्तमा ।।[80]

---

79 विश्वनाथ आचार्य – साहित्य दर्पण – नवमपरिच्छेद (पृ. ४६२)
80 पण्डितराज सोमनाथ सिग्द्याल – आदर्शराघव – तृतीयसर्ग श्लोक ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ दोहोरिँदै गएका 'उ ट, ङ्ग, घ, ग, व, मा अक्षरहरूको विन्यासको आतारमा देखापरेको र 'घटा' 'घटे' तथा धिर, धारको आधारमा देखापरेको वृत्यनुप्रास रूप शब्दालंकारले पद्यमा प्रस्तुत गरिएका रूपक उत्प्रेक्षा, अप्रस्तुत प्रशंसा र अतिशयोक्ति प्रभृति अर्थालङ्कारहरूलाई सहयोग गरेको र त्यसैबाट विशेष रूपमा व्यक्त हुन गएको ओजपूर्ण वीर रसको अभिव्यक्ति ज्यादै प्रभावकारी र मीठो ढंगले स्पष्टिन गएको पाइन्छ । यस प्रकार उपर्युक्त पद्यमा कवि ज्यादै मीठो शैलीमा 'संदेह-संकर' रूप अर्थालङ्कारलाई व्यक्त गर्न सफल भएका देखिन्छन् । जुन अलङ्कारहरूको अभिव्यक्तिमा कविलाई शब्दचयन सम्बन्धमा कुनै पनि तकलिफ परे जस्तो अनुभव हुँदैन । यो कुरा उक्त पद्यमा स्पष्ट भएको प्रसाद गुणको अभिव्यक्तिले राम्ररी प्रमाणित गरेको छ ।

यस्ता विभिन्न शब्दालङ्कार तथा अर्थालङ्कारहरुको चमत्कार उक्त महाकाव्यमा ठाउँ अनुसार अगणित रूपमा प्रस्तुत भएका भेटिन्छन् । पण्डितराजज्यूको यो आफ्नो पूर्वी (संस्कृत) साहित्य–समुद्र मन्थन सम्बन्धी उपलब्धि हो भन्नु पर्दछ । 'आदर्श राघव' महाकाव्य पूर्वी (सस्कृत) साहित्यका समीक्षक तथा विवेचक आचार्यहरूको कथन अनुसारका महाकाव्य सम्बन्धी कसीमा घोटिएर पूर्णतया १ नम्बरी ठहरिएको छ जसलाई नेपाली महाकाव्यमा अद्वितीय रूपमा भन्न सकिन्छ । किनभने पूर्वी (संस्कृत) साहित्य सम्बन्धी महाकाव्य परक सिद्धान्तको साङ्गोपाङ्ग रूपले यसरी अनुसरण गरी अक्षुण्णरूपमा प्रस्तुत भएको नेपाली महाकाव्य आजसम्म न कसैबाट लेखियो न अब कसैबाट लेखिने आशा गर्न सकिन्छ ? तर पनि कुनै कुनै समालोचक भनाउँदा महाशंयहरू आदर्श राघवको महत्ता तिर ध्यानै नदिई पण्डितराजज्यूको साहित्यिक व्यक्तित्व होच्याउने दिशा तर्फ निकै संलग्न रहेका पाइन्छन् र केही खोट लाउने ठाउँ नपाएर 'संस्कृत शब्दको प्रचुर प्रयोग' सम्बन्धी दोष औंल्याउँ छन् । तर तिनीहरूका आँखाले महाकवि देवकोटा, कविवर बालकृष्णसम, कवि केदारमान व्यथित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र अन्य आधुनिक कैयौं कविहरूबाट समेत बेपरवाहीसाथ प्रयोग गरिएका संस्कृत शब्दहरू यत्रतत्र नाचिरहेको देख्नसकेन छन् । यदि देखेका भए तिनीहरूको मर्थिंगलले सयौं चक्कर लगाउने थियो होला । अथवा मन न पर्ने कसैको लुगा गल्हाउँछ भने कैं पण्डितराजज्यू मात्र उपेक्षित भएर अरू महाकवि लग यत सबै कविहरूका सबै विषय सुगन्धित बन्न पुगे । यसमा निर्संग शोध्नु पर्ला । हाम्रो नेपाली समालोचना क्षेत्र यस्तै बिवेकहीन मनोवृत्तिले ग्रस्त'हकोले नै सहीरूपमा देखापर्न सकेको छैन । तर पनि यस विषयमा आदर्श राघवका महाकविले पनि महाकवि भवभूतिको

"उत्पत्स्यतेऽस्ति ममकोऽपि समान धर्मा ।
कालोऽह्य यं निरवधि विपुला च पृथ्वी ।।"[81]

भन्ने उक्तिलाई संकेर त्यो समय र त्यसन्ध्यक्तिलाई पर्खिरहेका होलान् तु व्यक्ति उनैको समान साहित्यिक व्यक्तित्व सम्पन्न होलान् ।

जेहोस् नेपाली साहित्यमा पूर्वी अलंकार संबन्धी समग्र सिद्धान्तलाई व्यवस्थत: स्वीकार गर्ने नेपाली महाकाव्यकारको खोजी गर्‍यौं भने हामी कविराज स्व० सोमनाथ सिग्द्यालज्यू बाहेक अरूलाई पाउन शक्तैनौं भने छ। त्यसैले उहाँलाई नेपाली महाकाव्यकारका अग्रगण्यको आसन प्रदान गर्न शक्तछौं ।

महाकाव्यको शास्त्रीय सिद्धान्त अनुसारको कुरै कृति पूर्ण गरी प्रस्तुत गर्न नसके पनि नेपाली काव्यजगत्मा पूर्वी सिद्धान्तकै अनुसार सिकुन सही रूपमा बेतकलिफ साथ विभिन्न अलंकारिक अभिव्यक्ति स्पष्ट गरी आफ्नो अनुपम लालित्यपूर्ण साहित्यिक चमत्कार प्रस्तुत गर्ने गर्ने एक विशिष्ट कविको रूपमा हामीले स्व. पं. लेखनाथ पौड्यालज्यूलाई पाएका छौं। साँच्चै भन्ने हो भने यिनै 'सिग्द्याल' र 'पौड्याल कवियुगल द्वारा निर्मित कृतिहरूले नै नेपाली काव्य साहित्य अन्तर्गत हाम्रो प्राचीन

81 महाकवि भवभूति–उत्तरराम चरित (प्रथम अङ्क)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत साहित्य विषयक महत्तालाई युग–युगान्तरसम्म चिरन्तन रूपले रहि रहन सक्ने क्षमता प्रदान गरेका छन् भन्न अलिकति पनि हिचकिचाउन परोइन ।

पूर्वी (संस्कृत) साहित्यमा चर्चित आलङ्कारिक विशेषताहरूको महत्वलाई स्व. पं. लेखनाथले पनि ज्यादै विशिष्ट रूपमा संकेका छन् भन्ने कुरा उनबाट प्रस्तुत उनका सम्पूर्ण कृतिहरूमा छरिएका अभिव्यक्तिहरूले छलंङ्ग तुल्याएका छन् । साधारण मुक्तक कविता देखि लिएर उनका सम्पूर्ण ग्रन्थात्मक कृतिहरूमा उनको आलङ्कारिक प्रतिभा राम्ररी स्पष्टिए को छ । पछि–पछि रचना गरिएका अरू–अरू कृतिहरूमा उनको काव्य निर्माण सम्बन्धी प्रतिभा उत्तरोत्तर प्रौढ रूपमा छिप्पिदै गएर उनको वैशिष्ट्य राम्ररी देखापरेको संझनु वस्तुतः तथ्य पूर्ण मान्न सकिन्न किन भने उनको काव्यगत अलंकार प्रयोग सम्बन्धी उनको प्रारम्भिक कृति ऋतु विचारमा नै उनका आलङ्कारिक अभिव्यञ्जनाहरू राम्ररी स्पष्ट भइ सकेका थिए ।

हुनत, 'ऋतु विचार' लेखनाथको बिलकुलै निजी कल्पना कै अभिव्यञ्जन रूप कृति होइन भन्ने तथ्य यसै प्रसङ्गको पूर्वार्धमा स्पष्ट गरि सकिएको छ । आफूले अध्ययन गरिएको उक्त ग्रन्थद्वारा नै 'ऋतु विचार' सम्बन्धी विषय वस्तुको सही रूप र वर्णन शैलीको नौलो ढंग समेतमा उनले आफ्नो अनुकरण शैलीको राम्रो परिचय दिइसकेका छन् । तापनि त्यस अनुकरणमा त्यसरी ती विषयवस्तु र वर्णन शैलीलाई बिलकुलै आत्मसात् गरी पचाएर आफ्नै निजी मौलिक सम्पत्ति जस्तै तुल्याएर प्रस्तुत गर्नु लेखनाथको निकै चातुर्यपूर्ण विशेषता हो भन्नु पर्दछ ।

कवि शिरोमणि लेखनाथज्यूको आलङ्कारिक वैचित्र्य प्रदर्शिनी सम्बन्धी चमत्कार तिर दृष्टि दिने हो भने उनको केवल 'ऋतु विचार' खण्ड काव्य एउटै पनि प्रशस्त छ । जसमा पूर्वी सिद्धान्त अनुसारका विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

...ङ्कारहरूको चित्रण विभिन्न रूपले प्रस्तुत गरिएका भेटिन्छन् । यसप्रकार ...ने भने लेखनायको कवितात्मक प्रतिभा-वैशिष्ट्यको परिचय 'ऋतु ...चार' एउटैले दिन सक्तछ ।

३२ (बत्तिस) अक्षरमा तयार हुने सामान्यरूपका अनुष्टुप् छन्दको ...रमा अनौठा-अनौठा किसिमका विभिन्न वस्तु-स्थितिहरूका चित्रण मार्मिक ...रूपमा त्यहाँ सजिएका छन् । प्रत्येक पद्यमा अन्त्यानुप्रास रूप शब्दालङ्कार ...टेको कतै पाइँदैन । कतै कतै अन्य विभिन्न अनुप्रासयुक्त पदावलीको ...चमत्कार पनि त्यस्तै स्पष्ट भएको पाइन्छ, जसमा कविको कुनै प्रयास ...गरेको झल्कँदैन र सर्वत्र सहजात रूपमा नै स्पष्ट भएका देखापर्दछन् । ...यसरी शब्दालङ्कार युक्त प्रत्येक पद्यमा झने जस्तै रूपका ललित पदावली ...द्वारा विभिन्न विषयक वस्तुहरूको यथार्थ स्थिति सकेत बोध गराउने उच्च-...कोटिका कल्पनाशक्ति अन्य आलङ्कारिक विशेषताहरू चमत्कृत रूपमा ...प्रस्तुत गर्ने कवि नेपाली कविता क्षेत्रमा अद्वितीय रूपमा जस्तै देखापरेकाले ...उनी 'कवि शिरोमणि' पदवीले विभूषित गरी राएका छन् ।

अर्थालङ्कार क्षेत्रमा भन्ने हो भने उनको दृष्टिकोण प्रायः ...उपमा, उत्प्रेक्षा र रूपक अलङ्कार तिर नै बढी आकृष्ट भएको देखिन्छ । ...यी बाहेक अन्य अतिशयोक्ति, दृष्टान्त, [illegible], स्वभावोक्ति, [illegible], ...संशय संदेह आदिहरू पनि उनका रचनाहरूमा [illegible] ...पाइन्छन् । यो कुरा उनको उक्त 'ऋतु विचार' अन्तर्गत प्रत्येक विचार ...सम्बन्धी वर्णनले प्रमाणित गरेको छ । प्रथमतः उनले आफ्नो प्रस्तुत [illegible] ...सबै मन पराएको 'उपमा' अलङ्कार तिर नै दृष्टि दिऔं -

कुनै पनि [illegible] [illegible] [illegible] ...आवश्यकता रहेको हुन्छ । [illegible] (...) [illegible] ...[illegible] निर्माण असम्भव हुन्छ [illegible] ...[illegible] अलङ्कार [illegible] ...अलङ्कारहरूको [illegible] छ । [illegible] ...[illegible] ...लाइएको छ - जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत साहित्य विषयक महत्तालाई युग–युगान्तरसम्म चिरन्तन रूपले रहन सक्ने क्षमता प्रदान गरेका छन् भन्न अलिकति पनि हिचकिचाउनु परोइन ।

पूर्वी (संस्कृत) साहित्यमा चर्चित आलङ्कारिक विशेपताहरू महत्त्वलाई स्व. पं. लेखनाथले पनि ज्यादै विशिष्ट रूपमा संकेका छन् फ्रुरा उनबाट प्रस्तुत उनका सम्पूर्ण कृतिहरूमा छरिएका अभिव्यक्ति छलंङ्ग तुल्याएका छन् । साधारण मुक्तक कविता देखि लिएर उनका सम्पूर्ण ग्रन्थात्मक कृतिहरूमा उनको आलङ्कारिक प्रतिभा राम्ररी स्पष्ट भएको छ । पछि–पछि रचना गरिएका अरू–अरू कृतिहरूमा उनको निर्माण सम्बन्धी प्रतिभा उत्तरोत्तर प्रौढ रूपमा छिप्पिदै गएर वैशिष्ट्य राम्ररी देखापरेको संझनु वस्तुत: तथ्य पूर्ण मान्न सकिन्न भने उनको काव्यगत अलंकार प्रयोग सम्बन्धी उनको प्रारम्भिक ऋतु विचारमा नै उनका आलङ्कारिक अभिव्यञ्जनाहरू राम्ररी स्पष्ट सकेका थिए ।

हुनत, 'ऋतु विचार' लेखनाथको बिलकुलै निजी कल्पनाकै अभिव्यञ्जन रूप कृति होइन भन्ने तथ्य यसै प्रसङ्गको पूर्वार्धमा स्पष्ट सकिएको छ । आफूले अध्ययन गरिएको उक्त ग्रन्थद्वारा नै 'ऋतु विचार' सम्वन्धी विषय वस्तुको सही रूप र वर्णन शैलीको नौलो ढंग उनले आफ्नो अनुकरण शैलीको राम्रो परिचय दिइसकेका छन् । त्यस अनुकरणमा त्यसरी ती विषयवस्तु र वर्णन शैलीलाई बिलकुलै सात् गरी पचाएर आफ्नै निजी मौलिक सम्पत्ति जस्तै तुल्याएर गर्नु लेखनाथको निकै चातुर्यपूर्ण विशेषता हो भन्नु पर्दछ ।

कवि शिरोमणि लेखनाथज्यूको आलङ्कारिक वैचित्र्य सम्वन्धी चमत्कार तिर दृष्टि दिने हो भने उनको केवल 'ऋतु विचार' काव्य एउटै पनि प्रशस्त छ । जसमा पूर्वी सिद्धान्त अनुसारका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलङ्कारहरूको चित्रण विभिन्न रूपले प्रस्तुत गरिएका भेटिन्छन् । यथार्थमा हो भने लेखनाथको कवितात्मक प्रतिभा-वैशिष्ट्यको परिचय 'ऋतु विचार' एउटैले दिन सक्तछ ।

३२ (बत्तिस) अक्षरमा तयार हुने सामान्यरूपका अनुष्टुप् छन्दको भरमा अनौठा-अनौठा किसिमका विभिन्न वस्तुस्थितिहरूका चित्रण मार्मिक रूपमा त्यहाँ सजिएका छन् । प्रत्येक पद्यमा अन्त्यानुप्रास रूप शब्दालङ्कार छुटेको कतै पाइँदैन । कतै कतै अन्य विभिन्न अनुप्रासयुक्त पदावलीको चमत्कार पनि त्यस्तै स्पष्ट भएको पाइन्छ, जसमा कविको कुनै प्रयास पर्न गएको झल्कँदैन र सर्वत्र सहजात रूपमा नै स्पष्ट भएका देखापर्दछन् । यसरी शब्दालङ्कार युक्त प्रत्येक पद्यमा भने जस्तै रूपका ललित पदावली द्वारा विभिन्न विषयक वस्तुहरूको यथार्थ स्थिति समेत बोध गराउने उच्च-कोटिका कल्पनाशक्ति जन्य आलङ्कारिक विशेषताहरू चमत्कृत रूपमा प्रस्तुत गर्ने कवि नेपाली कविता क्षेत्रमा अद्वितीय रूपमा जस्तै देखापरेकाले नै उनी 'कवि शिरोमणि' पदवीले विभूषित बनी गएका छन् ।

अर्थालङ्कार क्षेत्रमा भन्ने हो भने उनको दृष्टिकोण प्रायः उपमा, उत्प्रेक्षा र रूपक अलङ्कार तिर नै बढी आकृष्ट भएको देखिन्छ । यी बाहेक अन्य अतिशयोक्ति, दृष्टान्त, काव्यलिङ्ग, स्वभावोक्ति, समासोक्ति, निश्चय संदेह आदिपनि उनका रचनाहरूमा यत्र -तत्र प्रशस्तरूपमा छरिएका पाइन्छन् । यो कुरा उनको उक्त 'ऋतु विचार' अन्तर्गत प्रत्येक विचार सम्बन्धी वर्णनले प्रमाणित गरेको छ । प्रथमतः उनले आफ्नो प्रमुख नायिका जस्तै मन पराएकी 'उपमा' अलङ्कार तिर नै दृष्टि देऔं -

कुनै पनि विषयको रचनामा सम्बन्धित केही उपकरणहरुको आवश्यकता रहेको हुन्छ । विना उपकरण (आवश्यक तत्व) हरुले कुनै पनि विषय निर्माण असंभव हुन्छ त्यसैले अलङ्कारहरुको व्यञ्जनामा पनि तत् तत् अलङ्कार सम्बन्धी आवश्यक विषयहरुको निर्णय पूर्वक तत् - तत् अलङ्कारहरुको लक्षण बताइएको छ । तदनुसार 'उपमा' अलङ्कारको लक्षण 'काव्य प्रकाश' मा आचार्य मम्मटले सामान्य रूपमा ज्यादै छोटो गरी बताइएको छ - जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत साहित्य विषयक महत्तालाई युग–युगान्तरसम्म चिरन्तन रूपले रहन सक्ने क्षमता प्रदान गरेका छन् भन्न अलिकति पनि हिचकिच परोइन ।

पूर्वी (संस्कृत) साहित्यमा चर्चित आलङ्कारिक विशेषताहरू महत्त्वलाई स्व. पं. लेखनाथले पनि ज्यादै विशिष्ट रूपमा संकेका छन् कुरा उनबाट प्रस्तुत उनका सम्पूर्ण कृतिहरूमा छरिएका अभिव्यक्ति छर्लङ्ग तुल्याएका छन् । साधारण मुक्तक कविता देखि लिएर सम्पूर्ण ग्रन्थात्मक कृतिहरूमा उनको आलङ्कारिक प्रतिभा राम्ररी स्पष्ट को छ । पछि–पछि रचना गरिएका अरू–अरू कृतिहरूमा उनको निर्माण सम्बन्धी प्रतिभा उत्तरोत्तर प्रौढ रूपमा छिप्पिदै गएर वैशिष्ट्य राम्ररी देखापरेको संझनु वस्तुत: तथ्य पूर्ण मान्न सकिन्छ भने उनको काव्यगत अलंकार प्रयोग सम्बन्धी उनको प्रारम्भिक ऋतु विचारमा नै उनका आलङ्कारिक अभिव्यञ्जनाहरू राम्ररी स्पष्ट सकेका थिए ।

हुनत, 'ऋतु विचार' लेखनाथको बिलकुलै निजी कल्पना कै अभि ञ्जन रूप कृति होइन भन्ने तथ्य यसै प्रसङ्गको पूर्वार्धमा स्पष्ट सकिएको छ । आफूले अध्ययन गरिएको उक्त ग्रन्थद्वारा नै 'ऋतु विच सम्बन्धी विषय वस्तुको सही रूप र वर्णन शैलीको नौलो ढंग समे उनले आफ्नो अनुकरण शैलीको राम्रो परिचय दिइसकेका छन् । ता त्यस अनुकरणमा त्यसरी ती विषयवस्तु र वर्णन शैलीलाई बिलकुलै आ सात् गरी पचाएर आफ्नै निजी मौलिक सम्पत्ति जस्तै तुल्याएर प्र गर्नु लेखनाथको निकै चातुर्यपूर्ण विशेषता हो भन्नु पर्दछ ।

कवि शिरोमणि लेखनाथज्यूको आलङ्कारिक वैचित्र्य प्रद सम्बन्धी चमत्कार तिर दृष्टि दिने हो भने उनको केवल 'ऋतु विचार' काव्य एउटै पनि प्रशस्त छ । जसमा पूर्वी सिद्धान्त अनुसारका वि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलङ्कारहरूको चित्रण विभिन्न रूपले प्रस्तुत गरिएका भेटिन्छन् । यथार्थमा हो भने लेखनाथको कवितात्मक प्रतिभा-वैशिष्ट्यको परिचय 'ऋतु विचार' एउटैले दिन सक्तछ ।

३२ (बत्तिस) अक्षरमा तयार हुने सामान्यरूपका अनुष्टुप् छन्दको भरमा अनौठा-अनौठा किसिमका विभिन्न वस्तुस्थितिहरूका चित्रण मार्मिक रूपमा त्यहाँ सजिएका छन् । प्रत्येक पद्यमा अन्त्यानुप्रास रूप शब्दालङ्कार छुटेको कतै पाइँदैन । कतै कतै अन्य विभिन्न अनुप्रासयुक्त पदावलीको चमत्कार पनि त्यस्तै स्पष्ट भएको पाइन्छ, जसमा कविको कुनै प्रयास पनि गएको झल्कँदैन र सर्वत्र सहजात रूपमा नै स्पष्ट भएका देखापर्दछन् । यसरी शब्दालङ्कार युक्त प्रत्येक पद्यमा भने जस्तै रूपका ललित पदावली द्वारा विभिन्न विषयक वस्तुहरूको यथार्थ स्थिति समेत बोध गराउने उच्च-कोटिका कल्पनाशक्ति जन्य आलङ्कारिक विशेषताहरू चमत्कृत रूपमा प्रस्तुत गर्ने कवि नेपाली कविता क्षेत्रमा अद्वितीय रूपमा जस्तै देखापरेकाले नै उनी 'कवि शिरोमणि' पदवीले विभूषित बनी गएका छन् ।

अर्थालङ्कार क्षेत्रमा भन्ने हो भने उनको दृष्टिकोण प्रायः उपमा, उत्प्रेक्षा र रूपक अलङ्कार तिर नै बढी आकृष्ट भएको देखिन्छ । यी बाहेक अन्य अतिशयोक्ति, दृष्टान्त, काव्यलिङ्ग, स्वभावोक्ति, समासोक्ति, निश्चय संदेह आदिपनि उनका रचनाहरूमा यत्र -तत्र प्रशस्तरूपमा छरिएका पाइन्छन् । यो कुरा उनको उक्त 'ऋतु विचार' अन्तर्गत प्रत्येक विचार सम्बन्धी वर्णनले प्रमाणित गरेको छ । प्रथमतः उनले आफ्नो प्रमुख नायिका जस्तै मन पराएकी 'उपमा' अलङ्कार तिर नै दृष्टि देऔं -

कुनै पनि विषयको रचनामा सम्बन्धित केही उपकरणहरुको आवश्यकता रहेको हुन्छ । विना उपकरण (आवश्यक तत्व) हरुले कुनै पनि विषय निर्माण असंभव हुन्छ । त्यसैले अलङ्कारहरुको व्यञ्जनामा पनि तत् तत् अलङ्कार सम्बन्धी आवश्यक विषयहरुको निर्णय पूर्वक तत् - तत् अलङ्कारहरुको लक्षण बताइएको छ । तदनुसार 'उपमा' अलङ्कारको लक्षण 'काव्य प्रकाश' मा आचार्य मम्मटले सामान्य रूपमा ज्यादै छोटो गरी बताइएको छ - जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"साधर्म्यं मुपमा भेदे" [82]

अर्थात्-परस्परमा भिन्न भएर रहेका उपमान र उपमेयको दुवैमा मिल्ने समान धर्मकासाथ सम्वन्ध हुनु नै 'उपमा' अलंकार हो। त्यस्तै–पण्डितराज सोमनाथ सिग्देलज्यूको 'साहित्य प्रदीप'मा उपमाको विवरण यस्तो पाइन्छ–

"उपमा' हुन्छ सादृश्य उपमानो पमेयको ।
धर्म एक, श्लिष्ट, बिम्व–प्रति विम्वभएपनि ॥
पद्म झैं कोमल मुख, पानीदार छ रत्न झैं ।
स्मितले शोभित हुँदा चन्द्रिका चारु चन्द्र झैं ॥" [83]

यहाँ प्रसङ्गवश 'उपमान, उपमेय' आदि विषयमा केही स्पष्ट गर्नु वाँछित होला –

१) जुनविषय कसैद्वारा तुलना गरिने हुन्छ अर्थात् दाँजिने हुन्छ त्यो 'उपमेय' हो ।

२) कुनै विषयको तुलना गर्दा 'फलानो जस्तो' भनी जसलाई देखाइन्छ त्यो 'उपमान' हो ।

३) 'उपमेय र उपमान' को सम्वन्ध स्थापित गरिनको निति दुवैमा रहन सकिने तुल्यरूपको प्रकृति वा स्वभाव वा धर्म (गुणआदि) लाई दुवैमा रहन शक्ने 'साधारण धर्म' भन्दछन् र तिनै साधारण धर्म द्वारा उपमेय र उपमान-दुवैमा सादृश्य (तुलना) बुझिने हुन्छ ।

४) अनि त्यस्तो उपमान र उयमेयको धर्म (स्वभाव, गुण आदि) सम्बन्धी तुल्यतालाई बुझाउने– 'जस्तै, माफिक, सरी, तुल्य, सम,

82 आचार्य मम्मट – काव्य प्रकाश – दशम उल्लाल–सूत्र संख्या १२५ (पृ. ५४०)

83 पण्डितराज सोमनाथ सिग्देल – साहित्य प्रदीप – पञ्चम प्रकाश (पृ. ८९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समान' जैं र वरावर' आदि शब्दहरुलाई 'वाचक शब्द' भन्दछन् । यिनै चारतत्वले राम्ररी पूर्ण भएपछि उपमा अलङ्कार पूर्ण हुन्छ ।

उपमा अलंकारमा मात्र होइन, यस्ता साधारण धर्म मिलेर सादृश्य बुझिने भई सादृश्य मुलक रुपमा सवै अर्थालङ्कार' हरू (उत्प्रेक्षा, अपन्हुति, रूपक दृष्टान्त काव्यलिङ्ग आदि) अलङ्कारहरूमा यी तत्वहरुको अपेक्षाकृत अस्तित्व रहेकै हुन्छ । जस्तै – समान्यतः' 'चन्द्रमा' 'जस्तो हिसिलो वालक" यस वाक्यांशमा–यहाँ–'उपमेय वालक' 'उपमान - चन्द्रमा' 'हिसिलो पन रूप 'साधारण धर्म' र 'जस्तो' यो साधर्म्य (सादृश्य) बोधक शब्द वनेका छन् । जसवाट–उपमान, उपमेय, साधारण धर्म र बोधक (वाचक) शब्द समेत चारै तत्व युक्त भएकोले यो पूर्णोपमा अलंकार युक्त वनेकोछ ।

यही वाक्यमा केही भनाइको तरिका फरक तुल्याएर प्रयोग गर्दा अरू विभिन्न अलङ्कारहरु पनि स्पष्ट हुन पुग्दछन् । जस्तै

क) "चन्द्रमारूपी बालक" यहाँ 'रूपक' अलङ्कार परेको छ ।

ख) "यो वालक चन्द्रमानै हो कि क्या ? यहाँ 'उत्प्रेक्षा' अलङ्कार परेको छ ।

ग) "यो वालक होइन, चन्द्रमा हो !" यहाँ 'अपन्हुति' अलङ्कार पर्दछ ।

ग) "यो (वालक) चन्द्रमा हो !" यहाँ अतिशयोक्ति अलङ्कार पर्दछ ।

ङ) "यो वालकलाई देखेर म चन्द्रमालाई संझन्छु" यहाँ 'स्मृति' अलङ्कार पर्दछ ।

च) "यो वालक हो कि चन्द्रमा हो ?" यहाँ 'सन्देह' नामक अलङ्कार पर्दछ ।

छ) " यो चन्द्रमा होइन, बालक हो " यहाँ 'निष्चय' नामक अलङ्कार पर्दछ । इत्याद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी – उपमेय, उपमान साधारण धर्म वनेका उनं वालक, ... र हिसिलोपन धर्मको आधारमा विभिन्न अलङ्कार पर्न गएको ... बुझ्दछौं। यस्तं भङ्गी विशेषमानै संपूर्ण अर्थालङ्कारहरुको ... रहेको हुन्छ। यस्तं प्रकारका भङ्गी विशेषका विभिन्नताहरुबाट ... आलङ्कारिक उक्तिहरुको एउटा समष्टिरूप जस्तै 'लेखनाथ' पौड्याल... 'ऋतु विचार' देखा पर्दछ।

'ऋतु विचार' मा लेखनाथले वसन्त, ग्रीष्म, वर्षा शरद, हेमन्त ... शिशिर समेत छवटै ऋतुहरुको क्रमिक वर्णन गर्दै तत् -तत् ऋतु सम्बन्धी विविध प्रकारका प्राकृतिक स्थितिहरु, पशु – पंक्षी, वनस्थली, वगैचा, ... नाला रूख लहरा फल– फूल आदिका साथै प्रत्येक ऋतुवाट मानव समाज... अनुभव गरिने तिता– मिठा विषयहरुको समेत अतिशय स्वाभाविक ... मार्मिक रूपमा चित्रण दिइएका छन् जसको आधारमा उनका विभिन्न आलङ्कारिक – प्रतिभाहरु सजीवरूपमा मूर्त जस्तै वनेका छन्। ... ऋतु विचारका प्रत्येक पद्यमा लेखनाथीय कवि मुसु—मुसु हांसिरहेका छन्।

१. उपमा

'ऋतु विचारमा' उल्लेख भएका अलङ्कारहरू मध्ये कविको अति... मन पर्ने प्रमुख अलङ्कार 'उपमा'को वैचित्र्य प्रदर्शन सम्बन्धी केही उदाहरणहरु यहाँ प्रस्तुत गरिन्छन् –

१) वसन्त - विचार' मा वसन्त ऋतु सम्बन्धी प्राकृतिक वातावरणको उपयुक्त चित्रण गर्दै उपमालङ्कार सम्बन्धी वैचिव्य यसरी प्रस्तुत गरिएको छ –

क) " देखिन्छ नाति – शीतोष्ण महिमा ऋतु राजको।
दया दण्डज्ञ राजाको नीति झैं राज–काजको ॥"[84]

84 लेखनाथ–ऋतु विचार–वसन्त–विचार (श्लोक ५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहां - ऋतु - राज (वसन्त) को महिमा - उपमेय, राजाको राजकाज सम्बन्धी नीति - उपमान, ज्यादै चिसो र ज्यादै गर्मी नभएको अवस्थावाट झल्कने मध्यम रूपको स्थिति तथा उचित ठाउँमा उचित रूपको दया र दण्डको व्यवस्था गर्न शक्ने मध्यम मार्गको नीति सम्बन्धी स्थिति रूप दुवै (उपमान र उपमेय) तिर मिलेको साधारण धर्मले जनाएको तुल्यता अनि 'झैं' यो सादृश्य वाचक (तुल्यता बुझाउने) शब्द समेत यी चारै तत्वहरूले युक्त भएको हुँदा यस पद्यमा 'पूर्ण – उपमा' अलङ्कार स्पष्ट हुन गएको छ ।

ख) "पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सव ।
विवेक – ज्योतिले शुद्ध विद्या तुल्य वनिन् अव ।।[85]

(वसन्द ऋतुको अलौकिक जस्तै रमणीय चह्किलो प्रभाव परेकोले पृथिवी सवै (तिर) राम्ररी प्रकाशित भइ रहेकी छन् । जसरी सत् र असत् छुट्याउन शक्ने विवेकशील वुद्धिले गर्दा शुद्ध भएको विद्या (ज्ञान) प्रकाशित हुन्छ ।)

यहाँ – वासन्ती पृथिवी - उपमेय' विद्या - उपमान, वसन्तको प्रभाव परेर प्रकाशित हुनु र सत् - असत्को विवेक रूपी ज्योतिले शुद्ध भएर प्रकाशित हुनु रुप साधारण धर्म 'तुल्य' यो सादृश्य वाचक शब्द समेत स्पष्टै उल्लेख भएकोले यहाँ पनि पूर्ण - उपमा' अलङ्कार स्पष्ट भएको छ ।

अर्को एउटा मीठो उपमाको अभिव्यक्ति यस प्रकारको छ–

ग) "कोही चह्किला पुष्प वासना नभये (ए) पनि ।
मूर्ख आडम्वरी जस्तै रूपका छन् वडा धनी ।।"[86]

85 लेखनाथ–ऋतु विचार वसन्त–विचार (श्लोक १६)
86 " " " (श्लोक–३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

((वसन्तमा) कुनै फूलहरु वासना (वास्ना) नभए पनि केवल रुपकै सौन्दर्य मात्र झल्काएर चहकिला देखिएका छन् । जसरी मूर्ख तथा आडम्बरी मानिसहरु मानवोचित कुनै गुण नभए पनि केवल शारीरिक रुप-रङ्गकै सौन्दर्य मात्र झल्काउन सफल हुन्छन्)

यहाँ फूलहरु उपमेय, मूर्ख आडम्बरीहरु-उपमान, वास्ना रुपी उचित गुण नभए पनि वाहिरी रूपका मात्र धनी भएर राम्रो देखिनु र मानवोचित्त गुण नभएर वाहिरी रुपमा मात्र धनी भएर झल्कनु - रुप - साधारण धर्म र 'जस्तै' यो तुल्यता वाचक शब्द समेत स्पष्टै उल्लेख भएकाले यो पनि 'पूर्ण उपमा' को उदाहरण वनेको छ ।

यस्तै अरु उपमाका अभिव्यक्तिहरू वसन्त वर्णनमा यसरी दिइएका छन् ।

घ) "भृङ्गले रस रित्याई चुसेको पुष्प–वाटिका ।
देखिन्छ वैरिविध्वस्त निर्धो देशसरी फिका ।।"[87]

ङ) मौंथलीहरू साऽऽनन्द योग्य जोडी मिलीकन ।
माया चेतन झैं थाले गुण कृत्य जमाउन ॥

च) वियोगी पान्थका आगे रसिलो ऋतु–नायक ।
भयो भारतका लेखा कलि झैं दुःखदायक ।।

इत्यादि

यस्तै उपमाका अभिव्यक्तिहरू सम्बन्धी उदाहरणहरु 'ग्रीष्म विचारमा पनि पाइन्छन् । ग्रीष्म विचारका केही श्लोकहरु पनि यहाँ उद्धृत गरिन्छन् –

87 लेखनाथ–ऋतु विचार–वसन्त विचार (श्लोक ४९,८७,९१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ) "टाढा टिल-विलाएका जल जस्तै मनोहर ।
मसीना बालुवा माथि झल्कन्छन् सूर्यका कर ।।[88]

[मसीना बालुवा–उपमेय, जल–उपमान, सूर्यका किरण परेर झल्कनु दुवैमा रहने साधारण धर्म र 'जस्तै' यो तुल्यतावाचक शब्द समेत मिलेर यहाँ उपमा अलङ्कारपूर्ण भएको छ ।]

उक्त श्लोकमा मृगतृष्णिका रूप वालुवासंग टाढा टिल-विलाएका जलको तुलना गरिएको राम्रो अभिव्यक्ति पाइएको छ ।

अर्को उपमाको अभिव्यक्ति–

ज) "निकाली अग्निको ज्वाला आपसैमा भिडीकन ।
कुरूवंशी सरी थाल्यो वशश्रेणि विनाशिन ।"[89]

[वंश–श्रेणो – (वाँसकाधारी) – उपमेय, कुरूवंशी (कौरव खलक) – उपमान, आपसमा भिडेर विनाशिनु रूपी दुवैतिर रहने साधारण धर्म र 'सरी' यो तुल्यता वाचक शब्द समेत मिलेर यहाँ पनि 'उपमा' पूर्ण रूपमा झल्किएको छ ।]

उक्त श्लोकमा – वनका बाँसहरू सुकेपछि ग्रीष्म (गर्मीको समय) मा आफैं जुधेर त्यसंवाट निक्लेको आगोद्वारा ती सुकेका बाँसहरूमा डढेलो लाग्न थाल्दछ र आ–आफै खरानी हुन्छन्, जसरी कौरव खलकहरू आफैले निकालेको ईर्ष्या र क्रोधको आगोले गर्दा आ–आफैले जुधेर–लडेर संहार भएका थिए– भन्ने भावमा उपमा व्यक्त गरिएको छ ।

यस्तै ग्रीष्ममा अरू पनि उपमाका उदाहरणहरू पाइन्छन् ।

---

88 लेखनाथ–ऋतु विचार–ग्रीष्म विचार (श्लोक २०)
89 ऐ ऐ ऐ (श्लोक ६८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब वर्षा विचारमा पाइने उपमाका दृष्टान्त दृष्टि देऔं –

झ) "छोडी क्षितिजको रेखा सुस्त-सुस्तै उँभोतिर।
मैनाक—तुल्य त्वो कालो उठायो मेघले शिर।"[90]

[यहाँ – मेघ (वादल) उपमेय, मैनाक (पर्वत) उपमान, सुस्त-सुस्तै (विस्तारै) शिर उठाउनु-दुवै तर्फ लाग्ने साधारण धर्म र 'तुल्य' यो तुल्यता वोधक शब्द-समेत मिलेर राम्रो 'उपमा' पूर्ण भएको छ।]

त्यस्तै अरू पनि वर्षा विचार सम्वन्धी उपमाका मीठा अभिव्यक्तिहरू यस प्रकारका छन् –

ञ) १] "देखिन्छ नयनाऽऽनन्दी उसको कान्ति माधुरी।
टलक्क टल्कने चिल्लो नीलो पर्वतको सरी॥"

२] "खिची लप-लपाऽऽकार तर्वार विजुलीमय।
गर्जन्छ रणमा मत्त वीर झैं मेघ निर्भय।"

३] "राम्रा नयाँ नयाँ रङ्ग निकालेर थरी थरी।
मेघ चक्कर खाँदैछ कविको प्रतिभा सरी॥"

४] "पवित्र परमात्माको भक्तिमा सत्य भक्त झैं।
शीतलो जलधारामा भिजेको छ प्रजा सधैं॥"

५] "झरीले छोपि राखेका वर्षाका दिन छन् सव।
अविद्याले अँठ्याएका जीव–तुल्य गतप्रभ॥

६] "जथाभावी छरी पानी जुवाको हरूवा सरी।
घुमिन्छ छेउ लागेर कालो मेघ घरी घरी॥"

७] "सारा कीट–पतङ्गादि आत्तिए भेलमा परी।

90 लेखनाथ–ऋतु विचार वर्षा विचार (श्लोक ५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दारिद्रयले डुबाएका भारतीय प्रजासरी ॥"[91]
इत्यादि ।

अब शरद् विचार तिर लागौं, वहाँ पनि 'उपमा' रानीलाई कविले त्यतिकै राम्रो चालमा नचाएका छन्–

ट) 'रूप-रङ्गादिले शून्य सत्व-शेष कुनै घन ।
जीवन्मुक्त सरी थाले हावामा माफिक खेलन ॥[92]

[घन (बादल) उपमेय, जीवन्मुक्त (योगी) उपमान, रूप-रङ्ग आदि विशेषता सूचक तथा सत्व मात्र (सत्त्वगुण र अस्तित्व मात्र) अवशेष भएर प्राणरूप तथा वातावरणमा वहने हावाको अधीनमा रहेर खेल्दै रहनु रूप दुवै तर्फ लाग्ने साधारण धर्म र 'सरी' यो तुल्यता वाचक शब्द समेत मिलेर यहाँ पूर्ण उपमा अलङ्कार स्पष्ट भएको छ ।

पद्यको आशय यस प्रकारको छ– जसरी जीवन्मुक्त भएका योगी (अर्थात् संसारको कुनै माया र मोहवाट उम्केर 'म' र 'मेरो' भन्ने भावना रहित भइ सकेको योगी) जसरी प्राण रहेसम्म वातावरणले जता लगायो उतै लागेर आफ्नो कुनै प्रतिक्रिया न जनाउँदै यत्रतत्र घुमिरहन्छन्, त्यसैगरी वर्षामा जल सबै वर्साएर कालो-नीलो रूप-रङ्ग आदि सबै विशेषता छोडेर वादलहरू हलुको तवरले हावाले जता लगायो त्यतै लागेर खेल्न लागेका हुन्छन् ।

यस्तै शरद् ऋतुमा अरू पनि उपमा सम्वन्धी बिभिन्न चित्रणहरू विशद तथा स्वाभाविक रूपमा प्रस्तुत भएका छन् । जस्तैः–

---

91 ऐ ऐ (श्लोक ६,७,१९,३४,३८,४७ र ५४)
92 ऐ शरद् विचार (श्लोक ८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठ) १] "सारा उपाधिले शून्य, शून्य आकाश यो घरी।
झल्कन्छ कल्पनाशून्य योगीको हृदयं-यरी ॥
२] "नदीका जलले छोड्यो सारा वगर सुस्तरी।
ज्ञानीका मनले तुच्छ भोगको वासना सरी॥"
३] "हिमका चुचुरा सारा साह्रै स्वच्छ मनोरम।
देखिन्छन् आत्म-विद्याका सिद्धान्त सरि दुर्गम।"
४] "विधाताले खटाएका कमलद्युति जाँचमा।
जाँचकी-तुल्य झैं घुम्छन् भमराहरू पुष्पमा।"
५] "काव्यमा कविको दिव्य कल्पना शक्तिको सरी।
जलमा अतिराम्रो छ हंसको गति-चातुरी॥"
६] "त्यो हंस-गतिले चल्छ जल निर्मल सुस्तरी।
लय मुक्त महात्माको चित्तको कलना-सरी॥"
७] "कृषिको श्रम-साफल्य देखनाले प्रजासव।
परमानन्द पाएको योगी झैं छ खुशी-अव॥"
८] "फूलमा मदको गन्ध भरिएको छतीवन।
शरत्को वनमा वद्ध हात्ती तुल्य छ शोभन।"
९] "चन्द्रको चाँदनी-रूप झल्कँदा राति गौरव।
कर्पूरले लिपेजस्तो देखिन्छ जगतै सव॥"
१०] "योगीको मन झैं पानी, वाटो वेद-पथैसरी।
शुद्ध देखिन्छ सम्पूर्ण शरत्का सङ्गले गरा॥"[93]

यस्तै प्रकारका उपमाका चमत्कारहरू हेमन्त र शिशिर ऋतु सम्बन्धीं विचारहरूमा पनि कविले प्रशस्त

93 लेखनाथ-ऋतु विचार-वसन्त विचार (श्लोक २५,४६,५५,६१,७५, ९०, १००)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा प्रस्तुत गरेका छन् । जसका अभिव्यक्तिहरू विचार गर्दा कविले आफ्नो प्रतिभाको राम्ररी परिचय दिन सफल भएको तथ्य स्पष्ट हुन्छ ।

कवि हेमन्त ऋतु वर्णनमा उपमा अलंकार यसरी व्यक्त गर्दछन् ।

ड) "मैलो विषय-तृष्णामा मुक्तिको महिमा सरी ।
कुइरामा बिपत्ताभो श्रीसूर्योदयको घरी ।।"[94]

यहाँ कुइरो–उपमेय, विषय–तृष्णा–उपमान, सूर्योदय समय वेपत्ता हुनु र मुक्तिको महिमा वेपत्ता हुनु रूप साधारण धर्म अनि 'सरी' यो सादृश्य वाचक शब्द समेत मिलेर पूर्ण–उपमा अलंकार व्यक्त भएको छ । त्यस्तै अर्को कुइरो सम्बन्धी वर्णनमा उपमा यसरी व्यक्त गरिएको छ –

ढ) 'कुइरामा कठै ! काग घुँछन् अन्योलमा परी ।
मायाले मुक्तिको मार्ग बिर्सेका विषयीसरी ।।"[95]

अर्को फेरि तुषारोले छोपिएको भूमि वर्णनमा—

१] "छोपिएकी तुषारोले देखिन्छिन् भूमि यो घरी ।
कुनै कपास झैं सेतै फुलेकी बुढिया सरी ।"
२] "जराले जीवको दिव्य यौवन-ज्योति झैं सब ।
दवायो शीत-धाराले शरत्को पुष्प–गौरव ।।"
३] "कन्था विकामका भद्दा थाङ्नामा मस्तभै कन ।
हालका कविजी जस्तै लागे गरिव खुम्चिन ।।"

94 लेखनाथ–ऋतु विचार, हेमन्त विचार (श्लोक ३०)
95 ऐ ऐ ऐ (श्लोक ३२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४] "फिका देखिन्छ अत्यन्त पद्मले शून्य पोखरी।
जुवामा धनफालेका जुवाडेको घरैंसरी ॥"[96]

यसरी हेमन्त विचारमा पनि आफ्नो उपमा वैशिष्ट्य उपर्युक्त रूपमा कविले प्रस्तुत गरेका छन्।

शिशिर वर्णनमा पनि उपमाका उदाहरण प्रशस्त पाइन्छ।

ण) "दिनहुँ तल घर्कन्छ चुलिएको हिमाचल।
बिहोसी ऐशमा मस्त राष्ट्र झैं मद संकुल॥"[97]

हिमाचल (हिमालय) उपमेय, बिहोसी राष्ट्र घमण्डले झैं चुलिँदै जानु र दिनहुँ फेरि तल घर्कनु - दुवैमा मिल्ने साधारण धर्म अनि 'झैं' यो तुल्यता वाचक शब्द समेत मिलेर यहाँ 'उपमा' पूर्ण रूपमा स्पष्ट भएकोछ।

अरू पनि यस्तै उपमाका कैयौं उदाहरण शिशिर बिचारमा पनि पाइन्छन्, जस्तैः-

त) १) "कडा बतासले जाडो जागेको छ घरी घरी।
जन - सङ्गतिले कच्चा योगीको वासना सरी॥"

२) "मैलो शिशिर यो नामा धामी झैं जंजमाउँछ।
थोत्रो वादलको ढ्याङ्ग्रो ढन्न ढन्न बजाउँछ॥"

३) "आकाश रूँदिदै आयो केही मैलो - पना घरी।
भित्री कुकर्म - चिन्ताले सताएको मनै सरी॥"

४) "घर्केको हिम रेलिन्छ नदीका स्रोतमा सधैं॥
संसारी जीवको सारा वुद्धिमा भवितव्य झैं॥"

96 ऐ ऐ ऐ (श्लोक ३९,५०,८०,८८)
97 ऐ, ऐ, शिशिर वर्णन (शिशिर विचार) (श्लोक ५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. [illegible]
कुराको [illegible]

यति मात्र होइन, [illegible]
सम्पन्न गर्ने अधिकार [illegible]
अन्य इन्द्रियहरूमा अनुकूल [illegible]
स्पष्ट गरेका छन् । [illegible]
अर्थालङ्कार उत्प्रेक्षा [illegible]

उत्प्रेक्षा [illegible]
र साधारण धर्म आदि [illegible]
आवश्यक पर्नेको हुन्छ । [illegible]
उपमान बन्ने [illegible]
वस्तु विचार [illegible]
स्पष्ट भएको छ ।

'उत्प्रेक्षा' अलङ्कारको [illegible]
गरिएको छ –

"भवेत्सम्भावनोत्प्रेक्षा [illegible]
वाच्या [illegible]
वाच्येवादि [illegible]
जातिर्गुणः क्रिया [illegible]
तदष्टधापि [illegible]
गुण क्रिया [illegible]
द्वात्रिंशद् विधत्वं [illegible]

[illegible]
विश्वनाथ–साहित्य [illegible]
(पृ.२७१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४] "फिका देखिन्छ अत्यन्त पद्मले शून्य पोखरी।
जुवामा धनफालेका जुवाडेको घरैसरी ॥"[96]

यसरी हेमन्त विचारमा पनि आफ्नो उपमा वैशिष्ट्य उपर्युक्त रूपमा कविले प्रस्तुत गरेका छन्।

शिशिर वर्णनमा पनि उपमाका उदाहरण प्रशस्त पाइन्छ।

ण) "दिनहुँ तल घर्कन्छ चुलिएको हिमाचल।
बिहोसी ऐशमा मस्त राष्ट्र झैं मद संकुल॥"[97]

हिमाचल (हिमालय) उपमेय, बिहोसी राष्ट्र घमण्डले झैं चुलिँदै जानु र दिनहुँ फेरि तल घर्कनु-दुवैमा मिल्ने साधारण धर्म अनि 'झैं' यो तुल्यता वाचक शब्द सबै मिलेर यहाँ 'उपमा' पूर्ण रूपमा स्पष्ट भएकोछ।

अरू पनि यस्तै उपमाका कयौं उदाहरण शिशिर विचारमा पनि पाइन्छन्, जस्तै:-

त) १) "कडा बतासले जाडो जागेको छ घरी घरी।
जन - सङ्गतिले कच्चा योगीको वासना सरी।"
२) "मैलो शिशिर यो नामा घामी झैं जंजमाउँछ।
थोत्रो बादलको ढ्याङ्ग्रो ढन्न ढन्न बजाउँछ॥"
३) "आकाश रूँदिदै आयो केही मैलो - पना घरी।
भित्री कुकर्म - चिन्ताले सताएको मनै सरी॥"
४) "घर्केको हिम रेलिन्छ नदीका स्रोतमा सबै॥
संसारी जीवको सारा बुद्धिमा भवितव्य झैं॥"

96 ऐ ऐ ऐ (श्लोक ३९,५०,८०,८८)
97 ऐ, ऐ, शिशिर वर्णन (शिशिर विचार) (श्लोक ५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५) "पह्लाए दुइ - चारोटा कलिला फूलका कली
कृत्यको तत्व जानेका विज्ञ जस्तै अलि अलि ॥"[98]

यति मात्र होइन, 'उपमा' अलङ्कारमा लेखनाथको आफ्नो पैत्रिक सम्पत्तिमा जस्तै अधिकार वसिसकेको कुरा उनको ऋतु विचारले जस्तै अन्य कृतिहरूमा प्रस्तुत गरिएका उपमा सम्बन्धी वैचित्र्यहरूले पनि राम्ररी स्पष्ट गरेका छन् । अब कवि लेखनाथजीले ज्यादै मन पराइएको अर्को अर्थालङ्कार 'उत्प्रेक्षा' को सम्बन्धमा पनि केही चर्चा गरूँ –

उत्प्रेक्षा अलङ्कारमा पनि 'उपमा' मा जस्तै - उपमेय उपमान र साधारण धर्म अनि उत्प्रेक्षा बाचक शब्द गरी यी चार तत्वको आवश्यक परेको हुन्छ । 'उत्प्रेक्षा' अलङ्कारमा पनि कवि शिरोमणिजीका उपमामा जस्तै अनौठा चमत्कारपूर्ण कल्पनाहरु सजिएका छन् । जुन कुरा 'ऋतु विचार' अन्तर्गत 'उत्प्रेक्षा' अलङ्कार सम्बन्धी अभिव्यक्तिहरू द्वारा स्पष्ट भएको छ ।

'उत्प्रेक्षा' अलङ्कारको लक्षण प्रस्तुत गर्दै साहित्य दर्पणमा यसरी बेढिएको छ –

"भवेत्संभावनोत्प्रेक्षा प्रकृतस्य परात्मना ।
वाच्या प्रतीयमाना सा प्रथमं द्विविधा मता ॥
वाच्येवादि प्रयोगे स्या दप्रयोगे परा पुनः ।
जातिर्गुणः क्रिया द्रव्यं यदुत्प्रेक्ष्यं द्वयोरपि ।
तदष्टधापि प्रत्येकं भावा ऽभावाभिमानतः ।
गुण क्रिया स्वरूप त्वान्निर्मित्तस्प पुनश्च ताः ।
द्वात्रिंशद् विधतां यान्ति"[99]

---

[98] ऐ. ऐ. ऐ. ऐ. (श्लोक ११, १९, २७, ५२, ९३)
[99] विश्वनाथ-साहित्य दर्पण-दशम परिच्छेद (अलंकार संख्या) ५८ (पृ.५७१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–प्रस्तुत विषय (उपमेय) लाई अप्रस्तुत विषय (उपमान) रूपले संभावना गर्नु (संभव ठान्नु) नै उत्प्रेक्षा अलङ्कार हो। त्यस उत्प्रेक्षाका वाच्या र प्रतीयमाना भन्ने दुइ भेद मुख्य हुन्। उपमामा जस्तै यहाँ पनि वाचक शब्द स्पष्ट भएमा वाच्या- उत्प्रेक्षा हुन्छ र वाचक शब्द प्रतीयमान' रूपमा रहन गयो अर्थात् प्रसङ्गले मात्र बुझिने वाचक शब्द हुन गयो र स्पष्टै वाचक शब्दको उल्लेख भएन भने त्यस्तो उत्प्रेक्षा 'प्रतीयमान' रूपको हुन्छ। ती दुवैले कुनै जाति, गुण, क्रिया र द्रव्य सम्बन्धी विषयको उत्प्रेक्षा गरेमा प्रत्येक २।२ भेदले गर्दा ८ प्रकारका हुन्छन्। ती आठ प्रकारमा पनि कुनै विषयको भाव सम्बन्धी र अभाव सम्बन्धी उत्प्रेक्षा हुने हुन्छ। त्यसैले ती फेरी २ थरी हुँदा १६ प्रकारका हुन्छन्। ती १६ प्रकारका पनि उत्प्रेक्षा अलङ्कार उत्पत्ति गराउने मूल कारण रूप सम्बन्धी गुण र क्रिया हुन गएमा ती सबै डब लिएर ३२ प्रकारका उत्प्रेक्षा हुन्छन्।

काव्य प्रकाशमा उत्प्रेक्षा अलंकारको लक्षण यसरी गरिएको छ-

"संभावनमथोत्प्रेक्षा प्रकृतस्य समेनयत्"[100]

[प्रकृतविषय (उपमेय)को सम (उपमान विषय) रूपले संभावना गर्नु उत्प्रेक्षा अलंकार हो।]

स्मरणीय छ- आचार्य मम्मटले उत्प्रेक्षाको विषय अगणित रूपमा हुन सक्ने हुनाले त्यसका भेदहरू देखाउनु अनावश्यक सम्झेका छन् र उत्प्रेक्षा जहाँ पनि केवल उत्प्रेक्षा कै रूपमा सम्झे पुग्ने भन्ने विचार लिएका छन्। यो कुरा काव्यप्रकाशका टीकाकार डा० सत्य व्रत सिंहले आफ्नो व्याख्यामा उल्लेख गरेका छन्।[101]

100 आचार्यमम्मट–काव्यप्रकाश दशम उल्लास सूत्र संख्या १३७, का ? वामनी टीका सहितको पृष्ठ ५८४

101 डां. सत्यव्रतसिंह – काव्यप्रकाश – व्याख्या हिन्दी काव्य प्रकाश (पृष्ठ ३५५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–प्रस्तुत विषय (उपमेय) लाई अप्रस्तुत विषय (उपमान) रूपले संभावना गर्नु (संभव ठान्नु) नै उत्प्रेक्षा अलङ्कार हो। त्यस उत्प्रेक्षाका वाच्या र प्रतीयमाना भन्ने दुइ भेद मुख्य हुन्। उपमामा जस्तै यहाँ पनि वाचक शब्द स्पष्ट भएमा वाच्या- उत्प्रेक्षा हुन्छ र वाचक शब्द प्रतीयमान' रूपमा रहन गयो अर्थात् प्रसङ्गले मात्र बुझिने वाचक शब्द हुन गयो र स्पष्टै वाचक शब्दको उल्लेख भएन भने त्यस्तो उत्प्रेक्षा 'प्रतीयमाना' रूपको हुन्छ। ती दुवैले कुनै जाति, गुण, क्रिया र द्रव्य सम्बन्धी विषयको उत्प्रेक्षा गरेमा प्रत्येक २।२ भेदले गर्दा ८ प्रकारका हुन्छन्। ती आठ प्रकारमा पनि कुनै विषयको भाव सम्बन्धी र अभाव सम्बन्धी उत्प्रेक्षा हुन्छ। त्यसैले ती फेरी २ थरी हुँदा १६ प्रकारका हुन्छन्। ती १६ प्रकारका पनि उत्प्रेक्षा अलङ्कार उत्पत्ति गराउने मूल कारण रूप सम्बन्धी गुण र क्रिया हुन गएमा ती सबै डब लिएर ३२ प्रकारका उत्प्रेक्षा हुन्छन्।

काव्य प्रकाशमा उत्प्रेक्षा अलंकारको लक्षण यसरी गरिएको छ-

"संभावनमथोत्प्रेक्षा प्रकृतस्य समेनयत्"[100]

[प्रकृतविषय (उपमेय)को सम (उपमान विषय) रूपले संभावना गर्नु उत्प्रेक्षा अलंकार हो।]

स्मरणीय छ- आचार्य मम्मटले उत्प्रेक्षाको विषय अगणित रूपमा हुन शक्ने हुनाले त्यसका भेदहरू देखाउनु अनावश्यक संझेका छन् र उत्प्रेक्षा जहाँ पनि केवल उत्प्रेक्षा कै रूपमा संझे पुग्ने भन्ने विचार लिएका छन्। यो कुरा काव्यप्रकाशका टीकाकार डा० सत्य व्रत सिंहले आफ्नो व्याख्यामा उल्लेख गरेका छन्।[101]

---

100 आचार्यमम्मट–काव्यप्रकाश दशम उल्लास सूत्र संख्या १३७, का. प्र. वामनी टीका सहितको पृष्ठ ५८४

101 डां. सत्यव्रतसिंह – काव्यप्रकाश – व्याख्या हिन्दी काव्य प्रकाश (पृष्ठ ३५५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. उत्प्रेक्षा

उत्प्रेक्षाको वस्तुत: उपयुक्त भेद सहितको केही विवरण पण्डितराज सोमनाथ सिग्द्यालज्यूबाट अपनो साहित्य प्रदीपमा स्पष्ट गरिएकोछ। जसमा भनिएको छ–

'उत्प्रेक्षा हुन्छ प्रकृत–वस्तुमा तुल्य-वस्तुको।
सम्भावना, तथा केही हेतुको फलको पनि ॥"

यसप्रकार सिग्द्याल पण्डितराजज्यूबाट उत्प्रेक्षाको लक्षण सम्बन्धी व्याख्यागर्दै फेरि लेखिएकोछ–

"प्रकृत उपमेयमा उपमान वस्तुको सम्भावना, किंवा कुनै कुरालाई कुनै कुराको कारण हो कि भन्ने संभावना, अथवा कुनै कुरालाई कुनं कुरा को फल हो कि (प्रयोजन हो कि) भन्ने संभावना भएमा उत्प्रेक्षा' अलङ्कार हुन्छ।" [102]

यसप्रकार उक्त ग्रन्थ अनुसार उत्प्रेक्षाका 'तन मुख्य भेद देखा पर्दछन १ वस्तु- उत्प्रेक्षा, २ हेतु– उत्प्रेक्षा, ३ फल उत्प्रेक्षा' अरू पनि विभिन्न पूर्वी आचार्य र अन्य विद्वानहरुबाट 'उत्प्रेक्षा' अलङ्कार सम्वधमा विभिन्न विचार व्यक्त गरेका छन तर पनि उत्प्रेक्षा अलकार वस्तुतः वाच्या र प्रतीयमानाका रूपमा दुई भेद मान्नु नैं पर्याप्त देखिन्छ। वाचक शब्द स्पष्ट भएमा वाच्या' र वाचक शब्द उल्लेख नभएमा प्रतीयमाना' रूपको हुन्छ। उपमामा वाचक 'झैं, जस्तै, जस्तो, तुल्य, सरी' आदि शव्द झैं यहाँ उत्प्रेक्षामा वाचक शव्दको रूपमा-हो कि, कि, मानु क्यारे आदि अव्यय शव्द प्रयोग भएका हुन्छन्। वस्तुतः उत्प्रेक्षा अलंकार अति रोचक र मर्मस्पर्शी तथा चमत्कारपूर्ण कल्पनाको

102 पण्डितराज सोमनाथ सिग्देल – साहित्य – प्रदीप - पञ्चम प्रकाश (पृष्ट १०१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपज रुपमा संकिन्छ । स्व· पं. लेखनाथको ऋतु विचारमा पाइने उत्प्रेक्षा सम्बन्धी केही चित्रण यहाँ उदृत गरिन्छन् ।

वसन्त विचारमा वासन्ती प्रकृतिको एक अभिव्यक्ति यसरी प्रस्तुत गरिएको छ –

क) पृथ्वीको दिव्य सौन्दर्य नअटाएर पट्ट भैं ॥
फुटी बाहिर निस्कयो कि ? पुष्पका रूपमा सबै ॥ [103]

(पृथ्वीको सौन्दर्य फुलहरूले गर्दा यति स्पष्ट रूपमा झल्केको छ, मानू पृथ्वीको भित्र भित्रै सौदर्य नअटाएकोले थाम्नै नसकी पट्ट फुटेर फूलहरूको रूप लिई विभिन्न रूपमा बाहिर निस्केर देखापरेको हो कि ?)

यहाँ उपमेय - पुष्पहरुलाई उपमान पृथ्वीको दिव्य सौन्दर्य को रूपमा संभावना गरी अनुपम सौन्दर्यको छटा रूप साधारण धर्म झल्काउँदै 'कि' यो उप्प्रेक्षा वाचक अर्थात संभावना सूचक पद समेत उल्लेख भएकोले यो उत्प्रेक्षा अलङ्कार वाच्य रूपको हुन गएको छ ।

ख) गुलाफको लगाएर विधिले लाल मोहर ।
दिएको हो कि वा वाग भृङ्गकै भोग खातिर ॥ " [104]

(यहाँ प्रकृत उपमेय - गुलाफ उपमान - लालमोहर, गुलाफ र लाल मोहरमा भएको रातो पना गुण साम्यता रूप साधारण धर्म अनि 'कि' यो उत्प्रेक्षा वाचक शब्द समेत मिले ॰ यहाँ उत्प्रेक्षा अलङ्कार स्पष्ट भएको छ ।)

त्यस्तै अरूपनि उत्प्रेक्षाका उदाहरणहरू पाइन्छन् जस्तं-

ग) "नागले ऋतु · सौन्दर्य हेर्नलाई उँभो तिर ।

103 लेखनाथ - ऋतु विचार - वसन्त विचार - श्लोक ३२
104 लेखनाथ - ऋतु बिचार - वसन्त विचार - श्लोक ४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पानीबाट निकालेकि पद्मका रूपमा शिर ।। " [105]

उपमेय - कमल, उपमान - नाग शिर, पोखरीमा चट्ट देखापर्नु साधारण धर्म अनि 'कि' उत्प्रेक्षा वाचक शब्द- समेत मिलेर यो उत्प्रेक्षा बनेको छ ।

अब ग्रीष्म वर्णन सम्बधी उत्प्रेक्षा तर्फ हेरौं-

(घ) राम्रो वन–वगैंचाको वासन्ती कान्ति मन्द भो ।
मानू स्वर्गीय गङ्गाको मधुर स्रोत बन्द भो ।।" [106]

यहां वन वगैंचाको वासन्ती कान्ति (वसन्तकोशोभा) मन्द भएकोमा स्वर्गीय गङ्गाको मधुर स्रोत बन्द भएर त्यस्तो भएको हो कि ? भन्ने रूपको उत्प्रेक्षा स्पष्ट गरिएकोछ । त्यस्तै:–

(ङ) "गरमीको कडा मुस्लो सल्काएर सर्वतिर ।
भसक्कं पार्न आँट्यो कि विधिले सृष्टि सुन्दर ? ।।" [107]

यहाँ पनि– गरमी बढेर सर्वतिर कडा ताप फैलिन लागेको ग्रीष्म–परिस्थितिमा–सृष्टिकर्ताले गरमीको मुस्लो सल्काएर सुन्दर सृष्टि नै भसक्कै पार्न आटेको हो कि ? भन्ने उत्प्रेक्षा राम्ररी स्पष्ट गरिएकोछ । अर्को फेरि–

(च) "तातो लप–लपाएको रातो जिभ्रो झिकीकन ।
कराल काल लाग्यो कि लपक्कै लोक चाटन ? ।।" [108]

105 लेखनाथ - ऋतु विचार - वसन्त विचार - श्लोक ९७
106 लेखनाथ-ऋतुविचार–ग्रीष्म विचार श्लोक २
107 " " , श्लोक १३
108 " " श्लोक ७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँपनि सर्वतिर बढदै फैलिएको ग्रीष्मको तातोले चराचर प्राणी छट्पटिइरहेको स्थितिमा कराल (क्रूर) कालले तातो रापनै रातो जिभ्रो लप-लपाउँदै (निकाली) समस्त लोकलाई नै लपक्क चाट्न लागेको हो कि ? भन्ने उत्प्रेक्षा स्पष्ट गरिएको छ ।

वाचक शब्द प्रयोग नगरीकन 'प्रतीयमाना'को रूपमा व्यक्त भएको उत्प्रेक्षा यसरी स्पष्ट गरिएकोछ –

(छ) "घामको नाम पारेर कालले अति उत्कट ।
आफ्नो लय–लीलाको देखायो चंचमावट ॥" 109

वर्षा विचारमा पनि कवि 'उत्प्रेक्षा' का विशेषताहरु प्रशस्त मात्रामा व्यक्त गर्दछन् - जस्तै :–

ज) ग्रीष्म - तप्त वसन्त - श्री नुहाई पोखरी महाँ ।
हाँस्दै जुलुङ्ग निस्किन् कि ? पद्मका रूपमा अहा !" 110

ग्रीष्मको गर्मीले तातिएर छट्पटिएकी वसन्त शोभाले पोखरीमा नुहाएर हाँस्दै निस्केकी हुन् कि भने झैं पोखरीमा कमलहरू जलमाथि देखापर्दै फुल्न थाले भन्ने उत्प्रेक्षा यहाँ ज्यादै सुहाउँदो छ ।

यस्तै फेरि –

झ) "मानू स्वर्गीय सङ्गीत - कलाको दिव्य माधुरी ।
वर्षन्छ जल - धाराको साथैमा त्यो थरी थरी ॥" 111

जलधाराको साथ साथै पृथ्वीमा थरी थरी किसिमका

---

109 लेखनाथ–ऋतु विचार वर्षा विचार (श्लोक ५)
110 लेखनाथ ऋतु विचार वर्षा विचार श्लोक ६९
111 लेखनाथ ऋतु विचार वर्षा विचार श्लोक ७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गीय संगीत कलाको दिव्य - माधुरी वर्षेको होकि भन्ने उत्प्रेक्षा राम्ररी यहाँ स्पष्ट गरिएको छ।

'प्रतीयमाना' रूपका उत्प्रेक्षाहरू पनि जस्तै-

ञ) "साना सीकरले सारा अङ्ग सर्र रसाउँछ।
स्वर्गीय सुख - वर्षाको मनमा हर्ष आउँछ ॥"[112]

साना साना पानिका थोपा छिट्याउँदा पनि आङ नै सर्र रसाएर मानू स्वर्गीय सुख - वर्षा सम्बन्धी सुख मनले अनुभव गर्दछ भन्ने यो 'प्रतीयमाना उत्प्रेक्षा पनि राम्रोछ। अर्को 'प्रतीयमाना' उत्प्रेक्षा-

ट) "अघीका खुर्खुरे नाङ्गा तुच्छ डाँडाहरु पनि
तृण - सम्पत्ति पाएर वने सौन्दर्यका धनी ॥"[113]

शरद ऋतुमा फेरि अर्को रूपमा उत्प्रेक्षा व्यक्त गर्दछन्

ठ) "मेघले अघि वर्षामा गरेका पुण्य वृष्टिको।
फलरूप नयाँ रङ्ग निस्क्यो कि सब सृष्टिको ॥"[114]

शरद शोभा प्रति कविको यहाँ - अघि वर्षामा मेघले गरेका पुण्य वृष्टिको फलस्वरूप सवै सृष्टिको नयाँ रङ्ग निस्केको हो कि ? भन्ने उत्प्रेक्षा राम्रो रूपमा अभिव्यक्त भएको छ।

अर्को -

ड) " वृक्ष, पर्वत, आकाश गर्व सौंदर्यको गरी
पानीमा हेर्न लागे कि आफनू मुख - माधुरी ॥"[115]

112 लेखनाथ–ऋतु विचार वर्षा विचार (श्लोक २४)
113 ऐ ऐ ऐ (श्लोक ६८)
114 लेखनाथ–ऋतु विचार शरद् विचार (श्लोक १४)
115 ऐ ऐ ऐ (श्लोक ३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को – फूलहरूको सौन्दर्य चित्रण गर्दै–

ढ) "हंमराज नयाँ रङ्ग झिकी अत्यन्त दङ्ग छ।
मानू सूर्यमुखीलाई सूर्य वन्ने उमङ्ग छ।।"[116]

यसरी यहाँ प्रस्तुत गरिएका उत्प्रेक्षामा पूर्वार्द्धमा प्रतीय-माना रूपको र उत्तरार्द्धमा 'वाच्या' रूपको उत्प्रेक्षा स्पष्ट भएको छ।

अर्को–एउटै पद्यमा 'प्रतीयमाना' नै दुई प्रकारले यसरी व्यक्त गरिएका छन् –

ण) "उता गोदावरी जम्मै फुलेर ढकमक्क छ।
यता सरस नेवारी त्यो देखी अकमक्क छ।।"[117]

यहाँ गोदावरी सबै ढकमक्क फुलेकोबाट मानू गर्वले फुलेका हुन् कि भने जस्ता देखिएका र नेवारी चाहि मानू गोदावरीको सौन्दर्यलाई जित्न असमर्थ भई अकमक्क परेका हुन् कि भने जस्ता देखिएको तथ्यद्वारा दुवैतिर प्रतीयमाना रूपमा स्पष्ट भएको छ। अब हेमन्त वर्णनतिर लागौं –

त) "ठण्डीका डरले सेतो मण्डीमा भै गुटुमुटु।[118]
नीदले पृथिवी देवी वनीछन् कि लुटू–पुटू ।।"

सेता तुषाराले छोपिएकी पृथिवी उपर झल्काइएको 'सेतो मण्डीमा गुटूमुटू भएर पृथिवी लुटुपुटू बनेछन् कि भन्ने' उत्प्रेक्षा अति मनोहर देखिएको छ।

'प्रतीयमाना उत्प्रेक्षा' यसरी व्यक्त गरिएको छ –

---

116 लेखनाथ–ऋतु विचार, शरद् विचार (श्लोक ८३)
117 लेखनाथ–ऋतु विचार, शरद् विचार (श्लोक ८५)
118 लेखनाथ–ऋतु विचार, हेमन्त विचार (श्लोक ४०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थ) मैलो दुर्गुणको थैलो त्यो हेमन्त भयङ्कर ।
देखेर डरले भागी शरद् वाला दिगन्तर ॥[119]

अब– शिशिर विचारमा पनि कविका केही उत्प्रेक्षाहरू यसरी स्पष्ट भएका पाइन्छन् –

द) "ठण्डीका पिरले मानू हिम आफैं उँधोतिर ।
वसाई वस्न आयो कि बनाई काँठमा घर ॥"[120]

शिशिरमा हिउँ परेको वेला वा ज्यादै तुषारो परेको वेलाको चित्रणमा 'ठण्डीका डरले हिउँ नै उंधोतिर बसाई वस्न आएको हो कि ? भन्ने उत्प्रेक्षा ज्यादै राम्रो रूपमा झल्किएको छ । अर्को –

ध) 'चीसो तप तपाऽऽकार चाँदनी–रूप चादर ।
ओढी उग्रतपस्यामा मस्त छन् कि निशाकर ॥[121]

त्यस्तै फेरि –

न) "वर्षाको त्यो महादानी मेघको महिमा सबै ।
गरीबीपनले हो कि खुम्चिएछ पुरा अब ॥[122]

३. रूपक

लेखनाथका 'रूपक' अलङ्कार सम्बन्धी चित्रण पनि ज्यादै रोचक शैलीमा व्यक्त भएका थुप्रै पाइन्छन् — उपमेय नै उपमान रूपमा आरोपित हुन गयो भने अर्थात् – उपमेय नै उपमान रूपमा बुझिन गयो भने त्यहाँ

119 लेखनाथ–ऋतु विचार हेमन्त विचार (श्लोक ३)
120 लेखनाथ–ऋतु विचार शिशिर विचार (श्लोक ४७)
121 ऐ ऐ ऐ (श्लोक ६६)
122 ऐ ऐ ऐ (श्लोक ३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपक अलंकार पर्दछ । यो कुरा काव्य प्रकाशमा यसरी उल्लेख गरिएको छ –

"तद्रूपक मभेदो य उपमानोपमेययोः ।[123]

अर्थात् – उपमान र उपमेयको अभेदज्ञान अर्थात् अभेदारोप हुनु अथवा उपमान र उपमेयको काल्पनिक अभेद जस्तै बुझियो भने त्यहाँ रूपक अलङ्कार परेको हुन्छ ।

रूपक अलङ्कारलाई लक्ष्य गरी 'साहित्य प्रदीप' मा पण्डितराज सोमनाथज्यू लेख्नु हुन्छ –

विना निषेध सममा अभेदारोप "रूपक"
भूलोकको अमृत हो रसीलो काव्यको रस ।।[124]

अर्थात् - उपमेयलाई निषेध नगरी उपमानको अभेदारोप भएमा 'रूपक' अलङ्कार हुन्छ । उदाहरणमा पृथ्वीको अमृत नै काव्य रस हो यहाँ, उपमेय काव्य रस र उपमान अमृत थियो र काव्य रसमा नै अमृतको अभेद बुद्धि गरिएर काव्य रस लाई काल्पनिक अमृत रूपमा मानि दिएकोले यहाँ रूपक अलङ्कार परेको छ ।

लेखनाथका केही रूपक अलङ्कार सम्बन्धी चित्रण यहाँ उतारिन्छ-

क) "रस वेतनका लोभी यद्वा भ्रमर - शिक्षक ।
अफ्नू जीविका गर्छन् पढाई पुष्प – वालक ।।[125]

यहाँ – रस रूपी तलवको लोभी भएको भ्रमर रूपी शिक्षकले फूलरूपी वालकलाई (भूँ–भूँ आवाज गर्दै) पढाउन थालेको हो कि भन्ने उत्प्रेक्षा भित्र रस रूप वेतन, भ्रमर रूप

---

123 मम्मट – काव्य प्रकाश– दशम उल्लास सूत्र (संख्या १३९ पृष्ठ ५९३

124 पण्डितराज सोमनाथ – साहित्य प्रदीप – पञ्चम प्रकाश (पृष्ठ ९७)

125 लेखनाथ - ऋतु विचार - वसन्त विचार – (श्लोक ४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible]

तसर्थ —

ख) "हेर्नु [illegible]

हुस्याउनाशमा [illegible]

यहाँ पनि [illegible]

(किरण) [illegible]

उदास [illegible] । यहाँ [illegible] (उपमेय) [illegible]

(उपमान) को [illegible]

बुद्धि हुन गएकोले [illegible] अलङ्कार [illegible] गएको छ।

ग्रीष्म विचारमा पनि [illegible]

गरेका छन् —

ग) "प्रतापीका प्रतापाग्नि शिखा [illegible]

दबाई जगतैलाई अब यस्ले खडा हुन्। [127]

यहाँ प्रतापी राजाको प्रतापरूपी अग्निको शिखा (ज्वाला) [illegible]

यस्ता कहा दिनले जगतैलाई दबा न खडा [illegible]

यमाना उत्प्रेक्षा मिश्र – प्रतापरूपी अग्नि [illegible] गरिएको छ।

गएको छ।

घ) ज्वाला – जाल फिजारेको [illegible]

देखी डरी डरी [illegible]। [128]

---

126 लेखनाथ–ऋतु विचार, बसन्त विचार (श्लोक ८८)

127 ऐ ऐ ग्रीष्म विचार (श्लोक ४)

128 लेखनाथ • ऋतु वि. ग्रीष्म विचार (श्लोक ५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपक अलंकार पर्दछ । यो कुरा काव्य प्रकाशमा यसरी उल्लेख गरिएको छ –

"तद्रूपक मभेदो य उपमानोपमेययो: ।[123]

अर्थात् – उपमान र उपमेयको अभेदज्ञान अर्थात् अभेदारोप हुनु अथवा उपमान र उपमेयको काल्पनिक अभेद जस्तै बुझियो भने त्यहाँ रूपक अलङ्कार परेको हुन्छ ।

रूपक अलङ्कारलाई लक्ष्य गरी 'साहित्य प्रदीप' मा पण्डितराज सोमनाथज्यू लेख्नु हुन्छ –

विना निषेध सममा अभेदारोप "रूपक"
भूलोकको अमृत हो रसीलो काव्यको रस ।।[124]

अर्थात् - उपमेयलाई निषेध नगरी उपमानको अभेदारोप भएमा 'रूपक' अलङ्कार हुन्छ । उदाहरणमा पृथ्वीको अमृत नै काव्य रस हो यहाँ, उपमेय काव्य रस र उपमान अमृत थियो र काव्य रसमा नै अमृतको अभेद बुद्धि गरिएर काव्य रस लाई काल्पनिक अमृत रूपमा मानि दिएकोले यहाँ रूपक अलङ्कार परेको छ ।

लेखनाथका केही रूपक अलङ्कार सम्बन्धी चित्रण यहाँ उतारिन्छ-

क) "रस वेतनका लोभी यद्वा भ्रमर - शिक्षक ।
अफ्नू जीविका गर्छन् पढाई पुष्प – वालक ।।[125]

यहाँ – रस रूपी तलबको लोभी भएको भ्रमर रूपी शिक्षकले फूलरूपी वालकलाई (भूँ-भूँ आवाज गर्दै) पढाउन थालेको हो कि भन्ने उत्प्रेक्षा भित्र रस रूप वेतन, भ्रमर रूप

---

123 मम्मट – काव्य प्रकाश– दशम उल्लास सूत्र (संख्या १३९ पृष्ठ ५९३

124 पण्डितराज सोमनाथ – साहित्य प्रदीप – पञ्चम प्रकाश (पृष्ठ ९७)

125 लेखनाथ - ऋतु विचार - वसन्त विचार – (श्लोक ४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षक र पुत्र-रूप बालक को [illegible]

उपमेय बनेका छन्, अमर तथा पुत्रलाई [illegible]

बालकको रूपमा उपमान रूपले कल्पना गरी अभेद [illegible]

गरिएकोले रूपक अलङ्कारहरू भएका छन् ।

त्यस्तैः—

ख) "हेर्दा वसन्त-लक्ष्मीको त्यस्तो त्यो मोहनी छवि ।
हृदयाऽकाशमा दोस्रै निस्कन्छन् प्रेमका रवि ॥[126]

यहाँ पनि वसन्तको शोभाको त्यस्तो त्यो मोहनी छवि (किरण) देख्दा हृदय रूपी आकाशमा प्रेम रूपी अर्को सूर्य उदाउन थाल्दछन् । यहाँ हृदय (उपमेय) मा आकाश (उपमान) को र प्रेम (उपमेय) मा सूर्य (उपमान) को अभेद बुद्धि हुन गएकोले रूपक अलंकार पर्न गएको छ ।

ग्रीष्म विचारमा पनि रूपक अलङ्कारहरू यसरी स्पष्ट गरेका छन् -

ग) "प्रतापीका प्रतापाग्नि शिखा जस्ता कडा दिन ।
दबाई जगतैलाई अब थाले खडा हुन ॥[127]

यहाँ प्रतापी राजाको प्रतापरूपी अग्निको शिखा (ज्वाला) जस्ता कडा दिनले जगतैलाई दबाउन खडा भएको जस्तो प्रतीयमाना उत्प्रेक्षा भित्र - प्रतापरूपी अग्नि भन्ने यो रूपक पर्न गएको छ ।

घ) ज्वाला - जाल फिंजारेको खडेरी रूप दानव ।
देखी डरी डरी दप्के किन्नरी झैं चरी सब ॥[128]

---

126 लेखनाथ-ऋतु विचार, वसन्त विचार (श्लोक ८३)

127 ऐ ऐ ग्रीष्म विचार (श्लोक ४)

128 लेखनाथ - ऋतु वि. ग्रीष्म विचार (श्लोक ५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपक अलंकार पर्दछ । यो कुरा काव्य प्रकाशमा यसरी उल्लेख गरिएको छ –

"तद्रूपक मभेदो य उपमानोपमेययोः ।[123]

अर्थात् – उपमान र उपमेयको अभेदज्ञान अर्थात् अभेदारोप हुनु अथवा उपमान र उपमेयको काल्पनिक अभेद जस्तै बुझियो भने त्यहाँ रूपक अलङ्कार परेको हुन्छ ।

रूपक अलङ्कारलाई लक्ष्य गरी 'साहित्य प्रदीप' मा पण्डितराज सोमनाथज्यू लेख्नु हुन्छ –

विना निषेध सममा अभेदारोप "रूपक"
भूलोकको अमृत हो रसीलो काव्यको रस ।।[124]

अर्थात् - उपमेयलाई निषेध नगरी उपमानको अभेदारोप भएमा 'रूपक' अलङ्कार हुन्छ । उदाहरणमा पृथ्वीको अमृत नै काव्य रस हो यहाँ, उपमेय काव्य रस र उपमान अमृत थियो र काव्य रसमा नै अमृतको अभेद वुद्धि गरिएर काव्य रस लाई काल्पनिक अमृत रूपमा मानि दिएकोले यहाँ रूपक अलङ्कार परेको छ ।

लेखनाथका केही रूपक अलङ्कार सम्वन्धी चित्रण यहाँ उतारिन्छ-

क) "रस वेतनका लोभी यद्वा भ्रमर - शिक्षक ।
अफ्नू जीविका गर्छन् पढाई पुष्प – वालक ।।[125]

यहाँ – रस रूपी तलवको लोभी भएको भ्रमर रूपी शिक्षकले फूलरूपी वालकलाई (भूँ–भूँ आवाज गर्दै) पढाउन थालेको हो कि भन्ने उत्प्रेक्षा भित्र रस रूप वेतन, भ्रमर रूप

123 मम्मट – काव्य प्रकाश– दशम उल्लास सूत्र (संख्या १३९ पृष्ठ ५९३
124 पण्डितराज सोमनाथ – साहित्य प्रदीप – पञ्चम प्रकाश (पृष्ठ ९७)
125 लेखनाथ - ऋतु विचार - वसन्त विचार – (श्लोक ४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षक र पुष्प–रूप बालक भन्ने रूपकहरू परेका छन् । जसमा उपमेय बनेका रस, भ्रमर तथा पुष्पलाई वेतन, शिक्षक र बालकका रूपमा उपमान रूपले कल्पना गरी अभेद बुद्धि स्पष्ट गरिएकोले रूपक अलङ्कारहरू परेका छन् ।

त्यस्तै:—

ख) "हेर्दा वसन्त–लक्ष्मीको त्यस्तो त्यो मोहनी छवि ।
हृदयाऽऽकाशमा दोस्रै निस्कन्छन् प्रेमका रवि ।।[126]

यहाँ पनि वसन्तको शोभाको त्यस्तो त्यो मोहनी छवि (किरण) देख्दा हृदय रूपी आकाशमा प्रेम रूपी अर्को सूर्य उदाउन थाल्दछन् । यहाँ हृदय (उपमेय) मा आकाश (उपमान) को र प्रेम (उपमेय) मा सूर्य (उपमान) को अभेद बुद्धि हुन गएकोले रूपक अलंकार पर्न गएको छ ।

ग्रीष्म विचारमा पनि रूपक अलङ्कारहरू यसरी स्पष्ट गरेका छन् -

ग) "प्रतापीका प्रतापाग्नि शिखा जस्ता कडा दिन ।
दवाई जगतैलाई अब थाले खडा हुन ।।[127]

यहाँ प्रतापी राजाको प्रतापरूपी अग्निको शिखा (ज्वाला) जस्ता कडा दिनले जगतैलाई दवाउन खडा भएको जस्तो प्रतीयमाना उत्प्रेक्षा भित्र - प्रतापरूपी अग्नि भन्ने यो रूपक पर्न गएको छ ।

घ) ज्वाला – जाल फिजारेको खडेरी रूप दानव ।
देखी डरी डरी दप्के किन्नरी झैं चरी सब ।।[128]

126 लेखनाथ–ऋतु विचार, वसन्त विचार (श्लोक ८३)
127 ऐ ऐ ग्रीष्म विचार (श्लोक ४)
128 लेखनाथ - ऋतु वि. ग्रीष्म विचार (श्लोक ५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathm...

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ पनि (ग्रीष्मको ताप सम्बन्धी) ज्वाला रूप जाल फिंजारेको खडेरी – रूपी दानव भन्ने रूपक परेको छ ।

वर्षा विचारमा पनि रूपकका चमत्कार यसरी पाइन्छन् –

ङ) "सुन्दा दिगन्तमा दूर मेघको धीर गर्जन ।
मनो – मयूर उफ्रन्छ लोकको दङ्ग भैंकन ।।[129]

मेघको गर्जन सुनेर संसारको मन रूपी मयूर उफ्रन्छ–भनी मनमा मयूरको अभेद आरोप गरी रूपक झल्काइएको छ । अर्को राम्रो रूपकको अभिव्यक्ति यसरी दिइएको छ ।

च) नाट्यशाला छ आकाश नाचने विजुली नटी ।
ताल दिन्छ तवल्ची भैं मेघ घाकिटि-धाकिटि ।।"[130]

यहां आकाश (उपमेय) को नाट्यशाला (उपमान) मा विजुली उपमेयको नटी (उपमान) मा, मेघ उपमेयको तवल्ची (उपमान) मा र घाकिटि धाकिटि–यो अनुकरणात्मक शब्दको तवलाको वोल र मेघ गर्जन उपमान र उपमेय दुवैको अभेद वुद्धि झल्काई रूपक तुल्याइएको छ ।

त्यस्तै –

छ) घुमाई लहरी हात दौडन्छन् नाचदै नदी ।
दानी पयोदको दिव्य झल्काई कीर्ति कौमुदी ।।[131]

शरद वर्णनमा पनि –

---

129 " " " (श्लोक ४)
130 " " " श्लोक १७)
131 " " " (श्लाक ५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज) "फुलेको हसना — रूप शरत्को मन्दहास छ ।
जसमा वहुतै चर्को वासनाको विकास छ ।।"[132]

यहां 'हसना फूल रूपी मन्दहास' भन्ने रूपक परेको छ । हेमन्त विचार मा –

झ) "हेमन्त सिन्धुमा घुंदा कुइरो रूप मन्दर ।
जगतै कछ्वा वन्छ खुंचाई अङ्ग जर्जर ।।" [133]

यहां हेमन्तलाई सिन्धु (समुद्र) रूपमा अभेद गरिएको छ ।

ञ) "रात्रि-सुपर्णखा काली अँध्यारो मुख लाउँदै
हिम–रावणका साथ गर्छे मानू कुरा रूँदै ।। " [134]

यहाँ रात्रि रूपी शूपर्णखा र हिमरूपी रावण भन्ने रूपक परेको छ । शिशिर बिचारमा पनि –

ट) "शीतका मन्त्रले मन्त्रीले हिमको भस्म छर्दछ ।
हुर्र – हुर्र हवा - रूप फूँक त्यो खूप भर्दछ ।। " [135]

यहाँ शीत रूपी मन्त्र, हिम रूपी भस्म भन्ने रूपक परेको छ ।

ठ) "हेमन्त- कान्ति कालिन्दी वासन्ती कान्ति जान्हवी ।
प्रयाग तुल्य दोरङ्गा माझको शिशिरच्छवि ।।" [136]

हेमन्तको कान्ति रूपी यमुना र वासन्ती कान्ति रूपी गङ्गा भन्ने रूपक परेको छ ।

---

132 लेखनाथ–ऋतु विचार- शरद् विचार (श्लोक ७८)
133 ऐ ऐ हेमन्त विचार (श्लोक ३४)
134 ऐ ऐ ऐ (श्लोक ६२)
135 ऐ ऐ शिशिर विचार (श्लोक २०)
136 ऐ ऐ ऐ (श्लोक ७५)

Nepal Sanskrit University, Balmeeki Campus, Kath...

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी अन्य पनि रूपक अलङ्कारका प्रशस्त अभिव्यक्तिहरु ऋतु विचारमा पाइन्छन्, जोशुद्ध रूपक र माला रूपक, परम्परित रूपक आदिको रूपमा अभिव्यक्त छन् । विस्तारको भयले विस्तृत विवरण दिइएको छैन ।

४ काव्यलिङ्ग

'काव्यलिङ्ग' नामक अलंकारलाई पनि लेखनाथले ऋतु विचारमा ठाउँ ठाउँमा प्रस्तुत गरेका छन् ।

काव्यलिङ्ग अलंकारको लक्षण काव्य प्रकाशमा यसरी दिइएको छ-

"..... ... काव्यलिङ्गं हेतो र्वाक्य पदार्थता"[137]

(अर्थात्- जहाँ वाक्यार्थ रूपद्वारा अथवा पदार्थ रूपद्वारा कुनै वुझ्नि आउने अर्थको उपपादक स्पष्ट हुन जान्छ त्यहाँ काव्यलिङ्ग अलंकार हुन्छ।

साहित्य प्रदीपमा पं. सोमनाथज्यू लेख्नु हुन्छ –

"पदार्थ किंवा वाक्यार्थ भएर उपपादक ।
कुनै कुरासिद्ध भए "काव्यलिङ्ग" कहाउँछ ।।
चन्द्र शेखरको सेवा भव सन्ताप हर्दछ ।
विद्या हो ज्योति यसले भित्री तिमिर मर्दछ ।।

यहाँ उदाहरण स्पष्ट गर्दै लेख्नु हुन्छ- "पूर्व भागमा सन्तापहरणलाई चन्द्रशेखर सेवा उपपादक हुनाले पदार्थ हेतुक काव्यलिङ्ग, उत्तर भागमा विद्या ज्योति हुनालाई अज्ञानरूप अन्धकार हरण गर्नु उपपादक हुनाले वाक्यार्थहेतुक काव्यलिङ्ग छ' ।[138]

---

137 आचार्य मम्मट-काव्य प्रकाश-दशम उल्लास, अलंकार संख्या १७४ (पृ. ६७७)

138 पण्डितराज सोमनाथ-साहित्य प्रदीप-पञ्चम प्रकाश (पृष्ठ ११५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस अनुसार ऋतुविचारमा–

क) "वनमा बागमा राम्रा पुष्प लाखौं थरी फुले ।
कुसुमाकरको नाम सार्थ पा-यो वसन्तले" ।। [139]

यहाँ वसन्तले कुसुमाकर (फूलहरूको खानी) भन्ने आपनो नाम सार्थक पार्नुमा – वनमा र बागमा राम्रा लाखौं थरी फूलहरू फुल्नु उपपादक हुन गएकोले 'काव्यलिङ्ग' अलंकार पर्न गएको छ ।

ग्रीष्म वर्णनमा–

ख) "बन्यो मशान झैं शून्य तातेका दिनको स्थिति ।
निस्कँदैन कतै कोही माखो–तक सिनी-मिती ।।" [140]

यहाँ माखो तक सिती – मिती कतै कोही ननिस्कने स्थितिको उपपादक मशान झैं बनेको शून्य तथा तातेको (ग्रीष्मका) दिनको स्थिति हो भन्ने वाक्यार्थ हेतुक काव्यलिङ्ग परेको छ ।

त्यस्तै 'अर्थान्तर न्यास' नामक अलङ्कार पनि ऋतु विचारमा कविले प्रशस्त प्रस्तुत गरेका छन् ।

'काव्य प्रकाश' मा अर्थान्तर न्यासको लक्षण यसरी बताइएको छ–

'सामान्यं वा विशेषो वा तदन्येन समर्थ्यते ।
यत् सोऽर्थान्तरन्यासः साधर्म्येणेतरेणवा ।। [141]

---

139 लेखनाथ–ऋतुविचार–वसन्त विचार (श्लोक २६)

140 लेखनाथ–ऋतु विचार–ग्रीष्म विचार (श्लोक ३०)

141 आचार्य मम्मट – काव्य प्रकाश – दशम उल्लास अलंकार संख्या १६५ (पृ ६६१)

Nepal Sanskrit University, Balmeeki Campus...

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ साधर्म्य र वैधर्म्यको दृष्टिले सामान्य कुरोलाई विशेष कुराले वा विशेष कुरोलाई सामान्य कुराले समर्थन गरिएको हुन्छ त्यहाँ अर्थान्तर न्यास अलंकार परेको हुन्छ।

साहित्य प्रदीपमा यसरी लेखिएको छ –

अर्थान्तर न्यास हुन्छ – सामान्य र विशेषको ।
उक्तिमा एकले अर्कोलाई गर्दा समर्थन ॥
हनुमान्ले सिन्धु फड्के के गर्दैनन् समर्थले । [क]
हुन्छ शीतलको चाहा, चन्द्र चाहन्छ लोकले ॥ [ख][142]

यहाँ – उक्त दोस्रो पद्यमा हनुमान्ले सिन्धु फड्केको – यो विशेषले समर्थले (शक्तिशालीले) के गर्दैनन् भन्ने यो सामान्य समर्थन भएको र शीतलका चाहा सबैले गर्छन् भन्ने सामान्यलाई त्यसैले लोकले चन्द्रमा चाहन्छ - भन्ने विशेष कुराले समर्थन गरेको कुरो स्पष्ट गरी लेखिएको छ ।

५. अर्थान्तरन्यास

लेखनाथका ऋतु विचारमा 'अर्थान्तरन्यास' थुप्रै अभिव्यक्ति पाइन्छन्– जस्तै:- वसन्त विचारमा–

क] तडागमा खडा फेरि भयो कमलको वन ।
भित्री बीज छँदासम्म मासिन्थ्यो र कुरा कुन ?[143]

यहाँ तडाग (तलाउ) मा फेरि खडा भएको विशेष कुराले भित्री बीज छँदासम्म कुन कुरो मासिन्थ्यो र ? भन्ने सामान्य

142 पंडित सोमनाथ–साहित्य प्रदीप–पञ्चम प्रकाश (पृष्ठ ११५)
143 लेखनाथ–ऋतु विचार–वसन्त विचार (श्लोक ९६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुराको समर्थन भएको अर्थान्तरन्यास स्पष्ट भएको छ ।

अर्को–

ख] सानातिना नदी–नाला नाम–शेष बने सब ।
विनागाम्भीर्यको व्यक्ति रहन्थ्यो तापमा कव ?[144]

यहाँ पनि -- ग्रीष्मको तापले सानातिना नदी-नाला नाम मात्रका बने–भन्ने विशेष कुराले- गाम्भीर्य (गहिरोपना) नभै-कन कुनै व्यक्ति तापमा अड्न शक्तैन भन्ने कुरा सामान्य रूपले समर्थन भएको छ ।

त्यस्तै:-

ग] समानै जल सर्वत्र विवेकी मेघले दियो ।
समदर्शी महात्माको पक्षपात कहाँ थियो ?[145]

यहाँ समान रूपले मेघले सर्वत्र जल बर्साउने सामान्य कुरोले समदर्शी महात्माको कहीं पक्षपात न हुने सामान्य रूप कै कुरो समर्थन हुन आएकोले सामान्यवाट सामान्य नै समर्थन गरिएको अर्थान्तरन्यासको उदाहरण बनेको छ ।

घ] शान्त भैं ठाममा आए ठूला नद–नदी सब ।
सबैको अस्थिरै हुन्छ उर्लँदो वेग–वैभव ॥[146]

यहाँ – ठूला नद – नदीहरू सबै शरद् ऋतुमा आफ्नै ठाउँमा आएको विशेष कुरा उल्लेख गरी त्यसवाट सबैको उर्लँदो वेग-वैभव अस्थिरै हुन्छ - भन्ने सामान्य कुरोको समर्थन गरिएको अर्थान्तर न्यास परेको छ ।

---

144 लेखनाथ–ऋतुविचार–ग्रीष्म विचार (श्लोक १७)
145 ऐ ऐ वर्षा विचार (श्लोक २९)
146 ऐ ऐ शरद् विचार (श्लोक ३१)

Nepal Sanskrit University, Balmeeki C...

CC-0. In Public Domain. Digitization by eGangotri

ङ] 'लेकवाट झर्‍यो सारा विवेकी क्रौञ्चका गण ।
देश–कालज्ञले लिन्थ्यो कूप मण्डूकता किन ?"147

यहाँ हेमन्त ऋतुमा विवेकी भएको क्रोञ्च (कन्याङ्कुरुङ्) को फौज लेकवाट तल झरेको विशेष कुराले-देश-काल-परिस्थिति वुझने व्यक्तिले कूप–मण्डूकता (सँधै एउटै कुवामा वस्ने भ्यागुतोको स्वभाव) किनलिन्थ्यों ? भन्ने विशेष कुरालाई नै समर्थन गरिएको अर्थान्तरन्यास अलंकार परेको छ ।

च] "वसन्त नगिचै आयो खुले केही दशै दिशा ।
अरुणोदय वेलामा किन हुन्थ्यो महानिशा ? ॥" 148

यहाँ – वसन्त ऋतु नगिचै आएकोले सवै दिशा केही खुल्दै आएको सामान्य कुराले अरुणोदय वेला भएपछि गहिरो रात नरहने सामान्य कुरा कै समर्थन गरिएको अर्थान्तरन्यास अलंकार परेको छ ।

द्रष्टव्य- हुनत, काव्यलिङ्ग अलंकारमा पनि एक कुराको अर्को कुरा उपपादक वनेर समर्थन गर्ने जस्तै देखिन्छ तापनि, काव्यलिङ्गमा एउटा वाक्यार्थको अर्को वाक्यार्थ कारण रूप भएर नै उपपादक वनेको हुन्छ तर अर्थान्तरन्यासमा हेतु रूप (कारण रूप) नै हुनु पर्छ भन्ने हुँदैन र पोषकसम्म हुन सक्तछ। काव्यलिङ्ग र अर्थान्तरन्यासमा यही भिन्नता पाइन्छ ।

६. दृष्टान्त

दृष्टान्त अलङ्कारलाई पनि लेखनाथले राम्ररी स्पष्ट गरिएका उदाहणहरू भेटिन्छन् । दृष्टान्त अलंकारको लक्षण

147 लेखनाथ–ऋतु विचार–हेमन्त विचार (श्लोक ९६)
148 ऐ ऐ शिशिर विचार (श्लोक ७६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मम्मटले यसरी गरेका छन् –

"दृष्टान्तः पुनरेतेषां सर्वेषाँ प्रति बिम्वनम् ।[149]

(जहाँ उपमेय वाक्य र उपमान वाक्य भिन्नका उपमान–उपमेय र साधारण धर्म समेतको विम्ब–प्रतिविम्ब भाव झल्केको हुन्छ अर्थात् उलको उसमा विम्ब–प्रति विम्ब परे जस्तो भान हुन्छ–त्यस्तोमा 'दृष्टान्त' नामक अलङ्कार परेको हुन्छ ।

"दृष्टान्त" भिन्न वाक्यार्थ विम्ब र प्रतिविम्ब भैं ।
कीर्तिमान् छन् यिनीराजा, कान्तिमान् छन् निशापति ।[150]

यहाँ साहित्य प्रदीपका लेखकले –

"अनेक वाक्यार्थमा धर्म एक न भए पनि विम्व र प्रतिविम्व जस्ता भएर तीवाक्यार्थको समानता बुझिएमा 'दृष्टान्त' अलङ्कार हुन्छ ।[151] भन्नु भएको छ । त्यसैले उपर्युक्त लक्षणको उत्तरार्द्धमा धर्म एक नभए पनि विम्व–प्रतिविम्ब भाव मात्र बुझिदा पनि 'दृष्टान्त' को उदाहरण प्रस्तुत गरिएको छ ।

लेखनाथले पनि यस्ता दृष्टान्तका उदाहरण रूप पद्यहरू प्रशस्त दिएका छन् – जस्तः-

क] "निस्कनू दविन् रूप विश्व-क्रम-निदर्शन ।
देखाएर सबै गर्छन् उन्मज्जन निमज्जन ॥"[152]

---

149 आचार्य मम्मट–काव्य प्रकाश–दशम उल्लास अलंकार संख्या १५५ (पृष्ठ ६३६)

150 पण्डितराज सोमनाथ–साहित्य प्रदीप–पञ्चम प्रकाश (पृष्ठ ९६)

151 ऐ ऐ ऐ ऐ ऐ

152 लेखनाथ--ऋतु विचार--ग्रीष्म विचार (श्लोक ७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ ग्रीष्म ऋतुमा जलक्रीडा-रसिक-व्यक्तिको जलमा उन्मज्जन र मिज्जन (उत्रनु र डुब्नु) क्रियाको परस्परमा बिम्ब-प्रतिबिम्ब भाव जस्तै देखाएर जलक्रीडाद्वारा विश्वस्थिति क्रमको उदाहरण जस्तै देखाइएकोले यहाँ दृष्टान्त अलङ्कार पर्न गएको छ।

त्यस्तै फेरि बर्षा वर्णनमा –

ख] "लडाउँदै मुढा ढुङ्गा खहरे गड्गडाउँछ।
छोटो मानिस मौकामा ज्यादा जोस बढाउँछ ॥"[153]

यहाँ मुढा ढुङ्गा लडाउँदै गड्गडाउने खहरे जोस र छोटो मानिसले मौकामा ज्यादा गरी बढाउने जोसमा पारस्परिक बिम्ब–प्रतिबिम्ब भाव परी 'दृष्टान्त' बन्न पुगेको छ।

कतै कतै फेरि 'स्मृति' स्मरण अलङ्कार पनि भेटिन्छ

७. स्मृति

'स्मृति' स्मरण अलङ्कारको लक्षण 'मम्मट' ले यसरी दिएका छन्-

"यथाऽनुभवमर्थस्य दृष्टे तत्सदृशे स्मृतिः। स्मरणम्—"[154]

कुनै पहिले अनुभव गरिएको वस्तुलाई उसैको समान कुनै अर्के वस्तु अनुभव गरी सम्झन पुग्यो भने त्यहाँ 'स्मृति' वा 'स्मरण' भन्ने अलङ्कार पर्दछ।

'स्मृति' को लक्षण–साहित्य प्रदीपमा यसरी उल्लेख गरिएको छ-

153 लेखनाथ–ऋतु विचार–बर्षा बिचार (श्लोक ५६)
154 आचार्य मम्मट–काव्यप्रकाश–दशम उल्लास–अलकार संख्या १९१ (पृ. ७३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"स्मृति" सादृश्यकोद्वारा संझना हुनु तुल्यको ।
चन्द्र देखेर उनको मुख संझंछ झल्झल ।।"[155]

लेखनाथले आफ्नो वसन्त विचारमा 'स्मृति' अलङ्कार यसरी स्पष्ट गरेका छन्-

क] "साना ऐसेलुका दाना टिपदाती टपा-टप ।
ग्रामीण नारी संझन्छन् कानका सुनका टप ।।[156]

यहाँ ऐसेलुका साना दाना टिप्दै गर्ने ग्रामीण नारीले, सादृश्यद्वारा आफ्नो कानका सुनका टप सम्झन पुगेको कुरो झल्काइएकोले यहाँ मीठो स्मृति (स्मरण) अलङ्कार पर्न गएको छ ।

८. अतिशयोक्ति

'अतिशयोक्ति' अलंकार पनि ऋतु विचारमा धेरै पाइन्छन् । यसको लक्षण काव्य प्रकाशमा यसरी वताइएको छ --

"निगीर्याध्यवसानन्तु प्रकृतस्य परेणयत्
प्रस्तुतस्य यदन्यत्वं यद्यर्थोक्तौच कल्पनम् ।
कार्यकारणयोर्यश्च पौर्वापर्य विपर्ययः
विज्ञेयाऽतिशयोक्तिःसा — ।।[157]

उपमेय र उपमानको विलकुल अभेद जस्तै तुल्याएर उपमान कै पेट भित्र उपमेय बुझिने गरी वर्णन गरियो भने त्यहाँ अतिशयोक्ति

155 पण्डितराज सोमनाथ–साहित्य प्रदीप–पञ्चम प्रकाश (पृ. ९२)

156 लेखनाथ–ऋतु विचार–वसन्त बिचार (श्लोक ६५)

157 आचार्य मम्मट- काव्य प्रकाश- दशम उल्लास- अलङ्कार संख्या १५२ (पृष्ठ ६२८)

Nepal Sanskrit University, Balmeeki C...

CC-0. In Public Domain. Digitization by eGangotri

अलङ्कार परेको हुन्छ। त्यस्तो अतिशयोक्ति ४ प्रकारको छ -

क] उपमेय नै उपमान भित्र दवेर (तुल्यता बोधक शब्दनै प्रयोग नभएर) काल्पनिक अभेद बुझिने

ख] प्रस्तुत (वर्णनीय) विषयलाई बिलकुलै अर्कै रूपमा वर्णन गरिने

ग] 'यदि' शब्दको प्रयोग गरेर अर्कै विषयको रूपमा वर्णनीय विषयको कल्पना गरिने।

घ] कार्य विषय कारण विषय भन्दा पहिले नै वर्णन हुन पुग्ने।

'अतिशयोक्ति' अलङ्कारको साहित्य प्रदीपमा यसरी लक्षण गरिएको छ

"अभेद' भेद, सम्बन्ध, असम्बन्धी, तथा क्रम।
कार्य कारणको उल्टो भए "अतिशयोक्ति" हो ॥
हात्तीको ठाउँमा मूसो हुँदा अर्कै भए उहाँ
आकाशमा टप्तछन् ती, छैन मानवता त्यहाँ ॥
कुरा भन्दा काम पैह्लै, गर्नु शोच्नु सँगै यहाँ ॥" [158]

यसरी यहाँ अतिशयोक्तिका ५ भेद देखाइएका छन्

क] अभेदातिशयोक्ति

जहाँ 'उपमेय' नै नदेखाई आरोप्य (उपमान) द्वारै बुझिने गरी उपमान र उपमेयको अभेद जस्तै कल्पना गरिएको हुन्छ।

ख) भेदातिशयोक्ति -

जहां अभिन्न वस्तुमा सम्बन्ध देखाएको हुन्छ।

---

158 पण्डितराज सोमनाथ - साहित्य प्रदिप - पञ्चम प्रकाश (पृष्ट १०७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग) सम्वन्धातिशयोक्ति -
जहाँ सम्वन्ध नै नभएको वस्तुमा सम्वन्ध देखाएको हुन्छ ।

घ) असम्वन्धातिशयोक्ति -
जहाँ सम्वन्ध भएको वस्तुमा पनि सम्वन्ध नभएको देखाएको हुन्छ

ङ) अक्रमातिशयोक्ति -
जहाँ कारण अगाडि, कार्य पछाडि पर्नु पर्नेमा कार्य अगाडि कारण चाहिं पछाडि पर्ने गरी देखाएमा वा कारण र कार्य सँगै देखाएर पनि क्रम उल्टो गरी देखाएमा पर्ने हुन्छ ।

यहाँ क्रमैले -

क) अभेदातिशयोक्तिको उदाहरणरुपमा'हात्तिको स्थानमा मूसो' भन्ने

ख) भेदातिशयोक्तिमा - 'हुँदा अर्को भए उहाँ' भन्ने,

ग) सम्वन्धातिशयोक्तिमा - 'आकाशमा टप्तछन् ती' - भन्ने

घ) असम्वन्धातिशयोक्तिमा - 'छैन मानवता त्यहाँ' - भन्ने

ङ) अक्रमातिशयोक्तिमा - 'कुरा भन्दा काम पैल्है' वा 'गर्नु शोच्नु सँगै यहाँ' भन्ने समेत यी पद्यांशहरू प्रस्तुत गरिएका छन् ।

लेखनाथको ऋतु विचारमा पनि यस्ता विभिन्न अतिशयोक्तिहरू पाइन्छन् । जस्तै :-

वसन्त विचारमा -

क) "कलीला पालुवा माथि बिछ्याएर फुलैफुल ।
वसन्त श्री वसेकी छन् वनी सौन्दर्य - विह्वल ।।[159]

यहाँ - कलीला पालुवा र फूलैफूलले भरिएको वासन्ती

---

159 लेखनाथ ऋतु विचार - वसन्त विचार — (श्लोक ३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शोभा (उपमेय) लाई पालुवा माथि फूल विछ्याएर वस्ने वसन्तकी लक्ष्मी (उपमान) बाट नै उपमेय र उपमानको अभेद कल्पना जस्तै देखाइएकोले यो अभेदातिशयोक्तिको उदाहरण वन्न गएको छ । ग्रीष्म विचारमा –

क) "निस्क्यो भने कतै कोही ग्रीष्मका उग्र घाममा ।
देह भन्दा अघि प्राण पुग्न चाहन्छ ठाममा ॥ " [160]

यहाँ – ग्रीष्मको उग्र घाममा कोही निस्क्यो भने देह भन्दा प्राण नै अघि बाट पुग्न चाहने कुरो झल्काइ - देह पुगे पछि मात्र प्राण पुग्नु पर्ने क्रमको विपरीत वुझाइएकोले 'अक्रमातिशयोक्ति पर्न गएको देखाइएको छ ।

वर्षा विचारमा –

ख) "साध्य छैन यहाँ सम्म हरियाली वढ्यो भनी ।
पन्नाको कान्ति झल्कन्छ ईट पत्थरमा पनि ॥ " [161]

यहाँ – ईट पत्थरमा पन्नाको कान्तिको सम्वन्ध नै नभएकोमा पनि सम्वन्ध देखाइएकोले यो सम्वन्धातिशयोक्तिको उदाहरण वन्न गएको छ ।

शरद् विचारमा –

ग) "सुनौलो रङ्गका ताजा चिल्ला केशरले गरी ।
सुवर्णमय देखिन्छन् सारा कमल – पोखरी ॥ " [162]

यहाँ पनि कमल पोखरीमा सुवर्णमय पनाको सम्वन्ध नै

160 " " ग्रीष्म विचार –– (श्लोक ३१)
161 " " वर्षा विचार – (श्लोक ९५)
162 " " शरद् विचार – (श्लोक ५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नभएकोमा पनि सम्वन्ध जनाइएकोले सम्वन्धातिशयोक्ति पर्न गएको छ। अर्को - फेरि शरद् विचारमा -

घ) "जता हेरयो उतै राम्रो आनन्दी रङ्ग लोकको।
छैन संसारमा नाम - निशाना दु:ख - शोकको ॥ "[163]

यहाँ दु:ख र शोकको सम्वन्ध रहि रहेकोमा पनि छैन भनी सम्बन्ध नभएको देखाइएकोले यो असम्वन्धातिशयोक्ति हुन गएको छ।

हेमन्त विचारमा पुन: यस्तै अर्को भेटिन्छ -

ङ) "चोटा कोठा सबै चालो पुग्छ सुस्तै सबै तिर।
हुस्सू भए पनी नाम काम हुस्सू कहाँ छ र? ॥ "[164]

यहाँ - पनि हुस्सू नाम हुनेको काम पनि हुस्सू हुनु पर्नेमा काम हुस्सू छैन भन्ने जनाइएकोले असंवन्धातिशयोक्ति परेको छ।

शिशिर विचारमा-

च) "वसन्ती रंगका वस्त्र पहिरीकन अंगमा।
क्या मजाले डुवेको छ दुनियाँ रस - रङ्गमा ॥ "[165]

यहाँ पनि रसको रङ्गमा दुनिया डुव्नै नसकिनेमा पनि मजाले डुवेको कुरो स्पष्ट गरिएकोले असम्वन्धातिशयोक्ति नै पर्न गएको छ।

---

163 लेखनाथ ऋतु - विचार - शरद् विचार - (श्लोक ७३)
164 " " हेमन्त विचार - (श्लोक २१)
165 " " शिशिर विचार - (श्लोक ९८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै प्रकारका विभिन्न अतिशयोक्तिहरू अरू पनि लेखनाथले आफ्नो ऋतु विचारमा राम्ररी स्पष्ट गरेका छन् । जस्तै :-

छ) आफ्नू शिल्प सौन्दर्य महिमाको प्रदर्शिनी ।
खोलिन् प्रकृतिले लाखौं फूलमा मन मोहिनी ।। "[166]
इत्यादि ।

९. समासोक्ति

'ऋतु विचार' भित्र छरिएका आलंकारिक अभिव्यक्तिहरू टिपेर साध्य छैन । अतः अब केही अन्य अलंकार सम्बन्धी उदाहरणहरू सीमित तुल्याउनु राम्रो होला भन्ने ठान्दछु ।

कविले समासोक्ति अलंकार परि ठाउँ ठाउँमा प्रयोग गरिएका पाइन्छन् । 'समासोक्ति' को लक्षण काव्य प्रकाशमा यसरी देखाइएको छ-

"परोक्तिर्भेदकैः श्लिष्टैः समासोक्तिः"[167]

अर्थात् समास (संक्षेप) द्वारा दुवै उपमान र उपमेय सम्बन्धी अर्थको बोध हुनु तर अप्रस्तुत अर्थ व्यंग्य हुनुलाई नै समासोक्ति अलंकार भन्दछन् ।

'साहित्य प्रदीप' मा अलि स्पष्ट साथ यसरी लेखिएको छ—

"समासोक्ति" प्रकृतमा कार्य आदि समान भै
आरोप बुझिए अर्को समान व्यवहारको ।।
कलीली लहरालाई रसीलो नव वृक्षले ।
प्रेमले देहमा बाँधी अंगालेर उठाउँछ ।।

---

166 " " वसन्त विचार – (श्लोक २७)

167 मम्मट–काव्य प्रकाश-दशम उल्लास-अलंकार संख्या १४८ (पृ. ६११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"प्रकृत कुरालाई कार्य स्त्री-पुलिङ्ग, विशेषण आदिको समानताबाट अप्रकृतको व्यवहारको आरोप गरी देखाएमा समासोक्ति अलंकार हुन्छ। यसमा विशेष (मुख्य) चाहिं प्रकृतलाई मात्र बुझाउने, अरू कार्य लिङ्ग विशेषणहरू दुवैतिर मिल्दा देखाई प्रकृत कुरा अप्रकृत व्यवहारको साँचोमा ढालेको हुन्छ।[168]

'ऋतु विचार' मा 'समासोक्ति' को अभिव्यक्ति यसरी दिइएको पाइन्छ-

ग्रीष्म विचारमा-

क) "रुन्छन् कठै ! कुनै वृक्ष ठाडै चीं चीं गरी गरी।
रस-रूप सफा आँसु चुहाइकन वर्वरी ॥"[69]

यहाँ ग्रीष्मको ताप सहन नसकी कुनै कुनै वृक्ष चीं चीं गरी रस-रूप (खोटो आदि) आँसु चुहाएर रोएको कुरा कुनै शोषणद्वारा पीडित व्यक्तिले असह्य भई आँसु चुहाउँदै रोएको भन्ने अर्को व्यवहारको साँचोमा ढाली देखाएको हुनाले समासोक्ति अलंकार बनेको छ।

त्यस्तै- वर्षा विचारमा-

ख) "लोकोपकारमा जत्ती खर्चन्छ जल-सम्पति
उत्ती उज्यालो देखिन्छ मेघको वदन द्युति ॥"[70]

यहाँ पनि लोकोपकारमा जती जल-सम्पति खर्चन्छ उति नै मेघको वदन द्युति उज्यालो देखिन्छ भन्ने प्रकृत कुरो

168 पं. सोमनाथ-साहित्य प्रदीप-पञ्चम प्रकाश (पृ. १०४)
169 लेखनाथ-ऋतु विचार-ग्रीष्म विचार (श्लोक ७५)
170 लेखनाथ - ऋतु विचार, -शरद् विचार- (श्लोक ४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै प्रकारका विभिन्न अतिशयोक्तिहरू अरू पनि लेखनाथले आफ्नो ऋतु विचारमा राम्ररी स्पष्ट गरेका छन् । जस्तै :–

छ) आफ्नू शिल्प सौन्दर्य महिमाको प्रदर्शिनी ।
खोलिन् प्रकृतिले लाखौं फूलमा मन मोहिनी ।। " 166
इत्यादि ।

९. समासोक्ति

'ऋतु विचार' भित्र छरिएका आलंकारिक अभिव्यक्तिहरू टिपेर साध्य छैन । अतः अब केही अन्य अलंकार सम्बन्धी उदाहरणहरू सीमित तुल्याउनु राम्रो होला भन्ने ठान्दछु ।

कविले समासोक्ति अलंकार परि ठाउँ ठाउँमा प्रयोग गरिएका पाइन्छन् । 'समासोक्ति' को लक्षण काव्य प्रकाशमा यसरी देखाइएको छ–

"परोक्तिर्भेदकैः श्लिष्टैः समासोक्तिः"[167]

अर्थात् समास (संक्षेप) द्वारा दुवै उपमान र उपमेय सम्बन्धी अर्थको बोध हुनु तर अप्रस्तुत अर्थ व्यंग्य हुनुलाई नै समासोक्ति अलंकार भन्दछन् ।

'साहित्य प्रदीप' मा अलि स्पष्ट साथ यसरी लेखिएको छ–

"समासोक्ति" प्रकृतमा कार्य आदि समान भै
आरोप बुझिए अर्को समान व्यवहारको ।।
कलीली लहरालाई रसीलो नव वृक्षले ।
प्रेमले देहमा बाँधी अंगालेर उठाउँछ ।।

---

166 " " वसन्त विचार – (श्लोक २७)

167 मम्मट–काव्य प्रकाश-दशम उल्लास-अलंकार संख्या १४८ (पृ. ६११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"प्रकृत कुरालाई कार्य स्त्री-पुलिङ्ग, विशेषण आदिको समानतावाट अप्रकृतको व्यवहारको आरोप गरी देखाएमा समासोक्ति अलंकार हुन्छ। यसमा विशेष (मुख्य) चाहिं प्रकृतलाई मात्र बुझाउने, अरू कार्य लिङ्ग विशेषणहरू दुवैतिर मिल्दा देखाई प्रकृत कुरा अप्रकृत व्यवहारको साँचोमा ढालेको हुन्छ।[168]

'ऋतु विचार' मा 'समासोक्ति' को अभिव्यक्ति यसरी दिइएको पाइन्छ-

ग्रीष्म विचारमा-

क) "रून्छन् कठै ! कुनै वृक्ष ठाडै चीं चीं गरी गरी।
रस-रूप सफा आँसु चुहाइकन वर्वरी ॥[69]

यहाँ ग्रीष्मको ताप सहन नसकी कुनै कुनै वृक्ष चीं चीं गरी रस-रूप (खोटो आदि) आँशु चुहाएर रोएको कुरा कुनै शोषणद्वारा पीडित व्यक्तिले असह्य भई आँसु चुहाउँदै रोएको भन्ने अर्को व्यवहारको साँचोमा ढाली देखाएको हुनाले समासोक्ति अलंकार बनेको छ।

त्यस्तै- वर्षा विचारमा-

ख) "लोकोपकारमा जत्ती खर्चन्छ जल-सम्पति
उत्ती उज्यालो देखिन्छ मेघको वदन द्युति ॥"[70]

यहाँ पनि लोकोपकारमा जती जल-सम्पति खर्चन्छ उति नै मेघको बदन द्युति उज्यालो देखिन्छ भन्ने प्रकृत कुरो

---

168 पं. सोमनाथ-साहित्य प्रदीप-पञ्चम प्रकाश (पृ. १०४)
169 लेखनाथ-ऋतु विचार-ग्रीष्म विचार (श्लोक ७५)
170 लेखनाथ - ऋतु विचार, -शरद् विचार- (श्लोक ४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै प्रकारका विभिन्न अतिशयोक्तिहरू अरू पनि लेखनाथले आफ्नो ऋतु विचारमा राम्ररी स्पष्ट गरेका छन् । जस्तै :–

छ) आफ्नू शिल्प सौन्दर्य महिमाको प्रदर्शिनी ।
खोलिन् प्रकृतिले लाखौं फूलमा मन मोहिनी ।। " 66
इत्यादि ।

६. समासोक्ति

'ऋतु विचार' भित्र छरिएका आलंकारिक अभिव्यक्तिहरू टिपेर साध्य छैन । अतः अब केही अन्य अलंकार सम्बन्धी उदाहरणहरू सीमित तुल्याउनु राम्रो होला भन्ने ठान्दछु ।

कविले समासोक्ति अलंकार परि ठाउँ ठाउँमा प्रयोग गरिएका पाइन्छन् । 'समासोक्ति' को लक्षण काव्य प्रकाशमा यसरी देखाइएको छ–

"परोक्तिर्भेदकैः श्लिष्टैः समासोक्तिः"[167]

अर्थात् समास (संक्षेप) द्वारा दुवै उपमान र उपमेय सम्बन्धी अर्थको बोध हुनु तर अप्रस्तुत अर्थ व्यंग्य हुनुलाई नै समासोक्ति अलंकार भन्दछन् ।

'साहित्य प्रदीप' मा अलि स्पष्ट साथ यसरी लेखिएको छ–

"समासोक्ति" प्रकृतमा कार्य आदि समान भै
आरोप बुझिए अर्को समान व्यवहारको ।।
कलीली लहरालाई रसीलो नव वृक्षले ।
प्रेमले देहमा बाँधी अंगालेर उठाउँछ ।।

---

166 " " वसन्त विचार – (श्लोक २७)

167 मम्मट–काव्य प्रकाश-दशम उल्लास-अलंकार संख्या १४८ (पृ. ६११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"प्रकृत कुरालाई कार्य स्त्री-पुलिङ्ग, विशेषण आदिको समानतावाट अप्रकृतको व्यवहारको आरोप गरी देखाएमा समासोक्ति अलंकार हुन्छ। यसमा विशेष (मुख्य) चाहिं प्रकृतलाई मात्र बुझाउने, अरू कार्य लिङ्ग विशेषणहरू दुवैतिर मिल्दा देखाई प्रकृत कुरा अप्रकृत व्यवहारको साँचोमा ढालेको हुन्छ।[168]

'ऋतु विचार' मा 'समासोक्ति' को अभिव्यक्ति यसरी दिइएको पाइन्छ-

ग्रीष्म विचारमा-

क) "रून्छन् कठै ! कुनै वृक्ष ठाडै चीं चीं गरी गरी ।
रस-रूप सफा आँसु चुहाइकन वर्वरी ॥[69]

यहाँ ग्रीष्मको ताप सहन नसकी कुनै कुनै वृक्ष चीं चीं गरी रस-रूप (खोटो आदि) आँशु चुहाएर रोएको कुरा कुनै शोषणद्वारा पीडित व्यक्तिले असह्य भई आँसु चुहाउँदै रोएको भन्ने अर्को व्यवहारको साँचोमा ढाली देखाएको हुनाले समासोक्ति अलंकार बनेको छ ।

त्यस्तै- वर्षा विचारमा-

ख) "लोकोपकारमा जत्ती खर्चन्छ जल-सम्पति
उत्ती उज्यालो देखिन्छ मेघको वदन द्युति ॥"[70]

यहाँ पनि लोकोपकारमा जती जल-सम्पति खर्चन्छ उति नै मेघको बदन द्युति उज्यालो देखिन्छ भन्ने प्रकृत कुरो

---

168 पं. सोमनाथ-साहित्य प्रदीप-पञ्चम प्रकाश (पृ. १०४)
169 लेखनाथ-ऋतु विचार-ग्रीष्म विचार (श्लोक ७५)
170 लेखनाथ - ऋतु विचार, -शरद् विचार- (श्लोक ४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै उदार तथा धर्मात्मा व्यक्तिले परोपकारमा खर्च गरेर उज्यालो मुखको कान्ति बढाईरहेको रूपमा व्यवहारको साँचो ढालिएको छ ।

१०. भ्रान्ति (भ्रान्तिमान्)

अलङ्कारहरू मध्ये 'भ्रान्ति' अलङ्काकार पनि एउटा रसिलो लाग्ने अलंकार हो। भ्रान्ति (भ्रान्तिमान्) अलंकारको लक्षण काव्य प्रकाशमा यसरी दिइएको छ–

"भ्रान्तिमानन्य संवित्तत्तुल्य दर्शने ।"

जहाँ प्रस्तुत विषयको दर्शनमा (प्रस्तुत विषय देखेको बेलामा) अप्रस्तुत विषय संङ्ग उसको सादृश्य ज्ञान भई अप्रस्तुत विषय को प्रतीति हुन पुग्दछ त्यहाँ भ्रान्तिमान् अलङ्कार हुन्छ ।

साहित्य प्रदीपमा उक्त अलङ्कारको परिचय यसरी दिइएको छ –

"भ्रान्ति" मानिन्छ सादृश्य मूलक भ्रम सुन्दर ।
झुमिन्छन् मुखमा भृङ्ग फुलेको पद्म हो भनी ।। "

सादृश्यलाई निमित्त मानी उपमेयमा तुल्यको भ्रम भएमा भ्रान्ति अलङ्कार हुन्छ ।" 92

'ऋतु विचार' मा पनि भ्रान्ति (भ्रान्तिमान्) अलङ्कारका अभिव्यक्ति हरु राम्ररी स्पष्ट भएका छन् –

जस्तै–ग्रीष्म विचारमा–

'कुनै त्यो मृगतृष्णामा चाँदीको भाव धर्दछ ।

---

171 मम्मट- काव्य प्रकाश- दशम उल्लास– अलङ्कार संख्या २०० (पृ.७३३)
172 प. सोमनाथ – साहित्य प्रदीप – पञ्चम प्रकाश– (पृ. ६३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पानीको भानले कोही दौडँदै अघि सर्दछ ।।"[173]

यहाँ मरुस्थलको मृगतृष्णा (सूर्यको किरणले टल्किरहेको मसिनो बालुवाको भूमि) मा कसैले चाँदीको भाव राख्नु र कसैले त्यसलाई पानी संझी दौडँदै अघिसर्नुबाट उपमेय--मृगतृष्णामा सादृश्यद्वारा चाँदी र पानीको भ्रम पर्न गएकोले भ्रान्ति (भ्रान्तिमान्) अङ्कालर स्पष्ट हुन गएको छ ।

११. स्वभावोक्ति

स्वभावोक्ति नामक अलङ्कार यथार्थ चित्रणको पक्षपाती छ । यसको लक्षण काव्य प्रकाशमा यस्तो पाइन्छ ।

'स्वभावोक्तिस्तु डिम्भादेः स्वक्रियारूप वर्णनम् ।"[174]

'स्वभावोक्ति' अलंकार त्यो हो-जसमा बालक आदि विभिन्न विषय सम्बन्धी निजी वास्तविक क्रिया--कलाप आदिको यथार्थ चित्रण गरिएको हुन्छ ।'

'साहित्य प्रदीप' मा 'स्वभावोक्ति' को लक्षण यस्तो पाइन्छ –

"चित्र लेखसरी वस्तु अवस्था दृश्य आदिको ।
यथार्थ वर्णन भए "स्वभावोक्ति" कहाउँछ ।।
च्यापी घुँडाले गवुवा टुक्रुक्क वसि गोठमा ।
गाई दुहुन्छ गोठालो बाच्छालाई चुसाउँदै ।।"[175]

द्रष्टव्य–मानव, पशु-पक्षीर लता-वनस्पति आदि कुनै पनि विषय सम्बन्धमा 'स्वभावोक्ति' अलङ्कार हुन सक्तछ ।

---

173 लेखनाथ–ऋतु विचार--ग्रीष्म विचार (श्लोक २२)
174 मम्मट–काव्य प्रकाश–दशम उल्लास-अलंकार संख्या १६८ (पृ.६६९)
175 पं. सोमनाथ– 'साहित्य प्रदीप' पञ्चम प्रकाश (पृ. १०६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋतु विचारमा 'स्वभावोक्ति' को चित्रण यसरी गरिएको छ –

'ताता सडकमा ताता पसिनाकन खल्खली ।
चुहाई चल्दछन् पान्थ कष्ट साथ गली–गली ।।'[176]

ग्रीष्म ऋतुको गर्मीले तातेको सडकमा ताता पसिना खल्खली चुहाउँदै वटुवाहरू कष्ट साथ गली गली हिड्दछन्-भन्ने यो यथार्थ वर्णनमा स्वभावोक्ति परेको छ।

१२. सन्देह–अलंकार

'सन्देह' अलङ्कारको लक्षण काव्य प्रकाशमा यस्तो दिइएको छ – ('सन्देह' लाई यहाँ 'ससन्देह' नाम राखिएको छ) जस्तै:–

"ससन्देहस्तु भेदोक्तौ तदनुक्तौ च संशय:"[177]

जहाँ उपमेयको उपमानको साथ एकरूपता हुन कुनै सादृश्य मूलक संशय वा सन्देह रहन गयो र त्यो सन्देह कुनै वैधर्म्यलाई स्पष्ट गरेर वा नगरेर पनि भएको छ, त्यहाँ 'ससन्देह' वा 'सन्देह' अलङ्कार पर्दछ ।

'साहित्य प्रदीप' मा 'सन्देह' अलङ्कारको लक्षण यसरी वताइएको छ-

'सन्देह' हुन्छ रसिलो साम्य मूलक संशय ।
छाया हो वा नयनको पद्म हो वा तलाउमा ।।[178]

यहाँ नेत्रको छाया हो कि कमल हो भनी तलाउको कमलमा मीठो 'सन्देह' अलङ्कार स्पष्ट गरिएको छ ।

'ऋतु विचार' मा पनि 'सन्देह' अलङ्कारको अभिव्यक्ति यस्तो पाइन्छ –

---

176 लेखनाथ–ऋतु विचार–ग्रीष्म विचार (श्लोक ३६)
177 मम्मट--काव्य प्रकाश-दशम उल्लास–अलंकार संख्या-१३८ (पृ.५५८)
178 पं. सोमनाथ–साहित्य प्रदीप–पञ्चम प्रकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"खात हो वा तुसाराको, यद्वा दुःख प्रपात हो ।
फुस्रा हेमन्तको यद्वा फुस्रो दुःसह लात हो ? ॥"[179]

यहाँ तुषारा जमेको स्थिति सम्बन्धी सादृश्यद्वारा, तुषाराको खात हो वा दुःखको प्रपात हो किंवा, फुस्रा हेमन्तको सहिन सकिने लात हो कि भन्ने विभिन्न संशयद्वारा 'संदेह' अलङ्कार बन्न पुगेको छ ।

१३. तुल्ययोगिता

तुल्ययोगिता एक सरल किसिमको ('स्वभावोक्ति' जस्तै) अलंकार हो, यसको लक्षण काव्य प्रकाशमा यस्तो पाइन्छ -

'नियतानाँ सकृतद्धर्मःसा पुन स्तुल्य योगिता ।"[180]

अर्थात् -- जहां अनेक वर्णन गरिने विषय र अरू अप्रस्तुत विषयका पनि गुण, क्रिया र रूप आदिसँग सम्बन्धित साधारण धर्म एकै पल्ट मात्र उल्लेख गरिन्छ त्यहाँ 'तुल्ययोगिता' अलंकार पर्दछ ।

'साहित्य प्रदीप'मा 'तुल्ययोगिता' को लक्षण यस्तो दिइएको छ--

"वर्णनीय भएका वा न भएका अनेकमा ।
देखिएमा धर्म एक भन्दछन् तुल्ययोगिता ॥
वसन्तमा फुले वेली, चमेली, मालती, जुही ।
दवे क्षुधा, तृषा, निद्रा कोकिल स्वरमा नुही ॥[181]

यहाँ वसन्त ऋतुमा वेली, चमेली, मालती, जुही समेतमा फुल्नु क्रिया रूप धर्मको र वसन्त कै प्रसंगमा क्षुधा, तृषा, निद्रा यी अनेकमा 'दब्नु'

---

179 लेखनाथ–ऋतु विचार–हेमन्त विचार (श्लोक ४१)
180 मम्मट-काव्य प्रकाश-दशम उल्लास–अलंकार संख्या १५८ (पृ.६४२)
181 प. सोमनाथ–साहित्य प्रदीप–पञ्चम प्रकाश (पृ. ९४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटै क्रियाको (धर्मको) सम्बन्ध देखाइएकोले दुवै वाक्यमा तुल्यायोगिता अलंकार परेको छ।

ऋतु विचारमा 'तुल्ययोगिता' यसरी स्पष्टिएको पाइन्छ ..

"वेली, जाई, जुही, चम्पा, चमेली, मधु–माधवी।
सबैमा भरिएको छ भरिलो मोहनी छवि ॥"[182]

यहाँ, वेली, जाई, जुही, चम्पा, चमेली आदि वसन्त ऋतु सम्बन्धी सबै फूलहरूमा भरिलो मोहिनी छवि (कान्ति भरिएको बुझाइएकोले (सबैमा भरिलो मोहिनो छवि–रूप प्रकृति वा धर्म एउटै रहेको बुझाइएकोले) यहाँ 'तुल्ययोगिता' अलंकार परेकोछ।

त्यस्तै अर्को –

"अशोक, महुवा, पैञ्यू, जम्बू, वकुल, चम्पक।
पलाशाऽदि सबै वृक्ष पुष्पले छन् झकाझक ॥"[183]

यहाँ पनि त्यस्तै 'तुल्ययोगिता' व्यक्तिएको छ।

१४. अनुमान–अलङ्कार

'अनुमान' अलङ्कार पनि सामान्य जस्तै भए पनि निकै चमत्कारकारी अलंकार हो। यसको लक्षण काव्य प्रकाशमा यस्तो लेखिएको छ-

"अनुमानं तदुक्तं यत् साध्य–साधनयोर्वचः।"[184]

---

182 लेखनाथ–ऋतु विचार–वसन्त विचार (श्लोक २९)
183 ऐ ऐ ऐ (श्लोक ५८)
184 मम्मट–काव्य प्रकाश–दशम उल्लास अलंकार संख्या १८२, (पृ. ६६६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् - जहाँ साध्य-साधन-भाव रूप द्वारा कुनै अर्थको प्रतिपादन गरिन्छ, त्यहाँ 'अनुमान' अलंकार पर्दछ ।

'साहित्य प्रदीप'मा यसको लक्षण यसरी बताइएको छ-

"'अनुमान' कुनै हेतु पाउँदा रम्यकल्पना ।
नदेखिई दुःख दिन्छ काम पक्का पिशाच हो ।।"[185]

'ऋतु विचार'मा अनुमान अलंकार यसरी अभिव्यक्त भएको छ-

हेमन्त विचारमा —

"परेछ शीत सम्बन्धी सूर्यलाई पनी पिर ।
नत्रतेसरि सोभिन्थे किन अग्नि भएतिर ।।"[186]

उत्तरायणको प्रसङ्गले सूर्य आग्नेय कोण (पूर्व-दक्षिणको कुना) तिर सर्दै गएको कारणले गर्दा सूर्यलाई पनि शीतको पिर पर्न गएको अनुमान गरिएकोले यहाँ अनुमान 'अलंकार परेको देखिन्छ ।

(यो प्रसिद्ध विषय हो कि -- उत्तरायण लागेपछि सूर्य दक्षिणतिरबाट क्रमशः आग्नेयकोण हुँदै सर्न थाल्दछन्)

श्लेष अलङ्कार

'अलंकार' क्षेत्रमा 'श्लेष' अलंकार एक महत्त्व पूर्ण मानिन्छ । अरू अलंकारहरूमा भन्दा 'श्लेष' अलङ्कारको प्रयोगमा कविलाई केही विशेष प्रयास पर्न जाने हुन्छ । तर प्रतिभाशाली कविहरूको निति 'श्लेष' अलङ्कारको प्रयोग पनि सहजै सिद्ध गर्न सकिने बन्दछ ।

---

185 पं. सोमनाथ-साहित्य प्रदीप-पञ्चम प्रकाश (पृ. ११९)
186 लेखनाथ-ऋतु विचार-हेमन्त विचार (श्लोक ७०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'श्लेष' अलङ्कारलाई कसैले शब्दालंकार मानेका छन् भने कसैले यसलाई अर्थालङ्कारको रूपमा पनि स्वीकार गरेका छन् ।

आचार्य 'मम्मट'ले 'श्लेष' अलङ्कारलाई आफ्नो 'काव्य प्रकाश'मा शब्दालङ्कारको क्रममा राखेर त्यसको लक्षण तथा विवरण यसरी स्पष्ट गरेका छन् –

"वाच्य भेदेन भिन्नायद् युगपद् भाषणस्पृशः ।
श्लिष्यन्तिशब्दाः श्लेषोऽसा वक्षरादिभिरष्टधा ।।[187]

अर्थात्–जहाँ अर्थ फरकले गर्दा परस्परमा भिन्न भएका शब्द पनि उच्चारण गर्दा उस्तै--उस्तै रूपमा उच्चारण हुने हुँदा एउटै प्रतीत हुन पुग्दछ, त्यस्तो ठाउँमा 'श्लेष' अलंकार पर्ने हुन्छ । यस्तो यो श्लेष-१ वर्ण-श्लेष, २ पद श्लेष, ३ लिङ्ग श्लेष, ४ भाषा श्लेष, ५ प्रकृति श्लेष, ६ प्रत्यय श्लेष, ७ विभक्ति श्लेष, ८ वचन श्लेष समेत गरी आठ प्रकारको हुन्छ ।

कविराज विश्वनाथ आचार्यले आफ्नो ग्रन्थ 'साहित्य दर्पण' मा श्लेष अलङ्कारलाई शब्दालङ्कारको क्रममा उल्लेख गरेर पनि पुनः अर्थालङ्कारको प्रसङ्गमा पनि अर्को 'श्लेष' अलङ्कार प्रस्तुत गरेका छन् । विश्वनाथले शब्दालङ्कार प्रसङ्गमा श्लेषको लक्षण र विवरण यसरी दिएका छन् –

"श्लिष्टैः पदै रनेका र्थाभिधाने श्लेष इष्यते ।
वर्ण प्रत्यय लिङ्गानां प्रकृत्योः पदयोरपि ।
श्लेषाद् विभक्ति बचन भाषाणामष्टधा च सः ।।[188]

---

187 'मम्मट'-काव्य प्रकाश–दशम उल्लास सूत्र संख्या ११९ (पृष्ठ ५०९)
188 विश्वनाथ–साहित्य दर्पण–दशम परिच्छेद (पृष्ठ ४९२)
(लोचना–व्याख्या, सहित, मोतीलाल वनारसी दासद्वारा 'मुम्बई संस्कृत' प्रेसग्रारा प्रकाशित)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्– एउटै रूपका तर दुवै अर्थ बुझाउन सक्ने शब्दहरूद्वारा अनेक अर्थ बुझाउने भएमा श्लेष अलंकार हुन्छ। त्यो 'श्लेष' १ वर्ण २ प्रत्यय ३ लिङ्ग ४ प्रकृति ५ पद ६ विभक्ति ७ वचन र ८ भाषा सम्वन्धी श्लेषका भेदले गर्दा आठ प्रकारको मानिएको छ।

यस प्रकार उक्त विवरणबाट साहित्य दर्पण-कारले यहाँ काव्य प्रकाश-कारलाई नै पछ्याएको स्पष्ट हुन्छ।

विश्वनाथले यसरी आठ प्रकारका श्लेष उल्लेख गरे पछि पुनः यिनै भेदहरूका अरू तीन भेद पनि उल्लेख गरेका छन्।

"पुनस्त्रिधा सभङ्गोऽथा भङ्गस्तदु भयात्मकः"[189]

अर्थात्–तिनै ८ प्रकारका श्लेषहरू पुनः १ सभङ्ग श्लेष, २ अभङ्ग-श्लेष ३ भङ्गाभङ्ग श्लेष रूपले अरू तीन प्रकारका पनि बन्दछन्।

१] जहाँ शब्द बिगारेर धेरै अर्थ निकाल्नु पर्ने हुन्छ त्यस्तोलाइ सभङ्गश्लेष,

२] जहाँ शब्द नविगारीकन नै अनेक अर्थ वुझिने हुन्छ, त्यस्तोलाई अभङ्गश्लेष र

३] जहाँ–शब्द विगार्दा पनि न विगार्दा पनि अनेक अर्थ बुझाउन सक्ने हुन्छ, त्यहाँ सभङ्गाभङ्गश्लेष हुन्छ।

विश्वनाथले यी सबैलाई शब्दालंकारको प्रसङ्गमा नै उल्लेख गरेर यिनलाई शब्दालङ्कार कोटिका मानेका छन्।

यसरी शब्दालङ्कारको प्रसंगमा श्लेष अलंकारहरूका विभिन्न भेदहरू उल्लेख गरेर पनि पुनः अर्थालंकारको प्रसङ्गमा 'अर्थश्लेष' को रूपमा पुनः अर्कै ढंगको श्लेषलाई प्रस्तुत गरेका छन् –

---

189 विश्वनाथ–साहित्य दर्पणं (पूर्वत्) (पृष्ठ ४९९)

Nepal Sanskrit University, Balmeeki C...

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दै स्वभावादेकार्थं श्लेपोऽनेकार्थ वाचनम्"[190]

अर्थात् -जहाँ स्वभावैले एउटै अर्थमात्र झल्काउन सक्ने शब्दहरूको आधारमा पनि अनेक अर्थ झल्कन सक्ने हुन्छ त्यहाँ 'अर्थश्लेप' अलंकार पर्दछ ।

साहित्य दर्पणकार विश्वनाथको यो 'अर्थश्लेप' अलंकार विशिष्ट रूपको मानिएको छ र यो वस्तुतः सुसङ्गत रूपको पनि देखिन्छ ।

पण्डितराज सोमनाथ सिग्देलज्यूबाट 'साहित्य दर्पण' को यही सिद्धान्त अनुसार नै 'श्लेष' लाई अर्थालङ्कारको प्रसंगमा उल्लेख गरियो र शब्दालङ्कार कोटिका शाब्दिक वैचित्र्य सम्बन्धी श्लेषलाई गौण रूपमा संझिएर होला शब्दालंकारको प्रसङ्गमा पनि तिनको उल्लेख गरिएन । अर्थालङ्कार-कोटिको अर्थ श्लेषको लक्षण र उदाहरण चाहिं यस प्रकार प्रस्तुत गरिएको छ -

"'श्लेष' हुन्छ उही शब्द अनेकार्थ बुझाउने ।
कलाले पूर्ण तेजस्वी रसिला राम-चन्द्र हुन् ।।[191]

यहाँ उनै शब्दहरूबाट 'कलाले पूर्ण तेजस्वी रसीला । राम र चन्द्र (चन्द्रमा) भन्ने अनेक अर्थ बुझाउन सक्ने भएको छ ।

हुनत शब्दालंकार कोटिकोमा पनि यस्तै जस्तै देखिन्छ तर त्यहाँ शब्दहरू नै अनेकार्थवोधक हुनु पर्दछ, यहाँ चाहिं अनेकार्थ बोधकताको आवश्यकता छैन । 'कलाले पूर्ण तेजस्वी,' रसीला', यी शब्दहरूको उही अर्थ नै 'राम' र 'चन्द्रमा' दुवैमा सार्थक भएको छ । त्यसैले यो श्लेप शब्दालंकार सम्बन्धी श्लेष भन्दा विशिष्ट रूपको ठहरिएको छ ।

---

190 ऐ ऐ ऐ (पृष्ठ ६२७)
191 पं. सोमनाथ-साहित्य प्रदीप पञ्चम प्रकाश (पृष्ठ १०४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'ऋतु विचार' मा लेखनाथले उपर्युक्त विभिन्न श्लेषहरूका वैचित्र्यहरू रसीलो ढंगले ठाउँ ठाउँमा प्रस्तुत गरेका छन् –

"धेरै काल पछि मिल्दा मित्र–दर्शनको सुख।
डुब्यो आनन्दमा लोक लगाई हँसिलो मुख॥"[192]

यहाँ 'मित्र–दर्शन' शब्दमा 'मित्र' शब्दको अर्थको 'सूर्य' र 'साथी' भन्ने दुवै हुने हुनाले त्यो शब्द नबिगारीकन नै वर्षा भरी बितेपछि शरद्‌मा आकाश उज्यालो भएर सूर्य दर्शन हुन पाएकोले लोकले आनन्दमा डुब्न पाएको भन्ने र धेरै समय पछि शायद दशैं आई पुगेकोले होला 'मित्र दर्शन' अर्थात् साथीको साथ दर्शन–भेटघाट हुन पुगेकोले लोक आनन्दमा डुब्न थाले भन्ने दुवै अर्थ स्पष्ट हुने हुँदा यो असङ्गश्लेषको उदाहरण बनेको छ।

त्यस्तै:–

"शनै: शनै: फिका पारी अघीको तेजिलोपन।
विप्र झैं दक्षिणाऽऽशामा लागे श्रीसूर्यलत्रन॥[193]

यहाँ–ब्राम्हणले आफ्नो पहिलेको तेजिलोपन विस्तारै फिका पारी दक्षिणा पाउने आशामा लत्रन पुगे जस्तै क्रमश: आफ्नो घामको तेजिलोपन फिका तुल्याउँदै श्रीसूर्य दक्षिणतर्फको आशा = दिशामा लत्रन थाले भन्ने अर्थ 'दक्षिणाऽऽशा' यस समस्त पदमा 'दक्षिणा + आशा' र 'दक्षिण + आशा' भनी शब्द बिगारेर मात्र स्पष्ट गर्न सकिने भएकोले यो सभङ्गश्लेषको उदाहरण बन्न गएको छ।

त्यस्तै:–

फाँडिए कण्टक प्राय बढेका खर–दूषण।

---

192 लेखनाथ ऋतु विचार–शरद विचार [श्लोक ३]
193 " " " [श्लोक ४०]

Nepal Sanskrit University, Balmeeki Campus, Kath...

CC-0. In Public Domain. Digitization by eGangotri

पियारो भो–जनस्थान रह्यो अध-म-रा-वन ॥[194]

यहाँ काँढाले भरिएका खरका झाडीका दोषहरू फाँडिए। अध-मरावन (आधा जस्तै फाँडिइसकेको वन) पियारो (लाग्ने) भोजन स्थान (भोज मनाउने ठाउँको रूपमा) रह्यो (रहन गयो) भन्ने अर्थको साथै-काँढा जस्तै भएर दुष्टताले बढेका (मात्तिएका) खर-दूषण आदि राक्षसहरू सकिएर जनस्थान (पंचपटी-आश्रम भएको वन) (सबैको निति) पियारो बन्यो र (केवल) अधम रावण मात्र बाकिरह्यो भन्ने अर्थ पनि झल्कन्छ। उपर्युक्त शब्दहरू विगारेर मात्र अपेक्षित अर्थहरू झल्कन सक्ने भएकाले यसलाई पनि सभङ्गश्लेष मान्नु पर्दछ।

त्यस्तै:-

"अडिने साहसै छैन चाहन्छन् सब पल्टनै।
खुला दो-कान को राख्छ ? गले-बन्द-भए कुनै॥"[195]

यहाँ-शिशिर-स्थितिको चित्रण-प्रसङ्गमा बुझिने– "(जाडोले गर्दा कसैसंग) अडिने साहसै छैन, सबै (ओछ्यानमा) नै पल्टन चाहन्छन्। यस्तो जाडोमा दोकान (पसल) कल्ले खुला राख्छ ? (त्यसैले) कुनै गले (त्यसै सेलाए) कुनै बन्द भए। अथवा (यस्तो जाडोमा यदि) गले बन्द (कान छोप्ने सानो कपडा विशेष) भए दो-कान (दुवै कान) कसले खुला राख्छ ? भन्ने यो अर्थ र (कसैसंग लडाइमा आफै) अडिने साहसै छैन, त्यसैले सबै [योद्धाहरू] पल्टनै [सैनिक दल नै] चाहन्छन। [यस्तो लडाईको वेला] पसल कल्ले खुला राख्छ ? त्यसैले सबै गले [हराए] कुनै बन्द पनि भए। भन्ने युद्ध सम्बन्धी अर्थ पनि झल्कन्छ। तर यहाँ पूर्वार्द्धमा शब्द विगार्न नपर्ने भएर पनि दुइ अर्थ लाग्ने र उत्तरार्द्धमा 'दो-कान' गले-

194 लेखनाथ–ऋतु विचार हेमन्त विचार [श्लोक ६१]
195 लेखनाथ–ऋतु विचार-शिशिर विचार [श्लोक १६]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बन्द-भए' यी पदहरू बिगारेर मात्र दुई अर्थ हुने भएकोले यो सभङ्ग-अभङ्ग रूपको श्लेषको उदाहरण बनेको छ। साथै यहाँ 'दो-कान' शब्दले गर्दा हिन्दी भाषा समेत मिसिएकोले भाषाश्लेष पनि परेको झल्किन्छ।

त्यस्तै:-

"मानिस बाहिरै निस्के चौरको खोजनी गरी।
मरीन्यो कम्पले भन्दै देखिन्न पुर-मा-धुरी ॥"196

यहाँ पनि पूर्वार्द्धमा 'चौर' शब्दले 'घाम लाग्ने चौर' र मालसामान चोर्ने चोर भन्ने अर्थ नेपाली र संस्कृत दुई भाषाका शब्दश्लेषद्वारा अभङ्ग रूपमा झल्केको छ भने उत्तरार्द्धमा 'मरी-यो' र 'पुर-मा-धुरी' शब्दहरूद्वारा यो [आइमाई जाडाको कम्पले मरी दुःखपाई] भन्ने र 'जाडोले मरियो' भन्ने दुई अर्थ र पुरमा =शहरमा (कुईरोले छुनै) धुरी देखिन्न भन्ने र पुरमा धुरी अर्थात् शहरको सौन्दर्य नै देखिन्न भन्नै समेत अर्थहरू सभङ्गश्लेषद्वारा मात्र बुझिने भई भाषाश्लेष सहित 'सभङ्गाऽभङ्गश्लेष' रूपमा झल्केको पाईन्छ।

त्यस्तै फेरि–

वर्षेको–ही-मले कोही भए पल्टेर सोतर।
युद्धको सम्झना हुन्छ, उत्तीखेरै सर्वतीर ॥197

यहाँ शिशिर ऋतुमा वर्षेको हिउँले सबै पल्टेर सोतर बनेको स्थिति वर्णन गर्दै त्यही दृश्यद्वारा–कोही शत्रुमाथि वर्सन (झंटन) पुगेका र कोही किंकर्तव्य विमूढ बन्दै ह्वान मल्न थालेका अनि कोही पल्टेर सोतर बनेका युद्धको स्थितिको सम्झना हुन पुगेको देखाइएको छ, जसबाट यसलाई श्लेष द्वारा झल्काइएको स्मृति अलंकार मान्नु पर्दछ।

196 लेखनाथ-ऋतु विचार–शिशिर विचार (श्लोक १७)
197 " " " (श्लोक १८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी अरू अलंकारहरूसंग मिसिएका अरू पनि कैयों श्लेष अलंकारका चमत्कारहरू कविशिरोमणिजीबाट यहाँ प्रस्तुत भएका छन्।

'ऋतु विचार' मा एउटै पद्यमा विभिन्न अलङ्कारहरु सजाइएको चमत्कार पनि कविले प्रशस्त देखाएका छन्। त्यसरी विभिन्न किसिमले एउटै पद्य वा वाक्यमा विभिन्न अलङ्कारहरु पर्दा कुनै 'संसृष्टि' नामका र कुनै 'संकर' नामका अलङ्कार बन्दछन्। संसृष्टि नामको अलङ्कारको परिचय काव्य प्रकाशमा यसरी दिइएको छ –

"सैषा संसृष्टि रेतेषां भेदेन यदिह स्थिति :"[198]

अर्थात – परस्परमा कुनै सम्बन्ध नभएका धेरै अलंङ्कारहरु मिलन गए भने त्यसलाई 'संसृष्टि अलंकार भन्दछन्। यो संसृष्टि - अनेक शब्दालङ्कारको योग बाट अनेक अर्थालङ्कारको योगबाट र अनेक शब्दालङ्कार तथा अर्थालङ्कार दुवैको समेत योगबाट तिल चामल झैं छुट्याउन सकिने किसिमले योग भएमा विभिन्न प्रकारका बन्दछन्।

साहित्य प्रदीपमा पनि लेखिएको छ –

'तिल तण्डुल झैं मिश्र निरपेक्ष परस्पर ।
भिन्न - भिन्न अलङ्कार मिले 'संसृष्टि' बन्दछ ॥
हिमालय - प्रभा शोभी भएर महिमालय ।
चाँदी ज़स्ता शिखरले नभलाई उठाउँछ ॥"[199]

यहाँ उदाहरणको पूर्वार्द्धमा - 'हिमालय' भन्ने अक्षर क्रम दुइ पटक (अगाडि र पछाडि) रहन गएकोले बनेको यमक अलङ्कार र 'प्रभा' 'शोभी' 'भएर' मा रहेका तीनवटा 'भकार' ले झल्काएको वृत्यनुप्रास रूप दुवै शब्दालङ्कारहरुको आपसमा सम्बन्ध नभएको ले यी दुइ शब्दा-

198 'मम्मट' - काव्य प्रकाश - सूत्र संख्या २०७ –(पृष्ठ ७५१)
199 पं० सोमनाथ - साहित्य प्रदीप - पञ्चम प्रकाश – (पृष्ठ १२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लङ्कारको 'संसृष्टि' पर्न गएको छ र उदाहरणको उत्तरार्द्धमा चाहिं शिखरमा चाँदीको 'उपमा' र आकाशलाई उठाउनु काम शिखर संग सम्वन्धित नभएकोमा पनि सम्बन्ध जनाएको 'संबन्धातिशयोक्ति हुन गई यी दुवै अर्थालङ्कारको परम्परमा संम्वन्ध भएकोले 'संसृष्टि' अलङ्कार पर्न गएको छ।

ऋतु विचारमा देखा पर्ने केही 'संसृष्टि' का उदाहरणहरू यस प्रकार छन् –

"दिव्य आनन्दको रङ्ग दिव्य - कान्ति तरङ्ग छ।
दिव्य उन्नतिको ढङ्ग दिव्य सारा प्रसङ्ग छ॥"[200]

यहाँ पूर्वार्द्धमा 'रङ्ग' 'रङ्ग' डबलिएर यमक बनेको छ र उत्तरार्द्धमा 'ढङ्ग' तथा 'सङ्ग' द्वारा अनुप्रास मात्र झल्काइएकोछ। त्यसैले यो दुइ शब्दालङ्कारको 'संसृष्टि' हुन गएको छ।

अर्थालङ्कारको संसृष्टि जस्तै :–

"रात्रि शूपर्णखा काली अंध्यारो मुख लाउँदै।
हिम - रावणका साथ गर्छे मानू कुरा रूँदै॥"[201]

यहाँ काली अँध्यारी रातले हिम संग रूँदै कुरा गर्छे कि भन्ने यो उत्प्रेक्षा शूपर्णखा रावणहरूको रूपक विना पनि हुन सक्ने भएकोले रूपक र उत्प्रेक्षाको यहाँ संसृष्टि अलङ्कार पर्न गएको छ।

त्यस्तै :–

"मेघनाथ छँदै छैन पन्छाई - र - वि - भीषण।

200 लेखनाथ ऋतु विचार - वसन्त विचार – (श्लोक १३)
201 " " - हेमन्त विचार – (श्लोक ६२)

Nepal Sanskrit University, Balmeeki Cam...

CC-0. In Public Domain. Digitization by eGangotri

रात्रि शूपर्णखाले त्यो जगायी हिम- रावण ।। " [202]

' यहाँ पनि - बादलको गर्जन शून्य भएको रात्रिले भीषण रविलाई पन्छाई र अनि हिमलाई जगाएर वर्साई भन्ने अर्थबाट समासोक्ति' झल्काइएको छ र त्यसमा मेघनाद (इन्द्रजित्)को अभावमा विभीषणलाई पन्छाएर रावणलाई शूपर्णखाले जगाएको कुरा बुझाउन प्रयोग गरिएको श्लेषको सम्बन्ध आवश्यक नभएकोले यहाँ श्लेष र समासोक्ति परस्परमा असम्बन्धित भएर 'संसृष्टि' अलङ्कार बन्न पुगेको छ ।

अब 'संकर नामक अलङ्कार तर्फ विचार गरौं – 'संकर अलङ्कार सम्बन्धी विवरण काव्य प्रकाशमा यसरी दिइएको छ –

"अविश्रान्ति जुषा मात्म न्यङ्गाङ्गित्वंतु संकर:"[203]

अर्थात्– यी पूर्वोक्त बेग्ला-बेग्लै अलंकारहरू आफै स्वतन्त्र रूपमा रहन असमर्थ भई एक अर्कोको अङ्गाङ्गि भाव रूपमा रहन गए वा एउटै पदद्वारा ती आलंकारिक अभिव्यक्तिहरू स्पष्ट हुने भए अथवा 'यो हो कि त्यो हो' भन्ने सन्देह भई अलंकार निर्णय अस्पष्ट हुन गयो भने क्रमशः अङ्गाङ्गि भाव-संकर, एकपद प्रति पाद्य संकर तथा संदेह संकर रूपका संकर अलंकारहरू परेका हुन्छन् । यो कुरा 'काव्य प्रकाश' को 'टीका' मा वामनाचार्यले यसरी स्पष्ट गरेका छन् –

"अथ संकरालङ्कारः । स चाङ्गित्वेन संदेहास्पदत्वेन,
एक पद प्रति पाद्यत्वेन च त्रिविधः ।"[204]

'साहित्य प्रदीप' मा पनि संकर अलंकार यस्तै प्रकारले परिचित तुल्याइएको छ –

---

202 लेखनाथ-ऋतु विचार—हेमन्त विचार (श्लोक ६४)
203 मम्मट–काव्य प्रकाश-दशम उल्लास–सूत्र संख्या २०८ (पृ. ७५४)
204 वामन-काव्य प्रकाश टीका ऐ ऐ ऐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"एक आश्रय, सन्दिग्ध, अङ्ग-अङ्गी भईकन ।
नीरक्षीर सरी योग भएमा हुन्छ 'सङ्कर' ॥
आनन्द कन्द मौला ओस् रसले कृष्ण मेघको ।
उहाँ कै भक्ति-रस हो भैषज्य भव-रोगको ॥"[205]

यसरी 'संकर' अलङ्कारलाई उपर्युक्त रूपले नै यहाँ परिचय गराइएको छ ।

'ऋतु विचार' मा देखापरेका केही 'संकर' अलंकारका अभिव्यक्ति यस्ता पाइन्छन् –

जस्तै वसन्त बिचारमा –

"अली अली तुषाराले छोपिएको दिगङ्गना ।
देखिन्छन् प्रमदा–तुल्य लज्जाले विनता नना ॥"[206]

अलिअलि तुषाराले छोपिएको दिशा रूपी आइमाई लाजले निहुरिएकीं कुनै तरुणी जस्तै देखिन्छ । यहाँ दिशामा आरोप गरिएको नारीत्व नै उपमेय वनेर लज्जाले विनताननना भएकी प्रमदाको उपमा सार्थक हुन गएकोले रूपक र उपमाको अङ्गाङ्गि भाव संकर–अलंकार वन्न गएको छ ।

ग्रीष्म विचारमा–

"घामैको डरले हो कि ? ठूला नद—नदी सव ।
लुकाई लहरी–नृत्य खस्के तल तलै अव[207]

ठूला नद–नदी सवै घामको डरले हो कि क्या लहरी रूपी नृत्य लुकाएर अव ग्रीष्म ऋतुमा तल तलै खस्के ।

205 पं. सोमनाथ–साहित्य प्रदीप–पञ्चम प्रकाश (पृ.१२५)
206 लेखनाथ–ऋतु विचार–वसन्त (श्लोक २४)
207 ऐ ग्रीष्म विचार (श्लोक २४)

Nepal Sanskrit University, Balmeeki Campus...

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ घामको डरले हो कि क्या ? भन्ने उत्प्रेक्षा कारण भएर नद नदीले लहरी रूपी नृत्य लुकाएको झल्काइएकोबाट नट-नटीहरूको व्यवहार झल्काइएको समासोक्ति स्पष्ट हुन गएकोले यसमा पनि उत्प्रेक्षा र रूपक र समासोक्ति अङ्गी भएर अङ्गा ङ्ग भाव रूप संकर-अलंकार पर्न गएको छ ।

त्यस्तै शरद् विचारमा—

"कन्या—लङ्घन भो भन्ने संकोचैले अलीकति ।
झुकेका हुन कि लाचारी साथ ती पद्मिनी पति ।।"[209]

शरद् ऋतुमा सूर्य कन्या राशिमा प्रवेश गर्ने भएकाले यहाँ कवि कल्पना गर्दछन् – पद्मिनीका पति सूर्य कन्या लङ्घन भो (कन्यालाई नाघ्न पुगेछु) भन्ने संकोचले लाचारीसाथ अलिकति (तापक्रम गरेर) झुकेका हुन् कि ?

यहाँ सूर्यका व्यवहारद्वारा कुनै असावधानी गुण्डाको चरित्र झल्केको 'समासोक्ति' द्वारा 'सकोचले लाचारी साथ झुकेका हुन् कि ?' भन्ने उत्प्रेक्षा' पनि स्पष्ट भएको छ त्यो 'समासोक्ति' पूर्वकको उत्प्रेक्षा' 'कन्या-लङ्घन' मा रहेको श्लेष भएको श्लेषद्वारा पुष्ट भएको छ । तर यहां सूर्यको व्यवहारबाट गुण्डाको व्यवहार स्पष्ट गर्न खोजिएको भएर, 'समासोक्ति' मुख्य हो वा 'उत्प्रेक्षा' नै मुख्य रूपमा झल्काउन खोजिएको हो भन्ने सन्देह भई यो 'सन्देह संकर' अलकारको रूपमा झल्कन गएको छ ।

अर्को पनि सङ्कर' को उदाहरण यस्तो पाइन्छ –

'भीष्म—सन्तापले पूर्ण शकुनि—ध्वनि—संकुल ।
कृष्ण—कादम्बिनी शून्य जुवा झैं छ न भस्तल ।।"[210]

209 लेखनाथ—ऋतु विचार—शरद् विचार (श्लोक ४१)
210 ऐ ऐ ग्रीष्म विचार (श्लोक ४६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भीष्म पितामहको मानसिक तापले पूर्ण भएको, शकुनि (दुर्योधनका मामा) को आवाजले कोहोलो मच्चिएको, कृष्ण रूपी (शान्ति वर्साउने) बादल पंक्तिले शून्य भएको (दुर्योधनको सभामा खेलिएको) जुवा झैं - डरलाग्दो ताप (गर्मी) ले पूर्ण, (विभिन्न) पक्षीहरूको खल बलले भरिएको तथा कालो बादल पक्ति कतै न देखिने आकाश देखा परिरहेको छ ।

यहाँ 'उपमेय' आकाश 'उपमान'-जुवा अनि विभिन्न रूपकहरूद्वारा झल्काइएका जस्तैः- (जुवातर्फ) - भीष्म पितामहको मानसिक तापले पूर्ण हुनु, दुर्योधनका मामा शकुनिको आवाज चर्किएको हुनु साथै कृष्ण रूपी बादलको अभाव हुनु (आकाशतर्फ) - डरलाग्दो गर्मीको तापले युक्त हुनु विभिन्न पंछीहरूको खलबली सहित हुनु साथै कालो बादलको पंक्ति रहित हुनु - यी साधारण धर्महरू हुन् र यिनबाट झल्केको सादृश्य सूचक शब्द 'झैं' हो त्यसैले यहाँ 'पूर्णोपमा' अलकार परेको छ तर त्यो पूर्णोपमा अलंकारको आधार नै उपर्युक्त रूपकहरू छन् किनभने रूपकबाट झल्किएका श्लिष्ट अर्थद्वारा नै उपमेय र उपमान दुवै तर्फ रहन सक्ने साधारण धर्महरू स्पष्ट हुन गएका छन् । त्यसैले यहाँ रूपक-श्लेषद्वारा अनुप्राणित पूर्णोपमा झल्कन गएकोले यसलाई 'अङ्गाङ्गिभाव संकर' भनी मान्नु पर्दछ ।

अर्को 'संकर' को उदाहरण पाइन्छ-

"सवेरै देव कन्याले बढारी स्वर्ण - मन्दिर ।
फाले छन् कि यता मैलो हुस्सूरूप कसिङ्गर ॥" 211

यहाँ देव कन्याले स्वर्ग-मन्दिर बढारेर मैलो रूप कसिगर फालिएको भनी हुस्सू नभएर पनि भए जस्तो पारी असम्बन्धमा पनि सम्बन्ध देखाइएको सम्बन्धातिशयोक्ति हो कि अथवा उत्प्रेक्षा हो ? भन्ने सन्देह हुन सक्ने भएकोले सँदेहसंकर अथवा हुस्सू प्रति कसिगरको आरोप गरी झल्काइएको अतिशयोक्तिद्वारा अनुप्राणित उत्प्रेक्षा भई अङ्गाङ्गिभाव संकर पनि मान्न

211 लेखनाथ-ऋतु विचार हेमन्त विचार (श्लोक २८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्रिने देखा परेको छ ।

यसरी आफ्नो 'ऋतु विचार' मा लेखनाथ विभिन्न आलंकारिक प्रतिभाहरू यत्र-तत्र छरिरहेका पाइन्छन् । यति मात्र होइनन् अरू पनि कँयौ अलंकारहरू यसमा प्रशस्त भेटिन्छन्, साँच्चै भन्ने हो भने ऋतु विचारमा उनले कुनै न कुनै अलंकार प्रयोग नगरिएका पद्य छँदै छैनन् भन्न सकिन्छ, जस्तै स्वभावोक्ति, अत्युक्ति, विशेषोक्ति आदिका उदाहरणहरू पनि यहाँ कँयौं भेटिन्छन् जसको उल्लेख गरि साध्य नै छैन भने हुन्छ ।

अलंकार निर्णय सम्वन्धमा विद्वान्हरूको मत भिन्नता:-

यहाँ एउटा विचारणीय कुरो यो हुन आउँछ के भने – अलङ्कार शास्त्र भन्ने विषय बडो गहन छ । कसैले कुनै पद्यमा एक थोक अलङ्कार परेको देख्तछ भने अर्का विद्वान्ले त्यसैमा अर्कै अलंकारको कल्पना पनि गरेका हुन्छन् । कविको भाव-भङ्गी र विषयालोचन शक्ति पूर्ण प्रतिभाले नै अलंकारहरू पहिल्याएको हुन्छ । यसको दृष्टान्त हामी नैषधीय चरित महाकाव्यको 'टीका' लेख्ने दुई जना प्रकाण्ड विद्वान्हरू – प्राचीन महा महोपाध्याय मल्लिनाथ कविको व्याख्याको आधारमानी आफूले व्याख्या लेख्ने पण्डित कुलपति श्री जीवानन्द विद्यासागर भट्टाचार्य बी० ए० र महामहोपाध्याय पण्डित नारायण शास्त्री खिस्ते महोदयका शिष्य – कवि रत्न शिवदत्त शर्माहरूलाई लिन सक्तछौं । किनभने नैषधीय चरित महाकाव्यका कँयौं पद्यमा यी दुवै विद्वान्हरूले आ-आफ्नो विचार अनुसार भिन्न भिन्न रूपमा अलंकारको निर्देशन गरिएको पाइन्छ । जस्तैः-

" अजीयतावर्त शुभंयुनाभ्या दोर्भ्यां मृणालं किमु कोमलाभ्याम् ।
निःसूत्र मास्ते घनपङ्क मृत्सुमूर्तासुनाकीर्तिषु तन्निमग्नम् ॥" [212]

[आवर्त शुभंयुनाभ्याः (भैभ्याः) कोमलाभ्याँ दोर्भ्यां मृणालं अजीयत किमु ? (यतः) घनपङ्क मृत्सु मूर्तासु अकीर्तिषु निःसूत्रं तत् निमग्न न आस्ते ?

212 महाकवि श्री हर्ष-नैषधीय चरितम्-सप्तम सर्ग (श्लोक ६९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् - दाहिने तिरबाट घुँघुरिएर चक्का परी शुभ लक्षण युक्त नाभि स्थान भएकी ती दमयन्तीका अतिशय कोमल भएका दुवै बाहुली द्वारा कमलको डाँठको कोमलता (पनि) जितियो कि क्या हो ? (किनकि) तालको हिलो भई जमेको माटोरूपी मूर्तिमान (कालो मैलो) दुष्कीर्तिमा कमलो भएर भित्र धागो नै जम्न नसकेको (निःसूत्र) त्यो कमलको डाँठ डुबेको छैन ? (डुबेको छ नि !) [ठिक हो, मानिसहरू अरुबाट जितियो (आफू हरियो, भने कालो–मैलो नराम्रो दुष्कीर्तिमा डुब्दछन्] ।

यहाँ - टीकाकार भट्टाचार्यजी लेख्दछन् ।

" उत्प्रेक्षाऽलङ्कार स्तेन च प्रागुक्तवद् व्यतिरेको व्यज्यते इत्यलङ्कारेणालङ्कार ध्वनिः ।" 213

अर्थात् – " यहाँ दमयन्तीका दुवै हातले मृणाल (कमलको डाँठ) लाई जित्यो कि क्या हो ? भन्ने यो उत्प्रेक्षा अलङ्कार हो र त्यसबाट उपमान [कमलको डाँठ भन्दा पनि उपमेय (दमयन्तीका हात) बढी कोमल रहेछन् भन्ने भाव बुझिएबाट झल्किएको व्यतिरेक अलङ्कार व्यङ्ग्यरूपमा पाइन्छ । त्यसैले यहाँ यो अलङ्कारद्वारा अलङ्कार नै ध्वनि रूपमा झल्किएको उत्तम कविता हो ।। "

तर टिप्पणीकार शिवदत्तजीले यसै श्लोकको टीका सम्बन्धी टिप्पणीमा लेखेका छन् -

"अत्र किम्नि युत्प्रेक्षा निःसूत्र मित्यादिना सम्भावित स्यैत्र दृढीकरणा दनुमानंच घनपङ्कादे रकीर्त्य भेदेनोक्ते रूपकं च । " 214

213 जीवानन्द. महाचार्य नैषध चरितम् – टीका सप्तम सर्ग श्लो. ६९. (पृ. ६०६).

214 महामहोपाध्याय नारायण शास्त्रि खिस्ते नैषधीय चरितम् टीका को टिप्पणी सप्तम् सर्ग श्लोक ६९, (पृष्ठ २२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् – "यहा किमु ? (कि क्या हो ?) भन्ने शब्द द्वारा उत्प्रेक्षा अलङ्कार परेको छ, 'नि सूत्रं' इत्यादि द्वारा - संभावना गरिएको विषय लाई नै दृढ रूप तुल्याइएको बुझिएकोले अनुमान अलङ्कार पनि छ । (अनि) वाक्लो हिलो - माटोको दुष्कीर्ति सित अभेद रूप वताइएकोले रूपक अलङ्कार पनि परेको छ ।

प्रस्तुत पद्यमा दुवै टीकाकारहरूले 'उत्प्रेक्षा' मानिएकै छ र यस विषयमा कुनै आपत्ति भएन । तर भट्टाचार्यले 'व्यक्तिरेक' अलङ्कार मानेकाछन् त्यसलाई शिवदत्तले मानेनन् । तर व्यतिरेकको लक्षण यहाँ मिल्दछ । 'व्यक्तिरेक'को लक्षण साहित्य प्रदीपमा यसरी भनिएको छ –

'व्यक्तिरेक' कुनै तुल्य उपमानो पमेयको ।
आधिक्य वा न्यूनताले केही वैधर्म्य देखिए ॥

'कुनै धर्मले समान उपमान उपमेयमा उपमान भन्दा उपमेयमा केही गुणको आधिक्य किंवा न्यूनता भई वैधर्म्य (फरक) बुझिएमा 'व्यक्तिरेक' अलङ्कार हुन्छ । 215

– उपर्युक्त लक्षणको आधारमा - प्रस्तुत पद्यमा 'कोमलताको गुण' उपमान - मृणाल मा भन्दा उपमेय - दमयन्ती को हातमा वढी हुन गएकोले मृणाल हारेर मैलो हिलोमा डुब्न पुगेको विशेषता जाहेर गरेको हुँदा व्यक्तिरेक अलङ्कार राम्ररी व्यक्त भएको छ । भट्टाचार्यको भनाइमा त्यो व्यक्तिरेक अलङ्कार स्पष्ट रूपमा होइन उत्प्रेक्षाकै आधारमा व्यङ्ग्य रूपमा झल्किएको देखाइएको छ ।

अव कविरत्न - शिवदत्तजीको पक्षमा विचार गर्‍यौं भने उनले 'व्यतिरेक' को सट्टा 'अनुमान' अलङ्कार मानेका छन् । त्यो पनि गल्ती भन्न शकिन्न किन भने 'अनुमानको लक्षण यसरी वताइएको छ –

---

215 पं. सोमनाथ - साहित्य प्रदीप पञ्चम प्रकाश – (पृष्ठ ९३ - ९४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'अनुमान" कुनै हेतु पाउँदा रम्य कल्पना ।
नदेखिई दुःख दिन्छ काम पक्का पिशाच हो ।। ꙮ

प्रस्तुत नैषधको पद्यमा पनि - मृणाल हिलोमा डुब्न गएर सूत्र रहित हुन गएको बाट 'हारेको पक्का रहेछ' भन्ने अनुमान झल्केको छ । अनि कविरत्नजीले वाक्लो हिलोको साथ दुष्कीर्तिको अभेद देखाएकोले रूपक पनि हो भन्न पनि नमिल्ने होइन । तर यहा तिन वटा अलङ्कार देखाए पछि 'समृष्टि' वा 'संकर' पनि हो भन्न सक्नु पर्ने थियो, त्यो कुरा शिवदत्तजीले उल्लेख गरेनन् ।

वस्तुतः यहाँ कविरत्नजीको भन्दा भट्टाचार्यको आलङ्कारिक तर्क राम्रो पाइन्छ किन भने प्रस्तुत पद्यमा 'अनुमान' को भन्दा व्यक्तिरेक को पक्ष नै वढी चमत्कारी पाइन्छ र त्यो व्यङ्ग्य पनि हो । त्यसैले यो अलङ्कार द्वारा बुझिएको अलङ्कार ध्वनि हो भन्ने निर्देशन बडो युक्ति सङ्गत देखिन्छ । यदि कविरत्नजीको आलङ्कारिक पक्षलाई सही मान्ने हो भने यहाँ व्यतिरेक हो कि अनुमान हो भन्ने सन्देह - संकर वा उत्प्रेक्षा र अनुमान हो भन्ने सदेन्ह - संकर वा उत्प्रेक्षा र अनुमानको अङ्गाङ्गि भाव संकर हो भनी न मानी सुखैछैन । अतएव भट्टाचार्यको भन्दा कविरत्नजी को आलङ्कारिक विवेचनात्मक प्रौढतामा विशेष कमी नै पाइन्छ ।

पुनश्च उपर्युक्त नैषधको पद्यमा – "नि सूत्रं" पदले जनाएको श्लेष अलङ्कारलाई पनि बिर्सन शकिन्न । जुन श्लेषमा मृणाल तर्फ "कमलको डाँठ भित्रको धागोले रहित भएर" भन्ने अर्थ बुझाएको छ भने अर्को तिर दृष्टान्तरूपमा बुझिने 'हारेको व्यक्ति पनि 'सूत्र रहित' अर्थात् सहाय रहित (नि सहाय) भएर दुष्कीर्तिमा डुबेको हुन्छ - भन्ने अर्थ श्लेष द्वारा अनुप्राणित भएर वस्तुरूपमा ध्वनन भएको पाइन्छ । यस

ꙮ प. सोमनाथ - साहित्य प्रदीप – पञ्चम प्रकाश – (पृ. ११६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिले यसमा अलङ्कार मूलक वस्तु ध्वनि पनि झल्किएको पाइन्छ ।

यस्तै अलङ्कार सम्बन्धी मत भिन्नता झल्कने अर्को उदाहरण पनि त्यहिँ पाइन्छ । जस्तैः-

"प्रिया मुखी भूय सूखी सुधाँशु र्वसत्यसौ राहुभयव्ययेन ।
इतॉं दधाराधर बिम्बलीलां तस्यैव वालंकरचक्रवालम् । 216

"अयं सुधाँशुः प्रियामुखी भूय राहु भयव्ययेन सुखो (सन्) वसति । (यतः) तस्यैव वालं कर चक्रवालं इमां अधर विलम्बीलाँ दधार"

अर्थात् - भीमराजकुमारी दमयन्तीको मुख मण्डलको वर्णन गर्दै कवि लेख्तछन् - यी चन्द्रमा प्रिया (दमयन्ती) को मुख वनेर (मुख भित्र लुकेर) राहुको डरवाट मुक्तभई आनन्द साथ बसेका छन् (किनकि) तिनै चन्द्रमाका भरखर उदाएको वेलाका (कलिला राता) किरण पुन्जले यो प्रत्यक्ष देखा परिरहेको ओठको लीला जस्तै लीला धारण गऱ्यो (गरेको छ) । प्रस्तुत पद्यको व्याख्या गर्दै पण्डित भट्टाचार्य यसमा परेका अलङ्कार सम्बन्धमा लेख्तछन् -

"अत्र प्रथमार्द्धे व्यन्जका प्रयोगात् गम्या उत्प्रेक्षा द्वितीयार्द्धे कथमन्यस्य धर्म मन्यो बहतु इति अधर विम्बस्य लीलामिव लीला मिति सादृश्याक्षेपात् निदर्शना । तदुक्तं दर्पणे -

"सम्भवत वस्तु सम्वन्धी सम्भवत् वापि कुत्रचिन ।
यत्र विम्बानु विम्बत्वं बोधयत्सा निदर्शना- इति" ।। 216
तदनयो : ससृष्टिः ।।

---

216 महा कवि - श्री हर्ष - नैषध चरित - सप्तम संर्ग (श्लोक ५२)
217 जीवानन्द भट्टाचार्य ऐ टीका ऐ (पृष्ठ ५९३)
218 ऐ ऐ ऐ ऐ ऐ ऐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् – "यहाँ श्लोकको पूर्वार्धमा उत्प्रेक्षा बुझाउने व्यञ्जक (वाचक शब्द) को प्रयोग नभएकोले गम्या (प्रतीयमाना) उत्प्रेक्षा परेको छ र उत्तरार्धमा एउटाको धर्म अर्कोले कसरी धारण गर्न सकोस् ? भन्ने विचारले अधर विम्बको लीला जस्तो लीला भनी सादृश्यको आक्षेप गरिएकोले निदर्शना अलङ्कार परेको छ – त्यो कुरा साहित्य दर्पणमा भनिएको छ – दुई पदार्थ वा वाक्यार्थको सम्वन्ध हुन सक्ने वा हुन न सक्नेहरूको पनि सम्वन्ध बुझएर कुनै विम्व - प्रति विम्व भाव द्वारा सादृश्यको परिकल्पना गरी उपमा जस्तै बुझाएको छ भने त्यहाँ निदर्शना अलङ्कार हुन्छ।"

(अर्थात् - यहाँ प्रस्तुत पद्यमा पनि दमयन्तीको अधर लीला जस्तो लीला कलिला चन्द्र किरणले धारण गर्न असंभव हुनेमा पनि संभव भएको बुझाई 'धारण गऱ्यो' भनी विम्व - प्रति विम्व भावद्वारा सादृश्य जस्तै बुझाएर उपमा परिकल्पना गरिएवाट 'निदर्शना' अलङ्कार परेको छ भन्ने भट्टाचार्य विचार हो।)

फेरि लेख्छन् –

"त्यस कारण यहाँ उक्त प्रतीयमाना उत्प्रेक्षा र निदर्शना अलकारको संसृष्टि परेको छ।"

अव - नारायण शास्त्री खिस्तेका टीका सम्वन्धी टिप्पणीकार शिवदत्त 'कविरत्न' को प्रस्तुत पद्यमा अलङ्कार निर्णय तर्फ हेरौं - उनी लेख्तछन् –

'मुर्खा भ्येतिरूपकेण मुखमिव सुधाँशुर्नासीदिति व्यतिरेको व्यज्यते । वाललीलाऽभेदाऽऽरोपादपि रूपकम् । वालमितियम कञ्च । [219]

२१९ शिवदत्त कविरत्न - नारायण शास्त्री खिस्ते रचित टीका सम्वन्धी टिप्पणी, नैषधीय चरित्र श्लोक ५२ (पृष्ठ २२०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात 'दमयन्तीको मुख रूप बनेर' भन्ने यो रूपक अलङ्कार व्यक्त भएको छ वाल लीलाको अभेद आरोप गरिएकोले पनि अर्को रूपक अलङ्कार परेको छ। बाल भन्ने अक्षर क्रम दोहोरिएकोले यमक अलङ्कार पनि परेको छ।"

. यहाँ भट्टाचार्य जस्तै आफ्नो आलङ्कारिक पक्षलाई शास्त्रीय प्रमाण पूर्वक प्रामाणिक ढंगले वर्णन गरिएको तथ्यात्मक निर्णय शिवदत्तजीले दिन सकेका छैनन् र सामान्यतः अडकले आलङ्कारिक निर्णयमात्र शिवदत्तजीबाट प्रस्तुत भएको पाइन्छ। त्यसैले वस्तुतः भट्टाचार्यको निर्णय नै समर्थन योग्य देखिन्छ।

पण्डित कुलपति भट्टाचार्य र कविरत्न शिवदत्तका यस्ता अलङ्कार सम्वन्धी मत भिन्नता भएका स्थितिहरू उक्त दुवै नैषध - महाकाव्य सम्वन्धी टीका र टिप्पणी हेर्दा प्रशस्त भेटिन्छन्। यसबाट यो स्पष्ट हुन्छ कि - विद्वान्हरू अलङ्कार सम्बन्धमा आ-आफ्नो विचार अनुसार निर्णय दिदा रहेछन्। तर यहाँ यो पनि विचारणीय कुरो हुन आउँछ के भने - उपर्युक्त 'नैषध' का दुवै व्याख्याकारहरू मध्ये शिवदत्तका निर्णयहरूमा भन्दा भट्टाचार्यका निर्णयहरूमा विशेष प्रामाणिक तथ्यहरू भेटिएका छन् र उनका निर्णयहरू विशद रूपका पनि पाइन्छन् साथै काव्यात्मकतामा आधारित विशिष्ट रूपमा प्रयोग गरिएका वजनदार पद पदावलीहरूको मार्मिक भावाभिव्यञ्जन पक्षतिर गहिरिएर सोच्ने प्रवृत्ति भट्टाचार्य कै विशेष रूपमा झल्किएको पाइन्छ। त्यसैले भट्टाचार्य शब्दालङ्कार तर्फ त्यति झुकेका देखिदैनन्। भट्टाचार्य को अपेक्षा शिवदत्त चाहि सामान्यतः सोच्न सकिने र अड्कल गर्न सकिने अर्थालङ्कारहरू तिर केही ढल्किए पनि शब्दालङ्कार तर्फ चाहि विशेष रूपले उन्मुख भएका जस्ता देखिन्छन् साथै 'संसृष्टि' र 'संकर' जस्ता विचारणीय आलङ्कारिक पक्षमा कविरत्न शिवदत्तले त्यति गहन रूपमा सोच्न सकेको पाइन्न। अतः आलङ्कारिक निर्णय सम्वन्धी प्रौढता भट्टाचार्यमा नै विशेष रूपले रहन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गएको देखा पर्दछ र उनको पक्ष नै विशेप समर्थन योग्य देखिन्छ।

प्रस्तुत 'ऋतु विचार' सम्बन्धी आलङ्कारिक अभिव्यक्ति निर्णय सम्बन्धमा पनि यहाँ यथाशक्य शास्त्रीय मर्यादाको पालन गरी अलंकार-हरूका उल्लेख गरिएको छ, कतै कुनै विद्वान्‌ले यहाँका आलङ्कारिक – उल्लेख सम्बन्धमा मतभेदको दृष्टि पुरयाउन शक्लान् पनि भन्न सकिन्छ तापनि त्यस्तो स्थितिमा अलंकार निर्देशनमा निपुण प्रतिभाशाली समीक्षक-हरूबाट औचित्यपूर्ण रूपमा निर्देशन गरिने निर्णय अवश्य स्वागत योग्य नै ठहरिएला भन्न सकन्छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

'ऋतु विचारमा' विभिन्न कोणगत काव्यात्मक समीक्षा सम्बन्धी संक्षिप्त–दिग्दर्शन

कविशिरोमणि लेखनाथ आफ्नो 'ऋतु विचार' मा विभिन्न प्रकारका आफ्नो काव्यात्मक प्रतिभा सम्वन्धीं परिचय दिइरहेका पाइन्छन् । कतै आध्यात्मिकताको गहन विषय सम्बन्धी उल्लेख गर्दै अद्वैत वेदान्त सिद्धान्तको प्रतिपादन गर्ने मार्ग औंल्याइरहेका छन् भने कतै हाम्रो प्राचीन वैदिक आचरण सम्वन्धी विषयको संस्मरण गराइ रहेका देखिन्छन् । अनकतै हाम्रो प्राचीन सांस्कृतिक महत्ता सम्वन्धी गुण गान गर्न पुगिरहेका छन् भने कतै फेर प्राचीन आर्य सभ्यताको परिचय दिई 'हामी को हौं' र 'करता थियौं' भन्ने पक्ष तिर समाजलाई सिंहावलोकन गर्न प्रेरणा दिइरहेका हुन्छन् । कतै फेरि आजको संकीर्ण मनोवृत्तितिर उन्मुख हुँदै-त्यसबाट पीडित सामाजिक दुर्दशा केलाउन पुग्छन् भने कतै फेरि त्यसको निवारण गर्न र गराउन उपर्युक्त नैतिक आचरण पक्षको उल्लेख पनि गर्न पुगेका हुन्छन् । अनि हाम्रो वास्तविक सामाजिक स्थितिको चित्रण कतै कतै यथार्थ रूपमा दिन पुग्दछन् भने प्रकृतिका विभिन्न–पशु-पक्षी, कीट–पतङ्ग र लता–वृक्ष–वनस्पति तथा नदी नाला, पाखा–पर्वत, वनस्थली र उद्यान अनि आकाश, चन्द्र–सूर्य–तारा गण सहितका सबै पक्षहरू सित सम्बन्धित विविध परिस्थिति र वातावरण-हरूको सजीव चित्रण प्रस्तुत गर्दै आफू प्रकृतिका परम उपासक बन्दै गएका छन् । साथै वैज्ञानिक भौतिकवादी सिद्धान्त सम्वन्धित विभिन्न समीक्षा प्रस्तुत गर्दै वैज्ञानिक भक्त बनेर खोक्रो अनीश्वरवाद तिर ढल्केका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूलाई आधुनिक वैज्ञानिकता र आफ्नो प्राचीन आदर्शोन्मुख मानवतावादी सिद्धान्त पक्ष तुलना गरी हेर्न पनि ठाउँ ठाउँमा संकेत गर्दै गएका हुन्छन् । अनि मानव कल्याणाभिमुखी प्रवृत्तितिर ढल्केका आधुनिक वैज्ञानिकताको समर्थन र प्रशंसा गर्ने पक्षलाई पनि बिर्सेका पाइँदैनन् । यस दृष्टिले हेर्दा एउटै 'ऋतु-विचार' ले नै पं लेखनाथलाई नेपाली साहित्यका युग स्रष्टा महान् कविको रूपमा परिचित गराउन खोजिएको छ भन्नु अत्युक्ति होला जस्तो लाग्दैन ।

'ऋतु-विचारमा पं. लेखनाथबाट भएको ऋतु-समय सम्बन्धी निर्णय

समयको अवधि छैन, आदि-मध्य र अन्त्य पनि छैन, त्यसंले यो अनादि र अनन्त रूपमा स्वीकार गरिएको छ । तापनि जगतको व्यवहार चलाउन समयको विभाजन कल्पना गरी निमेष देखि 'परार्द्ध' सम्मको समय विभाजन देखाइएको छ । उक्त विभाजन अनुसार ३६० वटा दिनको एक वर्ष मानिएको छ । जसको १२ भाग लगाई प्रत्येक भागलाई महिनाको रूपमा अनि प्रत्येक दुइ महिनालाई 'ऋतु' शब्दले व्यवहार गर्ने प्रचलन छ । भौगोलिक वातावरण अनुसार यो ऋतु विचारमा केही भिन्नता देखा परे पनि हाम्रो प्राचीन परम्परा अनुसार दुइ महिनाको एक ऋतु हुने हुनाले वाह्र महिनामा जम्मा छ : वटा ऋतुहरू पर्ने देखाइएको छ । तिनमध्ये ऋतु परम्परामा जेठो भएको वसन्तलाई ऋतुहरुका राजा मानिएको छ र त्यस पछि ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर ऋतु हरूको नाम आउँछ ।

ऋतुको आरम्भ हुने महिना वा समय वारे मतभेदहरु पाइन्छन् । कसैले फाल्गुन देखि आरम्भ गरी फाल्गुन र चैतलाई 'वसन्त' ऋतु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानेका छन् भने कसैले चैत्र देखि आरम्भ गरी चैत्र र वैशाखलाई वसन्त ऋतु मान्दछन् । माघ शुक्ल पंचमी (श्री पंचमी) 'वसन्त पंचमी' मानि आएको परम्पराको आधारमा 'फाल्गुन चैत्र' लाई वसन्त ऋतु मान्नु उचित देखिन्छ । हाम्रो देशको प्राकृतिक वातावरण अनुसार पनि यही निर्णय नै उचित जस्तो लाग्दछ । अनि वत्सरारम्भ हुने चैत्र शुक्ल प्रतिपदा देखि मानि आएको र पहिलो ऋतुको रूपमा वसन्तलाई नै स्वीकार गरिआएको परम्परा अनुसार भने चैत्र · वैशाख' लाई वसन्त ऋतु मान्नु अनुचित जस्तो पनि लाग्दैन । यस अनुसार कार्तिकी पूर्णिमालाई शारदी पूर्णिमाको रूपमा स्वीकार गर्ने पक्षहरू सार्थक बन्दछन् अन्यथा 'फाल्गुन चैत्र' लाई वसन्त मान्न पुग्यौं भने कार्तिकी पूर्णिमा 'शरद' भित्र पर्न आउँदैन र हेमन्तमा पर्न जाने हुन्छ । धेरै कविहरुले चैत्र वैशाखलाई नै वसन्त को अवधि ठहर्‍याएको प्रतीत हुन्छ र यस अनुसार– चैत्र वैशाख वसन्त, ज्येष्ठ आषाढ – ग्रीष्म, श्रावण भाद्र - वर्षा, अश्विन · कार्तिक शरद, मंसिर - पौष – हेमन्त र माघ - फाल्गुन – शिशिर ऋतुमा पर्ने हुन्छन् ।

ऋतु विचारमा पं लेखनाथले यिनै छ : वटा ऋतु सम्बन्धी विभिन्न वस्तुस्थितिहरूलाई औंल्याउँदै वर्णन गरेका छन् । ऋतु सम्बन्धी निर्णयमा अपठ्यारो लागेर हो वा किन हो ? कुनै पनि ऋतु सम्बन्धी आफ्ना विचारहरूमा कुनै महिनाको कतै उल्लेख गरिए जस्तो देखिदैन । तर पनि शरद् विचारमा गएर –

'कन्या लङ्घन भो भन्ने संकोचैले अलीकती ।
झुकेका हुन् कि लाचारी साथ ती पद्मनी - पति ? ॥
(श्लोक ४१)

भनी कन्या संक्रान्ति (अश्विन संक्रान्ति) लाई लक्ष्य गरी कन्या राशिमा रहने सूर्यको ताप अलि घट्न गएको विषय उल्लेख गरेबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आश्विनलाई शरद् मानिएको देखिन्छ ।

अनि -

"यै शरदमा दशैं हाम्रो, यसैमा दीप मालिका ।
यसैमा धान्य सम्पत्ति, धन्य यो सुख तालिका ।।"

(श्लोक ९५)

भनी दशैं' र दीपामालिका (लक्ष्मी पूजा) दुवै शरद्मा नै पर्ने पर्वको रूपमा लेखिएकोबाट कविले आश्विन कार्तिकलाई मैं 'शरद्' ऋतु मान्न पुगेका छन् भन्ने स्पष्ट हुन्छ र यसै क्रम अनुसार वसन्त ऋतु सम्बन्धी महिना 'चैत्र-वैशाख' लाई नै स्वीकार गरेका रहेछन् भन्ने स्पष्ट हुन्छ । अर्को कुरो – कविले शरद् वर्णनको प्रसङ्गमा जे जति फूलहरूको वर्णन गरेका छन् ती सबै जस्तै हसना, शयेपत्री, गुणकेकरी, हंसराज, सूर्यमुखी मखमली, गोदावरी आदि फूलहरू फुल्ने समय अश्विन-कार्तिक नै प्राय: मानिन्छ ।

त्यस्तै फेरि, हलुवावेद र अम्बा पाक्ने मुख्य समय पनि यही हो त्यसैले कविले तिनको पनि यसै शरद् ऋतुकै सन्दर्भमा उल्लेख गरेका छन् । यी सबै कुराहरूबाट कविले अपनो शरत्कालीन अवधि आश्विन - कार्तिकलाई लक्ष्य तुल्याएको स्पष्ट हुन्छ । अनि हेमन्त विचारमा -

"समातेर धनू राशि राम - रूप - दिवाकर ।
सीताऽऽतुर हुँदै ज्यादा जाँदै छन् कि उँधोतिर ? ।।"

(हेमन्त विचार ७४)

भनि गरिएको उत्प्रेक्षाले धनु राशिमा सूर्य पुगेको संकेत गर्दै पौष महिनालाई हेमन्त ऋतु अन्तर्गत परिएको बाट पनि 'माघ - फागुन' लाई शिशिर मानेर चैत्र - वैशाखलाई नै वसन्त ऋतु मान्न पुगेको तथ्य स्पष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ । यस प्रकार पं लेखनाथको ऋतु विचारमा वस्तुत चैत्र- वैशाख देखि क्रमश: वसन्त आदि ऋतुहरू सम्वन्धि विभिन्न प्राकृतिक वैभवहरुको विचित्र वर्णन प्रस्तुत भएको पाइन्छ ।

प्रकृति–उपासक–कवि पं. लेखनाथ

कवि प्रकृतिको उपासना गर्दछन् भने प्रकृति कविलाई उत्कृष्टताको सिंहासनमा विराजमान गराउँछिन । प्राकृतिक - वैभवको यथार्थ तथा गहन अनुभूतिको सजीव चित्रण उतार्न शकेमा नै कविको प्रतिष्ठा उच्चतम रही कविको नाम अमर वन्न पुग्दछ । पं. लेखनाथ पौड्यालका प्राकृतिक वैभव - सम्बन्धी अनुशीलन उनको ऋतु विचारले राम्ररी स्पष्ट गरेको छ । ऋतु अनुकूल - प्रकृति चित्रणमा उनले आफ्ना गुरू "श्रीमद्भागवत" लाई मानेका छन् यो कुरो सही मान्नु पर्दछ तर पनि नेपाली प्रकृति चित्रणमा विभिन्न ऋतु अनुसार आफ्नै सेरो फेरो - भित्र देखा पर्ने विभिन्न प्राकृतिक - सम्पदाको यथार्थ चित्रणमा काव्यात्मक चमत्कार उनले जसरी स्पष्ट गरेका छन् तिनमा उनको निजी मौलिकता अलग्गै स्पष्टिन पुगेको छ । जसका केही विवरणहरू यहाँ प्रस्तुत छन् –

कवि वासन्ती प्रकृति चित्रणमा आफ्नो अनुभूति यसरी व्यक्त गर्दछन् सर्वप्रथम विभिन्न रूपमा देखा परेका वसन्त ऋतु सम्वन्धी प्रकृति र अवस्था आदि द्वारा वसन्तलाई सर्वले दिइएको 'ऋतुराज' पदवीमा पुष्टिदिँदै वासन्ती वातावरणलाई विशिष्ट आलङ्कारिक शैली मा वर्णन गर्दछन् –

"दिव्य आनन्दको रङ्ग दिव्य - कान्ति तरङ्ग छ ।
दिव्य उन्नतिको ढङ्ग दिव्य सारा प्रसङ्ग छ ॥"

(वसन्त विचार, श्लोक १२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि वसन्तलाई योग्य नेताको रूपका कल्पना गर्दै वासन्ती वन उपवनको प्राकृतिक सौन्दर्यका छटाहरू वर्णन गरिएका छन्, जसमा वसन्त ऋतुमा देखा पर्ने - विभिन्न फूलहरू, मधुरो दक्षिणी हावा, लता-वृक्षादिमा लागेका आँकुरा, पिपिरा, काइना, चिउला - टुसा आदिको समृद्धता अलि अलि तुवाँलोले छोपिनु, साथै वेली - चमेली, जाई, जुही चम्पा, कामिनी, कल्की, वकुल आदि आदिका साथै कीप' तथा 'भोगटे' आदिका मीठा वास्नाहरू यत्र - तत्र महकिइ रहनु, वन र वगैंचामा विभिन्न बुट्टे पुतलीहरूको नृत्य र फूलको रसका लोभी भमराहरूको गुञ्जन र भ्रमण चलिरहनु आदि वर्णन द्वारा वासन्ती प्रकृतिको यथार्थ चित्रण प्रस्तुत गर्दछन् र भन्दछन् –

"वोलने उडने लाखौं खिलौना काखमा धरी ।
पालुवामा वसन्त – श्री खेल खेल्छिन् थरी थरी ।।"

(वसन्त विचार - श्लोक ८२)

यसपछि ग्रीष्म विचारमा – ग्रीष्मको प्रचण्ड गर्मी, तातोहावाको झोंका, बलौटे जमिनमा मृगतृष्णिकाको छल, वतासको शून्य प्रायता, पृथ्वीको उष्णता, गर्मी खपेर हिंडिरहने वटुवाहरूको कष्ट मय स्थिति आकाशमा वादल को अवस्था - आदिको सजीव चित्रण दिंदै गर्मीले गर्दा चराहरूको स्तब्धता, डढेलोको उग्रता आदि समेत वर्णन गर्दै केवल चन्द्रमाको किरण (जून) नै ग्रीष्म सन्तप्त जगत्को एक मात्र आधार भएको कुरा यसरी वर्णन गर्दछन् –

"प्रचण्ड घामले गर्दा शुष्क प्राय चराचर ।
रसाई चन्द्रले पारे सार्थनाम सुधाकर ।। "

(ग्रीष्म - विचार - श्लोक ३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'वर्षा - विचार' मा पनि कविले आफ्नो प्रकृति सम्बन्धी अनुसन्धानात्मक विवरण प्रशस्त प्रस्तुत गरेका छन्। बादलको गर्जन, बिजुलीको नृत्य, मेघ मण्डलले ढाँकिएको आकाशको स्थिति आदिको चित्रणको साथै ग्रीष्म संतप्त जगत् प्रति देखाइएको मेघको दया सम्बन्धमा कवि यसरी वर्णन गर्दछन् —

"विश्वको दुःख देखेर दया धारी पयोधर ।
नपग्लेको भएदेखि के रहन्थ्यो चराचर ? ।।"

(वर्षा विचार - श्लोक ३२)

वर्षा ऋतुको आकाश - स्थिति चित्रण गर्दै पुन : कैयौं दिन सम्म र कैयौं रात सम्म कसैले पत्तै पाउन समेत नसक्ने जस्तै भएर रहने सूर्य चन्द्र - ताराहरू, भेलले गर्दा धमिलिएका खोला नाला आदि र तिनका बाढीका प्रकोपहरू, बाटो - घाटोका असुविधाहरू पहिरोको प्रकोप अनि नाङ्गा – डाँडा समेतमा देखा पर्ने तृण सम्पत्तिहरू, जताततै हिलो मैलो भरिएको स्थिति, कदमका फूलको महिमा, न्याहुली चरीको विलाप मुजुरको नाच, ढुकुर, चिवे, आदिका आवाज, इन्द्रेनीको शोभा, र वर्षाले गर्दा वडे - वडे पर्खाल आदि लड्नु इत्यादि प्राकृतिक चित्रणहरू यथार्थ रूपमा प्रस्तुत गर्दछन् ।

'शरद् - विचार' मा पनि - आकाशमा बादल क्रमशः पन्छिदै गएका, बादलको उज्ज्वलता, हिलो–मैलो सबै शुक्तै जानु, मनुष्य-पशु–पक्षी सबैमा आनन्दको प्रचुरता अनुभव हुँदैजानु सर्दी र गर्मी दुवै प्रायः समान-रूपमा अनुभव हुँदै जानु तुवालो हुस्सू–धुलो–बादल आदि कतै न देखिएर आकाश सफा देखिनु, रातमा तारा र चन्द्रमाको कान्ति वृद्धि हुँदैजानु, जुनकिरीको चक–चकी चल्नु, नदी–नालाहरू शान्त तथा निर्मल हुँदै आ-आफ्नो ठाउँमा आउनु, श्री सूर्य क्रमशः दक्षिण दिशातिरबाट उत्तर दिशा तिर बढ्दै जानु, हिमालयका शिखरहरू उज्वल हुँदै देखा पर्नु, पानी बर्साई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मकैका मेता बादलहरू पहाडका चुचुरातिर विस्तारै वर्लन थाल्नु, कमलका फूलको कान्ति बढ्नु, जतातत्तै खेतमा धानका बालाहरू झुल्न थाल्नु, कृषिको सफलताले प्रजावर्गमा आनन्दले छाउँदै जानु इत्यादि कुराहरूको स्पष्ट रूपमा चित्रण प्रस्तुत गर्दै बसन्तमा जस्तै बगैंचाहरूमा-हसना, केवरा कुणकेसरी, गोदावरी मखमली आदि फूलहरू ढक-मक्क भइरहनु, हलुवा बेद, अम्बा आदि फल-फूलहरू लटरम्म भई फलिरहनु, रसिकहरूको पिंगको रहर, दशैंको खुशीयाली, दीपावली-तिहारको रम-झम आदि रसिला वातावरणहरू सम्बन्धी चित्रण-इत्यादि विषयहरू वर्णन गर्दछन् । उक्त वर्णनमा कविको वैचारिकतामा निजी मौलिकता विशेषतः स्पष्ट भएको पाइन्छ । शरद्को महिमा गाउँदै कवि लेख्दछन् –

"न सर्दी छ न गर्मी छ न वर्षा छ न घाम छ ।
अपूर्व यो शरत्काल सबैको सुख धाम छ ।।"
"निर्दोषी नयनानन्दी शरत्का रसिला दिन ।
सधैं बस्ने भए देखि चाहिन्थे कविता किन ? ।।"

(शरद् विचार श्लोक २१-२२)

यसपछि, हेमन्त ऋतु सम्बन्धी विचारमा – हेमन्तलाई एक जगल्टे बाबाको रूपमा गरिएको कल्पनामा हेमन्ती प्रकृति राम्ररी प्रतिबिम्बित तुल्याइएको छ । कुइरोको चित्रण, सूर्यको ताप-शिथिलता, पशु-पक्षीको विचल्ली, प्रातः कालीन सौन्दर्य पूर्ण दृश्यहरू प्रायः बेपत्ता हुनु, तुपारोको प्रचण्डता बढ्नु ठण्डीमा डुबेकी पृथिवीको स्थिति, तुपारोले कक्रिएका लता-वृक्ष वनस्पतिको दुर्दशा, फूल, पालुवा आदिको प्रायः शून्यता, घामको महत्त्व, पाहार ताप्नेहरूको ताँतो, घाँसपात-तृण झारहरू शुक्तै जानु, रात बितेर बिहान भएको पनि नछुट्टिनु, ठण्डी (जाडो) ले गर्दा गरिबहरूको बेहवाल हुनु, प्रायः कृषक वर्ग सबै धानकै काममा मस्तरहनु इत्यादि चित्रणहरू पनि अतिशय मार्मिक रूपमा प्रस्तुत गरिएका छन् । हेमन्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिको चित्रण गर्दै कवि लेख्तछन्–

"नपक्षीको कुनै शब्द न प्रभा दिननाथको ।
भेद छुटयाउनै गाह्रो रातको र प्रभातको ॥"

(हेमन्त विचार श्लो. २४)

'दुःखी कौरव झैं खिन्न सुखी पाण्डव झैं वनी ।
हेर्दछन् द्रौपदी–चीर–तुल्य हेमन्त–यामिनी ॥"

(हेमन्त विचार श्लोक. ८६)

(दुःशासनले तान्दा तान्दा थुप्रो लागेर पनि अन्त्य न भएको (नसिद्धिएको) द्रौपदीको चीर (वस्त्र) जस्तै हेमन्त ऋतुको रात जति विताए पनि नसिद्धिने भई अतिशय लामो अनुभव हुने भएकोले दुःखी (गरिब अनाथ) हरू त्यो लामो रातलाई (द्रौपदीको सारी थुप्रिएको देखेर अर्थात् तान्दा तान्दा नसिद्धिएको देखेर) दुःखी बन्ने कौरव (दुर्योधय आदि) जस्तै बनेर दुःख पूर्वक हेर्दछन् र सुखी (जनता) हरू भने (सारी थुप्रिएको देखेर द्रौपदीको लाज बच्न सक्ने आशाले मनमा आनन्द मानी सुखी हुने) पाण्डवहरू जस्तै बनेर (न्यानोगरी पलङ्गमा घेरै बेर सुत्न पाएकाले बडो आनन्दी मन तुल्याएर त्यो रातलाई हेर्दछन् (विचार गरि रहन्छन् ।)

प्रस्तुत '८६' यौं पद्यमा झल्काइएको उपमामा कविको निजी प्रतिभा वैशिष्ट्य अतीव स्वाभाविक र मार्मिक रूपमा प्रस्तुत भएको छ । यस्तै प्रकारका बिभिन्न आलङ्कारिक विशेषताले भरिएका उक्तिहरू हेमन्ती प्रकृति चित्रणमा पनि प्रशस्त पोखिएका छन् ।

अन्त्यमा–पछिल्लो ऋतु–शिशिर सम्बन्धी विचार छ जसमा हेमन्त र शिशिरको प्राकृतिक स्थिति भिन्नता पहिल्याउन पनि मुश्किल परे जस्तै भएको तथ्य स्पष्ट गर्दै शिशिर विचारको आरम्भमा लेख्दछन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"हेमन्तको थियो जस्तो ऊस्तै शिशिरको छवि ।
दुर्लभै हुन्छ दोटाको भेद छुटयाउने कवि ।।

(शिशिर विचार श्लोक.१)

हेमन्तको भाइ शिशिरले दाज्यू भन्दा कम न वनी विशेष पुरूपार्थ देखाएको वर्णन गर्दछन् जसमा चिसो सिरेटो लागी रहनु; ह त खुट्टा काम्नु; प्राय: सबैले गुटु मुटु बनेर वस्न खोज्नु; बराबर आ-काश ढ्ँदिएर दिन प्रायः नरमाइलो देखापर्नु, माघे सिमसिमे झरी ले दुखदिनु, प्रायः मानिसहरूले अठल (ठुलो मकल) अगाडी राखेर आगो तापी केही आनन्द लिन खोज्नु; जतातते धुनी जगाएर वसेको देखापर्नु; बराबर हिउ पर्नु, नदीहरुमा हिउँ रेलिएको देखापर्नु, पानीको चिसोपना हद रूपले बढनु, कमल पोखरीहरुमा डंठीहरु मात्र बाँकि रहनु, चन्द्रमाको जुनले पनि मानिस दु खित हुनु, इत्यादिको साथै अन्त्यतिर-वसन्तका पूर्वरूप जस्तै प्रकृतिका भिन्नता देखापर्दै जानु, जाडोले गर्दा बटुवाहरुलाई संकष्टको अनुभव हुँदै जानु, वन-वगैंचाहरुमा पनि रूख-लहराहरुका पातहरु झर्दै शीतको कारणले सबै नाङ्गिंदै जानु, हिमालका चुचुराहरु टल्कँदै झल्कनु, फागुको रम-झम चल्न थाल्नु अनि अन्त्यमा वसन्तको प्रतीक्षा संकेत हुनु-इत्यादि विषय सम्बन्धी चित्रण सफलता साथ प्रस्तुत गर्दछन् । यसरी विभिन्न ऋतु सम्बन्धी यथार्थ रूपका चित्रणको प्रसङ्गमा पं. लेखनाथले प्रायः नेपाली भू-प्रकृति नेपाली देश-कालोचित वातवरण सम्वन्धी विवरण अनि नेपाली-पहाड-बेंसी, खोला नाला, खहरे-तलाउ, वन-वगैंचा, साथै नेपाली फूल - फल र रूख - विरूवा आदिका साथै नेपाली सामाजिक जन - जीवन अन्तर्गत विभिन्न नैतिक तथा अनैतिक, धार्मिक - अधार्मिक स्वच्छ - सांस्कृतिक र अन्धविस्वासात्मक - इत्यादि पक्ष सित सम्बन्धित अनगिन्ती रूपका विषय - वस्तुहरूलाई औचित्य पूर्ण रूपले छलंङ्ग पारेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । वाह्य दृष्टिले हेर्दा यो ऋतु विचार वसन्त आदि ऋतुहरू सम्वन्धी चित्रण गरिएको खण्डकाव्य रूपमा स्वीकार गरिए पनि वस्तुतः यसले 'नेपाली' भन्ने विशेषणले परिचित हुने प्राय : सम्पूर्ण प्राकृतिक वस्तुस्थिति को साथै नेपाली जन – जीवन प्रकृतिको समष्टि रूप नै हाम्रो अगाडि प्रस्तुत गरिरहेको पाउँछौं । लाग्छ - पं लेखनाथ आफ्नो ऋतु विचारका पानाहरू फैलाउँदै - "तिमीहरूको अनुहार यहाँ कता कता के कस्तो रूपमा खिचिएको छ के पहिल्याउन शक्छौ ? " भन्दै मुसु मुसु हाँस्दै हामीहरू सित सोधिरहेका छन् ! "

आध्यात्मिक दर्शन पक्षका कवि – लेखनाथ

कवि पं. लेखनाथ पौड्याल आफ्नो 'ऋतुविचार'मा एक अध्यात्म-वादी कविको रुपमा विशेषगरी देखा पर्दछन । आफ्नो कृतिमा उनी विभिन्न प्रकारले आध्यात्मिक दर्शन सम्बन्धी बिवरण ठाउँ-ठाउँमा प्रस्तुत गरिहेका पाइन्छन् र जसमा मानवताको राम्रो स्वरुप संकेत गरिएकोछ । आध्यात्मिकताको मूल आधार नै विवेक हो र विवेक कै प्रकाशनले ज्ञान शुद्धरुपमा प्रकाशित हुन्छ भन्नेकुरा स्पष्ट गर्दै लेख्दछन्

क) 'पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सव ।
विवेक ज्योतिले शुद्ध विद्या–तुल्य वनिन् अव ॥
(वसन्त १५ श्लोक)

अनि लयावस्था बिताएका जीव फेरि सृष्टिमा देखापर्दछन् भन्ने तथ्य स्पष्ट गर्दै लेख्दछन्

ख) हजारौं मुख भै निस्के लता–वृक्षादि हालमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लयाऽवस्था बितायेका जीव झैं सृष्टिकालमा।

(वसन्त. १६)

गौंथलीले गुणको व्यवस्था गर्न थालेको दृष्टान्तमा 'माया' र 'चेतन' मिली सृष्टिक्रम चलाएको कुरो उल्लेख यसरी गर्दछन्–

ग) "गौंथलीहरू साऽऽनन्द योग्य जोडी मिलीकन।
मायाचेतन झैं थाले गुण कृत्य जमाउन॥,।

(वसन्त ८७)

"क्षणिक-विषयको आनन्द लुब्ध भएको जीव मोहजालमा पर्दछ' भन्ने कुरा को दृष्टान्तमा ग्रीष्मको- स्थिति चित्रण गर्दै लेख्दछन्–

ङ) "क्षणिकाऽऽनन्दमा लुब्ध जीव झैं मोहजालमा।
जलमा मग्न भैं गोता लिन्छन् रसिक हालमा॥

(ग्रीष्म.८६)

अनि वर्षाको वर्णन प्रसङ्गमा अज्ञानले अँठ्याएका जीवको स्थितिसंकेत गर्दै लेख्दछन्–

च) "झरीले छोपिराखेका वर्षाका दिन छन सब।
अविद्याले अँठ्याएका जीव तुल्य गतप्रभ॥"

(वर्षा३८)

साथै ज्ञानको मुख्य भूमिकामा पुगेका महात्माको चित्र सम्बन्धी स्थिरता लाई लक्ष्य गरी लेख्दछन्

छ) यता उता कतै कत्ती डग्दैन घन मण्डल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लब्ध भूमि महात्माको चित्त झैं अति निश्चल ॥ "
(वर्षा४१)

अनि चित्तको स्थिरता पछि क्रमशः सुषुम्णा नाडीमा लगेको प्राणको दृष्टान्त दिदै बाँधको पानीको गति चित्रण यसरी गर्दछन्

ज) "बाँध बाँधीदिदा सोझै चढ्यो पानी कुला-भरी।
चित्तरोकी सुषुम्णामा लगेको प्राण झैं गरी ॥"
(वर्षा६५)

त्यसपछि फेरी शरत् विचारमा जीवन्मुक्त योगीको स्थिति संकेत गर्दै लेख्दछन्—

झ) "रुपरङ्गादिले शून्य सबशेष कुनै धन ।
जीवन्मुक्त सरी थाने हावा माफिक खेलन ॥"

"शान्ति' नै मुक्तिको मूल उद्देश्य हो भन्ने तथ्य संकेत गर्दै त्यो शान्ति पाउन मेघले जस्तै विश्वको सेवामा तत्पर हुनु पर्दछ भन्ने तथ्य यसरी स्पष्ट गर्दछन्-

ञ) मेघ झैं विश्व-सेवामा लगाई शुद्ध जीवन।
अन्त्यमा शान्ति जो लिन्छन् उनै हुन् मुक्तिभाजन ॥"
(शरद्.११)

सम्पूर्ण उपाधिले शून्य योगीको हृदय कल्पनाले शून्य हुन्छ भन्नेकुरा स्पष्ट गर्दै शरत्को आकाशको यसरी वर्णन गर्दछन्-

ट) "सारा उपाधिले शून्य आकाश यो घरी।
झूलकन्छ कल्पना शून्य योगीको हृदयै सरी॥ "
(शरद.२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरद्मा नदीका जलले वगर छोड्दै गएकोमा दृष्टान्त दिदै ज्ञानीको मनले तुच्छ भोगवासना छोडेको हुन्छ भन्ने तथ्य संकेत गरी लेख्दछन्–

ठ) नदीका जलले छोड्यो सारा वगर सुस्तरी।
ज्ञानीका मनले तुच्छ भोगको वासना सरी॥"

यसैगरी- वेदान्तको अन्तिम सिद्धान्त 'ब्रह्मवेत्ता ब्रह्ममै लीन हुन्छ भन्ने तथ्य स्पष्ट गर्दै लेख्दछन्–

ड) "खेतको मोहिनो शोभा हेरदा–हेरदै महाँ।
ब्रह्ममा ब्रह्म-वेत्ता भैं लीन हुन्छ मनै महाँ॥"

(शरद.६७)

यस्तै प्रकारले हेमन्त विचारमा पनि विभिन्न आध्यात्मिक प्रक्रियाहरुको उल्लेख गर्दै मायाकै कारणले गर्दा मुक्तिको बाटो बिर्सेका विषयी व्यक्तिको दुरवस्था र पूर्ण सिद्धि प्राप्त गरेका योगीको दुखमुक्त अवस्था सम्बन्धी बर्णन यसरी गरेका छन्।

ढ) "कुइराभा कठै!! काग घुँछन् अन्योलमा परी।
मायाले मुक्तिको मार्ग विर्सेका विषयी सरी॥"

(हेमन्त ३२)

ण) गद्गदाऽऽकार भैं वस्छ दुनियाँ सब घाममा।
योगारुढ महात्मा भैं दिव्य कैवल्य धाममा॥"

(हेमन्त ५५)

यसैगरी शिशिर विचारमा पनि, 'परमानन्द पाएका योगीको हृदय सम्बन्धी स्थिति, प्रारब्ध–यन्त्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महत्ता आदि विभिन्न आध्यात्मिक विषयहरूको प्रसङ्ग प्रस्तुत गरेकाछन् ।

यस प्रकार लेखनाथको वेदान्त दर्शन सम्बन्धी आध्यात्मिकतामा निकै परिपक्वता भएको स्पष्ट हुन्छ । आध्यात्मिकता - त्यसमा पनि वेदान्त दर्शन सम्बन्धी सिद्धान्तले केवल निजी उन्नति मात्र होइन सम्पूर्ण मानव समाजको जीवन - यापन सुगम रूपले हुन शक्तछ भिन भने, आध्यात्मिकता र मानवता पारस्पारिक सामञ्जस्य सर्वदा विद्यमान रहन्छ । बिना आध्यात्मिकताले मानवको मानवता अक्षुण्ण रहन शक्तैन भने मानवता बिना आध्यात्मिकता भन्ने विषय कहिल्यै ब्यूँझन शक्तैन । लेखनाथको आध्यात्मिकता पनि सर्वदा मानवता तर्फ नै उन्मुख भएर उनबाट मुखरित भइरहेको पाइन्छ, जसमा मानव हृदयमा विवेकको आवश्यकता, जीव सृष्टिको निदर्शनद्वारा- सृष्टि नित्य नवीन भएर पनि प्रतिक्षण जर्जर हुँदै विनाश हुँदै जाने भएकोले यसमा ममता रहनु नै मानवको निति दुःखको मूल कारण हो- भन्ने पक्षको समर्थन; सृष्टि भन्नु नै माया र चेतनको उपज हो - भन्ने स्पष्टता द्वारा यसको अनित्यताको संकेत ; अज्ञान नै दुःखको अर्को कारण हो भन्ने निदर्शन; ज्ञानीको आनन्दी जीवनका दृष्टान्तहरूको संकेत ; योग - साधनद्वारा शारीरिक तथा मानसिक स्थितिको विकाश सम्बन्धी योगदानको उल्लेख: जीवन्मुक्त व्यक्तिको निश्चिन्तता सम्बन्धी दिग्दर्शन द्वारा संसारिक झमेला-को चिन्ता बाट मुक्त हुनु पर्ने तथ्य प्रदर्शन; ब्रह्मज्ञानीको वास्तविक स्वरूपानुभवको स्थिति संकेतद्वारा जीवनको लक्ष्य निर्देशन; त्यसैबाट हुने विश्व कल्याणको महत्ता तथा विविध आध्यात्मिक प्रक्रियाहरूको निर्देशन द्वारा शान्ति प्राप्तिका मार्गहरूको निर्देशन इत्यादि अनगिन्ती रूपमा आध्यात्मिक महत्तापूर्ण विषयहरुको प्रस्तुति पाइन्छ, जसबाट सच्चा मानवतावाद द्वारा नै विश्व कल्याण हुन शक्तछ - भन्ने तथ्य स्पस्ट गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गहिरिएर हेरयौं भने वस्तुत: आजको युगमा पनि मानवले चाहेको विश्व शान्ति आध्यात्मिकतामा नै निर्भर रहेको स्पष्ट हुन्छ । यसवाट ऋतु विचारका अध्यात्मवादी लेखनाथ आफ्नो आध्यात्मिक सिद्धान्त स्थापना द्वारा मानव कल्याण तिर नै विशेष उन्मुख वनेका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ ।

ऋतु विचारमा रोमाण्टिक कवि रूपमा पं. लेखनाथ

हुनत ऋतु - विचारमा पं लेखनाथ पौड्याल एक प्राचीन साहित्यिक परिपाटीको अनुसरण गरी आफ्नो काव्य साधनामा अग्रसर भएका देखिन्छन्, तर पनि उनको काव्यात्मक विशेषताको आधारमा उनलाई आधुनिक रोमाण्टिक कविको रूपमा पनि संफ्न शकिने स्थिति देखा पर्दछ । प्राय: समीक्षकहरूले साहित्यमा आधुनिक रोमाण्टिक पनलाई केही सीमित रूपमा देख्ने गरि आएको पाइन्छ । उनीहरूको दृष्टिले कुनै यौनोन्मुख साहित्य वा प्राय: कुनै विद्रोहात्मक उग्रवादी किंवा राजनीतिक पृष्ठ भूमिमा आधारित साहित्यिक कृतिमा रोमाण्टिकता सजिएको देख्ने गरि आएको छ र साथै कसै कसैले कुनै क्रान्तिकारी साहित्य तथा समाजको नग्न चित्रण प्रस्तुत गरिएका साहित्यमा पनि रोमाण्टिकता भरिएको देख्ने गरि आएको पनि पाइन्छ । तर रोमाण्टिकता तिनै बिषयमा मात्र सीमित रहँदैन । रोमाण्टिक साहित्यको वारेमा 'भानु' पत्रिकाको "देवकोटा विशेषाङ्क" मा "देवकोटाको प्रकृति प्रयोग र प्रकृति काव्य 'वन कुसुम' भन्ने शीर्षक आफ्नो लेखमा श्री ठाकुर प्रसाद पराजुलीले 'राम्रो लेखेका छन् । उनी लेख्तछन् -

"प्रकृतिलाई जीवन र जगत्को व्यापक अन्तरालवाट अवलोकन गर्ने परम्परा रोमाण्टिक धाराको मूल प्रवृत्ति हो । अंग्रेजी रोमाण्टिक कविहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो दृष्टि मानवताका महान् पक्षपाती रूसोबाट पाएका हुन् ।" (भानु देवकोटा विशेषाङ्क" पृष्ठ २९०)

पाश्चात्य विद्वान् रूसोबाट प्राप्त उपर्युक्त दृष्टि अनुसार ऋतु विचार का कविलाई पनि रोमाण्टिक कवि रूपमा सजिलैसित चिन्हाउन सकिन्छ। प्रथमतः ऋतु - विचार' स्वतः प्रकृति सित सम्बद्ध छ र प्रत्येक विचारका प्रायः पद्यहरूमा भने फैं प्रकृतिलाई जनजीवन र समकालीन स्थिति सित सम्बद्ध तुल्याई तिनमा पारस्परिक सामञ्जस्य घनिष्ठ रूपमा रहेको तथ्य निर्देशन गरिएको छ । कैयौं आध्यात्मिकताको निदर्शनमा कैयौं प्राकृतिक विषय सम्बन्धी चित्रणमा अनि विभिन्न ऋतु सम्बन्धी अनगिन्ति वातावरणको निर्देशनमा साथै विविध प्राकृतिक विषयहरूको सौन्दर्य वर्णनमा जहाँ तहिँ उनी सामाजिक स्थितिका विभिन्न पक्षहरू कोट्याउँदै समाजलाइ उपयुक्त मार्गको संकेत गरीरहेका हुन्छन् । जसबाट सहृदय पाठकहरूको अन्तरमा तीव्र संवेदनको अनुभूति बिउँभन शक्तछ । शृङ्गारी भावको होस् वा धार्मिक तथा आध्यात्मिक पक्षको होस् चाहे कुनै राजनीतिक पक्षको होस् अथवा सामाजिक कुटनीति सम्बन्धी परिप्रेक्ष्य को नै किन नहोस् सर्वत्र भने फैं मानवको अन्तरसम्म तीखो संवेदन पुऱ्याउने लक्ष्य नै कविबाट स्पष्ट भएको पाइन्छ। नमूनाको निति केही विषय यहाँ प्रस्तुत गरिन्छ ।

क) यौवन र सौन्दर्यको मदले मत्त भएकी भरखरकी युवतीको उल्लासपूर्ण चरिण चित्रण गर्दै कवि वासन्ती - शोभाको यसरी वर्णन गर्दछन् –

"कलीला पालुवा माथि बिछ्याएर फुलै फुल ।
वसन्त श्री - बसेकी छन् वनी सौन्दर्य विह्वल ॥
(वसन्त विचार श्लोक ३६)

ख) फूल र भमरा सम्बन्धी कल्पित क्रियाकलापलाई - हृदयले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहेर पनि वाहिरवाट ठिक्क पारी प्रणय - निषेध सम्बन्धी अनुनय गरिरहने प्रेमिका र त्यसमाथि जवर्जस्ती गर्न खोज्ने धृष्ट प्रेमीको चरित्र रूपमा ज्यादै मीठो अभिव्यक्ति यसरी दिइएको छ ।

"हाँसी मुसुक्क विस्तारै शिर हल्लाउँछन् फुल ।
भमराको उही "हुन्न" केहोला कसको भुल ? ।"

(वसन्त विचार श्लो. ४७)

(उपर्युक्त पद्यमा - मुसुक्क हाँसेर प्रणयानुरोध गर्दै "हुन्न र ?" भन्ने प्रश्नको रूपमा विस्तारै शिर हल्लाउँदै संकेत गर्ने फूललाई वाहिरवाट "हुन्न" भन्दै निषेध गरे झैं गरी जवर्जस्ती गर्ने भ्रमर धृष्ट विलासीको रूपमा देखापरेको छ भन्ने पनि कविको कल्पना मान्न सकिन्छ)

ग) आफू कँयौं समयसम्म पानीविना घाँटी सुकाएर वस्न परेको छ, जलाशय नजिकै छ । तर पनि तुच्छ जीवन (जल) को निति मर्नै परेपनि आकाशवाट वर्सेको पानी वाहेक अरू जमेको पानी नपिउने प्रण गर्ने भएको चातक (हुटिट्याउँ) ले आफ्नो शिर झुकाएन - भन्दै धीर पुरुषहरूको कर्तव्य निष्ठता सम्वन्धी अति मार्मिक भाव यसरी व्यक्त गरिएको छ –

"जलाशयहरू नेर तुच्छ जीवन खातिर ।
मरे पनि झुकायेन धीर चातकले शिर ।।"

(ग्रीष्म विचार श्लोक ५३)

उक्त पद्यमा चातकको आत्माभिमानवाट अभिव्यक्त भएको दृढ कर्तव्यता मनुष्य मात्रको निति अनुकरणीय रूपमा प्रस्तुत गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घ) शोषक तत्त्वहरूको शोषण नीतिले गर्दा शोषितहरूको अवस्था कसरी विग्रन जान्छ, भन्ने तथ्य प्रस्तुत गर्दै शोषितहरूको उपमान रूपमा गरीबीले सताइएका दुःखीहरूको उदाहरण दिइएको कुरो यसरी व्यक्त गर्दछन् —

"वैलाये घामले राम्रा भरिला पुष्प-पल्लव।
दारिद्रयले डढाएका दुःखी झैं गत-गौरव॥"

(ग्रीष्म विचार श्लोक ५९)

ङ) ग्रीष्मले गर्दा तातेकी पृथिवीलाई आफ्नो प्रेम रसले (जलले) रसिलो पारेर फकाइ सकेपछि पृथिवीको नगीचै बसेर बादलले पृथिवीबाट आनन्द लिन थालेको कल्पनाद्वारा "केही रिसले तातेकी प्रेमिकालाई साम-दानद्वारा रसिली तुल्याएर नगीचै बसी आनन्द लिइरहने कुनै चतुर नायक (प्रेमी) को रूपमा" बादललाई देखेको कुरा कवि यसरी प्रस्तुत गर्दछन् –

"रसले रसिलो पारी तातेकी पृथिवीकन।
नगीचैमा वसी मेघ लाग्यो भारो मजालिन॥"

(वर्षा विचार श्लोक २५)

च) निःस्वार्थी उपकारी दाताको व्यक्तित्व सम्बन्धी परिचय दिदै कवि अर्को पद्यमा आदर्श पूर्ण यथार्थता भन्ने कुरो सामाजिकताको निति यसरी महत्त्वपूर्ण हुन्छ भन्ने संदेश दिदै लेख्दछन् –

"लोक भन्छ पुग्यो पानी किन्तु मेघ खन्याउँछ।
यस्तै व्यक्ति महादानी लोकमा कहलाउँछ॥"

(वर्षा विचार श्लोक ४५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ) समाजमा नोकर्नीको कर्तव्य परायणता र मालिक्नीको रवाफी जीवन तिर औंल्याउँदै कवि यसरी आफ्नो अभिव्यक्ति स्पष्ट गर्दछन् जसमा पृथिवी भरिका फोहोर मैला सबै सफा गरी धोइ दिएर पोत दिएर मुकिलो पारी वर्षा ऋतु गए पछि मालिक्नी जस्तै भएर शरद जताततै आफ्नो राज चलाउँदै ढली–मली गर्न थालेको विषय उल्लेख छ। कवि लेख्दछन् –

"वर्षा जाँगरिलो दासी धोई पोती लिपी चली।
शरद् मालिकिनी जस्तै गर्न थाली ढली–मली॥"

(शरद् विचार श्लोक १८)

उपर्युक्त पद्यमा निकै राम्रो सामाजिक यथार्थता स्पष्ट भएको छ।

ज) उत्ताउली केटीको उत्ताउलो व्यवहार देखेर शीलवती ललनाहरू जसरी लाजले जिभ्रो काटेर लुक्तछन् त्यही व्यहोरालाई हसना र केवराको कल्पित प्रकृति चित्रण कविले मीठो शैलीमा यसरी व्यक्त गरेका छन् –

"हसनाको वडो हम्के देखी उत्ताउलोपन।
कुनामा केंवरा लाग्यो जिभ्रो काढ्दा लजाउन॥"

(शरद् विचार श्लोक ७९)

झ) हेमन्त प्रकृति चित्रणमा हैमन्ती शीत र जाडोले गर्दा समाज भित्रका दुःखी गरिबहरूको निति रात बिताउन कसरी मुश्किल पर्दछ भन्ने बिषयको ज्यादै भावपूर्ण मार्मिक अभिव्यक्ति यसरी दिइएको छ –

"घडी तुल्य पला लाग्छन्, वर्ष तुल्य घडी सब।
दुःखी दाह्रा किटी भोग्छन् रातको शीत–गौरव॥"

(हेमन्त विचार श्लोक ८३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ञ) शीतले गर्दा वगैंचाका फूलका बुटाहरूमा देखापरेका विभिन्न स्थितिहरूद्वारा गरिएंको समासोक्ति सम्बन्धी अभिव्यञ्जनामा पनि सामाजिकताको निकै स्वाभाविक चित्रण यसरी प्रस्तुत गर्दछन् –

शीतले फुलका साना वगैंचाका बुटाहरू ।
परलोक भए धेरै रून्छन् थोरै धुरू–धुरू ।।"

(हेमन्त विचार श्लोक ९१)

ट) बेकारको नचाहिंदो विषयमा पनि ज्यादा कचकच गर्दै सबैलाई दिक्क गर्ने थाङने घरखोते वुढोको रूपमा माघे झरीको कल्पना गरिएको पद्य कवि यसरी प्रस्तुत गर्दछन् ।

"दिक्क गर्छ सबैलाई माघको सिमसिमे झरी ।
ज्यादा कच्कचे थाङ्ने घरखोते वुढो सरी ।।"

(शिशिर विचार श्लोक ३३)

उपर्युक्त पद्यमा अनावश्यक रूपमा पनि सबैलाई दिक्क हुने गरी माघमा लाग्ने झरी सित कच्कचे वुढोको तुलना अतीव सुहाउँदो रूपमा देखापरेको छ ।

ठ) भौतिकताको प्रवलतालाई वोकेर आएको नयाँ विचारधारा द्वारा सनातन धर्म थिचिदै गएको तथ्य प्रस्तुत गर्दै प्रकृति चित्रणद्वारा सामयिक स्थिति प्रति व्यङ्ग्य गर्दै कवि लेख्दछन्–

थिचदैछ तुषाराले सारा कमलको वन ।
नयाँ विचारधाराले धर्म जस्तै सनातन ।।"

यस्तै अनगिन्ती रूपका उदाहरण पाइन्छन् जसमा प्रकृतिलीलामा मानव जीवनको सम्बन्ध तीव्र रूपमा घनिष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहि आएको तथ्य कविबाट स्पष्ट भएको पाइन्छ र प्रकृति चित्रणको ढलले सामयिक स्थितिलाई समेत संकाउने चेष्टा पनि सफल रूपमा गरिएको छ । सामाजिक गतिविधि प्राकृतिक लीलाद्वारा कतै उत्प्रेक्षित तुल्याइएको छ भने कतै प्राकृतिक स्थितिको दृष्टान्त रूपमा सामाजिक स्थिति औंल्याइएको छ । अनि प्राकृतिक शृङ्गारी भावको माधुर्यं पूर्ण अभिव्यक्तिले आफ्नो सामाजिकताको चित्रणमा जतिपुष्टि दिदै गएका छन् त्यस भन्दा बढी कविले जन जीवनको दयनीय स्थिति संकाउन प्राकृतिक अनुसन्धान गरिएको तथ्य काव्यमा विशेष रूपले भेटिएको छ । त्यसैले ऋतु विचारका कवि पं. लेखनाथलाई नै हामी रोमाण्टिक कविको रूपमा देख्न सक्छौं; कवि शिरोमणि लेखनाथलाई मात्र होइन ।

प्राचीन संस्कृतिका उपासक कवि पं. लेखनाथ

ऋतु विचारमा पं. लेखनाथ पौड्याल प्राचीन सांस्कृतिक सिद्धान्त पक्षलाई पनि ठाउँ ठाउँमा निर्देशन गरिरहेका पाइन्छन् । प्राचीन वैदिक संस्कृतिमा नै हुर्केका कविले आफ्नो कृतिमा त्यसको पक्षपाती बनी देखाउनु अस्वाभाविक होइन । हाम्रो प्राचीन सांस्कृतिक पक्षमा प्रायः अन्धविश्वासात्मक दृष्टि दिने प्रथा आधुनिक विचारधाराका व्यक्तिहरूमा पाइएको छ, वास्तवमा भन्ने हो भने त्यो विशुद्ध सांस्कृतिक पक्षमा मानव कल्याण सम्बन्धी धेरै कुराहरू ओत-प्रोत रहेका हुन्छन् जसलाई अन्ध-विश्वासी दृष्टिले देख्न सक्तैन । कुनै कुनै पछिका संक्रमणकालीन परिवर्तनहरूको आधारमा त्यो प्राचीन संस्कृति सम्बन्धी विषयहरूमा कतै केही ध्वाँसोले पोतिएर अन्धविश्वासात्मकता देखा पर्न गएको पनि पाइन्छ तर तिनकै सरह सम्पूर्ण प्राचीन सांस्कृतिक पक्षलाई अन्धविश्वास भनिठान्नु सर्वथा अनुचित हो । यही तथ्यले प्रेरित भएर नै महाकवि देवकोटाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो "के नेपाल सानो छ ?" शीर्षक निबन्धमा लेखेका छन् – "अन्ध-विश्वासी भन्ने ले आफ्नो अन्धविश्वास उपर आँखा चिम्लिरहेछ ।।"

अतः त्यही हाम्रो प्राचीन संस्कृतिका विविध पक्षहरूलाई आफ्ना कृतिहरूमा जस्तै ऋतु विचार' मा पनि पं लेखनाथले त्यसैबेला यथ शक्य स्पष्ट गर्न खोजेका छन । प्राचीन ऋषिहरूको खानपान सम्बन्धी पवित्रता तिर औंल्याउँदै उनी लेख्दछन् –

क) "ऋषि झैं गर्दै शुद्ध मञ्जरी मयभोजन,
रातैमा कोइली लाग्दो स्वर्गीय सुरसाधन ।।"

(वसन्त श्लोक ६७)

वेद विज्ञाता ऋषिहरूको परिचय दिंदै लेखेका छन्–

ख) "अघिका वेद–विज्ञाता ऋषिको झैं मनोहर ।
लाखौं चराचुरूङ्गीका सुन्नछ मधुर स्वर ।।"

(बसन्त)

सत्सङ्गको महिमा उल्लेख गर्दै ग्रीष्म विचारमा कवि लेख्तछन् –

ग) जल तात्यो हवा तात्यो, तात्यो गगन भूतल ।
सन्तको सङ्ग झैं यौटा वृक्षच्छाया छ शीतल ।।

(ग्रीष्म १४ श्लोक)

प्राचीन महापुरूषहरूमा रहने गाम्भीर्य गुण सम्वन्धी महिमा गाउँदै लेख्दछन् –

घ) "सानातिना नदीनाला नामशेष बने सबं ।
विनागाम्भीर्यको व्यक्ति रहन्थ्यो तापमा कब ?"

(ग्रीष्म श्लोक १७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नैष्कर्म सिद्धि प्राप्तगरेका योगीको वनको भ्रमण सम्बन्धी परिचय दिदै लेख्दछन्–

ङ) "असह्य तापकामारे हिजो आज सबै जन ।
नैष्कर्म्य - सिद्ध योगी झैं घुँन थाले वनै-वन ॥"

(ग्रीष्म श्लोक ६३)

आपसी फूटको परिणाममा दृष्टान्त दिदै लेख्दछन् -

च) "निकाली अग्निको ज्वाला आपसैमा भिडीकन ।
कुरुवंशी सरा थाल्यो वंश - श्रेणि विनाशिन ॥"

छ) "वेग साथ वढेको छ डढेलो वनमा अति ।
हिन्दुमा सर्व - संहारी फूट झैं भाषणाऽऽकृति ॥"

(ग्रीष्म श्लोक ६८ - ६९)

उपकारी महात्माको चित्तको पवित्रता र कोमलता सम्बन्धी परिचय दिदै लेख्दछन् –

ज) "उपकारी, महात्माको चित्त झैं स्वच्छ कोमल ।
देखिन्छ भाग्यले यौटा शिरीषतरूमा फुल ॥

(ग्रीष्म श्लोक ८४)

ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास गरी यी चार आश्राम मध्ये शान्तिको मन्दिर चौथो आश्रम सन्यास - आश्रम नै हो भन्ने कुरा व्यक्त गर्दै लेख्छन् –

झ) "दिन रात दुवैको छ चौथो याम मनोहर ।
चतुर्था ऽऽ श्रम भैं आर्य - जातिको शान्ति मन्दिर ॥ "

(ग्रीष्म श्लोक ९१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नराम्रो वासना (प्रवृत्ति) ज्यादा रहने हृदय फोहर हुन्छ अर्थात खराब प्रवृत्ति रहने चित्त समाजको निति अनुपयुक्त हुन्छ भन्ने तथ्य स्पष्ट गर्दै लेख्दछन् –

ञ) "हिले आहाल देखिन्छन् धमीला भलले भरी।
ज्यादा दुर्वासना - जाल जमेका हृदयैं सरी ॥"

(वर्षा श्लोक ५९)

सज्जनको हृदय करूणाले पगालेको हुन्छ भन्ने स्पष्ट गर्दै लेख्छन् –

ट) 'नौनी समान वर्षाले गालेको भूमि भाग यो।
करूणाले पगालेको सज्जनै - तुल्य देखियो ॥"

(वर्षा श्लोक ६२)

लोकोपकारमा जत्ति खर्च गर्यों त्यति आफ्नो उज्वलता वढ्छ भन्ने पवित्र भाबना व्यक्त गर्दै लेख्दछन् –

"लोकोपकारमा जत्ति खर्चन्छ जल - सम्पति
उत्ती उज्यालो देखिन्छ मेघको वदनद्युति ॥"

(वर्षा श्लोक ६४)

अनि 'पुर्खाको धर्म - धाराले कुल पह्लाउँछ' भन्ने भावनामा पुष्टि दिदै लेख्दछन् –

"वेसरी गाँजियो रोपो कुलाको जलले गरी।
पुर्खाको धर्म - धाराले पह्लायेको कुलै सरी ॥"

(वर्षा श्लोक ३३)

भक्ति र मुक्तिको महिमा उल्लेख गर्दै लेख्दछन् –

"संसार यो हिलो सारा पद्म ईश्वर - भक्ति हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीव छन् भ्यागुता - तुल्य पद्मको रस मुक्ति हो ॥"
(वर्षा श्लोक ७४)

गुण बढी भएका व्यक्ति झुक्तछन् - भन्ने भावना व्यक्त गर्दै लेख्दछन् –

"गुणका भारले नम्र गुणी - तुल्य अली तल ।
झुके दारिमका हाँगा लागनाले ठुला फल ॥"
(वर्षा श्लोक ८२)

लोकोपकारमा सबैले दाता बन्न जाने कोही दुःखी हुने छैनन् – भन्ने भावना व्यक्त गर्दै लेख्दछन् –

लोकोपकारमा सुम्प्यो मेघले सब जीवन ।
सबै यस्तै भए देखि दुःख हुन्थ्यो हरे किन ? ॥"
(वर्षा श्लोक ९९)

यसका साथै अरूका सुखमा आफ्नो सुख मान्नु, पतिको प्रत्येक शुभ कार्यमा सहचरी बन्ने पत्नीको कर्तव्य, सत्सङ्गको प्रभाव, धैर्य र शान्तिको महिमा, तपस्याको आचरण, दाम्पत्य जीवनको महत्व, शारदी पर्व दशैं र तिहारको उल्लास वेदमार्ग अनुसारको पद्धति सम्बन्धी शुद्धता, धर्मभीरु - दयालु लोभरहित सज्जनको महिमा, दु:खमा भगवानका सहारा इत्यादि अनेकौं विषयको चर्चा पनि गर्दै गएका छन् । जसमा प्राय: मानव समाजलाई आफ्नो मानवी प्रकृति पहिल्याउन प्रशस्त सहयोग मिल्दछ । यसरी पं. लेखनाथ पौड्याल आफ्नो ऋतु विचारमा आफ्नो प्राचीन संस्कृति सित सम्बद्ध विभिन्न सदाचारहरूको संस्मरण गराइ रहेका पाइन्छन् ।

यसको साथै कवि मानवको निति नसुहाउने दुर्गुणहरू पनि प्रशस्त मात्रामा चिन्हाउने प्रयास गर्दछन् । जसमा - रूपका मात्र धनी भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अडम्वरी मूर्खको दृष्टान्त पापको बोझले ग्रस्त पापीको आत्मग्लानि क्रोधीको निर्दयी प्रकृति पारस्पारिक फूटले हुने सर्वनाश? नीच पापी दुरात्माको सज्जन को कीर्तिमा पनि बदनाम गर्ने स्वभाव? कराल कालले गर्दा धर्म भावनाको ह्रास इत्यादि अनगिन्ती रूपका मानवी प्रकृति विरूद्ध आचरणहरूको उल्लेख प्रशस्त गरेका छन् । यसैले पं. लेखनाथ प्राचीन संस्कृतिका परम उपासक संझिएका छन् ।

सामाजिक कवि पं. लेखनाथ

पं. लेखनाथ आफ्नो ऋतु विचार भित्र समकालीन सामाजिक प्रवृत्तिहरू पनि प्रशस्त रूपले प्रयोग गर्दछन् । वसन्त विचारमा ऋतुराज वसन्तको स्वागत र संमानमा पशु - पक्षी लतावृक्ष सर्व वाट गरिएका क्रिया - कलापको कल्पनामा समाजका जनताले राजा आदि महान् व्यक्तिहरूको संवाद गर्दा देखाइने विभिन्न शिष्ट व्यवहारको उल्लेख पाइन्छ । यही कुरा स्पष्ट गर्दै लेख्दछन् :-

"पशु - पक्षी लता वृक्ष लगायत चराचर।
ऋतु नायकको गर्छ प्रेमले स्वागताऽदर ॥"

(वसन्त श्लोक ६)

त्यसरी स्वागत गर्ने लता - वनस्पति आदिको राम्रो स्थिति सम्बन्धी चर्चा गर्दै लेख्दछन्–

"त्यो दिव्य रङ्ग पाएका लता - वृक्ष वनस्पति ।
देखिन्छन् योग्य नेताका रैती झैं उन्नताऽऽकृति ॥"

(वसन्त)

यसवाट राजा र रैतीमा रहने पारस्परिक सद्भावनाको महत्ता स्पष्ट भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसंको सिलसिलामा वासन्ती प्रकृति लीला चित्रण गर्दै - उत्तरायण तिर ढल्केका सूर्यंको प्रताप बढेको उल्लेख घामको, तेज घटाउन वसन्तले तुँवालोको पर्दा हालेको उत्प्रेक्षा, दिगङ्गनाहरूमा लज्जालु सुन्दरीहरूको कल्पना, हरियो रेशमी सारी लगाएकी प्रमदा (युवती) को रूपमा पृथ्वीको कल्पना, वास्ना नभएका फूलहरूको खोक्रो भड्किलो उत्ताउलोपन, बगैंचा प्रति बुट्टे तन्ना कसेको वैंठकको उपमा, दक्खिनी हावाले फूलको प्रशंसा गरिएको कल्पना, हावाको मन्द प्रवाहमा फुलेका फूलहरू प्रति छुनु - मुनु गर्ने माना वालकहरूको दृष्टान्त, हावाले फूल सित खेल्दै सुटुक्क वास्ना चोरेर लगेको मधुर कल्पना, फूल र पुतलीको मित्यारी भ्रमरको स्वार्थीपना फूल र भ्रमर को प्रणय सम्वन्ध, गुलाफ फुलेको बगैंचा वर्णनमा भ्रमरको र्निति विधाताले दिएको लालमोहरिया अधिकारको कल्पना इत्यादि यस्ता सामाजिक रीतिहरू तिर औंल्याएका छन् । त्यस्तै फेरि वसन्तमा पल्लाएका पालुवाहरुको वर्णनमा कहिले वनदेवीको निति वसन्तले बुनेर चढाएको चादर रूपमा कल्पना प्रस्तुत गर्दछन् भने कहिले संसारी जीवको रागरूपी वासना जस्तै देखेका छन् । अनि वनको माझमा फुलेको तिलक वृक्षलाई वनलक्ष्मीको स्यूँधोको सिदुर रूपमा कल्पन लहराको जालोले जकडिएका रूपहरूमा पापको वोझले ग्रस्त भइ निहुरेको पापीको कल्पना, सुनगाभा लर्केका रुखहरूमा दिइएको विलासी युवकको उपमा, ऐंसेलु टिपदै गर्ने ग्रामीण नारीको ऐंसेलुका दानाले संफाएको कानका टप सम्वन्धी स्मरण, वसन्त लक्ष्मीमा कल्पना गरिएको कौतुकपूर्ण खेल, हरिणी र हरिणहरूको प्रणयलीला, गौंथलीको गुड निर्माण कौशलः इत्यादि कैयौं यस्ता विषयहरू छन् जसबाट सामाजिक व्यवहार सित प्राकृतिक लीलाको वडो रमणीय शैलीमा तुलना गरिएको छ ।

त्यस्तै ग्रीष्म–विचारमा पनि सूर्यंको प्रतापाग्नि सम्वन्धी वर्णन गर्दै विभिन्न सामाजिक स्थितिहरू प्रस्तुत गरेका छन् जसमा गर्मी सम्वन्धी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कैयौं प्रकृति चित्रण गर्दै लेख्दछन् ।

"मणि - मन्त्रादिले रूद्ध नाग झैं छन गौरव ।
छट्ट - पट्ट गरी वस्छ गर्मीले जगतै सव ॥"

(ग्रीष्म ३२)

त्यसपछि वर्षा - विचारमा गएर वादललाई कहिले मैनाक पर्वतको, कहिले रण - मत्त वीरको, कहिले शिवजी अनि भारी वोक्ने भरियाको जङ्गलको इत्यादि रूपमा गरिएका कल्पनाहरूवाट पनि सामाजिकता पूर्ण प्रभाव ढंगमा देखा पर्दछ। अनि एउटै पद्यमा आकाश, विजुली र मेघ उपर कल्पना गरिएको रूपक –

नाट्य शाला छ आकाश नाचने विजुली नटी ॥
ताल दिन्छ तवल्ची झैं मेघ धा-किटि धा-किटि ॥"

मा अतिशयरूपको स्वाभाविकता झल्किएको छ । त्यस्तै अरू पनि कैयौं प्रशस्त रूपमा काल्पनिक चित्रणहरू छन् जसमा सामाजिक जनजीवनका परिस्थितिहरू यथार्थ रूपमा चित्रण भएका छन् जस्तै :-

"घपक्क मेघको घुंटो हालो कुल वधू सरी
दिगङ्गना वसेका छन् लुकाई मुख - माधुरी ॥"

(वर्षा श्लोक ९८)

लज्जाले घुंटो हालेर मुख लुकाइ वस्ने कुल वधूसित दिशाहरूको तुलना यहां रमणीय तथा यथार्थ रूपमा भेटिन्छ ।

शरद् विचारमा पनि कैयौं पद्यहरूले सामाजिक व्यवहार तिर स्पष्टै औंल्याएको देखिन्छ । –

"हरायी मेघका साथै उज्याली विजुली पनी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भर्ता गये पछी कान्ता रहन्थी अन्त के भनी ? ।।"

(शरद् श्लोक १२)

"वृक्ष, पर्वत, आकाश गर्व सौन्दर्यको गरी ।
पानीमा हेर्न लागेकि आफनू मुख - माधुरी ।।"

(शरद्. श्लो. ३९)

हंस हँसी दुवै बाँडी मृणाल मुखमा धरी ।
देखाउँछन् बडो राम्रो दाम्पत्य – प्रेम- माधुरी ।।"

(शरद् श्लोक ६२)

यस्ता प्रशस्त मात्रामा सामाजिक ब्यवहारहरूका उदाहरणहरू शरद् वर्णनमा पोखिएका छन् र विशेषगरी शरद् कालीन फूलहरूको वर्णनमा जस्तैः–

उता गोदावरी जम्मै फुलेर ढक मक्क छ ।
यता सरस नेवारी त्यो देखी अक मक्क छ ।।"

(शरद्. ८५)

इत्यादि चित्रणहरूमा गरिएका स्वाभाविक कल्पनाहरू ज्यादै मिठास पूर्ण पाइन्छन् ।

हेमन्त ऋतुको प्रसङ्गमा पनि हुस्सूको चित्रण अति सरस तथा मार्मिक रूपमा पाइन्छ अनि हेमन्ती धरती र प्रकृतिको चित्रण यस्तो पाइन्छ –

"छोपियेकी तुषारोले देखिन्छिन् भूमि यो घरी ।
कुनै कपास झैं सेतै फुलेकी बुढिया सरी ।।"

(हेमन्त श्लोक ३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"हरायो शीतका मारे वृक्षको बढने गति ।
अँठ्याये पछि अर्काले कसको हुन्छ उन्नति ? ॥"

(हेमन्त. ४८)

"देखिये तुहिना क्रान्त लता, वृक्ष, वनस्पति,
आलस्यले अँठ्यायेका जाति जस्तै हत् द्युति ॥ "

(हेमन्त श्लोक ४९)

यस्तै प्रकारका विषयहरुले यो हेमन्त विचार पनि निकै ओत-प्रोत भएको पाइन्छ ।

शिशिरको प्रसङ्ग पनि सामाजिकताको निदर्शन प्रस्तुत गर्न अरु भन्दा कम देखिएको छैन । त्यसले शिशिरको लक्ष्य परिचय गराउँदै कवि लेख्दछन्–

"हेमन्तको महुँ भाई, हुन्छ दाई बराबर ।
भन्ने शिशिरको भित्र पक्का छ मनमा सुर ॥"

(शिशिर श्लोक ३)

शिशिरलाई एउटा नामी धामीको रुपमा गरिएको कल्पनाको प्रशङ्ग अति यथार्थरुपमा झल्काइएको छ र अन्यमा धामी (झाक्री) को अन्तिम कृत्य वर्णन गर्दै लेख्दछन्–

"मन्त्रले तन्त्रले होवा लोक साह्रै कमाउँछ ।
जगाई भोकको भूत रोग-दासु धपाउँछ ॥"

(शिशिर श्लोक २४)

अनि शिशिरका दुर्दिन सम्बन्धी चित्रणहरु पनि निकै स्वाभाविक रुपमा दिएकाछन् साथै जाडोको मार खप्न मुश्किल मानेका दुखी गरिब हरुको चित्रण पनि अति मार्मिक रुपमा दिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि शीतले उजाड भएका वन वगैंचाको विजोग पनि त्यत्तिकै मार्मिक रुपमा प्रस्तुत भएका छन् ।

यसरी प्रत्येक ऋतु सम्बन्धी विचारमा पं. लेखनाथ विभिन्न सामाजिक नीति र रीतिहरु लाई प्रतिबिम्बित तुल्याउंदै आफ्नो सामाजिक कविरुपको राम्ररी परिचय दिइरहेका पाइन्छन् ।

पं.लेखनाथको विचारमा काव्य सम्बन्धी दृष्टिकोण

नेपाली भाषा साहित्यका एक महान् स्रष्टा पं. लेखनाथ पौड्याल आफ्नो ऋतुविचारमा काव्य सम्बन्धी आफ्नो धारणा विभिन्न ठाउँमा व्यक्त गरिरहेका देखिन्छन् । यस प्रक्रम अनुसार काव्यमा रस' को महत्व झल्काउँदै वसन्त - विचारमा भनी लेख्दछन् –

"काव्यका रसका लोभी कवि झैं लट्ठ भैकन ।
प्रत्येक पुष्पमा थाले भुमराहरू झुम्मिन ॥"

(वसन्त श्लोक ४३)

उक्त पद्यबाट कविले - काव्यमा मुख्यतया लक्ष्य रूपमा रहनु पर्ने विषय 'रस' (शृङ्गार, वीर, करूण, अदभुत, हास्य, भयानक, वीभत्स, रौद्र शान्त तथा वात्सल्य र भक्ति आदि रस) नै हो भन्ने कुरो व्यक्त गरिएको छ ।

त्यसपछि वसन्त प्रसङ्गमा नं फुलका परागहरू आकाशमा फैलिन थालेकोमा दृष्टान्त दिदै बोरता द्वारा वीर - रसको बर्णन गर्ने कविको विशेषता उल्लेख गर्दै लेख्दछन् –

"हावाको चालमा सारा पराग गगनै भरी ।
फैलिदै छ कवि - द्वारा वीरको वीरता सरी ॥"

(वसन्त. श्लो. ५३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समयानुसार सार तत्त्व बुझेर काव्य निर्माणमा अघि सर्ने कविको परिचयात्मक उल्लेख दिदै लेखेका छन् –

"कसैको अब जाँदैन भद्दा कन्था विषेमन ।
कालानुसारी सारज्ञ कवि भै छन् सर्वजन ॥"

(वसन्त श्लोक ८९)

शरद्को प्रसङ्गमा गएर कवि लेख्दछन् –

"निर्दोषी नयनाऽऽनन्दी शरत्का रसिला दिन ।
सधैं बस्ने भएदेखि चाहिन्थे कविता किन ? ॥"

(शरद् विचार श्लोक २२)

उपर्युक्त पद्यमा कविको आशय यसरी व्यक्त भएको छ –

"शरद ऋतुका दिनहरू बिलकुलै दोष रहित छन् र जता हेरे पनि आँखालाई बडो आनन्द दिन्छन् । यस्ता शरत्कालीन रमाइला दिनहरू सधैं रहि नरहने भएकाले नै तिनको अभावको बेलामा तिनै जस्तै कविता (काव्य) को आवश्यकता पर्दछ ।" यसबाट कविले - दोषरहित भई मनलाई आनन्द दिने कृति नै काव्य कहलाउँछ - भन्ने सिद्धान्त झल्काएका छन् र सामान्यतः यसबाट "साहित्य 'स्वान्तः सुखाय' हो" भन्ने पक्ष समर्थन गरिए जस्तो झल्किन्छ ।

कवि आफ्नो समकालीन कवि भनाउँदाहरूको काव्यमा अलि कटु दृष्टि दिदै आफ्नो राय यसरी व्यक्त गर्दछन् –

"कन्था विकामका भद्दा शाङ्नामा मस्त भैकन ।
हालका कविजी जस्तै लागे गरिब खुम्चिन ॥"

अनि, लेखन-शैली सम्बन्धमा हलन्त बहिष्कार आन्दोलनका प्रमुख सदस्य जस्तै बनेर हलन्त–लेखनको स्पष्ट विरोध गर्दै लेख्दछन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"हेरी नशक्नूपारी परखाल वडे वडे ।
नेपाली कविले खुट्टा काटेका वर्ण झैं लडे ॥"

(वर्षा श्लोक ९७)

यस्तो प्रकारले पं. लेखनाथ पौंड्यालले आफ्नो प्रस्तुत कृतिमा काव्य सम्वन्धो धारणाहरू पोखेकाछन् ।

वैयाकरणी दृष्टिमा पं. लेखनाथको ऋतु विचार

वैयाकरण सम्वन्धी दृष्टिले विचार गर्‍यौं भने पं. लेखनाथको कृतिमा वर्तमान व्याकरण सम्वन्धी वर्ण विन्यासका नियम अनुसार नमिल्ले त्रुटिहरू निकै फेला पर्दछन् । उनको 'ऋतु विचार' यस्तै स्थितिमा देखा पर्दछ । जस्तै :—

भएर, दिएर, इत्यादि पूर्व क्रियावोधक अव्यय र भए, गए, लिए, इत्यादि भूतकाल सम्वन्धो क्रिया पदमा अनि, पाई, खाई, इत्यादि पूर्वक्रिया वोधक अव्ययमा पनि स्वरको ठाउँमा (ए, ई,को ठाउँमा) ये 'यी' इत्यादि को प्रयोग गरिएको छ । यो उनको आफ्नो प्रवृत्ति जस्तै वनको छ । साथै 'पनि' शव्दलाई दीर्घान्त गरी (पनी) प्रयोग गर्ने पनि उनको प्रवृत्ति नै रहेको छ ।

यी उपर्युक्त विषय वाहेक ठाउँठाउँमा छन्द मिलाउनको निति संयुक्त अक्षर भएका शव्दमा संयुक्त अक्षरलाई फोरेर हलन्त (खुट्टा काटिएर उच्चारण हुनु पर्ने) लाई पनि स्वरान्त रूपमा (खुट्टा नकाटीकन) नै प्रयोग गर्दछन् जसलाई कविको निजी अधिकार रूपमा संझन सकिन्छ । जस्तै :–

क) "ऋषि झैं गरदै शुद्ध मन्जरी मय भोजन" (वसन्त श्लोक ६७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख) "दवाई जेबमा चम्चा लागे रसिक **घूमन**" ; (वसन्त. श्लोक ९०)
ग) "कुला तुल्य ठूला रस्ता ताता भतभति **पोलने** (ग्रीष्म श्लोक ३५)
घ) "जीवन्मुक्त सरी थाले हवा माफिक **खेलन**" (शरद् श्लोक ८)
ङ) "खेलको मोहिनी शोभा **हेरदा हेरदं** महाँ" (शरद् श्लोक ६७)
च) "कृपिको श्रम साफल्य **देखदा** खेतको छवि" (शरद् श्लोक ६९)
छ) अघिको **आफ्नू** चाल छोडीं दिन्छ कठै !! मूटू " (शिशिर १३)
ज) "जता हेरयो उतै खाली उराठै **लागने** अति " (शिशिर - ६०)
झ) "सहसा शीत वाधाले **सकदंन** छुनं पनी" (शिशिर ६८) इत्यादि।

पं. लेखनाथ पौड्यालबाट 'त्यस्तो' शब्दलाई 'तेस्तो' रूपमा प्रयोग गरिएको पनि धेरै पाइन्छ । उदाहरणको निति वसन्त विचार कै - श्लोक ७०, ७९, ८३ –मात्र हेरे पुग्छ फेरि ह्रस्व-दीर्घ सम्बन्धमा पनि छन्दो भङ्गको डरले केही ठाउँमा नियम उल्लंघन हुन गएको पाइन्छ – जस्तै :-

क) " छोटो वडे **पछी** विघ्न नपारी रहला कव ? " (वर्षा. - ५८)
ख) "**अघीका** खुखुंरे नाङ्गा तुच्छ डाँडाहरू पनी " (वर्षा. - ६८)
ग) '**मानीस** वाहिरै निस्के चोरको खोजनी गरी " (शिशिर. - १७)
कतै कतै छन्द मिल्ने ठाउँमा पनि ह्रस्व लाई दीर्घ गरी प्रयोग गरिएको पनि पाइन्छ - जस्तै :-

क) "**माथी** छन् सक्कली तारा, नक्कली तल जुन्किरी ।
तल **माथी** दुवै तर्फ कन्नै तुल्य छ माधुरी ॥ "
(शरद्. - २७)

ख) "**अघी** भन्दा पनि ज्यादा उज्यालो छ हिमाचल ॥"
(शरत्. - ४५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग) "धुनिमा सव घुम्मिन्छन् श्रद्धा - साथ घरी - घरी "

(शिशिर. - ४०)

घ) "पन्ना - माथी जडायेका मोति झैं देखिये निका"

(शिशिर. - ६२) इत्यादि

यसरी वर्ण विन्यास सम्बन्धी नियम अलि उपेक्षित जस्तै बन्न गए पनि कतै कुनै अभिव्यक्ति, अस्पष्ट भएको पाइँदैन र प्रायः प्रसाद र माधुर्य गुण ले जता-ततै राज जमाएको पाइन्छ । त्यसैले पं. लेखनाथलाई 'लालित्यका धनी' भन्ने उपाधि पनि सजिलैसित दिन शकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

नेपाली राष्ट्र भाषा साहित्यले भरखरं मात्र भने भैं आधुनिक कालको रूपरेखा कोर्न थालेको समयमा नै नेपाली भाषा साहित्यले पं. लेखनाथ पौड्यालबाट 'ऋतु-विचार' जस्तो विशिष्ट कृति उपहार-स्वरूपमा प्राप्त गरेको थियो। पं. लेखनाथ 'ऋतु-विचार' को सिर्जना गर्ने तर्फ कताबाट के कस्तो प्रेरणा पाएर उन्मुख भएका थिए—भन्ने विषयमा प्रस्तुत कृतिले उभ्याइएको निर्णय विद्वद वर्गमा संशयास्पद रूपमा रहन सक्ने छैन भन्ने कुरो तथ्यपूर्ण नै रहला भनी विश्वास गर्न सकिन्छ। किनभने, प्राचीन संस्कृत साहित्य भण्डार अन्तर्गत महाकवि कालिदास' को ऋतु संहार' देखि लिएर बाल्मीकि, कालिदास, भारवि, माघ, श्री हर्ष, बाण आदि कैयौं महाकविहरूका महाकाव्यहरू र अन्य विभिन्न कविहरूका कृति विशेषहरूमा समेत कुनै पनि रूपमा प्रस्तुत गरिएका ऋतु वर्णन सम्बन्धी विषयहरू सित 'ऋतु विचार' लाई दाँजेर हेरे पनि वस्तुतः लेखनाथको 'ऋतु विचार' मा 'श्रीमद्भागवत'को जस्ता प्रति विम्ब अरू कुनै कृतिको देखापर्न सकेको छैन। उक्त कुरा 'ऋतु-विचार'को रचनात्मक शैली र लेखनाथीय अभिव्यक्ति-पुञ्जले स्पष्ट गरेको विषय प्रस्तुत कृतिको पूर्वार्द्धले प्रलंङ्ग तुल्याएको छ। 'श्रीमद्भागवत' बाट नै प्रभावित भएर 'वर्षा विचार' र 'शरद् विचार' प्रस्तुत गरिए, यसलाई मात्र पर्ने स्थिति देखा परेको छ साथै अन्य ऋतु संबन्धी विचारहरूमा समेत लेखनाथलाई उही परिपाटी रूच्न गएकोले ती पनि उस्तै ढंगमा प्रस्तुत भएका छन्। तर, तिनमा देखाइएका अभिव्यञ्जनात्मकताले गर्दा लेखनाथक निजी मौलिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्यात्मक प्रतिभाको मुक्तकण्ठले सराहना नगरी धरै पाइँदैन। यो ध्रुव सत्य हो।

पं. लेखनाथ पौड्यालको 'ऋतु-विचार' वास्तवमा सूक्ष्म काय रूपको कृति हो। शारीरिक बनोटमा सामान्य रूपले देखा परे पनि यसमा निकै गहकिलो र खँदिलो-पन भरिएको छ। विशेष गरी सामाजिक पक्षसित सम्बन्धित विभिन्न-नैतिक, अनैतिक आध्यात्मिक भौतिक, सास्कृतिक, राजनीतिक आदि विषयहरूलाई औंल्याउँदै प्रस्तुत गरिएका चित्रणहरूले गर्दा आफ्नो सम-सामाजिक कृतिहरूमा ऋतु विचारले ज्यादै उत्कृष्ट आसन भेट्टाएको छ। किनभने, सामाजिक गति-विधिको प्रायः समग्र रूपमा भनेकैं समीक्षा गर्दै जन-जीवनको याथार्थिक पक्षलाई त्यसरी छर्लङ्ग तुल्याएर समाजको सामु प्रस्तुत गरेर पनि तत्कालीन बर्वरतापूर्ण शासनको कटु दृष्टिवाट यसले आफू वच्न सक्ने स्थिति अपनाउन शकेको छ र जसमा लेखनाथको एउटा महान कुद्रत-प्रदर्शन भएको मान्नु पर्दछ।

कसै-कसैले पं. लेखनाथलाई 'राणाको चाकरीदार' को रूपमा औंल्याउने गरेको कुरो पनि सुन्न पाइएको छ, तर त्यस दिशातिर गहिरिएर सोच्ने हो भने बर्वर-राणा शासन कै समयमा पनि -

"ढोका ढुकेर अर्काको विना इलम जिन्दगी।
विताउँला भनी ठान्नु मर्नु नै हो बुझ्यौ सँगी ! ॥"

भनीं नेपाली जनतालाई संझाउन सक्ने पं. लेखनाथ प्रति 'राणा-सेवक' भनी लाञ्छना लगाउनु एक किसिमले ठूलो पाप हो- भन्न सकिन्छ। वस्तुतः प. लेखनाथ रसीलो साहित्यिक शैलीद्वारा नेपालीको अन्तरमा सुतिरहेको मानवलाई बिउँझाउने उद्देश्यले नै आफ्नो साहित्यिक सम्पत्ति समर्पण गर्दै आएका छन् र जीवनका अन्तिम प्रहर तिर पुगेर पनि -

"म खाऊँ मैं लाऊँ सुख शयल वा मोज म गरूँ"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म नाचूँ मैं वांचू अरू सवै मरून् दुर्बलहरू ।
भनी दाह्रा घस्ने अबुझ शठ देखी छक परी
चिता खित्का छोडी अभय सित हाँस्यो मरि - मरी ॥"

भनी नेपालीको कर्ण - कुहरमा तर्जनापूर्ण व्यङ्ग्यात्मक संदेश फुक्तै का छन्. जसमा कविले जीवनको अन्तिम अर्थात् अवसान हुने ठाउँ ता' हो भन्ने सम्झेर बुझेर पनि मानव आफ्नै एकोहोरो स्वार्थमा डुबेर र्तव्य - अकर्तव्यको विवेक भुलि दिन्छन् - भन्ने भाव व्यक्त गर्दै त्य ता न्छेलाई चिताको वीभत्सपूर्ण अट्टहासले तर्साउन खोजेको कुरा काउँछन् । त्यसैले उनलाई एक विशिष्ट तथा वलिष्ठ सुधारात्मक तनाका प्रचारक कविको रूपमा संकन सजिलो भएको छ ।

पं०लेखनाथ प्राचीन पूर्वी सैद्धान्तिक पक्षका पक्षपाती भएर पनि म-सामयिक सामाजिक बिभिन्न पक्षका गहन-समीक्षक तथा प्रगतिवादी वि हुन भन्ने तथ्यलाई उनका दिभिन्न आलङ्कारिक प्रतिमाले सजिएको ल्पना शक्तिले राम्ररी प्रमाणित गरेको छ ।

सामान्य नगन्यरूपको विपयलाई पनि उनी आफ्नो कल्पना क्तिको आधारमा अति महत्वपूर्ण तुल्याएर समजको निति अतिशय पादेय तथा चमत्कारपूर्ण रूपमा प्रस्तुत गर्दछन् ।
स्तै :-

तुच्छ जीवन (पानी) को निति मरे पनि शिर झुकाएर आफ्नो याग्रह नछोड्ने चातक पक्षीको आत्माभिमान सम्बन्धी प्रशंसा गर्दै कवि दछन् –

"त्यो मानी पक्षिको त्यस्तो त्यो पानी व्रत धन्य छ ।
जसका इन्द्रमा मात्र भक्तिभाव अनन्य छ ॥"

प्रस्तुत पद्यले संकाउन खोजेको तथ्यले नेपाली वीर सपूतहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
अपनाइ आएको दृढ कर्तव्यतालाई औंल्याएको स्पष्ट हुन्छ, साथै इन्द्रमा मात्र अनन्य रूपले देखाइएको चातक पक्षीको भक्तिले तत्कालीन नेपाल नरेश श्री ५ प्रति मात्र अनन्य रूपमा भक्ति-भाव झल्काउने वीर सपूतलाई लक्ष्य गरिएको हो कि भन्ने तर्कले पनि निकै पुष्टि पाउन खोजिएको छ । यसरी यस पद्यले तत्कालीन राजा श्री ५ प्रति श्रद्धा समर्पण गर्दै राणा शासकहरूबाट प्रलोभन स्वरूप स्वतः प्राप्त हुन आएका जीवन निर्वाह-साधन सम्बन्धी वृत्तिलाई मरे पनि स्वीकार नगर्ने दृढ व्रत लिएका आत्माभिमानी नेपालीको कर्तव्य परायण – प्रकृतिलाई व्यङ्ग्य रूपमा प्रस्तुत गर्न लागेको छ - भन्न हामीलाई सजिलो जस्तै हुन गएको छ । यस्ता चमत्कार पूर्ण उक्तिहरू पं. लेखनाथले आफ्ना कृतिमा प्रशस्त रूपमा प्रस्तुत गरेका छन् जसबाट उनको काव्यात्मकतामा साहित्यिक चिरन्तनता राम्ररी झल्कन गएको छ र उनको प्रतिभा पूर्णतया प्रशंसनीय हुन पुगेको छ ।

वस्तुतः स्व. पं. लेखनाथ पौड्यालको प्रतिभा - पुञ्ज नै ऋतुविचार भित्र केन्द्रित भई रहेको छ र 'ऋतु विचार' को प्रकाशन पछि पनि कविबाट जे - जति साहित्यिक अभिव्यक्तिहरू प्रकट भए ती सबैमा 'ऋतु विचार' का कवि नै आफ्ना विभिन्न सम्पत्तिहरू खेलाउँदै हाँसिरहेका पाइन्छन् । 'ऋतु विचार' अन्तर्गत विभिन्न प्रकारका - सामाजिक, नैतिक आध्यात्मिक, सांस्कृतिक धार्मिक तथा विविध चराऽचर - सम्बन्धी प्राकृतिक - आदि पक्षहरू कै केही विस्तृत रूप जस्तै बनेर उनका अन्य मुक्तक तथा ग्रन्थात्मक - काव्यहरू देखा परेका छन् भन्न अनकनाउनु पर्ला जस्तो लाग्दैन, किन भने —

'ऋतु - विचार' मा पोखिएका विभिन्न आध्यात्मिक - दर्शन सम्बन्धी उनका अनुभूतिले उनलाई 'जीवन - चङ्गा' उडाउने रहर लागेको प्रतीत हुन्छ अनि "को ? को " भन्दै कसैको परिचय लिन लगाएको पनि त्यसैले हुन शक्तछ । साथै "विवेक वाटिकाको सानू फूल" टिपेर त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुगन्ध र सौन्दर्यमा मक्ख पर्दै "विश्राम घाटको पवित्र - स्मृति"मा रमाउन पल्केका पनि त्यसैले होलान् । फेरि "जीवन - ज्योति" को झल्को फिजाउँदै "अध्यात्म वाटिकाको सानू सुगन्धी फूल" को मिठासले उनलाई आफूतिर तानिरहेको पनि ऋतु विचार कै संस्कारले हुन शक्तछ । जसको मिठास पाएर "वंशीधरको दिव्य वंशी" को धुनमा मग्न भएर उनी कता - कता पुगे भन्न सकिन्न ।

मानवतावादी सिद्धान्त तिर फर्कने हो भने वसन्तमा फुले का सुवासना पूर्ण - पुष्प - वर्णन प्रसङ्गमा –

"यस्तै सुवासना पूर्ण पुष्पको तुल्य जीवनी ।
सृष्टि - सौन्दर्यको निति चाहन्छन् देवता पनी ॥ "

(वसन्त. ३३)

भन्न जानेका लेखनाथ

" तृष्णाको तुच्छ जालो मन विच नभए जो मिल्यो सो उज्यालो" भनी "सत्य सन्देश" सुनाउँदै नेपालीलाई "संसारको स्वरूप" चिह्लाउन सफल भए भन्न सकिन्छ । अनि –

"वृष्टि छैन कडाधाम वढदो छ प्रतिक्षण ।
डढेलो उसमा फेरी के रहन्थ्यो कठै वन ? ॥ –

भन्दै तत्कालीन नेपाली वातावरणको प्रतीकात्मक जस्तै वन प्रति व्यक्त गरिएको पं. लेखनाथको सहानुभूतिले उनलाई नेपाली भित्रको मानवता व्यूझाइदिन प्रेरणा दियो होला र यस्तै किसिमका विभिन्न ऋतु - विचार - अन्तर्गत मानव वादी दृष्टिकोणले प्रेरित भएर नै –

"यो सारा सृष्टि कालो मन विच छ भने दम्भ दुर्भाव कालो"
"यो सारा सृष्टि दोषी विधिवश छ भने आफनू दृष्टि दोषी।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

अनि –

" .... धमिलो नाचको अन्त्य पर्दा।

गिर्दामा साथ जाने कुन कुन चिज हुन ? संझ ती काम गर्दा

इत्यादि "सत्य - सन्देश" हरू कुर्लदै "गौथलीको चिरिबिरी" सुनाएर मानव हृदयबाट ममता र अहंताको पर्दा च्यातेर हटाउन लगाउने सुरले "पाटीमा ढाक्रेको पसारो" तर्फ संकेत गर्दै "काल महिमा" सुनाएर नेपालीको हृदय सतर्क गराउन खोजेका छन् – भन्न सकिन्छ।

प्राकृतिक वातावरण सित सम्बन्धित विभिन्न ऋतु - सम्बन्धी अभिव्यक्तिहरूमा पनि "वसन्त - कोकिल" को उल्लास" "वसन्त" ऋतु सम्बन्धी वैभव 'दशैं, तिहार' अनि "हिउँद का दिन" र "परिश्रान्त चातक" आदिमा झल्काएका अभिव्यक्तिहरुले समयानुकूल चित्रण प्रस्तुतिमा ऋतु विचार सित निकै पुँजी सापटी लिएको ठहरिन्छ। साथै सामाजिक नैतिक बिषय सम्बन्धी अभिव्यक्ति पक्षलाई लिने हो भने त उनका प्रत्येक मुक्तकहरू भने जस्तै 'ऋतु - विचार'लाई गुरू थापेर अगाडि लम्केका छन् भन्न सकिन्छ। जसमध्ये अलिकति अनुहार "धन महिमा" ले वदलेको पाइन्छ अरू 'प्रभात",' सन्ध्या", "अरूणोदय" आदि प्रकृति सित सम्बन्धित कविताहरूले प्रकृति चित्रणको साथ साथै नैतिक मार्गको अनगिन्ती रूपमा निर्देशन दिंदा - दिंदै पनि नबुझेकाले होला - "नैतिक दृष्टान्त" समेत स्पष्ट रूपमा प्रस्तुत गर्न पुगेका छन्। तै पनि नमानेकाले होला 'अ श्चर्य" पनि प्रकट गर्दछन्।

आफ्नो समकालीन – साहित्यको स्थिति देखेर

" नेपाली कविले खुट्टा काटेका बर्ण झै लडे।" (वर्षा. ९७)

भन्दै दुःख मान्ने कविले "कवि - कविताको आलाप" गुनगुनाएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् र समकालीन साहित्यिकहरूलाई नीति पूर्वक "साहित्यको फुटवल" खेल्न पनि आह्वान गरेका छन् ।

शायद –

"थिचदैछ तुषाराले सारा कमलको वन ॥
नयाँ विचार धाराले धर्म - जस्तै सनातन ॥"

(शिशिर. ५५)

भनी व्यक्त गरिसकेकै विषयद्वारा अनुप्राणित भएर होला "विज्ञानको मोह" यस्तो हुन्छ भनी कवि नेपाली जनता लाई संझाउन पुगेका छन् ।

यस्तै प्रकारले पं. लेखनाथका जे जति काव्यात्मक अभिव्यक्तिहरू छन्, ती सवैका प्रारूप जस्तै वनेर सर्व प्रथम 'ऋतु - विचार' ले आफ्नो स्वरूप प्रकट गरि सकेको थियो भन्न निकै वल मिलेको छ । अतः 'ऋतु विचार' पं. लेखनाथको मात्र नरही कवि शिरोमणि लेखनाथ कै मूल सम्पत्ति ठहरिन पुगेको छ भनी निर्धक्क साथ भन्न सकिन्छ ।
अन्त्यमा –

स्व. पं लेखनाथको 'ऋतु - विचार' वास्तवमा विचारहरूको एउटा विशाल समुद्र भने हुन्छ । उपरि लिखित विविध विषय सम्बन्धी चर्चा उक्त समुद्रको केही मन्थन वाट निस्केका उपलब्धि हुन् । तर पनि ती विलकुलै अपर्याप्त नै रहलान् । किनभने त्यस युगमा समुद्र मन्थन हुँदा देवता र असुर वर्गहरूले नसकेर स्वयँ भगवान् विष्णुले आफ्नै वाहुलीद्वारा मज्जा संग मथ्नु भएथ्यो - भन्ने कूरो उही श्रीमद्भागवतले वताएको छ । तर यहाँ त एउटा अल्पज्ञ जीवको एउटै हात मन्थनको निति अघि सरेको छ तापनि, जे - जति उपलब्धि भेट्टाएर प्रस्तुत गरिए, तिनवाट विज्ञ - जन–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको हृदय सन्तुष्ट हुन सके मन्थन कर्ताको आत्मा पनि सन्तुष्ट रहला संस्कृत साहित्यका महाकवि कालिदास पनि यस्तै विचार व्यक्त गर्दथे–
"आ परितोषाद् विदुषाँ न साधु मन्ये प्रयोग विज्ञानम्"। अस्तु

विनीत –

पं. तीर्थराम झा, "जानकी शरण"
भक्तपुर वहुमुखी क्याम्पस,
हाल त्रि–चन्द्र –वहुमुखी क्याम्पस,
नेपाली शिक्षण समिति,
काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत कृति सम्बन्धी सान्दर्भिक ग्रन्थहरूको सूची

क्र. सं	लेखक	कृति विवरण	प्रकाशन र समय
१.	पं. लेखनाथ पौड्याल	"ऋतु विचार"	आठौं आवृत्ति२०३३ अन्नपूर्णा प्रेस, असन प्रकाशक : अनन्त पौड्याल
२.	महर्षि वेद–व्यास,	"श्रीमद्भागवत महापुराण," (श्रीधरी टीका सहित)	— — —
३.	महाकवि कालिदास	"ऋतु संहार–खण्ड काव्य",	डा. मोहन हेवरलिन द्वारा संकलित ५३ उत्तम काव्यहरूको संग्रह, 'काव्य संग्रह' नामक ग्रन्थ अन्तंगत कलकत्ताबाट प्रकाशित ।
४.	महाकवि कालिदास	"मेघदूत–खण्डकाव्य,"	प्रकाशन–अज्ञात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. डा. वासुदेव त्रिपाठी,	"लेखनाथ पौड्याल को कवित्वको विश्लेषण तथा मूल्यांकन" (शोध-प्रबन्ध) (त्रि. वि. द्वारा २०३१ मा नेपालीमा 'पी-एच्. डी.'उपाधिको निमित्त स्वीकृत शोध-प्रबन्ध, "अद्योपान्त संशोधित तथा परिशिष्ट खण्डको परिवर्धन" सहित)	पाठ्यक्रम विकास केन्द्र, त्रि. वि. प्र. सं. २०३४ मूल्य७१।३०
६. पं. लेखनाथ पौड्याल,	"तरूण तपसी खण्डकाव्य,"	
७. यज्ञराज सत्याल,	"नेपाली साहित्यको भूमिका"	तेस्रो संस्करण२०२९ प्रकाशक रत्न पुस्तक भण्डार। मुद्रकः न्यू ज्वाला प्रेस, त्रिलोचनघाट, वाराणसी।
८. राममणि रिसाल,	"नेपाली काव्य र कवि"	साझा प्रकाशन२०३१ पहिलो, संस्करण
९. केशवप्रसाद उपाध्याय,	"विचार र व्याख्या"	साझा प्रकाशन, २०४० काठमाडौं, प्रकाशक: गोरखापत्र संस्थान, श्री ५ को सरकारको छापाखा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

			नामा मुद्रित ।
१०.	पुष्कर लोहनी,	"नेपाल पोष्ट"	वर्ष ६, अङ्क ४ २०३५ पुस
११.	केशबप्रसाद उपाध्याय,	"मधुपर्क"	आश्विन २०३० वर्ष ६, अङ्क ५
१२.	डा. दीनानाथ शरण,	"नेपाली साहित्यका इतिहास"	प्रकाशक – विहार हिंदी ग्रन्थ अकादमी १९७४, प्रथम संस्करण, समेलन भवन, पटना ८००००३
१३.	महर्षि वाल्मीकि,	"वाल्मीकि रामायण,"	प्राचीन पत्रदार पुस्तक,
१४.	स्व. पाण्डेय तथा व्यास,	"संस्कृत साहित्यकी रूपरेखा"	प्रकाशक साहित्य निकेतन कानपुर दशम संस्करण १९७३
१५.	गुलाव राय,	सिद्धान्त और अध्ययन	प्रकाशक प्रतिभा प्रकाशन २०६ हैदर कुली, दिल्ली । द्वितीय सं. १९५५
१६.	आचार्य मम्मट,	"काव्य प्रकाश"	प्रकाशक – विष्णु सीताराम 'सुखटणकर' द्वारा भाण्डार कर इन्स्टिच्यूट,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

		पूनामा प्रकाशित । पञ्चम संस्करण ई. १९३३
१७. आचार्य मम्मट	"काव्य प्रकाश"	"चौखम्वा विद्याभवन वाराणसी १ (ई. १९६०) (तृतीय संस्करण)
१८, कविराज विश्वनाथ,	'साहित्य दर्पण" (लोचना–विज्ञप्रिया-टीका द्वयसहित)	मोतीलाल वनारसी दास मुम्वई संस्कृत मुद्रणालय प्रथमावृत्तिः १९३८
१९. पण्डितराज सोमनाथ,	"साहित्य प्रदीप"	प्रकाशक-नेपाल एकेडेमी, काठमाडौं, नेपाल । पहिलो संस्करण वि. सं. २०१६
२०. आचार्य आनन्द वर्धन	'ध्वन्यालोक" (दीधिति – विवृति तथा भाषानुवाद सहित)	प्रकाशक जय कृष्ण दास, हरिदास गुप्त चौखम्वा संस्कृत सीरिज आफिस । द्वितीय संस्करण ई. १९५३
२१. पण्डितराज सोमनाथ,	"आदर्श राघव" -	प्रकाशक लेखक स्वयम्, वि. सं. २००५ ।
२२. ठाकुरप्रसाद पराजुली	"भानु" – देवकोटा	प्रकाशक, 'भानु'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

		विशेषाङ्क"	प्रकाशनका निमित्त भवानी प्रसाद घिमिरे व्यास प्रेस, टगाल ।
२३.	लक्ष्मीप्रसाद देवकोटा	"लक्ष्मी निबन्ध संग्रह"	साझा प्रकाशन आठौं संस्करण,
२४.	रत्नध्वज जोशी	'ऋतु विचार र लेखनाथ"	प्रकाशन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, कमलादी, काठमाडौं, प्रथम संस्करण,०३६
२५.	श्री हर्ष महाकवि	"नैषधीय चरितम् महाकाव्यम्" (नारायण शास्त्रि रचित संस्कृत टीका तथा शिवदत्त कविरत्न विरचित टिप्पणी सहित)	खेमराज श्रीकृष्णदास श्री वेङ्काटेश्वर प्रेस, बम्बई ई. सं. १९८४ शाके १८४६,
२६.	श्री हर्ष महाकवि	(मल्लिनाथीय व्याख्या अनुसार श्री जीवानन्द विद्यासागर भट्टाचार्य्यं कृत व्याख्या सहित)	ई. १८९० द्वितीय संस्करण प्रकाशक: जीवानन्द विद्या सागर वी. ए.
२७.	श्री हर्ष महाकवि	मल्लिनाथी व्याख्या सहित (१–९ सर्गान्त भाग –)	प्रकाशक – शारदा यन्त्रालय, शारदा-भवन, काशी, शारदा संस्कृत ग्रन्थमाला काशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धिपत्र

पृष्ठ	पंक्ति	भएको	हुनु पर्ने
क	(अन्तिम)	निश्विय	निश्चय
ख	१	महाव्	महान्
ख	५	त ङ्ग	तरङ्ग
घ	२	भनि	पनि
ङ	१०	पञ्चम	पंचम
च	१७	प्रस न	प्रसन्न
"	२१	उद्धाहरण	उद्धरण
"	२३	न	नैं
छ	५	रक्त	रिक्त
"	८	ले खन्नह ला	लेखिन्न होला
१	८	अध्यात्मिक	आध्यात्मिक
१	१३	निरन्तर	चिरन्तन
४	१४	शिरोमणी	शिरोमणि
४	२४	परिच्छेद १०६	परिच्छेद ६
५	२१	सि एम डो	पी.एच.डी.
११	१३	।	,
११	१७	पतञ्जालि	पतञ्जलि
१२	४	छन्	हुन्
१३	१६	यसरि	यसरी
१३	१७	फेरी	फेरि
१७	७	बौ द्धक	बौद्धिक
१७	२२	ॠतु	ऋतु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पंक्ति	भएको	हुनु पर्ने
१७	२२	वैचिञ्य	वैचित्र्य
१८	११	शरण	सरण
१८	२०	आध र	आधार
२०	१४	सूयंके	सूर्यको
२१	३	आलंकार	अलंकार
२१	८	अलंकारिक	आलंकारिक
२१	९	छ ता	छाता
२१	६	सम्वन्ध्याति	सम्वन्धाति
२१	२२	मृंग	भृंग
२२	२	फुल्काइ	फल्काइ
२२	११	त्यसम	त्यसमा
२५	८	कृतमा्	कृतिमा
२६	१४	लेखनायकी	लेखनायको
२६	१५	विद्यार्थी	विद्यार्थि
२९	२१	भनाई	भनाइ
२९	२२	उतवाट	उसवाट
३१	११	वौद्धकले	वौद्धिक
३२	१	अनुशरण	अनुसरण
"	४	संस्कृत	संस्कृति
३४	९	मौनोन्मुख	यौनोन्मुख
३६	६	राच्छ भं	राच्छन्नं
३९	२०	प्रजा	प्रज्ञा
४१	२०	मिल्कँदा	मिल्किँदा
४२	५	गुजका	गुणका
४३	१६	अन्तगत	अन्तर्गत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पंक्ति	भएको	हुनु पर्ने
४५	११	वस्तुमामा	वस्तुमा
४६	५	निमघ	निर्मघं
४६	१७	ले	ले.
४७	१८	सर्वस्व	सर्वस्वं
,,	२१	इद्रलोक	इहलोक
४८	१०	श्रीमद्भागवतका	श्रीमद्भागवतको अनुकरण गरी लेखिएका
४९	९	अन्तगत	अन्तर्गत
५१	११	शली	शैली
५३	१३	सम्न्धी	सम्बन्धी
५३	२३	अफ्नो	आफ्नो
५४	१६	सूग्रीव	सुग्रीव
,,	१९	सन्नि भैः	सन्निभैः
,,	२०	घृतं	धृतं
,,	२३	रल	रलं
५५	२०	पइप	पश्य
५७	१	निलोत्पल	नीलोत्पल
,,	५	अपाण्डु	आपाण्डु
,,	६	सन्तत्पा	सन्तप्ता
,,	८	हितः	हिताः
,,	१०	प्रिया	प्रिय
,,	११	मिनु	मनु
,,	२२	लक्ष्मण	लक्ष्मणं
,,	१५	अदर्शो	आदर्शो
६२	३	त सन्तं	तं सन्तं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पंक्ति	भएको	हुनु पर्ने
६२	१४	सोन्दयं	सौन्दर्य
"	"	(कवित)	(कविता)
"	२४	विशे ।	विशेष
६३	८	क्वपि	क्वापि
"	१२	क्वपि	क्वापि
"	२०	अलांक्रि···	अलंक्रि···
६५	३	भएकी	भएको
"	१४	आचाय	आचार्य
"	१६	रहनेछन्	रहेन छन्
७२	१५	दुवं	दुवै
"	१८	"	"
"	२१	तुल्प	तुल्य
७३	४	मुलक	मूलक
७३	२६	इत्याद	इत्यादि
७७	१०	वश	वंश
"	१९	आफैले	आफै
७८	४	त्वो	त्यो
७९	७	धन	घन
८०	१७	चन्द	चन्द्र
८०	२३	वसन्त विचार	शरद् विचार
८२	१७	नामा	नामी
८५	१	उपयुक्त	उपर्युक्त
"	१२	त न	तीन
८६	१५	वाच्य	वाच्या
८८	२२	श्लोक ५	श्लोक १२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पंक्ति	भएको	हुनु पर्ने
९२	१८	अ फनू	आफनू
९३	११	घाकिटि	धाकिटि
९४	२०	श्लोक ५	श्लोक ५५
१०१	२३	श्लोक ७८	श्लोक ८७
१०२	२	मिञ्जन	निमज्जन
१०३	२	संफुन्छ	संभन्छु
१०५	११	अर्को	अर्क
१०७	१८	असम्बन्धातिशयोक्तिनै	सम्बन्धातिशयोक्ति
११०	५	अलङ्काकार	अलङ्कार
"	८	दशने	दर्शने
"	२०	मृगतष्णा	मृगतृष्णा
१११	५	अङ्कालर	अलङ्कार
११४	१	तुल्यायोगिता	तुल्ययोगिता
११८	१५	रसीला । राम र	रसीलारामर
११९	१०	असङ्ग	अभङ्ग
१२१	१७	तीर	तिर
१२२	११	शल्दालङ्कार	शब्दालङ्कार
१२२	१९	पृवार्द्ध	पूर्वार्द्ध
१२३	१०	उत्तराद्ध	उत्तरार्द्ध
१२५	१०	छोपिएको	छोपिएका
	१३	देखिन्छ	देखिन्छे
१२६	७	लाचारा	लाचारी
	१६	श्लेष भएको	अर्थ श्लेष भएको
१३७	१४	उपयु`क्त	उपयुक्त
१४०	७	मै	नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पंक्ति	भएको	हुनु पर्ने
"	११	गुणकेकरी	गुणकेसरी
"	१६	अ फ्नो	आफ्नो
१४१	१	वस्तुत	वस्तुतः
१४५	५	पाम्डव	पाण्डव
"	१२	(दुर्योधय)	(दुर्योधन-)
१४६	५	ह त	हात
"	८	अगाडी	अगाडि
१४८	२१	चित्र	चित्त
१४९	१२	थाने	थाले
"	२२	शून्य	शून्य, शून्य
"	२३	ฉुल्कन्छ	फुल्कन्छ
१५१	७	पारस्पारिक	पारस्परिक
"	१९	ससारिक	साँसारिक
१५८	१६	क वले	कविले
१५९	५	यथ शक्य	यथाशक्य
"	१२	सु नन्छ	सुनिन्छ
१६०	८	सरा	सरी
"	१०	भाषणा…	भीषणा…
१६२	६	फके	फुके
१६३	२	पारस्पारिक	पारस्परिक
१६४	१७	कल्पन	कल्पना,
"	"	रुपहरुमा	रुखहरुमा
"	२२	गुढ	गुँड
१६५	८	पूर्ण प्रभाव	प्रभावपूर्ण
१६७	५	हत्दयूति	हतद्युति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पंक्ति	भएको	हुनु पर्ने
१६८	१८	न	नै
१७०	१५	गने	गर्ने
१७३	३	भ पा	भाषा
"	१४	जस्ता	जस्तो
"	१७	श्रीमद्भ ग	श्रीमद्भाग
"	२१	लेखनाथक	लेखनाथको
१७४	८	सम-सामाजिक	सम–सामयिक
"	१३	महान	महान्
"	"	कुद्रत	कुदरत
१७५	४	व्यङ्ग त्मक	व्यङ्ग्यात्मक
"	७	त्यता	त्यस्ता
"	१३	हुन	हुन्
"	१५	नगन्य	नगण्य
१७६	८	व्यङ्गा	व्यङ्ग्य
"	९	गएका	गएको
"	"	चमत्कार	चमत्कार
१७८	२	हुन ?	हुन् ?
१७९	२१	कूरो	कुरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DATE DUE

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No 14267

Class No 891.49109 Book No JHA

Author झा, तीर्थराम

Title पं. लेखनाथ पौड्यालको छन्द-विचार

Due on	Borrower's Name	Returned on

891.49109
JHA

14267

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ

पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको परिचय

नाम	-	पण्डित, तीर्थराम झा
पिताको नाम	-	पण्डित, राम शरण झा
माताको नाम	-	जानकी देवी झा
जन्म मिति	-	वि. सं. १९८१ भाद्र संक्रान्ति
जन्म स्थान	-	इताछे टोल, भक्तपुर
शैक्षिक योग्यता	-	साहित्याचार्य वाराणसेय राजकीय संस्कृत विश्व विद्यालय काशी १९५८ ई.
हाल	-	त्रि-चन्द्र बहुमुखी क्याम्पस नेपाली शिक्षण समिति

(अन्य विवरण भित्री पृष्ठ ३ मा हेर्नु होस्)

मुद्रक:- मुना प्रेस, सातदोबाट, ललितपुर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu